साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ८०, वैशाख–असार २०७५

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि-सम्पादक**
मिलन समीर

**सह-सम्पादक**
प्रमोद पाण्डे

**व्यवस्थापक**
गणेशराज रिजाल

**कानुनी परामर्श**
अधिवक्ता रामकृष्ण काफ्ले

**आवरण**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

**सहयात्री**
निर्मोही व्यास
राममणि दुवाडी
दामोदर पुडासैनी 'किशोर'
भारद्वाज मित्र
दुर्गाप्रसाद काफ्ले
शिव अधिकारी
आरएम डंगोल
गगनदीप सर्व
पुष्करराज भट्ट
हृदयनारायण चौधरी
हरिदेव खरेल
मिलन समीर
हेमराज अधिकारी
समिर पाख्रिन
वैरागी जेठा
शेखर कार्की
रमेश कडेल
कृष्ण खड्का
होमराज श्रेष्ठ
अप्सरा पुडासैनी
राम खनाल
जज अधिकारी

यस अङ्कको मूल्य : २००/-

कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, फोन नं.: ९८५५०२४९५५
काठमाडौं सम्पर्क: पो.ब.नं. ९१०९, काठमाडौं, फोन नं. : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com

## नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, धोबिघाट–ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज–पर्सा
३. रुकु कार्की, हेटौंडा–मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा–बारा
५. डा. ध्रुवकुमार घिमिरे, निजगढ–बारा
६. वीणा पोखरेल, इमाडोल–ललितपुर
७. पीताम्बरा 'पीयूष', कलङ्की–काठमाडौं
८. ललिता दोषी, बुद्धनगर–काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन–ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती–बारा
११. भद्रकुमारी घले, मैतीदेवी–काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु–काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार–धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान–धादिङ
१५. ईशा शाह, पकनाजोल–काठमाडौं
१६. भगीरथ मिश्र, दमक–झापा
१७. लक्ष्मी शर्मा, बालाजु–काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी–सुनसरी
१९. अनन्तप्रसाद वाग्ले, बासडोल–काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट–काभ्रे
२१. अर्जुन पाण्डे, जीवनपुर–धादिङ
२२. कार्तिकेय घिमिरे, हरिवन–सर्लाही
२३. पाण्डवराज कार्की, हर्नामाडी–मकवानपुर
२४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली–धादिङ
२५. गंगा कर्माचार्य पौडेल, कपन–काठमाडौं
२६. वासुदेव श्रेष्ठ, जीवनपुर–धादिङ
२७. केशव रुपाखेती, जीवनपुर–धादिङ
२८. निमायादेवी कायस्थ, बन्दीपुर–तनहूँ
२९. बाबुरामप्रसाद पौडेल, पौराइ–रौतहट
३०. तारा अनुरागी, घैलाडुबा–झापा
३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, पटौटी–अर्घाखाँची
३२. रमेशमोहन अधिकारी, चन्द्रपुर–रौतहट
३३. यशु श्रेष्ठ, चन्द्रपुर–रौतहट
३४. गणेशराज रिजाल, स्वाभिमानवस्ती–बारा
३५. विद्याप्रसाद घिमिरे, लैंनचौर–काठमाडौं
३६. बाबुराम लम्साल, किहुँ–तनहूँ
३७. प्रा.डा. कपिल लामिछाने, भैरहवा–रुपन्देही
३८. तेजप्रकाश श्रेष्ठ, थानकोट–काठमाडौं
३९. भक्त कार्की, पुलाचौर–म्याग्दी
४०. दीपबहादुर केसी, कोपवा–कपिलवस्तु
४१. राममणि पोखरेल, गाइघाट–उदयपुर
४२. सौरभकिरण श्रेष्ठ, कुलेश्वर–काठमाडौं
४३. खगप्रसाद अर्याल, नलाङ–धादिङ
४४. नारायण क्षेत्री, डुमरवाना–बारा
४५. मञ्जु सेढाईं, जीवनपुर–धादिङ
४६. रमेश समर्थन, भैरहवा– रुपन्देही
४७. रामकृष्ण काफ्ले, सपही– बारा
४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा
४९. विजय चालिसे, आरुबारी, काठमाडौं
५०. जयन्ती स्पन्दन, मिनभवन, काठमाडौं
५१. जनार्दन खनाल, छतिवन–मकवानपुर
५२. अच्यूत रिजाल, छत्रेदेउराली, धादिङ
५३. पूर्णबहादुर थापा, जीवनपुर धादिङ
५४. राम विनय, कुलेश्वर, काठमाडौं
५५. भगवती अधिकारी, सुनौलोबजार, धादिङ
५६. घनश्याम अधिकारी, केवलपुर धादिङ
५७. प्रमोद प्रधान, विराटनगर, मोरङ
५८. जय छाङ्छा, पौवादुम्मा, भोजपुर
५९. प्रमोद पाण्डे, तेमाल, काभ्रे
६०. युद्ध न्यौपाने, धुनिबेसी, धादिङ

## अनुरोध/जानकारी

- भाषा, साहित्य, कला र संस्कृतिको उत्थानप्रति सचेत,
- सम्भव भएसम्म साहित्यका विविध विधाको उपस्थिति,
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनालाई सधैं स्वागत,
- शुद्ध प्रिती फन्टमा टाइप गरेर पठाएका रचना स्वीकार्य,
- छायाँ छविका साथ रचनामा नाम, ठेगाना र परिचय स्पष्ट लेख्न आग्रह,
- प्रकाशनार्थ प्रेषित रचना चार अङ्कभित्र अप्रकाशित भए त्यो अस्वीकार्य ठहरिने,
- रचना स्वीकृत-अस्वीकृत र काँटछाँटको अधिकार सम्पादक मण्डलमा निहीत,
- अस्वीकृत रचना फिर्ता नगरिने परम्परा कायम,
- रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुनुपर्ने,
- पुस्तक समीक्षाका लागि दुई प्रति अनिवार्य पठाउनु पर्ने,
- र, अन्त्यमा पत्रिकाको उद्देश्य र गतिप्रति आश्वस्त भएको खण्डमा विशिष्ट वा प्राज्ञसभा अनि प्रतिनिधि अथवा शुभेच्छुक बनेर सँगै हिंड्न, एक साथ काम गर्न अनि सद्भाव र प्रेम राख्न सकिने ।

# सम्पादकीय

बाटोमा पाइला राखेको पनि हिजैदेखि मात्र त हो जस्तो लाग्छ । समय बेलगाम कुदिसकेछ । मनभित्र कल्पनाको सगरमाथा ठडिए पछि विश्वासको पाटो जुर्मुराएको थियो । आँखाले पटकौं–पटक प्रस्ताव पस्केपछि अठोट भित्रको चिन्तन पोकोमा बाँधिएको हो । दुईचार पाइलोमै थकानको महशुस गर्नु नपरोस् भन्ने भावका कारण चिन्तनमा सोच मथिएको थियो । 'यात्रा आरम्भ गर्नु नौलो कुरो होइन–निरन्तरता महत्वपूर्ण हो' अग्रजहरूबाट श्रवण गरिएका हुन् यी वाणी । पाइला चालिएकै दिनदेखि त्यतातिर सचेत तथा सजग बनिरहेछ मस्तिष्क ।

अलिकति जिन्दगी तय भएछ, तथापि हिंड्ने काम पूरा भएको छैन । अर्थात, भर्खर सुरू भएको छ । यति भन्न सकिन्छ– अहिल्यै क्यै भन्न सकिने अवस्था छैन । यो चाहिँ हो यात्रा चलिरहेछ र निरन्तरता दिने कार्यमा कुनै कसुर राखिने छैन । मनभित्र ईच्छाको विरूवा उम्रिएपछि गोडमेलमा संलग्नता जनाइएका कारण त्यति भन्न सकिएको हो । तीब्र ईच्छा शक्तिले जीवन गतिलाई सही मार्गमा गुडाउँछ भन्ने मान्यता आत्मसात गरिएको छ ।

२५ बर्षमा ७९ खुड्किलो उक्लन सकिएछ । चढ्न प्रेरित गर्ने, उत्साही तुल्याउने, हात उठाइरहने, विचारको पर्खाल नाघ्न हौस्याउने, आफ्ना बिम्बप्रतिविम्ब पत्रिकामा उपलब्ध गराई हिंडिरहन उत्प्रेरित पार्ने र जीवनलाई यात्राको रूप सम्झन सद्भाव पस्कने पूजनीय मनहरूप्रति **नवप्रज्ञापन** आभारी छ ।

गतिशीलताका अनेकानेक पाटा र परिधिहरू छन् । आस्था र विश्वासमा आरोह/अवरोह प्रतिविम्बित भैरहेछन् । उत्साहको भऱ्याङ उक्लदै गर्दा यदाकदा बाटामा कठिनाई तथा अफ्ठ्याराले घर पनि गर्छन् । तिनीहरूका साम्राज्यले बाटै रोकिदिन पनि सक्छ । तर हिंड्ने रहर बोक्नेहरूलाई ती अप्ठ्यारा–असजिलाहरूले छेक्न भने सक्दैनन् । कुनै निश्चित काल खण्डसम्म अवरोध रहिरहन सक्छ तर स्थगित हुन सक्दैन ।

हिंड्नेहरू पुग्छन्, पुगीरहेछन् । विगत–वर्तमानले यो कुरा पुष्टि गरेको छ । तपाई प्रश्न राख्न सक्नुहुन्छ 'कता?' जता चाह्यो त्यतै, यस्तो हुन्छ उत्तर । ईच्छाशक्तिमै हुन्छन् तमाम काम कुरा । जोसँग त्यो छ उसैले देख्छ अगाडिको बाटो । जो बन्चित छ ऊ जहाँको त्यही र जस्ताको त्यस्तै रहन्छ । हो, उसैले हिडाउँछ, कुदाँउछ र पुऱ्याउँछ गन्तव्यमा । यदि संसारलाई पुस्तक ठानेर पाना पल्टाउने हो भने धेरै पढ्न सकिन्छ, बुझ्न सकिन्छ र सिक्न सकिन्छ । देख्न सकिन्छ, हिंड्न सकिन्छ र अथाह ज्ञानभण्डारतिर पाइला डोऱ्याउन सकिन्छ ।

प्राणीहरूमा श्रेष्ठ ठानिने मानवहरू सबै उत्तिकै हिंडेका छैनन् । हिंडेकाहरू अगाडि पुगिसकेका छन् । हिंड्न नसक्नेहरू कुँजिएका छन् । हिंड्ने, बस्ने र सुत्नेको कोटी छुट्याउदा सबैभन्दा बढी सुत्नेको छ । त्यसभन्दा पछि बस्नेको र थोरै हिंड्नेको छ । त्यहाँभित्र पनि आफ्नो लयकाहरूको सङ्ख्या खोज्दा

एक हातको औंलामा गन्न सक्ने प्रतिशतमा छ । संसारका विभिन्न कुनामा माथिका तीनै थरी मानिसहरू छरिएका छन् । सुत्नेहरूको बाहुल्यता प्रायः जम्मैतिर उस्तै-उस्तै हुन्छ ।

ईच्छा शक्ति र सकारात्मक सोचले नै चाह राख्नेहरूलाई हिंडाउने हो । जसका वशमा ती छन् ऊ मजाले हिंड्छ । बाटामा भेटिने अप्ठ्यारा, असजिला विघ्न-बाधा र कठिनाईले त्यस्तालाई रोक्न सक्दैन । रोकियो-छेकियो भने पनि अनेक प्रयत्नद्वारा ऊ बाहिर निस्कन्छ । अर्थात बन्धन चुडाँउन सहजै सफल बन्छ । कुनै पनि हालतमा खुम्चिन जान्दैन । बन्धनबाट मुक्तिको प्रयत्न नै जीवनको उद्देश्य हुन्छ र त्यसैका निम्ति मरिमेटेर लाग्छ । अन्त्यमा सफलता प्राप्ति उसैको हुन्छ । बस्ने वा सुत्नेले चाहेर पनि पाउन सक्दैनन् ती कुरा । तिनीहरूमा न ईच्छा शक्ति हुन्छ न त सकरात्मक सोच नै । माथिको सोच बोकेकाहरू सधैं हिंडिरहेका छन् ।

आफूलाई चिन्ने, जान्ने, बुझ्ने र पढ्नेले मात्र हिंड्न सक्छ सही बाटो । संसारको इतिहासले यसको पुष्टि गरेको छ । हेर्ने, हो भने देख्न सकिन्छ-बस्नेहरू बसिरहेकै छन् । सुत्नेहरू सुतिरहेकै छन् । हिंड्नेहरू हिडिरहेकै छन् । तिनीहरूभित्र खोजे पृथकता भेटिन्छ, नखोजे भेटिन्न । आलस्यको भारी बोक्नेहरूले सकरात्मकताको डोबिल्को भेट्टाउन सक्दैनन् । 'न भुतो न भविष्यती' भने झैं न हिजो भेट्टाएका थिए न भोली नै भेट्टाउने छन् । यसर्थ, यति भनौं सबैभन्दा पहिले चिन्ने आफैंलाई हो । बुझ्ने आफैंलाई हो । जान्ने आफैंलाई हो । हेर्ने आफैंलाई हो र पाउने पनि आफैंलाई नै हो ।

जीवनयात्रा तय गर्ने बिन्दु सोच नै हो । जस्तो सोच हुन्छ हिंड्ने बाटो त्यसै गरी बन्दै जान्छ । आफूलाई राम्रोसँग बुझ्नेले अरूलाई पनि बुझ्छ । आफूलाई पढ्नेले अरूलाई पनि पढ्छ । आफूलाई देख्नेले अरूलाई पनि देख्छ । आफूलाई सिकाउनेले अरूलाई पनि सिकाउँछ । यो सकरात्मक रीति हो । उज्यालोको पक्षपातीले सबै त्यस्तै होउन भन्ने सम्झन्छ । अन्धकार मन पराउनेले उज्यालोको समर्थनमा कहिल्यै ताली बजाउँदैन । यसलाई स्वभाविक नजरले नै हेर्नु पर्छ, त्यो जीवनको वास्तविक गति पनि हो ।

बाँच्ने आकाङ्क्षालाई जीवनको एउटा सुर्को संझने हो भने हामी बाँचेको संसार अत्यन्तै रमाइलो छ । सकरात्मक सोच बोक्न सकिएमा प्रत्येक वस्तु, प्रत्येक स्थान, प्रत्येक समय, प्रत्येक साँझ-बिहान नयाँ छन्, उमङ्गीत छन् र रमणीय छन् । वस्तुमा देखिने भिन्नता आँखाको फरकपन हो । वस्तु जे हो र जस्तो हो त्यस्तै हुन्छ । हामी जस्तो नजरले हेर्छौं त्यस्तै देख्छौं । जसरी सोच्छौं स्थिति त्यही दिशातिर बग्छ । सुन्दर विचारको पर्खाल बोक्नेहरू कहिल्यै हतोत्साहीत हुँदैनन् । जो आफू र आफ्नो परिवेशबाट हार्छन ती विचारहीन हुन् । विश्वासहीन हुन् । आस्थाहीन हुन् । अठोटहीन हुन् । उमङ्गहीन् हुन् । तिनीहरूबाट सग्लो र पूर्ण यात्राको कल्पना गर्न सकिन्न ।

मस्त निन्द्राबाट हिंडाइको आनन्द लिन सकिंदैन । हाम्रो निन्द्रा अत्यन्तै लामो छ । अर्थात हामी निदाइरहेछौं । हिजो वा अस्तिबाट हैन जुगौंजुगदेखि । सुत्नेहरू सुतेकै सपना देख्छन् उनीहरूको कर्मको प्रकृति पनि त्यस्तै हुन्छ । यसकारण सुत्ने र हिड्नेहरूको बिच मेल हुन सक्दैन । स्मरण गर्दा पुर्खाहरू भन्दा हामी अलि बढी सुतेको भान हुन्छ । अलि बढी कोरा सपना देखेको आभाष हुन्छ । सपना देख्नु राम्रो हो तर सुत्नेले देख्ने सपना र हिड्नेले देख्ने सपनामा काफी अन्तर छ । यसैले भन्न सकिन्छ सपना हिड्नेले मात्र देख्नुपर्छ । योजना हिंड्नेहरूले मात्र बनाउनु पर्छ । आस्थाको दियो दृढ इच्छाशक्ति भएकाहरूले मात्र बाल्नुपर्छ ।

हिजोआजका हाम्रा अधिकांश युवायुवतीहरू विदेशको सपना देख्छन् । विदेश उनीहरूको पहिचान बन्न खोज्दैछ । सामर्थ्य र हैसियत त्यसैमा जोडिदैछ । राजनैतिक दल र कतिपय विदेशी सङ्घ-संस्थाहरू पहिचानको खेती गराइरहेको समयमा सारा युवाशक्ति विदेश पलायनको सपना छातीमा उमारी मलजल गरिरहेछन् । गोडमेल गरिरहेछन् । गाउँहरू रित्तिइरहेछन् । घरहरू खाली-खाली बनिरहेछन् । बाँझा छन् अधिकांश खेतबारी । त्यता कसैको मन हिंडिरहेको छैन । सबैको विदेश पुगेको छ । बाटोमा अर्थात् पुग्ने तरखरमा छ । बाटोमा हिंडिरहेछन् अनेकौं गोता र हण्डर खाएरै भएपनि । आँखा त्यतै लोभिएका छन् । आफ्नोमा अलिकति पनि आशा-भरोसा छैन । विश्वास-आस्थादेखिदैन । सोचिदैछ, यहाँ केही छदैछैन, जे छ जम्मै उतै छ । मानौं उता सबैथोक हो अनि यता केही होइन र कहिल्लै छदैं थिएन ।

के छ त्यता त्यस्तो जसले हाम्रा मनमस्तिष्कलाई नराम्रोसँग धक्का दिइरहेछ । कारणको खोजी हुनुपर्ने हो । तर कसले गर्ने ? उच्च पदस्थ कर्मचारीदेखि राजनेतासम्म सबैको उतातिर कतै न कतै संलग्नता छ । सन्तान मार्फत साइनो गाँसिएको छ । क-कस्का सन्तान विदेशमा छन् भनेर खोज्नुभन्दा क-कस्का छैनन् भन्ने सूची बनाँउदा सजिलो होला । त्यहाँ सन्तान पठाएर यहाँ राष्ट्रप्रेमको बखान गर्नेहरूको पनि ठूलो भिड छ । त्यो छिचोल्नै हम्मे हम्मे छ । स्याबासीको खोजीमा रहेकाहरू यस्तो कृयाकलापमा बढी संलग्न छन् । 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने भनाइ चरितार्थ भइरहेछ ।

सबैका आँखा लोभिएका छन् । मन लालयित छन् । हिजैदेखि विचार बगीरहेछन् । विश्वास चिप्लदै गएको स्थिति छ । यस्तो परिवेशमा आस्थाले कसरी ठीङ्ग उभिन सक्ला ? म आफुभित्र आफैलाई खोज्न तल्लिन भैरहेछु । हजुरबा-हजुरआमा नाति-नातिना विदेशिदा खुशी, बा-आमा, छोरा-छोरी देशबाट पलायन हुँदा उत्साहित, भाइ-बहिनी, दाजु-दिदी बाहिरिदा हर्ष विभोर । कस्तो असमेल परिस्थिति । कति नमिठो बेमेल । अहँ कतै मेल खाँदै

खाँदैन । अहिले त यस्तो परिस्थिति बनिरहेछ कि विदेश मोह त्याग भन्नेहरूले सामाजिक बहिस्करणको स्थिति भेल्लुपर्ने पो हो की ?

बाउबाजेले आर्जेको सम्पत्ती किञ्चित फिक्री नमानी कौडीको भाउमा बेचेरै भएपनि सन्तानको विदेश मोहलाई मलजल तथा गोडमेल गर्ने बाबुआमाको उत्साह उदेकलाग्दो छ । उहाँहरू बडोगर्व र रोबका साथ फलानो ठाँउमा छोराछोरी पुगेको बखान गर्नुहुन्छ । मानौं त्यो स्वर्ग हो जहाँ जो कोही पुग्नै सक्दैनन् । तर आफ्ना सन्तान पुगे । अन्तिम लक्ष पनि त्यही थियो । सफलता प्राप्तीले खुशी तुल्याएको मन धक नमानी फुकाउनु हुन्छ आँगनको बिस्कुन जस्तै । पठाउन नसक्नेहरूका निम्ति त्यो नमिठो हुने पनि कुनै प्रवाह नराखी पस्कनुहुन्छ भोजको स्वादिष्ट भोजन जस्तै ।

आफ्नो भोलीको भविष्य अन्धकारमय छ भन्ने कुराको कुनै हेक्का हुँदैन उहाँहरूलाई । विदाईका दिनहरू सधैको निम्ति पनि हुन सक्ने सम्भावना पर्गेल्दैनन् आँखा । उहाँहरू केवल वर्तमान देख्नुहुन्छ । सन्तानको खुशी देख्नुहुन्छ । अरूहरूले नसकेको काम आफ्नाले सके भन्ने भावमा उत्साहीत हुनुहुन्छ । छोराछोरीको लगनशिलताले नाक निकै ठडिएको सम्भनुहुन्छ । म र मेरो भन्ने भावले घर गर्छ तनमा । विचारको पर्खाल ठडिन्छ । आस्थाका पिपल रोपिन्छन् । त्यसपछि आफ्नो घरको बत्ती कहिल्यै नबल्न पनि सक्छ भन्ने सोच्न सक्नुहुन्न । उडेको पंछी फेरी गुँडमा फर्कने संभावना न्युन रहन्छ । सात समुन्द्र पारीका सन्तान र वारीका मातापिताका सुखदुख सँगसँगै हिंड्दैनन् भन्ने भावले काम गर्न सक्दैन । यही सोचहीनताको कारण हो धैरैमा दिनप्रतिदिन बढिरहेको विदेशप्रतिको आकर्षण ।

'यहीँ बसेर केही गर' भन्ने भाव यदि अभिभावकहरूमा जन्मीदिने हो भने सन्तानको विदेश मोहमा कमी आउने थियो । पूरापुर संख्यालाई रोक्न नसकिएला तर अग्रसरता बढाउने हो भने उल्लेख्य मात्रामा घटाउन सकिन्छ । घरायसी वातावरण सकारात्मक र पितृभक्त भैदिने हो भने यहीँको परिवेशमा खिचिन सक्छ तिनीहरूको मन मस्तिष्क । आफूमा आत्मविश्वास नभएकाहरूबाट थालिएको यो परम्परा आज फेसन नै बनेको छ । नेपालमा रहँदा सिन्कोसम्म नभाँच्नेहरूको विदेश बसाइ कति कस्टकर होला घरीघरी अल्मलिन्छ मेरो मन । पराया मुलुकका तिनीहरूका जिन्दगी कति कस्टकर होलान् बाराम्बार प्रश्न उठ्छन् आँखाभित्र ।

उतैका नाम । उतैका पाठ्यपुस्तक । उतैका विचारधारा । उतैका चिन्तन । उतैका उद्देश्य । उतैका पढाइलेखाइ । उतैका रहनसहन । उतैका संस्कार-संस्कृति । उतैका काल्पनिक र लोभलाग्दा जीवनयापन । यसै कारणले हो उनीहरूमा उम्रिएको विदेश मोह । आफूलाई हराउन र मेटाउन तल्लीन हाम्रा मनमस्तिष्कहरू नै युवा पलायनका मूल कारण हुन् । हामी बाँचेको परिवेश नराम्रो, हाम्रा परम्परा रीतिरिवाज नराम्रा र हाम्रा मूल्यमान्यता पश्चगामी जस्ता

सोच मन मस्तिष्कमा एकत्रित गराइएकाले त्यसमा यसो भएको हो । हामी र हाम्रा सबै नराम्रा उनीहरूका जम्मै राम्रा भन्ने सोचलाई आत्मसात गरिएको कारण गाँउबस्ती रित्याएर, खेतबारी बझ्याँएर, बाबुआमा र आफन्तहरूका मन अँध्यारो तुल्याएर पराया मुलुकतिर आकर्षण बढेको हो । एउटा जीवन्त देशका निम्ती यो सुहाउँदिलो विषय होइन । तर के गर्नु, विषय नभए पनि भैरहेछ जसलाई आत्मसात गर्नु भन्दा अर्को विकल्प अगाडि छैन । स्वाभिमानी मनहरूले यतातिर सोच्ने, गम्ने र विचार गराउने तथा गर्ने समय आइसकेको छ ।

जे जति गरे पनि यहीँ गरौँ । यही माटोको निम्ती गरौँ । यही जनजीवनका निम्ती गरौँ । आदरणीय पुर्खाहरूले गरे । हामीले धक फुकाएर मेरो भन्न पायौँ । हामीले पनि केही गरौँ । भविष्यका सन्ततीले पनि त्यस्तै भन्न पाउन् । विश्वासमा मलजल गरौँ । विचारमा अठोटका खुड्किला थपौँ । यहीँ हिड्न सकिन्छ, हाँस्न सकिन्छ । फुलाउन  फलाउन सकिन्छ । जीवनलाई सुखी र खुशी तुल्याउन सकिन्छ । समृद्ध पार्न सकिन्छ । सफल र सम्पन्न बनाउन सकिन्छ । छाडौँ पराया मुलुकप्रतिको मोह । जुन माटोमा जन्मियौँ । त्यसैका निम्ती केही गरौँ । आमाले पहिलो सास लिएको धर्तीलाई तिरस्कार नगरौँ । विश्वास रोपौँ । विश्वास फलाऔँ । विश्वासमा प्रतिविम्बित बनौँ । अनि, सफलता विश्वासमा उत्पादन गरौँ ।

यो माटोमा धेरै थोक छ, संसारले भनिरहेछ । अस्तिनै देखि ती चिच्याइरहेछन् तर हामी देखिरहेका छैनौँ । न सुन्छौँ, न त बुझ्छौँ नै । हो, त्यस्तो देख्न सुन्न त आफ्ना स्वच्छ आँखा चाहिन्छ । बुझ्न आफ्ना सरलभाव चाहिन्छ । अगाडि लम्कन आफ्ना गतिशिल पाइला चाहिन्छ । गोडमेल गर्न सकरात्मक सोच चाहिन्छ । विश्वासको फुल फुलाउन अठोट र तृष्णा चाहिन्छ । हामीसँग सायद छैनन् ती । यदि हुन्थ्यो भने बाटो सही दिशातिर मोडिन्थ्यो की ? प्रश्न मनभित्र मज्जाले उम्रिएको छ । उम्रिएको त छ तर बढ्न सकिरहेको छैन । जिलिगाठैँ बनेर ङिच्चिदै हेरिरहेछ तरकारी बारीको बुख्याचाले जस्तै । विचरा ! बुख्याचा दुनियाँलाई तर्साउन सफल त हुन्छ तर आफू स्वयंले कसैलाई केही गर्न भने सक्दैन ।

विदेशीएकाहरूको त कुरै छोडौँ, यहाँ बस्ने पनि अचेल सबै कुरा उतैबाट सिकिरहेछौँ । लेख्न, पढ्न, हाँस्न, रून, गाउँन, कराँउन, उठ्न र सुत्न उनै सिकाइरहेछन् । हामी अनौठो र अपरिचित ग्रहबाट आएका हौँ त्यसैले केही पनि जान्दैनौ त्यसकारण ती सबै कुरा प्रेमपूर्वक सिकाइरहेछन् । सिकाउनु तिनीहरूको कर्तव्य हो, ती सिकाइरहेछन् र हामी मज्जाले सिकीरहेछौं । मानौं हामीसँग हिजैदेखि आजसम्मै संसारलाई बाटो देखाइरहेको पूर्वीय सँस्कृति नै छैन । रीतिरिवाज र प्रविधि छैन । ज्ञान र चेतनामा अत्यन्तै पछाडि छौँ । हुन त यथार्थ त्यस्तो होइन तर त्यस्तै देखिदैँछ । खोइ किन हो, आफूदेखि आफैं लजाइरहेछौँ । सिक्ने होइन सिकाउने, बुझ्ने होइन बुझाउने र लिने होइन

दिने हो हाम्रो हैसियत तर विडम्बना उल्टो भैरहेछ र त्यसलाई सहजीकरण गरिरहेछौँ ।

आदरणीय पाठकवृन्द ! २६ औं बर्षमा प्रवेश गऱ्यो **नवप्रज्ञापन** । खै कसरी हिडियो कुन्नी ? **२५ बर्ष** हिडिएछ र ७९ खुड्किला चढिएछ । यो यात्रामा सहयोग गर्ने, सहभागी बन्ने, बाटो देखाउने, आत्मविश्वास बाँडेर हिडिरहन प्रेरित गर्ने सबै सबैप्रति आभारी छ **नवप्रज्ञापन** । हिड्ने कामबाट विचलित हुन नपरोस् यस्तो अभिलाषा पनि बोक्छ । हिडेँ पनि र नहिँडे पनि सिद्धिने जीवनयात्रामा सकेसम्म हिडौँ र भ्याएसम्म गरौँ भन्ने अनुरोध पस्कन्छ ।

२६ वर्ष प्रवेश **प्रतिनिधि मुक्तक विशेषाङ्क**का रूपमा गर्ने एक बर्ष अघिको सोचलाई यथार्थमा बदल्ने कार्य यतिखेर हुँदैछ । काम यतिले पुगेको छैन, अझै गर्नुपर्थ्यो यो कुरामा **नवप्रज्ञापन** सचेत छ । जे होस् यतिखेर जति सकियो त्यति नै गरियो भन्नु सान्दर्भिक होला । कुनै पनि काम पूर्ण हुँदैन । पूर्णतातिरको बाटो समात्नु र पूर्ण हुनु एकै होइनन् । **नवप्रज्ञापन** पनि त्यहीँ बाटो मात्र हिंडिरहेको छ । विशेषाङ्कका रूपमा- **नारायणीका पद्यस्रष्टाहरू पहिलो खण्ड, नारायणीका गद्यस्रष्टाहरू दोस्रो खण्ड, बाल्यकालीन संस्मरण विशेषाङ्क पहिलो खण्ड, स्वर्ण अङ्क, बालसाहित्य विशेषाङ्क, भानुभक्त द्विशतबार्षिकी विशेषाङ्क, छन्द कविता विशेषाङ्क, लघु कथा विशेषाङ्क र अभिलेख विशेषाङ्क**पछि **प्रतिनिधि मुक्तक विशेषाङ्क** तपाईको हातमा आइपुगेको छ । यो विशेषाङ्क खुड्किलाको **दशौं** शृङ्खला हो ।

हिंड्न थालिए पछि आएका हुन् यी कुरा । नथालिएका भए पक्कै आउने थिएनन् । त्यसैले जीवन नै गति र गति नै जीवन हो भन्ने कुराको **नवप्रज्ञापन** पक्षपाती रहिआएको छ । प्रस्तुत अङ्कमा आदरणीय स्रष्टा तथा द्रष्टाज्यूहरूका १७१ रचनाहरू रहेका छन् । सकारात्मक मन र सकारात्मक सोचले गरिएको यस काममा कतिपय रचनाहरू आग्रहका साथ मागिएका हुन् । कतिपय हाम्रो सूचनाका आधारमा विद्युतीय ठेगानामा उपलब्ध भएका हुन् भने कतिपय साभार गरिएका हुन् । भाषा साहित्यको उत्थानमा एउटासम्म भए पनि सिन्को भाँचौं भन्ने अभिप्रायले रचना ग्रहण गरिएकाले यसमा कसैको पनि विमति रहने छैन भन्ने कुरामा **नवप्रज्ञापन** विश्वास राख्दछ । यसर्थ, आफ्ना अमुल्य रचनाहरू उपलब्ध गराउने सबै-सबैप्रति **नवप्रज्ञापन** परिवार श्रद्धापूर्ण नमन गर्दछ ।

यस मुक्तक विशेषाङ्कका लागि विशेष योगदान पुऱ्याउनु भएका यस अङ्कका अतिथि सम्पादक साहित्यकार मिलन समीरप्रति **नवप्रज्ञापन** आभारी छ । साथै डा. मुरारि पराजुली, रूपिन्द्र प्रभावी 'कटु', जनक जङ्घार र निर्दोष डेविटलाई पनि सम्झदै नमन गर्दछु ।

अन्त्यमा नववर्ष २०७५ सबैको निम्ति सुखद् बनोस् भन्ने कामना गर्दछु ।

# रचनाक्रम


- हिंडेको बाटो
  - विश्वप्रेम अधिकारी/११
- आलेख
  - मिलन समीर/१७
  - खगेन्द्र गिरि 'कोपिला'/५५
- कुराकानी
  - डा. मुरारि पराजुली/६२
  - रामकाजी कोने/६९
- समालोचना
  - आर.एम्. डंङ्गोल/७४
- मुक्तक
  - अर्जुन 'बेघर'/८१
  - अनुपमा करारा/८२
  - अभि क्षेत्री 'समर्पण'/८३
  - अम्बिका भण्डारी/८४
  - अम्बु बिहानी/८५
  - अस्मिता भट्टराई/८६
  - अशोक बोहरा 'असीम पीडा'/८७
  - आनन्द रानोहोंछा/८८
  - इन्द्रकुमार जोशी 'विकल्प'/८९
  - उदास कार्की/९०
  - कपिल मणि/९१
  - कपिलमणि शर्मा रेग्मी 'अज्ञात'/९२
  - कमला अर्याल/९३
  - काजी सुनार/९४
  - किरण बास्तोला 'जिज्ञासु'/९५
  - के. आर. ढकाल/९६
  - कैलाश भण्डारी /९७
  - कृष्ण पहारी/९८
  - कृष्णप्रसाद बास्तोला/९९
  - कृष्णराज सर्वहारी/१००
  - खगेन्द्र गिरी 'कोपिला'/१०१
  - खिलबहादुर अधिकारी/१०२
  - गङ्गा अभिलाषी/१०३
  - गङ्गा कर्माचार्य पौडेल/१०४
  - गङ्गा लिगल/१०५
  - गणेश शर्मा पौडेल 'चन्दन'/१०६
  - गण्डकीपुत्र/१०७
  - गुरूप्रसाद कुमाल 'बुलबुल'/१०८
  - गोपालकुमार विश्वकर्मा/१०९
  - गोविन्द गिरी/११०
  - गौतम रानाभाट 'असफल'/१११
  - गौरी तमू/११२
  - ज्ञानुवाकर पौडेल/११३
  - डा. घनश्याम न्यौपाने 'परिश्रमी'/११४
  - जगत राई 'नबोदित'/११५
  - छविलाल थारु 'कोपिला'/११६
  - जनक जंघार/११७
  - जनार्दन दाहाल/११८
  - जयकिशन अधिकारी/११९
  - जयसिंह ज्यामी/१२०
  - टी.एम. अश्लेषा/१२१
  - ठाकुरप्रसाद शर्मा भण्डारी /१२२
  - डि.आर. न्यौपाने 'सूर्य'/१२३
  - डिल्लीराम भण्डारी/१२४
  - डोलराज डुम्रे 'विकल्प'/१२५
  - तपेन्द्रबहादुर शाह 'भावातीत'/१२६
  - ताराप्रसाद श्रेष्ठ/१२७
  - तीर्थराज अधिकारी/१२८
  - तीर्थ श्रेष्ठ/१२९
  - दीपक समीप /१३०
  - दिव्य गिरी /१३१
  - दुर्गाबहादुर सुवेदी क्षेत्री /१३२
  - देवराज खरेल/१३३
  - देवी त्रिपाठी/१३४
  - द्वारिका पोखरेल 'प्रज्ञा'/१३५
  - धनबहादुर गहतराज 'अविरल'/१३६
  - नगेन्द्र न्यौपाने/१३७
  - नवराज अधिकारी 'पहाडी'/१३८
  - नवराज रिजाल/१३९
  - नारायणप्रसाद मरासिनी/१४०
  - नारायण लामा/१४१
  - निर्दोष डेविट/१४२
  - निर्मल ढुङ्गाना/१४३
  - निरञ्जन बम 'त्रिमधुमुस्कान'/१४४
  - पर्वत शर्मा ढकाल/१४५
  - प्रकाश पाठक /१४६
  - प्रकाश विहीन/१४७
  - प्रमोद खनाल/१४८
  - प्रमोद स्नेही/१४९
  - पूर्ण समीर महतारा/१५०
  - पुष्कर बराल 'पुर्वेली'/१५१
  - पुष्कर रिजाल 'पुष्प'/१५२
  - वसन्तराज अज्ञात/१५३
  - बाबुराम पोखरेल/१५४
  - बिजय रानाभाट/१५५
  - विमल गौतम/१५६
  - वियोगी बुढाथोकी/१५७
  - विष्णु अथकमनु/१५८
  - बिष्णु कार्की/१५९

– विष्णुकुमार श्रेष्ठ 'अल्पविराम'/१६०
– विष्णु पुलामी/१६१
– विष्णुबहादुर सिंह/१६२
– बिष्णु वाग्ले/१६३
– बिस्नु प्रवा सापकोटा/१६४
– भक्त कार्की/१६५
– भक्तलाल श्रेष्ठ 'सरुभक्त'/१६६
– भगवती बस्नेत /१६७
– भरत भण्डारी 'सोझो गाउँले'/१६८
– भावना श्रेष्ठ/१६९
– भीम दर्शन रोका/१७०
– भीम राना 'जिज्ञासु'/१७१
– भूषण ढुंगेल/१७२
– मदन भण्डारी/१७३
– महानन्द ढकाल/१७४
– माया 'कञ्चन निरासी'/१७५
– मिर्मिसा पराजुली/१७६
– मिलन समीर/१७७
– मुना सिग्देल/१७८
– मोहन दुवाल/१७९
– यमकुमार श्रेष्ठ/१८०
– युवराज लामिछाने 'प्रदीप'/१८१
– रमेशचन्द्र घिमिरे/१८२
– रमेश ढकाल/१८३
– रमेश लुइँटेल 'शुभेच्छु'/१८४
– राकेश बि.एम 'चिन्तन'/१८५
– राजु आचार्य 'दीप'/१८६
– राजेन्द्र थापा/१८७
– रामकाजी गुरुङ कोने/१८८
– रामकुमार श्रेष्ठ 'फुच्चे'/१८९
– रामचन्द्र शर्मा/१९०
– रामजीप्रसाद आचार्य/१९१
– रामविक्रम थापा/१९२
– रामसुन्दर देउजा/१९३
– ऋचा लुइँटेल/१९४
– ऋषि बराल/१९५
– रुद्र अधिकारी/१९६
– रुद्र कँडेल/१९७
– रुद्र ज्ञवाली/१९८
– रुद्र 'सन्देश' मगर/१९९
– रुपिन्द्र प्रभावी जोशी/२००
– रेणुका जिसी खतिवडा/२०१
– रेवतीरमण खनाल/२०२
– रोहित राना/२०३
– लक्ष्मण थापा/२०४
– लक्ष्मण वर्तौला 'विर्खे अञ्जान'/२०५
– लक्ष्मी काफ्ले/२०६
– लक्ष्मी थापा/२०७
– लक्ष्मी शर्मा (एल शर्मा)/२०८
– लव गाउँले/२०९
– लीलाराज दाहाल/२१०
– लेखनाथ काफ्ले/२११
– लेखराम सापकोटा 'निर्दोषयात्री'/२१२
– लोकनाथ पुडासैनी/२१३
– लोकनाथ भुषाल 'घायलश्री'/२१४
– लोकहरि पाण्डेय 'क्षितिज'/२१५
– लोकेन्द्र पौडेल 'डहरे'/२१६
– सत्यनारायण दहित/२१७
– संजय घिमिरे/२१८
– सञ्जय मित्र/२१९
– सन्तोष काफ्ले 'स्पन्दन'/२२०
– सविन शर्मा 'सौगात'/२२१
– सरस्वती श्रेष्ठ 'सरु'/२२२
– सरिता खड्का 'सरू अनामिका'/२२३
– सरोज संगम/२२४
– सागर 'पीडित'/२२५
– साधुराम लामिछाने/२२६
– सिर्जना शर्मा/२२७
– सीता शर्मा 'उपासना'/२२८
– सुनिल अधिकारी/२२९
– सुचित्रा खनिया/२३०
– सुजु भुजेल/२३१
– सुशीला विडारी (सुधा आचार्य)/२३२
– सुशील अर्याल/२३३
– सुवास गिरी/२३४
– सुमित गिरी 'स्मित'/२३५
– सूर्यप्रसाद तिमिल्सिना 'असफल'/२३६
– शम्भु अर्याल/२३७
– डा. श्यामप्रसाद न्यौपाने/२३८
– श्यामप्रसाद न्यौपाने/२३९
– शान्तिनारायण श्रेष्ठ/२४०
– शिव अधिकारी 'पलाँस'/२४१
– शिवभक्त शर्मा/२४२
– हरिकृष्ण काफ्ले/२४३
– हरि कट्टेल/२४४
– हरि खनाल"हरे"/२४५

('हिंडेको बाटो' **नवप्रज्ञापन**को नवीनतम स्तम्भ हो । विगत चार वर्ष अघिदेखि निरन्तरता पाइरहेको यस स्तम्भमा यस पटक स्याङजामा रहेर सृजना कर्ममा सक्रिय वरिष्ठ साहित्यकार एवम् अग्रज मुक्तककार कृष्णप्रसाद पराजुलीसँगै नेपाली मुक्तक लेखनमा कमल चलाएका मुक्तककार **विश्वप्रेम अधिकारी**लाई आमन्त्रण गरिएको छ । यसमा उहाँको परिचयका साथ **भानुभक्त मुक्तककार हुन्** लेख सङ्ग्रहीत छ । आगामी अङ्कहरूमा पनि यसैगरी अन्य वाङमय सेवीहरूलाई आमन्त्रण गरिने कुरा हाम्रा आदरणीय पाठक तथा शुभचिन्तकहरूलाई नवप्रज्ञापन अवगत गराउन चाहन्छ । – स/प्र)



# विश्वप्रेम अधिकारी

**माता :** लीला अधिकारी
**पिता :** रूक्मांगद अधिकारी
**जन्म मिति :** २१ जुलाई १९४६ ईस्वी सन्
**जन्मस्थान :** पुतलीबजार नगरपालिका-१०, राङ्खोला, स्याङ्जा (प्रदेश नं. ४)
**मूल बासस्थान :** पुतलीबजार नगरपालिका-१०, राङ्खोला,स्याङ्जा
**उपनाम :** जगतराज शर्मा,राङ्खोले अधिकारी
**शिक्षा :** उत्तर प्रदेश शिक्षा परिषदको इन्टर मिडिएट, वाराणसीय सस्कृत विश्वविद्यालयबाट उत्तरमध्यमा उत्तीर्ण भई शास्त्री (स्नातक तह) प्रथम वर्ष, पछि छोडेको ।
**पारिवारिक स्थिति :**
**विवाह :** २०१४ सालमा
**छोरा :** एक, बुहारी-१
**छोरी :** सातवटी
**नाति :** सातवटा, नातिनी–सातवटी

**कार्यक्षेत्र :**

(क) साहित्यिक पत्रकारिता– २०१९ सालबाट सुरू गरेको । 'कल्याणी' वार्षिक, 'रहर' त्रैमासिक (दुवै बनारसमा) सम्पादक, 'रजस्थल' त्रैमासिकको अङ्क १ देखि १३ सम्म र अङ्क २३ देखि हालसम्म निरन्तर ।

(ख) सम्पादन –२०२५ सालमा स्याङ्जाका कविहरूको प्रतिनिधि सँगालो 'पोखिएका कनिका', २०६१ सालमा स्याङ्जाली कविहरूका बाल कविता संग्रह 'झारबुटी' को सम्पादन गरी प्रकाशन गरेको । 'रजस्थल' त्रैमासिकको कहिले 'प्रधान सम्पादक', कहिले 'कार्यकारी सम्पादक' ।

आजीवन सदस्य – स्याङ्जा साहित्य प्रतिष्ठान -स्याङ्जा, सामुदायिक अस्पताल हेलु, लक्ष्मी स्मृति पुस्तकालय -पु.ब.न.पा -१०, राङ्खोला, स्याङ्जा । लक्ष्मी स्मृति सामुदायिक पुस्तकालय -पु.ब.न.पा-१, स्याङ्जा, मातृभूमि पुस्तकालय बीर्घा, 'नवमाधुरी' त्रैमासिक पत्रिका पर्वत । त्रिभुवन आर्दश बहुमुखी क्याम्पस, पु.ब.न.पा-१, स्याङ्जा, कश्यप गोत्रीय अधिकारी बन्धु समाज, चितवन, ज्याग्दी खोला साहित्य प्रतिष्ठान, स्याङ्जा ।

**सम्मानः**

– अली मियाँ लोकवाङ्मय प्रतिष्ठान (२०६६, पोखरा)
– सिर्जना बिसौनी (२०६६, स्याङ्जा)
– त्रिभुवन आर्दश मा.वि. (२०६६, स्याङ्जा)
– रोशनी आवासीय मा.वि. (२०६७, स्याङ्जा )
– कालीगण्डकी साहित्य प्रतिष्ठान (साँखर, स्याङ्जा)
– जगत्रदेवी साहित्य सङ्गम (२०६९, स्याङ्जा)
– त्रिभुवन आर्दश बहुमुखी क्याम्पस, पु.ब.न.पा-१, (२०६९, स्याङ्जा)
– स्याङ्जा उद्योग वाणिज्य संघ (२०६९, स्याङ्जा)
– ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी (२०७२, वालिङ, स्याङ्जा)
– चक्रकमला आधारभूत विद्यालय (२०७२, स्याङ्जा)
– विश्वशान्ति पुस्तकालय पु.न.पा.-१२, (२०७४, स्याङ्जा)
– नेपाली भाषा शिक्षक परिषद (२०७४, पोखरा)

**अभिनन्दन :**

– जर्ज जोन शिक्षा प्रतिष्ठान (२०७३, पोखरा)
– ज्योति आवासीय मा.वि. (२०६८, स्याङ्जा)
– नेपाल शिक्षक संघ (२०६८, स्याङ्जा)

**पुरस्कार :**

– गण्डकी अञ्चलव्यापी बृहत् साहित्य सम्मेलनको कविता प्रतियोगितामा चतुर्थ स्थान (२०२२, हंशपुर, पोखरा),

- कालीगण्डकी साहित्य कला पुरस्कार (२०५३, स्याङ्जा),
- शंखनारायण साहित्य पुरस्कार (२०५६, स्याङ्जा),
- तिलाकुमारी साहित्य पुरस्कार (२०५६),
- वासु पुरस्कार (२०६१, स्याङ्जा),
- भाष्कर लामिछाने लोकसंस्कृति पुरस्कार (२०६७, चितवन),
- बलराम स्मृति वाङ्मय पुरस्कार (२०६८, चितवन),
- त्रिमूर्ति पुरस्कार (२०६९, काठमाडौं),
- भैरव वाङ्मय पुरस्कार (२०७१, चितवन),
- नेत्रशोभा स्मृति साहित्य पुरस्कार (२०७२, शहीद स्मृति पुस्तकालय,भैरहवा),
- गीता राणा प्रतिभा पुरस्कार (२०७३, काठमाडौं),
- शक्ति पुरस्कार (२०७४, वाग्लुङ्),
- निर्माण व्यवसायी संघ (२०६९, स्याङ्जा)

**प्रकाशित कृतिहरू :–** (**कविता काव्य**)
- मेरी छोरी (कविता संग्रह- २०४९)
- बन्दीका मनस्थिति (कविता संग्रह- २०५२)
- सङ्कल्प 'आमा' स्मृति काव्य सहित (कविता संग्रह- २०५५)
- अचाडू मनका स्वरहरू (कविता संग्रह- २०६१)
- काव्यत्रयी (काव्य संग्रह- २०७३)
- विश्वप्रेम अधिकारीका सङ्कलित पद्य कविता- १ (कविता संग्रह- २०७४)
- सङ्कलित गीति कविताहरू -२ (२०७४)

**गद्य तर्फ– लोक साहित्य :–**
- आँधीखोले लोक संस्कृति र लोकगीत (२०५७)
- पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८)
- आँधीखोले लोकसाहित्य प्रस्तुति र विश्लेषण (२०५९) दोस्रो संस्करण (२०७३)
- स्याङ्जाली स्रष्टा र तिनका सिर्जना-२०६०)
- सम्झनाका बिम्बहरू (लेख निबन्ध संग्रह- २०७१)
- टिमुरको झोल (कथा संग्रह- २०७४)

(सम्पर्क नं.- ९८४६०७०८८५)

# भानुभक्त मुक्तककार पनि हुन्

लौकिक संस्कृत साहित्यमा प्रशस्त मुक्तक पाइन्छन् र पो संस्कृत साहित्यका आचार्यहरूले मुक्तकको परिभाषा दिएका छन् । ती आचार्यभन्दा पहिला नै अग्नि पुराणले महाकाव्य, खण्डकाव्य र चम्पु काव्यको सीमा निर्धारण गर्ने क्रममा मुक्तकको परिभाषा दिएको छ । मुक्तकम् श्लोक एवैकश्चमत्कारक्षमः सताम्

(अग्नि पुराणः अध्याय, ३३७ः श्लोक १६)

मुक्तक छैटौं शताब्दीका महाकवि कालिदासले पनि लेखेको पाइन्छ। कालिदासका समकालीन अन्य कविहरूले पनि मुक्तक लेख्थे । त्यतिखेर समस्यापूर्तिमा मुक्तक नै

लेख्थे । नैतिक उपदेशहरू पनि मुक्तकशैलीका हुन्थे । तिम्रो के इच्छा छ ? तिम्रो उद्देश्य के हो ? यस्ता प्रश्न कसैले गऱ्यो भने तत्काल एक श्लोकमा उत्तर दिन्थे । त्यस्ता चार पाउयुक्त पद्यमा न कथा हुन्थ्यो, न पूर्वापर सम्बन्ध हुन्थ्यो । काव्यालङ्कारमा पनि स्वतन्त्र श्लोक भनेर मुक्तकलाई चिनाइएको छ । संस्कृतको समयोचित पद्य मालिकामा कालिदास र उनका प्रतिस्पर्धी तीन कवि समेतका चार पद्य आहा ! भन्ने खालका लहरै राखिएको छ । हेरौं महाकवि कालिदासको यो पद्यः

*कदाकान्तागारे परिमल मिलत्पुष्पशयने*
*शयान कान्ताया कुचयुगमहम् वक्षसि बहन्*
*अए मुग्धे, कान्ते कुटिल नयने चन्द्रवदने*
*प्रसिदेत्य कोषन् निमिषमिव नेस्यामि दिवसान् ।*

इसाको छैटौं शताब्दीको अन्त्यतिर सुरू भएको मुक्तक लेखन पण्डित अम्बिकादत्त व्याससम्म निरन्तर चलिरह्यो । पण्डित व्यासले 'शिवराज विजय' नामको ऐतिहासिक उपन्यासमा एउटा चार पङ्क्तियुक्त सुन्दर मुक्तक उपयुक्त प्रसङ्गमा दिनुभएको छ। हेरौं संस्कृत भाषामा लेखिएको उक्त मुक्तकः

*रात्रिगमिस्यति भविष्यति सुप्रभातम्*
*भास्वान् उदिस्यति हसिस्यति पङ्कजश्री*
*इत्थंविचिन्त्य इति कोषगते द्विरेफे*
*हा ! हन्त हन्त !! नलिनिम् गजमुज्जहार*

सूर्य कमलमा भमरो बस्यो र रस चुसिरह्यो । सूर्यास्त भएर सूर्यकमल खुम्चिदा भमरो फूलभित्रै थुनियो र सोच्न थाल्यो । रात्रि बित्ने छ । कमल फक्रने छ अनि मुक्त हुनेछु । तर दुर्भाग्य जङ्गली हात्ती आयो कमलको डाँठ सबै चपाइदियो र भमरो मऱ्यो । कति पूर्ण अर्थ छ यसमा ।

मुक्तकलाई संस्कृत साहित्यका मनीषिहरूले काव्यको लघुतम् रूप मानेका छन् । फुटकर कवितालाई लघुरूप, खण्डकाव्यलाई मध्यम रूप र महाकाव्यलाई विस्तारित रूपमा परिभाषित गरेको पाइन्छ । मुक्तक नयाँ होइन र उर्दूको 'कत्अ' कै प्रतिरूप पनि होइन । छोटो आकारमा संरचित भएर पनि लामो प्रभाव पार्ने भएकाले यो लो

कप्रिय बन्दै गएको साँचो हो । चारपदयुक्त 'रूबाइ' शैलीका मुक्तक ऐले लोकप्रिय बन्दै गएका छन् । यही लोकप्रियतालाई हेरेर 'अन्य शैलीमा मुक्तक बन्न सक्तैनन्' भन्नु उचित हो जस्तो लाग्दैन । हामीहरू नेपाली भाषालाई संस्कृत भाषाकी 'छोरी' र संस्कृत भाषालाई 'आमा' स्वीकार गर्दछौं । यसरी नै हिन्दी र बङ्गाली भाषा पनि नेपाली भाषाकै दिदीबहिनी हुन् । हिन्दी, बङ्गालीमा भैँ नेपाली भाषामा पनि संस्कृत भाषाको प्रभाव छ र पनि वर्तमानमा आएर संस्कार र व्यवहारले गर्दा अङ्ग्रेजीले बढी नै दखल गरेको पाइन्छ । यसो हुनु विज्ञानका वरदानहरूको अधिकतम उपयो ग गर्न पाउँदाको परिणाम होला । ग्रामीण क्षेत्रमा बस्ने निरक्षरहरूबाट पनि अङ्ग्रे जीका शब्दहरूको प्रयोग गरिन्छ । तिनीहरूलाई सोध्दा अर्थ भन्न सक्दैनन् र पनि ठीक अर्थ लाग्ने गरी प्रयोग भने गर्दछन् । यस्तो प्रयोगमा आएका अङ्ग्रेजीलाई आगन्तुक भनेर स्वीकार गरिरहने हो भने नेपाली भाषा वर्णसङ्कर बन्दै जान्छ ।

'आकार'का दृष्टिले 'रूबाइ' मात्रै मुक्तक होइन, ताङ्का, चोका, सेदोका र हाइकु पनि मुक्तक नै हुन् । यस बाहेक कम्तीमा दुई पङ्क्ति र बढीमा दस बाह्र पङ्क्तिसम्मकालाई मुक्तक भनिन्छ भन्ने अभिमत धेरै विद्वानहरूको पाइन्छ तै पनि नयाँ पुस्ताले त्यसलाई किन हृदयङ्गम गर्दैन र भन्छ 'श्लोकमा मुक्तक हुन्न र त्यसरी लेख्न पाइदैन' भनेर ।

मुक्तक शम्भुप्रसाद ढुङ्गेलले पनि लेखे, लेखनाथले पनि लेखे । 'लालित्य' कविता सङ्ग्रहमा सङ्कलित 'सत्य सन्देश' शीर्षकका एक श्लोकी पद्य 'मुक्तक' नै हुन् । यही शैलीमा मुक्तक लेख्नेहरू ऐलेसम्म छन् । पोखराका तेजनाथ घिमिरे को 'कालचक्र' छन्दमा लेखिएको मुक्तकसङ्ग्रह हो । त्यसमा शृङगारिक मुक्तक उति छैनन् । त्यसमा राजनीतिक विकृति, सांस्कृतिक विचलन र राष्ट्रियताको चिन्तामा केन्द्रित रहेर लेखिएका तीन सय अधिक मुक्तक छन् । यसरी नै पाल्पा, पोखराथोकका स्रष्टा कृष्णप्रसाद कोइरालाले पनि 'वीचिमाला' शीर्षकको सङ्ग्रहमा यस्तै मुक्तकहरू सङ्कलित गरेका छन् । मोतीराम भट्टले पनि मुक्तकहरू लेखेका छन् र समस्यापूर्तिका माध्यमबाट मोती मण्डलीले मुक्तक सिर्जनाको अभियान नै चलाएका हुन् । यसरी नेपाली भाषामा मुक्तक लेख्ने चलन मोतीरामले चलाए पनि उनको सङ्गत नपाएकाबाट पनि मुक्तक लेखिएका छन् भाषा साहित्यमा । भानुभक्त आचार्य, मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल र कवि शिरोमणि लेखनाथ पौड्याल हुँदै तेजनाथ घिमिरे, पोखरा, एवम् कृष्णप्रसाद कोइराला, पाल्पासम्मको योगदान छ । यी सबै छन्दमा मुक्तक लेख्नेहरू हुन् । यतिखेर यी पङ्क्तिहरू जोडिरहदा यो अकिञ्चनले 'मधुपर्क'को २०७१ वैशाख अङ्क सम्झन पुग्यो । मुक्तक सिलोक बन्दैछन् भनेर चिन्तित भएकाहरूले आयोजना गरेको राष्ट्रिय मुक्तक सम्मेलनका विचारहरू छन् । सरूभक्त रूबाइ शैली 'प्रयोग' हो भन्नु हुन्छ भने चेतन कार्की र डा. मुरारि पराजुलीले 'संस्कृत साहित्यबाटै 'मुक्तक' लेखनले निरन्तरता पाइरहेको छ, रूवाई मात्रै मुक्तक होइनन्' भन्दै 'अग्रजहरूमाथि पूर्वाग्रह राखेर खनिन हुन्न' भन्ने धारणा राख्नु भएको छ । त्यो भनाइ यो विचरालाई उपयुक्त र मनन योग्य लाग्यो । भानुभक्त आचार्य आशुकवि हुन् । उनको आशुकवित्व यिनै मुक्तकहरूमा झल्कन्छ । ताप्केमा खोइलाले हर्लङ्हर्लङ् हल्लाएर भुट्दा अर्खलिएका मकै जति

भोक लागे पनि विनासितन चपाउन गाह्रै हुन्छ । यही प्रसङ्गमा उनीभित्रको मुक्तककार यसरी प्रकट भयोः

*असल मुग्रे केरा कि त मही हवस् बेस अमिलो*
*किता सेता मूला कि त बरू हवस् साग उसको*
*असल् हुन्थ्यो धूप्मा नतर यसरी खानु कसरी,*
*भुटी ल्यायौ थाल्मा मकइ तिमिले क्याँन यसरी ।*

यसरी भानुभक्त आचार्य पछिल्लो ससुराली गाउँ मानुङ्मा गएर चारैतिर हेर्दा जुन सौन्दर्य देखे त्यसबाट अभिभूत भएपछि एउटा श्लोक बनाइहाले।

*मानुङ्को सरि गाउँ उत्तम ठूलो लागेन काँही पनी*
*वास्नालाई रमाइला अति चिसो आऊँछ हावा पनी*
*घर्मा नै बसि फेर् हिमालयजिको वाराहिजीको पनी,*
*शुक्ला दक्षिणतर्फ उत्तर दिशा माहेन्द्रि दर्शन पनी ।*

मानुङ्को डाँडो दमौली बजारको दक्षिणतिर छ। त्यसको पनि दक्षिणतिर शुक्ला (सेती) बगेकी छन् भने उत्तरतर्फबाट मादी नदी बग्छिन् । पानीको अभाव रहेको निकै फराकिलो त्यो ठाउँबाट पूर्व, पश्चिम, उत्तर, दक्षिणतर्फ टाढाटाढासम्म देख्न सकिन्छ । माथि मगर जातिको बाक्लो बस्ती छ। तर घाँचमा खनाल ब्राम्हणका घर छन् । त्यही गाउँमा प्रा. यदुनाथ खनालको घर पनि छ। त्यस डाँडाको पूर्वमा से ती र मादीको सङ्गम छ । त्यसकै किनारमा व्यास गुफा छ । मादीकिनारमा उर्वर फाँट छ । निकै रमणीय त्यो डाँडामा पुग्दा भानुभक्तले रचना गरेको उपर्युक्त पद्य मुक्तकीय शैलीको छ। ऐले गण्डकी अञ्चलमा तीन प्रसिद्ध बाराही मन्दिर छन् ।

१. ताल बाराही (कास्की, पोखरा)

२. रोलबाराही (स्याङ्जा, राङ्भाङ गाविसमा)

३. ढोरवाराही (तनहुँको ढोरफिर्दीमा) आदिकविको यो श्लोकको सङ्केत त्यही ढोरबाराहीतिर हो । अर्को कुरा भानुभक्त एकदिन कुनै एक मित्र कहाँ बस्न पुगे । त्यहाँ उनले मझेरीमाथिको दलिनमा घुसारेर राखेको नयाँ नै एउटा भोरूवा बन्दुक देखे । त्यसलाई प्राप्त गर्न पाए भन्ने मोह जाग्यो । अनि उनले तत्कालै रचेर एउटा श्लोक सुनाए । जो यस्तो छः

*विद्वान् जन्ले लोहालाई बेच्नु छैन,*
*भन्दा सुन्थ्याँ यो कुरो हो कि हैन*
*लोहा बेची मोल क्या लीनु होला,*
*खड्गै-पूजा-निम्ति यो दीनु होला ।*

धैरै समय पहिला यो अकिञ्चनले अन्तिम पङ्क्तिलाई 'योग्यै जानी यो ऊसै दीनु होला' सुनेको थियो तर यहाँ 'खड्गै-पूजा-निम्ति यो दीनु होला' हुन पुगेको छ । 'नैष्टिक ब्राम्हणलाई बन्दुक किन' भन्ने प्रश्न आऊला कि भनेर सम्पादन भएको पो हो कि ? मेरो दिमागले यस्ता चतुष्पदी श्लोकहरू मुक्तक हुन् र आदिकवि भानुभक्त मुक्तककार पनि हुन् भन्ने बुझ्यो ।

■

# नेपाली मुक्तकको इतिहास र विकासक्रम



● मिलन समीर

**विषय प्रवेश :**

नेपाली मुक्तकको इतिहासका पानाहरू पल्टाउँदै जाँदा त्यति धेरै परसम्म पुग्नुपर्ने कुनै त्यस्तो अवस्था देखिंदैन । अझै स्पष्ट रूपमा खुला हृदयले सहर्ष स्वीकार गरी स्वभाविक रूपमा भन्नुपर्दा विधागतरूपले हेर्ने हो भने नेपाली मुक्तक लेखनसँगै प्रकाशन कार्यको प्रारम्भिक इतिहास छोटो नै छ भन्ने आधिकारिक तथ्यलाई यहाँ नेपाली भाषा साहित्यका मुक्तकप्रेमी सहृदयी पाठकहरू सबैको अगाडि सार्वजनिक रूपले उल्लेख गर्दा कुनै त्यस्तो सङ्कोच मानिहाल्नुपर्ने खास कारण केही पनि रहेको छैन भन्दा फरक पर्दैन होला सायद ! किनभने साँच्चै भन्ने हो भने छोटो इतिहासको कालखण्डको रूपमा रहेको भए तापनि नेपाली मुक्तक लेखन एवम् प्रकाशनको इतिहास आशालाग्दो भने अवश्यै पनि रहेको छ भन्ने कुरालाई दाबीका साथ उल्लेख गर्न सकिन्छ । यसरी हेर्दा छोटो भएर पनि फेरि आफैंमा विशिष्ट रूपसँगै आशालाग्दो रहेको सोही गौरवपूर्ण इतिहासको बलियो जगमाथि टेकेर आजको नेपाली मुक्तक वर्तमान समयमा आइपुग्ने क्रमसँगै भरोसा लाग्दो बनेर देखापरेको छ र तपाईं हाम्रो अगाडि भविष्यको सुनिश्चिततासँगै दृढताका साथ उभिएको छ । जसको अगाडि गौरवशाली इतिहासको विरासत समेत रहेको छ ।

नेपाली भाषा साहित्यको क्षेत्रमा मुक्तक लेखन एवम् प्रकाशन कार्यको समग्र इतिहासको बारेमा उल्लेख गर्नुपर्दा फुटकर रूपमा मुक्तकहरू लेखेर अनि आफ्ना मुक्तकहरूलाई विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेर सर्वप्रथम नेपाली भाषा साहित्यको इतिहासमा आदि मुक्तककार बन्ने जस्तो विशिष्ट सौभाग्य कसले प्राप्त गर्न सफल भएको थियो र छ त भन्ने कुरा अझैसम्म पनि विशेष खोज

एवम् गहन अध्ययन/अनुसन्धानको एउटा महत्वपूर्ण विषय सन्दर्भको रूपमा गर्भमा लुकेकै छ । आशा गरौं त्यो रहस्यको पर्दा अब छिट्टै उघारिने छ र त्यो रहस्यको पर्दा उघार्ने काम अरू कोही कसैको नभएर तपाईं हाम्रै कर्तव्य र दायित्वभित्र पर्ने विशेष महत्वपूर्ण पक्ष हो भन्ने वास्तविकताप्रति समेत सम्पूर्ण सचेत एवम् जागरूक नेपाली मुक्तक विधा केन्द्रित लेखक, विश्लेषक, अध्ययतासँगै अनुसन्धाताको रूपमा क्रियाशील अभियन्ताहरूको ध्यान जानैपर्ने देखिन्छ । किनभने इतिहास भन्ने कुरा त्यति धेरै सजिलैसँग हतार गरेर लेखिने, खोजिने र विश्लेषण गरिने विषय हुनै सक्दैन । आज नभेटिएको इतिहासको कुरा भोलि भेटिन सक्छ अनि अहिलेसम्म नलेखिएको तर इतिहासका पानाहरूभित्र कुनै कुनामा लुकेर रहेका महत्वपूर्ण तथ्यहरू पछि देखिन सक्छन् । त्यसैले इतिहास लेखनको फराकिलो आयाम समयको अन्तरालसँगै फैलिदै जान सक्ने सम्भावनालाई कहिल्यै कोही कसैले पनि नकार्न सक्दैन ।

कोही कसैले पनि स्पष्ट किटानका साथ आधिकारिक प्रमाणसहित "मनै नेपाली मुक्तकको क्षेत्रमा आफ्नो कलम चलाउने पहिलो मुक्तककार हुँ ।" भनेर दाबी गरेको तथ्य अझैसम्म पनि भेटिएको त छैन तर पनि अहिलेसम्मको ऐतिहासिक स्थितिलाई हेर्दा नेपाली भाषा साहित्यको क्षेत्रमा क्रियाशील मुक्तक विधाका अध्येता एवम् अनुसन्धाताहरूको खोज, अध्ययन एवम् अनुसन्धानबाट प्राप्त भएको सबैभन्दा पछिल्लो निष्कर्षलाई नै ठोस आधार मानेर उल्लेख गरिएको प्रामाणिक तथ्यअनुसार फुटकर रूपमा कृष्णप्रसाद पराजुलीद्वारा नेपाली भाषासाहित्यको क्षेत्रमा मुक्तक लेखन एवम् प्रकाशन कार्यको शिलान्यास गरिएको पाइन्छ । जसले नेपाली भाषा साहित्यको इतिहासमै सर्वप्रथम 'मुक्तक' शब्दको उल्लेख गरी वि.सं. २०२० फागुनमा भारतको बनारसबाट प्रकाशित हुँदै आएको 'उजेली' पत्रिकामा आफ्नो मुक्तक रचना प्रकाशित गरेका थिए भने वि.सं. २०२१ साउनमा नेपालकै काठमाडौंबाट प्रकाशित हुँदै आएको 'रूपरेखा' पत्रिकाको पूर्णाङ्क-३९ मा आफ्ना सातवटा मुक्तक रचनाहरू प्रकाशित गरेका थिए । त्यसैले फुटकर रूपमा पराजुलीबाटै नेपाली भाषा साहित्यको इतिहासमा मुक्तक विधाको लेखनसँगै प्रकाशन कार्यको शिलान्यास गरिएको तथ्यलाई सहजै स्वीकार गर्न सकिन्छ ।

कृतिगत रूपमा हेर्ने हो भने पनि सबैभन्दा पहिले उनै कृष्णप्रसाद पराजुलीद्वारा नै मुक्तक संग्रहका रूपमा एकल कृति प्रकाशन गर्ने कार्यको शिलान्यास गरिएको पाइन्छ । पराजुलीले सर्वप्रथम वि.सं. २०२४ माघमा 'सय थुंगा फूल' नामक मुक्तक सङ्ग्रह प्रकाशित गरेका थिए । त्यसैले कृतिगत रूपमा समेत उनै पराजुलीबाटै नेपाली मुक्तकको प्रकाशन कार्यको शिलान्यास गरिएको तथ्यलाई सहजै स्वीकार गर्न सकिन्छ । त्यसपछिको हालसम्म ५५ वर्षको लामो समयावधिभित्र २८६ जनाभन्दा बढी मुक्तककारहरू (मेरो अहिलेसम्मको खोज, अध्ययन एवम् अनुसन्धान अनुसार, अरू कैयौं छुटेका पनि हुन सक्छन्, जुन मेरो नजरमा नपरेका हुन्, तिनीहरू सबैलाई आगामी दिनमा थप खोज, अध्ययन एवम् अनुसन्धान गरिसकेपछि तत्काल अवस्य पनि समावेश गरिनेछ ।) का एकल ३३१ (५४ वटा

आंशिकसँगै ६ वटा अनुवादसहित) र संयुक्त रूपमा प्रकाशित २० वटा गरी जम्मा ३५१ वटा मुक्तक सङ्ग्रहहरू सहित मुक्तक विधा केन्द्रित सैद्धान्तिक ग्रन्थसमेत प्रकाशित भइसकेका देखिन्छन् ।

यसैगरी स्वदेशभित्र र बाहिरबाट विभिन्न समयमा प्रकाशित हुँदै आएका साहित्यिक एवम् गैरसाहित्यिक पत्रपत्रिकाहरू, स्कुल, क्याम्पस, सरकारी एवम् गैरसरकारी सामाजिक संघसंस्थाहरूको मुखपत्रको रूपमा प्रकाशित हुँदै आएका स्मारिका, बुलेटिनसँगै हवाई साहित्यिक लघुपत्रिकाहरूले पनि आफ्ना प्रायः हरेक अंकहरूमा उल्लेख्य रूपमा स्तरीय फुटकर मुक्तक रचनाहरूलाई उच्च प्राथमिकताका साथ नियमित रूपमा प्रकाशन गरी नेपाली मुक्तकको विकास, विस्तारसँगै उचित संरक्षणको महान एवम् ऐतिहासिक अभियानमा विशेष महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् भने विशुद्ध मुक्तक विधाकै स्तरोन्नतिका लागि स्थापना भई क्रियाशील हुँदै आएका विभिन्न साहित्यिक संघसंस्थाहरूले समय समयमा आयोजना गरेका मुक्तक विधाकेन्द्रित कार्यशाला गोष्ठीहरूमा समेत उल्लेख्य मात्रामा मुक्तककारहरूले आफ्ना उत्कृष्ट एवम् दमदार मुक्तक रचनाहरू वाचन गर्ने क्रम पनि दिनहुँ बढ्दै गएको देखिन्छ ।

**नेपाली मुक्तकको काल विभाजन :**

नेपाली साहित्यको क्षेत्रमा मुक्तक विधाको विकासक्रमलाई अध्ययन गर्ने सिलसिलामा अहिलेसम्म कोही कसैले पनि मुक्तकको विकास क्रममाथि केन्द्रित रहेर स्पष्ट रूपले काल विभाजन गरी आफ्नो कलम चलाएको देखिंदैन । नेपाली मुक्तक विधासँगै यसको इतिहासमाथि केन्द्रित रहेर त्यसरी गहन किसिमबाट विशद अध्ययन नभइसकेको अवस्थामा नेपाली मुक्तकका केही अन्वेषक एवं अनुसन्धानकर्ताहरूद्वारा भने नेपाली कविताको समग्र कालगत चरणलाई नै मुख्य आधार विन्दुको रूपमा लिएर मुक्तक विधाको कालविभाजन गर्ने प्रयास मात्रै गरेको पाइन्छ र त्यसैको जगमाथि उभिएर त्यसपछिको क्रममा प्राय सबैले नेपाली मुक्तक विधाको विकासको बारेमा प्रकाश पारिएको देखिन्छ । हुनतः कुनै पनि साहित्यिक विधाको कालक्रम निर्धारण गर्नु भनेको आफैमा अत्यन्तै गहन, जटिल एवम् विशेष महत्वपूर्ण कार्य हो । किनभने हरेक साहित्यिक रचनामा समयको अन्तरालसँगै प्रतिविम्बित भएर आएका युगीन विचारदेखि लिएर नवीन मूल्य र मान्यताको सघन प्रभाव परेको हुन्छ । यसै गरी समयको विकास सँगसँगै कुनै पनि साहित्यिक विधा केन्द्रित भएर उक्त विधाको स्तरोन्नतिका लागि चालिएका अग्रगामी कदमहरूको प्रभावले समेत कालखण्डको विभाजनमा सार्थकतासँगै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले नेपाली मुक्तक विधाको विकासको बारेमा अहिलेसम्म भएका विभिन्न अध्ययन एवम् विश्लेषणहरूलाई मध्येनजर गर्दै नेपाली मुक्तक विधाको विकासमा देखिएका विभिन्न प्रवृतिका आधारमा यथाशक्य प्रकाश पार्दै सिंगो नेपाली मुक्तक विधाको इतिहासलाई यहाँ यस प्रकार काल विभाजनसहित प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

**नेपाली मुक्तकको पहिलो चरण** (वि.सं. २०२०-२०३४) : **पृष्ठभूमि अर्थात् प्रारम्भिक काल :**

नेपाली मुक्तकको पहिलो चरणको रूपमा वि.सं. २०२० फागुनदेखि २०३४ सम्मको जम्मा १४ वर्षको समयावधिलाई लिन सकिन्छ । जुन समयमै आधिकारिक रूपले मुक्तक विधाको सैद्धान्तिक सचेतनासहित मुक्तकको संरचनात्मक स्वरूपसँग मेल खाने गरी आवश्यक ध्यान दिएर समेत लेखिने कार्यको सुरूवात भइसकेको थियो । यसभन्दा अगाडि मुक्तक भन्न सकिने खालका केही लक्षणहरूसहित देखापरेका केही फुटकर रचना र कृतिहरूलाई टुक्रा, चोइटा, भिल्का, छेस्का, अणु, झुल्का, पुतली आदि नाम दिइएको देखिन्छ । जसले गर्दा यो समयावधिभित्र देखिएका फुटकर मुक्तक रचना अनि मुक्तक विधाकेन्द्रित कृतिहरूले नेपाली भाषा साहित्यको क्षेत्रमा मुक्तक लेखनको स्पष्टतासँगै दरिलो आधारविन्दुको रूपमा काम गर्न सफल भइसकेको देखिन्छ । जसलाई पछ्याउँदै त्यसपछिको समयमा नेपाली भाषा साहित्यको क्षेत्रमा आफ्नो कलम चलाउँदै आएका साहित्यकारहरूले विधागत सचेतनासहित मुक्तक लेखनमा क्रियाशील रहँदै आफ्नो कलम चलाएको देखिन्छ । त्यसैले नेपाली मुक्तकको पहिलो चरणलाई पृष्ठभूमि अर्थात् प्रारम्भिक कालको रूपमा समेत उल्लेख गर्न सकिन्छ ।

तर यहाँनेर विभिन्न विद्वान व्यक्तित्वहरूले उल्लेख गरेका महत्वपूर्ण तथ्यहरूलाई कोही कसैले कहिल्यै नजरअन्दाज गर्न सक्दैन । त्यसैले उक्त तथ्यहरूलाई अगाडि सार्दा सान्दर्भिक हुने भएकोले तल क्रमशः उल्लेख गरिएको छ ।

वि.सं. २०६६ फागुनमा प्रकाशित 'मुक्तक वर्षा' नामक संयुक्त मुक्तक संकलनमा समावेश गरिएको दीपक समीपद्वारा लिखित 'नेपाली मुक्तक संरचना इतिहास र वर्तमान' शीर्षकको आलेखमा- ...नेपाली मुक्तक साहित्यलाई अध्ययन गर्दा रूवाइयात शैलीको मुक्तक नेपाली भाषामा भित्रिनुभन्दा पहिले थोरै फरक शैलीमा पनि प्रशस्त मात्रामा मुक्तक लेखिएको भेटिन्छ । वैदिक संस्कृतमै पनि द्विपदी, त्रिपदी र चतुष्पदीमा प्रशस्त मुक्तक लेखिएका छन् । हाम्रै धर्मग्रन्थ वेदमा पनि चतुष्पदीमा आधारित मुक्तक पाउन सकिन्छ । त्यस्तै नेपाली साहित्यमा प्राथमिककालीन कवि वसन्त शर्माले पनि उतिबेलै चतुष्पदी शैलीको मुक्तक रचना गरेका छन् । त्यस्तै अर्का प्राथमिककालीन कवि शक्तिवल्लभ अर्यालले पनि चार हरफका रचना सिर्जना गरेको भेटिन्छ । जसलाई हामी नेपाली मुक्तक साहित्यको प्राचीन मुक्तक भन्न सक्दछौं अथवा मुक्तक शैलीको रचना भन्न सक्दछौं । र, सर्वप्रथम रूवाइयात शैली नेपाली साहित्यमा भित्र्याउने काम वि.सं. २०१० मा भीमदर्शन रोकाले गरे .. ।" भन्ने तथ्य उल्लेख गरिएको छ भने वि.सं. २०६८ मा प्रकाशित 'मट्याङ्ग्रा' नामक मुक्तक सङ्ग्रहमा समावेश गरिएको विश्वप्रेम अधिकारीद्वारा लिखित 'शुभेच्छाका दुई शब्द' शीर्षकको मन्तव्य लेखमा- '...'मुक्तक' संस्कृत भाषामा पनि लेखिएका हुन् । महाकवि कालिदासदेखि लिएर पछिल्लो पुस्ताका पण्डित अम्बिकादत्त ब्याससम्मले लेखे । नेपाली भाषामा आदिकवि भानुभक्तले पनि लेखे । कवि शिरोमणि लेखनाथ

पौडेलले पनि लेखे । उनको 'लालित्य' कवितासङ्ग्रहमा संग्रहित 'सत्य सन्देश' शीर्षकका एक श्लोकी पद्यहरू मुक्तकै हुन् ...।" भन्ने तथ्य उल्लेख गरिएको छ । यसैगरी वि.सं. २०६८ फाल्गुणमा प्रकाशित 'अनिदा आँखाहरू' नामक मुक्तक सङ्ग्रहमा समावेश गरिएको डा. मुरारि पराजुलीद्वारा लिखित 'नेपाली मुक्तकाकाशमा अनिँदा आँखाहरूको वरण' शीर्षकको आलेखमा- "...संस्कृतका भर्तृहरि एवं अमरूक कविहरू प्रसिद्ध मुक्तककारहरू हुन् । उनीहरूका क्रमशः 'त्रय शतक' (शृङ्गार शतक, नीतिशतक र वैराग्यशतक) र 'अमरूक शतक' नामक मुक्तक सङ्ग्रहहरू लिखित रूपमा पाइएका छन् । उनीहरूको जीवनकाल क्रमशः ईसाको सातौं र आठौं शताब्दी मानिन्छ । विश्वविख्यात रूबाइकार उमररवैयाम ईसाको एघारौं शताब्दीका मानिन्छन् । तसर्थ संस्कृत साहित्यमा मुक्तककारको रूपमा ख्याती प्राप्त गरेका भर्तृहरि र अमरूक कविहरू फारसी कवि उमर रवैयामभन्दा निकै पुराना मानिन्छन् । यस प्रकार विशिष्ट मुक्तककारका रूपमा भर्तृहरि र अमरूकको चर्चा नवौं शताब्दीका वामन तथा नवौं शताब्दीको उत्तरार्द्धका आनन्दवर्धनले गरिसकेको सन्दर्भमा रूबाइको लेखन संस्कृत मुक्तकभन्दा धेरै पछि भएको पुष्टि हुन्छ । त्यसैले संस्कृतमा मुक्तक लेखनको यति प्राचीन इतिहास छँदाछँदै संस्कृतको मुक्तक शब्द सापटी लिई रूबाईलाई मात्र मुक्तक भन्नु सर्वथा उचित हुँदैन । र, नेपालीमा मुक्तक कविताको लेखन वि.सं. १८३९ तिरबाटै भएको देखिन्छ । शक्तिबल्लभ अर्ज्याल (पृथ्वीनारायण शाहदेखि रणबहादुर शाहकालका कवि) अहिलेसम्मको खोजद्वारा प्रमाणित पहिलो नेपाली मुक्तककार हुन् । उनका 'तनहुँ भकुन्डो' शीर्षकका दुई श्लोकलाई नेपालीमा लेखिएका सर्वप्राचीन मुक्तक मानिन्छ..." भन्ने तथ्य उल्लेख गरिएको छ । त्यसैगरी वि.सं. २०६७ मा त्रिभुवन विश्वविद्यालयबाट 'नेपाली मुक्तकका मूल प्रवृतिहरू' शीर्षक दिएर सम्पन्न भएको विद्यावारिधी शोध प्रबन्धमा मुरारि पराजुलीले "...मौखिक गीतिपरम्परा हुँदै नेपाली मुक्तकको लेख्य परम्परा उन्नाइसौं शताब्दीको संघार (वि.सं. १८२६) बाट प्रारम्भ भएको ठानिन्छ । नेपाली कविताको प्रारम्भिक चरणदेखि नै मुक्तक लेखिंदै आए तापनि नेपाली मुक्तकको आधुनिक कालबाट मात्र मुक्तकलाई आत्मसात गरेको पाइन्छ । प्राथमिक तथा माध्यमिककालीन समस्यापूर्तिका लघु तथा लघुतम आयामका रचनालाई भावको एक उन्मेष तथा चतुव्यदीमा सीमित रहेका कारण मुक्तकको दर्जामा राखिएको पाइन्छ । वि.सं. १८३९ ताका प्राथमिककालीन कवि शक्तिबल्लभ अर्ज्यालद्वारा सिर्जित 'तनहुँ भकुन्डो' शीर्षकको दुई पद्य श्लोकबाट प्रारम्भ भएको (अहिलेसम्मको प्राप्त खोजबाट) नेपाली भाषाको मुक्तक लेखनको परम्परा माध्यमिक कालीन कवि मोतिराम भट्ट, पहलमानसिंह स्वाँर आदिका केही समस्या पूर्तिमूलक श्लोक हुँदै वि.सं. २०१० मा प्रकाशित पत्रिका 'प्रगति' को वर्ष-१, अंक-३ मा भीमदर्शन रोकाको रूबाईयात शैलीका ५ वटा मुक्तकबाट नेपाली मुक्तकको आधुनिक काल प्रारम्भ भएको मान्न सकिन्छ । नेपाली मुक्तक परम्पराको पृष्ठभूमि खोज्नुपर्दा नेपाली कविताको विकासक्रमलाई आधार मान्नुपर्ने हुँदा मुक्तकका अनुसन्धान तथा खोजकर्ताहरूले नेपाली मुक्तकको आधुनिक काल वि.सं. १९७५ बाट प्रारम्भ भएको

उल्लेख गरेका छन्... ।" भन्ने तथ्य उल्लेख गरेका छन् भने वि.सं. २०६७ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रत्नराज्यलक्ष्मी क्याम्पसबाट 'मुक्तक सिद्धान्त र नेपाली मुक्तक परम्परा' शीर्षक दिएर सम्पन्न भएको शोधप्रबन्धमा धनेन्द्र भुजेलले "... नेपाली मुक्तकको विकासक्रमलाई हेर्दा विं.सं. २०१० मा कवि भीमदर्शन रोकाबाट नेपाली मुक्तकको आधुनिक काल प्रारम्भ भएको मान्न सकिन्छ । आधुनिक नेपाली मुक्तकको शुभारम्भ नेपाली कवितापरम्पराको स्वच्छन्दतावादी धारामा भएकाले यस कालखण्डलाई विशेष महत्वका साथ हेर्ने गरिन्छ । स्वच्छन्दतावादी काव्यधारा नै आधुनिक नेपाली मुक्तकको कोशेढुङ्गाको रूपमा रहेको पाइन्छ । यसको श्रेय प्रथमतः कवि भीमदर्शन रोकालाई दिने गरिन्छ । उनको 'कैयौं बाटोबाट आएको हुँ म...' शीर्षकीय मुक्तकबाट नै नेपाली मुक्तकले आधुनिकता पाएको हो... ।" भन्ने तथ्य उल्लेख गरेका छन् ।

वि.सं. २०६७ मा प्रकाशित 'मुक्तक मीमांशा' नामक मुक्तक विधाकेन्द्रित समालोचनात्मक कृतिमा कृतिकार मुरारि पराजुलीले "... नेपाली मुक्तकको इतिहास करिब सवा दुई सय वर्षभन्दा बढी पुरानो छ... ।" भन्ने तथ्य उल्लेख गरेका छन् भने वि.सं. २०६९ मा प्रकाशित 'समकालीन नेपाली मुक्तक' नामक मुक्तक विधाकेन्द्रित सिर्जना र समालोचनात्मक कृतिमा समावेश गरिएको कृष्णप्रसाद पराजुलीद्वारा लिखित 'मुक्तक र मुक्तककै कृति' शीर्षकको लेखमा- "... भानुभक्त आचार्यका टुक्रे कविता, मोतीराम भट्ट र समकालीन कविहरूका समस्यापूर्तिका कविता, लेखनाथ पौडेलका 'सत्य सन्देश' जस्ता कविता श्लोक बद्ध मुक्तक हुन्... ।" भन्ने तथ्य उल्लेख गरिएको छ । यसैगरी सोही 'समकालीन नेपाली मुक्तक' मा समावेश गरिएको प्रा.डा. कुमारबहादुर जोशीद्वारा लिखित 'मुक्तक र समकालीन नेपाली मुक्तक' शीर्षकको लेखमा- "...मुक्तक खासमा आधुनिक युगको उपज भए तापनि यसको रचना जानी नजानी मानवसभ्यताको सर्वप्राचीन काल अर्थात् वैदिककाल (शायद 'मुक्तक' भन्ने नाम नै नसुनिएको समय) देखि नै भएको पाइन्छ । विश्वको प्राचीनतम ग्रन्थ 'ऋग्वेद' का प्रत्येक ऋचा वा सूक्त बस्तुतः मुक्तक नै हुन... ।" भन्ने तथ्य उल्लेख गरिएको छभने 'नरेन्द्र चापागाईंका समालोचना' नामक समालोचनात्मक कृतिमा कृतिकार प्रा.डा. नरेन्द्र चापागाईंले नेपाली मुक्तकः संरचना, प्रवृत्ति र भावी दिशा' शीर्षकको समालोचनात्मक आलेखमा 'नेपाली मुक्तकको प्रारूप अवस्था' उपशीर्षक अन्तर्गत- "संस्कृतका विद्वानहरूबाट मुक्तकको विषयमा सूत्रात्मक परिभाषा प्रस्तुत भएको र कतिपय नेपाली कविहरूका कवितामा संस्कृतको प्रभाव परेको हुँदा नेपाली कविताको आरम्भिक कालदेखि आधुनिक कालसम्मका कतिपय एक वा दुई श्लोकसम्मका कविताहरू सानो आकारका भइकन पनि स्वयममा परिपूर्ण रहेका पनि पाइने हुनाले त्यस्ता स्वरूपलाई मुक्तकका प्रारूपका रूपमा लिन सकिन्छ । संस्कृतका विद्वानहरूले भर्तृहरिका नीतिशतक, वैराग्यशतक एवम् शृङ्गारशतकका श्लोकहरू, विविध सुभाषित, सूक्ति एवम् विविध नीतिश्लोकहरूजस्ता रसानुभूतिका श्लोक तथा विचारदर्शनका परिपाकहरूमा चमत्कार उत्पन्न गराउने क्षमताका आधारमा मुक्तक मानेका छन् भने वीरकालीक शक्तिवल्लभ

अर्ज्यालका स्वागता छन्दमा लेखिएका दुई श्लोके 'तनहुँ भकुन्डो', भक्तिकालिक भानुभक्त आचार्यका कतिपय एक दुई श्लोके कविताहरू, शृङ्गारकालिक मोतीमण्डलीका छोटो आकारका समस्यापूर्तिहरू, परिष्कारकालिक लेखनाथका 'सत्यसन्देश' एवम् 'नैतिक दृष्टान्त' हरू, आदिलाई पनि स्वयममा परिपूर्ण रहेका आधारमा मुक्तकको समीपस्थ रहेका मान्न सकिन्छ । लक्ष्मीप्रसाद देवकोटाका ' प्रश्नोत्तर' वा मार्गअन्तर्गत हरेक प्रश्नोत्तर पनि आफैंमा परिपूर्ण रहेका र चमत्कार प्रदान गर्न सक्षम रहेका हुनाले तिनलाई पनि मुक्तकको सन्निकट राख्न सकिने देखिन्छ । मूलतः नेपाली मुक्तकहरू फारसीका रूबाइहरू र उर्दूका शायरीकै रूपान्तरित विधाका रूपमा समुदित भएका हुन् भन्ने कतिपय विद्वानहरूको धारणा रहेको भए पनि नेपाली उखानहरू, दुई-चार पङ्क्तिका लोकगीत वा लोकपद्यहरू पनि सम्प्रेरक हुन सक्ने देखिन्छ किनभने लोकआहान एवम् लोकपद्यहरूमा पनि आनुप्रासिकता र अभिलक्ष्यार्थताकै बाहुल्य रहेको पाइने हुनाले र नेपाली मुक्तकहरूमा पनि यी विशेषताहरू मुखरित रहेको पाइने हुनाले नेपाली मुक्तक विधाका प्रारूपका रूपमा संस्कृत, नेपाली, फारसी एवम् उर्दूका उपर्युक्त विधाहरूसँग नेपाली लोकपरम्पराबाट प्राप्त उक्त विधाहरूलाई लिन सकिन्छ । अझ विशेषगरी पृष्ठभूमिका रूपमा वा दृष्टान्तको निमित्त प्रस्तुत गरिने पूर्वाशंकथन लोकगीतको संरचनात्मक विशेषताजस्तै नेपाली मुक्तकका पनि पूर्व दुई पङ्क्तिहरू पृष्ठभूमि वा दृष्टान्तकै रूपमा आएका देखिन्छन् र पछिल्ला दुई पङ्क्तिहरू तथ्यसँग विशेषतः सम्बद्ध रहेका पाइन्छन् । यसकारण छोटो आकृति, सूत्रात्मक संरचना एवम् सूक्तिमय भावचेतनाको विधान मुक्तकका विशेषता हुन् र अनुप्रासिकता एवम् अभिलक्ष्यार्थता वा अभिव्यङ्ग्यार्थता मुक्तकका चमत्कार सामर्थ्य हुन् भने नेपाली मुक्तकका प्रारूपका रूपमा उपर्युक्त संस्कृत, नेपाली एवम् लोककाव्यसँग सम्बद्ध विधाहरू प्रतिष्ठित रहेका मान्न सकिन्छ र फारसीका रूबाई एवम् उर्दूका शायरीहरू पनि परिपूरकका रूपमा अधिष्ठित रहेका स्वीकार्न सकिने देखिन्छ भन्ने कुरासँगै "... वस्तुत नेपाली मुक्तक विधाको परम्परा लगभग साढे चार दशकको देखिन्छ... ।" भन्ने तथ्य समेत उल्लेख गरेका छन् । त्यसैगरी 'अभिव्यक्ति' मा समावेश गरिएको कृष्ण प्रधानद्वारा लिखित 'वि.सं. २०३० पूर्वको मुक्तक लेखन/प्रकाशन स्थितिको आलोकन' शीर्षकको लेखमा- "नेपाली साहित्यमा पहिलोपटक मुक्तक लेख्ने र मुक्तकको सङ्ग्रह प्रकाशन गर्ने मुक्तककार वा कविबारे अझै भ्रम छ । शक्तिबल्लभ अर्ज्यालको 'तनहुँ भुकण्डो' (वि.सं. १८९३ तिर) बाट मुक्तक लेखन सुरू भएको भन्नेहरूदेखि लिएर मोतीरामकालीन समस्यापूर्ति लेखन परम्पराबाट यसको थालनी भएको मान्नेहरू पनि नभएका होइनन् । मुक्तक संरचनाको प्रारूपको ऐतिहासिकता हेर्दा मुक्तक लेख्छु भन्नेहरू भन्दा पनि खोजिपस्नेहरूले अचेल देखिने मुक्तकको आदिस्वरूप नियाल्न खोज्दा त्यति परसम्म पुग्नु परेको हो । उर्दूको रूबाई शैलीका चतुव्यदीय मुक्तक परम्पराका सन्दर्भमा सर्वप्रथम नेपाली साहित्यमा यस शैलीलाई कवितामा भित्र्याउने श्रेय चाहिँ कवि भीमदर्शन रोका (वि.स १९८६) लाई जान्छ तर उनले मुक्तक भनेर कहिल्यै रचना प्रकाशित गरेनन् । कतिसम्म भने उनको

एकमात्र र प्रथम पुस्तकाकार कृति 'घाम डुबी तारा नउदाएको आकाश हुँ म' २०५६ मा प्रकाशित हुँदा पनि त्यस कुराको उल्लेख नहुनु अनौठो लाग्छ । यो कृति प्रकाशित हुँदा रोकाको लेखनले ४६ वर्ष नाघिसकेको देखिन्छ । सर्वप्रथम यिनको कविता 'प्रगति' वि.सं. २०१० को वर्ष-१, अङ्क-३ मा छापिएको छ ।" ... मुक्तक नभनिएर छापिए पनि यिनका केही टुक्राहरू भने मुक्तकै हुन्, जुन पहिलो पल्ट वि.सं. २०१३ मा देखिएका छन् ।" "मुक्तक भनेर नछापिए पनि उपर्युक्त टुक्राले मुक्तकमा हुनुपर्ने विशेषता भने ओगटेर आएको छ । रोकाका यिनै टुक्राहरूलाई आधार मानी हेर्दा आधुनिक मुक्तकलेखनको थालनी गर्ने श्रेय कवि भीमदर्शन रोकालाई नै दिनुपर्छ । कविता नै भनी प्रकाशित भएको र पछिसम्म पनि (२०२२) अरू कविहरूले समेत कतै 'टुक्रा' कतै 'चोइटा' कतै 'झिल्का' त कतै 'छेस्का' आदि नाम दिएर यस्ता मुक्तकीय अभिव्यक्ति प्रकाशित गरेका उदाहरण देखिनुले त्यसबेला उर्दूको रूबाईयातलाई  नेपालीमा के भन्ने ? भन्ने समस्या पनि परेको हुनसक्छ... ।" "...मुक्तकको सङ्ग्रह प्रकाशित गर्ने प्रथम श्रेयचाहिँ टेकबहादुर नवीनलाई दिनुपर्छ । यिनको मुक्तक सङ्ग्रह 'चोइटा' २०१६ मा प्रकाशित छ । तर त्यो बेला यो कृति पनि कविता सङ्ग्रहकै रूपमा प्रकाशित भएको देखिन्छ । पछि त्यो २०४० मा नेपाली राजकीय प्रज्ञा प्रतिष्ठानबाट 'मेरा केही चोइटाहरू' नामक अन्य कविता र उत्तरार्धकालमा लेखिएका मुक्तकहरू समेत समावेश गरी पुनः प्रकाशित छ... ।" "... मुक्तक प्रकाशनका इतिहासका क्रममा पुस्तकका हिसाबले कृष्णप्रसाद पराजुलीको 'सय थुंगा फूल' दोस्रो सङ्ग्रह बन्न पुगेको छ । यो पुस्तक २०२४ माघमा पहिलोपल्ट प्रकाशित छ भने यसका पछिल्ला संस्करण समेत छैटौं संस्करण (पछि २०४१, २०४७, २०५३, २०६१ र २०६५ मा) प्रकाशित भएको देख्दा मुक्तक सङ्ग्रहमा धेरैवटा संस्करणमा देखापर्ने कीतिमान समेत यसले कायम गरेको हुनुपर्छ । पराजुलीको मुक्तक सङ्ग्रह दोस्रो नम्बरमा परे पनि पत्रपत्रिका हुँदी 'मुक्तक' शब्द राखेरै आफ्ना मुक्तक प्रकाशित गर्नेमा उनी पहिलो हुन पुगेका छन्... ।" भन्ने तथ्य उल्लेख गरिएको छ भने 'समकालीन नेपाली मुक्तक' मै समावेश भएको डा. शैलेन्दुप्रकाश नेपालद्वारा लिखित 'मुक्तकः नेपाली परिप्रेक्ष्यमा' शीर्षकको लेखमा- "...सङ्क्षिप्तमा भावनात्मक उद्धवलता प्रदान गर्न पूर्वजहरूले रोजेको मार्ग हाम्रा लागि ग्राह्य बन्दै आयो । स्कन्द पुराणसम्म मुक्तकको अतीतयात्रा प्रमाणित छ यो पनि औपचारिक प्रवृत्तिकै । अझ दुई हरफे मुक्तकको खोजी गर्ने हो भने त वाल्मीकिद्वारा अभिव्यक्त प्रथम लौकिक कवितामा 'निषाद'... लाई स्मरण गर्दा पनि हुन्छ ... ।" भन्ने तथ्य उल्लेख गरिएको छ । सोही 'समकालीन नेपाली मुक्तक' भित्र समावेश भएको खगेन्द्र गिरी 'कोपिला' द्वारा लिखित 'मुक्तकः अन्योल, विवाद र वास्तविकता' शीर्षकको लेखमा- "...संस्कृत वाङ्मयको इतिहास पल्टाउँदा मुक्तक विधाको जरा अग्निपुराणबाट प्रारम्भ भएको देखिन्छ । त्यसपछि संस्कृतकै धरातलमा उभिएको हिन्दी र नेपाली साहित्यको विकासक्रमका विभिन्न कालखण्डमा दोहा, त्रिपाई, चौपाई, सङ्घातक, श्लोक, चतुष्पदी, शतक, समस्यापूर्तिजस्ता अनेक रूप लिँदै मुक्तक अगाडि बढेको देखिन्छ । प्रख्यात

मुक्तककार ज्ञानुवाकर पौडेलले त हिन्दूहरूले भगवानको पूजा गर्दा वाचन गर्ने श्लोकलाई पहिलो मुक्तक हो भनेर ठोकुवा गरेका छन् ... ।" भन्ने तथ्य उल्लेख गरिएको छ । यसैगरी सोही 'समकालीन नेपाली मुक्तक' भित्र समावेश भएको मुक्तकविधामा विद्यावारिधि गर्ने पहिलो नेपाली विद्वान व्यक्तित्व डा. मुरारि पराजुलीद्वारा लिखित 'मुक्तकः परिचय, परम्परा र प्रवृत्ति' शीर्षकको लेखमा- "...मुक्तक कविताका बारेमा पहिलो चर्चा गर्ने ग्रन्थ 'अग्निपुराण' (ई. नवौं शताब्दी) हो । यस ग्रन्थअनुसार सहृदयलाई चमत्कृत गर्ने आफैमा पूर्ण एक श्लोकी कवितालाई मुक्तक भनेर भनिएको छ.... ।" सोही आलेखको 'मुक्तकको परम्परा' उपशीर्षक अन्तर्गत- "मुक्तकको परम्परा वैदिककालदेखि नै चलिआएको छ । विश्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा रहेका त्रिष्टुप छन्दका हरेक मन्त्रलाई एकएक मुक्तक भन्न सकिन्छ । मन्त्रका रूपमा रहेका ती हरेक त्रिपदी मन्त्रहरू आफैमा निरपेक्ष छन् र आफैंमा पूर्ण छन् । लयको बाटो हुँदै आउने लघुत्तम आयामका निरपेक्ष श्लोकहरू मुक्तक हुन् । यसरी लघुत्तम काव्यिक कायाको परिचय हुने मुक्तकले आफ्नो अस्तित्व विश्वकै सर्वप्राचीन ग्रन्थ ऋग्वेददेखि नै प्रस्तुत गर्दै आएको छ । कालिदास लिखित 'ऋतुसंहार', 'शृङ्गारतिलक' 'पुष्पवाणतिलक' र 'राक्षसकाव्य' जस्ता कृतिहरू संस्कृतका एक से एक मुक्तक सङ्ग्रहहरू हुन् । तर पछिल्ला तीन काव्य 'मेघदूत' का रचयिता कालिदास नभई अन्य कोही हुन् जसको नाम पनि कालिदास नै थियो । मुक्तक लेखनका क्षेत्रमा संस्कृतका भर्तृहरि (ईसाको सातौं शताब्दी) को नाम निकै आदरपूर्वक लिइन्छ । उनका 'त्रय शतक' नामको मुक्तक सङ्ग्रह विख्यात रहेको छ । शृङ्गार, नीति र वैराग्य शतक गरी तीन भागमा रहेकाले यसलाई 'त्रयशतक' भनिएको हो । नवौं शताब्दीका अमरूक पनि अर्का प्रसिद्ध मुक्तककार हुन् । उनको 'अमरूक शतक' नामको मुक्तक सङ्ग्रह रहेको छ । विल्हणको 'चौरपञ्चाशिका', गोवर्धनाचार्यको 'आर्यसप्तशती', जयदेवको 'गीत गोविन्द', हरिशङ्कर एवम् प्रभाकर दुवैको 'गीतराघव' नामक एउटै शीर्षकका बेग्लाबेग्लै मुक्तकसङ्ग्रह संस्कृतका अन्य प्रसिद्ध मुक्तक सङ्ग्रहहरू हुन् । संस्कृत, पाल्ही तथा अपभ्रंश हुँदै विकसित यस क्षेत्रका हिन्दी, नेपाली भाषामा मुक्तक लेखनको धेरै पुरानो र अक्षुण्ण इतिहास छ ... ।" भन्ने तथ्यसँगै "...नेपाली मुक्तक लेखनको इतिहास खोज्दै जाँदा भने त्यो सवा दुई सय वर्षभन्दा पुरानो देखिन्छ... ।" भन्ने तथ्य उल्लेख गरिएको छ । त्यसैगरी सोही 'समकालीन नेपाली मुक्तक' भित्र समावेश भएको धनेन्द्र भुजेलद्वारा लिखित 'रूबाईका अन्तर्तलमा नेपाली मुक्तक' शीर्षकको लेखमा- "... नेपाली साहित्यको प्राथमिक कालदेखि आधुनिक कालसम्म आउँदा कविहरूले मुक्तक नाम दिएर रूबाई लेखेको र नेपालीमा समसामयिक मुक्तकलेखनको प्रारम्भ शक्तिबल्लभ अर्ज्याल 'तनहुँ भकुन्डो' का दुई श्लोकबाट नभएर रूबाई छन्दको रूपान्तरण बिन्दुबाट भएको पाइन्छ...।" भन्ने मत अभिव्यक्त गरिएको छ भने वि.सं. २०७३ जेठ ४ गते मंगलबार 'गोरखापत्र' राष्ट्रिय दैनिकको 'साहित्य' स्तम्भका लागि 'साताका सर्जक' को रूपमा उपेश महर्जनद्वारा रामकाजी कोनेसँग गरिएको साहित्यिक कुराकानीको क्रममा 'मुक्तकको इतिहासको व्याख्या कसरी

गर्नुहुन्छ ?' भन्ने सवालको जवाफ स्वरूप- कोनेले दुई सय चालीस वर्षअघिको मुक्तक शक्तिबल्लभ अर्ज्यालको 'तनहुँ भकुण्डो' हो । भानुभक्त आचार्यको पनि चार वटै पङ्क्तिका मुक्तकहरू धेरै छन् । मध्येकालमा मोतीराम भट्टका मुक्तक प्रशस्तै छन् । वि.सं. २०१० देखि आधुनिक कालमा भीमदर्शन रोक्काको अग्रणी भूमिका रहेको छ । त्यसपछि भूपि शेरचन, हरिभक्त कटुवाल, रत्नशमशेर थापा, सरूभक्त देखि आज पर्यन्त चलिरहेको छ ।' भन्ने अभिमत प्रस्तुत गरेका छन् । यसैगरी नेपाली साहित्यमा वीरकालिन शक्तिबल्लभ अर्याल (१७८१-१८६३) को स्वागता छन्दमा रचित दुई सिलोके 'तनहुँ भकुण्डो' देखि लिएर महाकवि देवकोटा (१९६६-२०१६) पर्यन्तका 'प्रश्नोत्तर' कविता जस्ता आफैमा परिपूर्णताले व्याप्तिएका श्लोकहरू मुक्तक काव्यका रूपमा उभिसकेका छन् ।" भन्ने तथ्य 'सुस्केरा-शतक (मुक्तक काव्य) को 'सुस्केरा-शतकप्रतिः एक विहङ्गम दृष्टि' शीर्षकको केशवराज आमोदीको समीक्षात्मक भूमिका लेखनमा उल्लेख गरिएको छ । त्यसैगरी "पौराणिक विषयलाई पनि स्थानीय परिवेश र भाषामा गहकिलो कविता रच्न सक्ने प्राथमिककालिक कवि वसन्त शर्माले चतुष्पदी शैलीको लोकलयमा लेखेको कृति 'समुन्द्र लहरी' मा केही मुक्तकहरू पनि फेला परेका छन् ।" भन्ने तथ्य 'निशा-निमन्त्रण' को भूमिका मन्तव्यमा ज्ञानुवाकर पौडेलले उल्लेख गरेका छन् । यस्तै "प्राचीन मुक्तककाव्यहरू शतकको रूपमा देखिने गरेका छन्, जस्तैः अमरूकको-अमरूशतक, मयूर भट्टको सूर्यशतक, भर्तृहरिको नीतिशतक, वैराग्यशतक र श्रृङ्गारशतक, शंकराचार्यको- शत श्लोकी आदि...।" भन्ने तथ्य 'सुस्केरा-शतक' मा कृष्णप्रसाद कोइरालाले आफ्नो लेखकीयमा उल्लेख गरेका छन् । त्यस्तै "वि.सं. २०१० को दशकमा भीम दर्शन रोकाले नेपालमा मुक्तक लेखनको आरम्भ गरेका हुन् ।" भन्ने तथ्य वियोगी बुढाथोकीले मुक्तक सङ्ग्रह 'समयका चस्काहरू'को भूमिका लेखमा उल्लेख गरेका छन् भने "नेपाली साहित्यमा 'मुक्तक' नै भनेर 'सयथुङ्गा फूल' कृति निकाल्ने पहिलो स्रष्टा नै पराजुली भएको भन्दै मुक्तकको ऐतिहासिक व्यक्तित्वको रूपमा कृष्णप्रसाद पराजुलीलाई सम्मान गरिएको हो ।" भन्ने सरूभक्तको भनाइसहितको समाचार २०७१ असार १ गते आइतबारको वर्ष-६, अङ्क-५३ को 'नागरिक' राष्ट्रिय दैनिकमा प्रकाशित भएको छ । यी माथि उल्लेख गरिएका विषय सन्दर्भहरूका बारेमा थप जानकारी हासिल गरी अन्तिम निष्कर्ष स्वरूप निचोडमा पुग्नका लागि भने यथाशक्य विशेष चासोसँगै गम्भीर खोज, अध्ययन, अनुसन्धान एवम् विश्लेषण गरिनुपर्ने टड्कारो खाँचो देखिन्छ ।

वि.सं. २०३४ सम्म अर्थात् टिकटमा मुक्तक विशेष कार्यक्रमको आयोजना हुनुभन्दा अगाडिको समयलाई यही चरणमा राखेर अध्ययन एवम् विश्लेषण गर्नुपर्ने देखिन्छ । जम्मा १४ वर्षको समयावधि रहेको यस चरणमा मुक्तक लेखन एवम् विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा मुक्तक रचना प्रकाशन गर्ने देखि लिएर एकल कृति प्रकाशित गर्ने कार्य समेत उत्साहजनक रूपमा अगाडि बढेको पाइन्छ । सर्वप्रथम कृष्णप्रसाद पराजुलीद्वारा शिलान्यास गरिएको एकल मुक्तक सङ्ग्रह प्रकाशन गर्ने महान् एवम् ऐतिहासिक कार्यलाई पछ्याउँदै अगाडि बढेका

नेपाली मुक्तकको पहिलो चरणका मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित मुक्तक सङ्ग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधार बनाएर यसप्रकार क्रमशः उल्लेख गरिएको छ ।

| | | |
|---|---|---|
| कृष्णप्रसाद पराजुली | – | सय थुँगा फूल (२०२४ माघ) |
| भीमनिधि निवारी | – | ३२ पुतली (२०२७/२०२६ ?/ आंशिक?) |
| | – | चाडबाड |
| नन्द हाङरिबम | – | प्रेमालाप (२०२८/सन् १९७२ ?) |
| विश्वगोपाल लम्साल | – | मुक्तक सङ्ग्रह (२०२८) |
| हरिभक्त कटुवाल | – | यो जिन्दगी खै के जिन्दगी (२०२९/आंशिक) |
| मोहनहिमांशु थापा | – | खुकुरीमाथि एक चौटा बादल (२०३०/आंशिक) |
| यादव खरेल | – | यादव खरेलका मुक्तकहरू (२०३०) |
| विश्व पागल | – | विश्वका चोइटा (२०३१) |
| केदार सत्याल | – | खैय्यामका रूबाईहरू (२०३२/अनुवाद) |
| धीरेन्द्र मल्ल | – | किनार छुन सागरमा ब्यूँझिएका लहरहरू (२०३२) |
| प्रमोद प्रधान | – | रातभरिका सुस्केराहरू (२०३२/आंशिक) |
| सुरेन्द्रबहादुर शाह | – | सुकेको रूख (२०३२/मुक्तककाव्य) |
| महेश प्रसाइँ | – | भूमिकापछि (२०३३/आंशिक) |
| शिवाकोटी 'दोषी' | – | दोषीका मुक्तकहरू (२०३४) |

यसरी हेर्दा १५ वटा एकल (५ वटा आंशिक र एक वटा अनुवादसहित) संग्रहहरूसँगै मुक्तककाव्य समेत प्रकाशित भएको तथ्यपूर्ण आधार अनि ज्ञान उदासलाई वि.सं. २०२४ सालमै तीन मुक्तकका लागि नेपाली साहित्य संस्थान स्वर्ण पदक प्रदान गरिएको सन्दर्भले नै के कुरा स्पष्ट रूपले जनाउँछ भने नेपाली मुक्तकको पहिलो चरणलाई पृष्ठभूमि अर्थात् प्रारम्भिक कालको रूपमा सहजै उल्लेख गर्न सकिन्छ भन्ने कुरामा कोही कसैको पनि विमति हुनै सक्दैन ।

**नेपाली मुक्तकको दोस्रो चरण** (**वि.सं. २०३५–२०४९**) : **विकास एवम् विस्तार काल** :

वि.सं. २०३५ माघ २५ गतेका दिन पोखरामा पोखरेली युवा सांस्कृतिक परिवारको आयोजनामा साहित्यको पनि एउटा मूल्य र मान्यता हुन्छ भन्ने विचारसहित दुई रूपैयाँको टिकट काटेर टिकटमा मुक्तक विशेष कार्यक्रम सम्पन्न गरिएपछि नेपाली मुक्तकको दोस्रो चरणको थालनी भएको मान्न सकिन्छ । उक्त कार्यक्रम एक दिनमै दुई, तीन सो गर्दा पनि 'हाउसफूल' भएको थियो भन्ने कुरा अग्रज व्यक्तित्वहरूको मुखबाट सुन्ने गरिएको छ । देशका विभिन्न ठाउँहरूबाट तत्कालीन समयका चर्चित मुक्तककारहरूलाई पोखरामा निम्त्याएर आयोजना गरिएको उक्त टिकटमा मुक्तक कार्यक्रमका प्रमुख अतिथिका रूपमा हरिभक्त कटुवाल रहेका थिए । नेपाली साहित्यको इतिहासमै पहिलोचोटि टिकटमा गरिएको उक्त मुक्तक विशेष कार्यक्रमले राष्ट्रिय रूपमै विशेष चर्चा पाएको देखिन्छ । उक्त कार्यक्रमले वि.सं. २०४५/०४६ सम्म अर्थात् एक दशकसम्म निरन्तरता पाएको देखिन्छ । जसले

सिंगो नेपाली साहित्यको क्षेत्रमा मुक्तक विधाको लहरसँगै लोकप्रियताको पारोलाई ह्वात्तै बढाइदिएको पाइन्छ । त्यसैले उक्त कार्यक्रमको ऐतिहासिक महत्व रहेको देखिन्छ र त उक्त कार्यक्रमलाई सामान्य रूपले मात्रै उल्लेख गरेर हेरिनु हुँदैन । त्यसैले त उक्त टिकटमा मुक्तक कार्यक्रमको सुरूवातसँगै नेपाली मुक्तकको दोस्रो चरणको थालनी भएको हो भन्न सकिन्छ । त्यसपछि वि.सं. २०४९ सम्मको मुक्तक लेखन एवम् प्रकाशन कार्यलाई यही दोस्रो चरणमै राखेर अध्ययन एवम् विश्लेषण गर्नुपर्ने देखिन्छ । जम्मा १४ वर्षको समयावधि रहेको यो दोस्रो चरणसम्म आइपुग्ने क्रमसँगै नेपाली मुक्तक लेखनसँगै प्रकाशन कार्यको दृष्टिकोणले समेत विकास एवम् विस्तारको उच्च विन्दुमा पुगेको देखिन्छ ।

नेपाली मुक्तकको दोस्रो चरणका मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित मुक्तक सङ्ग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधारको रूपमा मानेर यसप्रकार क्रमशः उल्लेख गरिएको छ ।

भक्तलाल श्रेष्ठ 'सरूभक्त'–बन्दखामभित्र (२०३५/दो.सं. २०५०/०५/२४/आंशिक)
विनोद अश्रुमाली – एक अँजुली जूनकीरी (२०३६/आंशिक)
अशेष मल्ल – अज्ञात प्रदेशहरूमा (२०३७)
केशवप्रसाद आचार्य – आचार-विचार (२०३७)
दाताराम शर्मा पौडेल– सिस्नु ९७ (२०३७/हास्यव्यङ्ग्यात्मक)
भीम उदास – मलाई एउटा क्रान्ति चाहिन्छ (२०३७/आंशिक ?)
लवबहादुर के.सी. 'गाउँले' – म मेरो देश खोजिरहेछु (२०३७ आंशिक?)
जैनेन्द्र जीवन – सपनाहरूको पालो पहरो (२०३८/आंशिक)
दिव्य गिरी – कङ्काल/बस्ती (२०३८)
ध्रुवकृष्ण दीप – बासी भात (२०३८/आंशिक)
मुकुन्दराज आचार्य – विगत र वर्तमान (२०३८)
रमेश खनाल – उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता (२०३८)
रामचन्द्र शर्मा – मुक्तकहरू (२०३८)
केदारमान श्रेष्ठ 'व्यथित' – अग्नि शृङ्गार (२०३९/आंशिक)
जीवन थिङ – साइलीभित्र बाँधिएका घोडाका टापहरू (सन् १९८३/आंशिक)
नारायण तिवारी – सपनाहरू जिन्दगीका (२०३९ वैशाख)
राधेश्याम लेकाली – वर्तमानको दस्तावेज (२०३९)
– प्रेमाभिव्यक्ति (२०४३)
लक्ष्मण नेवटिया – लक्ष्मणका कुतकुती (२०३९/आंशिक)
टेकबहादुर खत्री 'नवीन' – मेरा केही चोइटाहरू (२०४०/आंशिक)
प्रकाश सायमी – अनन्तयात्रा (२०३९)
उपमान/नाम? बस्नेत– मूर्त-अमूर्त अभिव्यक्तिहरू (सन् १९८५/१९९५?)
बद्रीप्रसाद भिखारी – हत्केलाभरिका रेखाहरू (२०४२)
शिवभक्त शर्मा न्यौपाने – आदेश, उपदेश र वास्तविकता (२०४२)

– विसङ्गति (२०४९)

प्रयागराज भट्टराई 'वौशिष्ठ'– गजुर, हजुर, उजुर (२०४४/आंशिक)

पुष्कर कोइराला – मुक्तक मञ्जरी (२०४३)

विश्वगोपाल लम्साल – मुक्तकै मुक्तक (२०४६)

उज्ज्वल जी.सी. – कालो बादल (२०४५)

– मनका तरङ्गहरू (२०४८/आंशिक)

– अनुभूतिका झिल्काहरू

दिलीप श्रेष्ठ 'दोषी' – अर्को सगरमाथा (२०४५/आंशिक ?)

विनय बर्मा – विनय बर्माका मुक्तकहरू (२०४५)

बाबुराम ढकाल 'विप्लव' – हिउँको यात्रा (२०४५)

हरिदेवी कोइराला – मेरो देशको छातीभित्र दुखेजस्तो लाग्छ (२०४५/आंशिक)

भरतराज पन्त – नमस्कार (२०४६-अनुष्टुपछन्दको हजार बजार/मुक्तक काव्य)

मोहन दुवाल 'किरण/प्रतीमा श्रेष्ठ'/लालकिरण/शरद बनेपा'

– सिर्जनाका फूलहरू (२०४६)

हरिकृष्ण काफ्ले – मुक्तकमाला यात्रा भाग-१ ? (२०४८)

ज्ञानुप्रसाद पौडेल 'ज्ञानुवाकर, ज्ञानेस कान्तिपुरे'

– निर्वासित मन (२०४८ आंशिक)

कृष्ण तामाङ 'उदासी' – घायल (२०४९)

डा. गोविन्दप्रसाद शर्मा 'सुकुम' – अमिला अणु

(दो.सं. २०४९/२०४८ कात्तिक/ ते.सं. २०५६/ आंशिक)

डा. नरेन्द्र चापागाईं – केही झिल्का केही फिलिङ्गा (२०४५)

निर्मल श्रेष्ठ – देश, काल, परिस्थिति (२०४९)

भीम रानाभाट 'ज्यालादारी' – रगतका छिर्का (२०४९/आंशिक)

रूद्रबहादुर थापा – नाङ्गै उभिएको समय (२०४९)

एकल मुक्तक सङ्ग्रहहरू प्रकाशन गरेको आधारलाई मुख्य केन्द्रविन्दुमा राखेर हेर्दा संख्यात्मकरूपमा नेपाली मुक्तकको दोस्रो चरणमा मुक्तककारहरूसँगै उनीहरूद्वारा प्रकाशित मुक्तक कृतिहरूको संख्या उल्लेख्यमात्रामा देखिएजस्तै गुणात्मक रूपमा विचार गरी सूक्ष्मरूपले नियालेर हेर्दा समेत साँच्चै धेरै नै रहेको छ भन्ने कुरालाई सहजै स्वीकार गर्नुपर्ने देखिन्छ । एकल मुक्तक सङ्ग्रह प्रकाशित भएको तथ्यको आधारमा नेपाली मुक्तककारहरूको उपस्थिति संख्यात्मक सँगै गुणात्मक रूपले समेत सार्थक अर्थात् उल्लेख्य मात्रामा देखिएझैं संयुक्त रूपमा प्रकाशन गरिएका नेपाली मुक्तककारहरूको मुक्तक सङ्ग्रहहरू भने संख्यात्मक रूपमा हेर्दा जम्मा तीन वटा रहेको भए तापनि गुणात्मक रूपमा भने सशक्त नै देखिन्छन् । त्यसैले नेपाली मुक्तकको दोस्रो चरणको लेखन एवम् प्रकाशनको

इतिहासको बारेमा केन्द्रित रहेर कलम चलाउँदै गर्दा संयुक्त मुक्तक संग्रहहरू प्रकाशित भएको आधारलाई पनि विशेष ख्याल राख्नैपर्ने हुन्छ । तबमात्र नेपाली मुक्तकको दोस्रो चरणमा भएको लेखन एवं प्रकाशन कार्यको वास्तविक मुल्याङ्कन सहित इतिहास पूर्ण हुन्छ ।

सर्वप्रथम बुँद राना, दिल साहनी र ऋषिराम भुषालद्वारा शिलान्यास गरिएको संयुक्त रूपमा मुक्तक सङ्ग्रह प्रकाशन गर्ने महान् एवम् ऐतिहासिक कार्यलाई पछ्याउँदै अगाडि बढेका नेपाली मुक्तकको दोस्रो चरणका मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित संयुक्त मुक्तक संग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधार बनाएर यसप्रकार क्रमशः उल्लेख गरिएको छ ।

मट्याङ्ग्रा (२०४६/आंशिक)

– बुँद राना, दिल साहनी र ऋषिराम भुषालका रचनाहरू समावेश

हास्यव्यङ्ग्यकविता (२०४८ भाद्र/आंशिक/मोहनराज शर्माको सम्पादनमा)

– दाताराम शर्मा पौडेलका १२ रचनाहरू समावेश

एकसे/ सय ? एक मुक्तक (२०४९)

– प्रवाह श्रेष्ठ र विनोद मन्जनका रचनाहरू समावेश

यसैगरी नेपाली मुक्तकको दोस्रो चरणमै मुक्तक विधाको विकास, विस्तार एवम् उचित संरक्षणको ऐतिहासिक अभियानलाई संस्थागत रूपमा अझै अगाडि बढाउँदै लैजाने पवित्र मनसाय राखेर वि.सं. २०४० को दशकमा काठमाडौंबाट प्रकाशित हुने 'साप्ताहिक विमर्श' ले लामो समयसम्म 'उषा शेरचनका मुक्तक-जीवन आचार्यका रेखाचित्र' शीर्षकमा धाराबाहिक शृङ्खला प्रकाशित गरेर मुक्तक विधालाई लोकप्रिय बनाउने कार्यमा फरक किसिमको योगदान पुऱ्याएको देखिन्छ भने वि.सं. २०४५ मा धरानमा सशुल्क मुक्तक गोष्ठीको आयोजना गरिएको पाइन्छ ।

यसरी हेर्दा ४६ वटा एकल (१७ वटा आंशिक सहित) सङ्ग्रहहरूसँगै ३ वटा संयुक्त संग्रहहरूदेखि लिएर हास्यव्यङ्ग्यात्मक मुक्तककाव्य समेत प्रकाशित भएको तथ्यपूर्ण आधारले नै के कुरा जनाउँछ भने नेपाली मुक्तकको दोस्रो चरणलाई विकास एवम् विस्तारकालको रूपमा सहजै लिन सकिन्छ ।

**नेपाली मुक्तकको तेस्रो चरण** (२०५०-२०५७) : **उर्वर एवम् उत्कर्षकाल** :

वि.सं. २०५० मा गोविन्दप्रसाद शर्मा 'सुकुम' को सम्पादनमा 'प्रयोग' मासिक पत्रिकाको 'मुक्तक अङ्क' प्रकाशित भएपछि नेपाली मुक्तकको तेस्रो चरणको थालनी भएको मान्न सकिन्छ, जसलाई उर्वर एवम् उत्कर्ष कालको रूपमा समेत लिन सकिन्छ । नेपाली मुक्तक विधाको लेखनसँगै प्रकाशनको इतिहासमा सबैभन्दा पहिलो 'प्रयोग' मासिक पत्रिकाले आफूलाई 'मुक्तक अङ्क' को रूपमा सार्वजनिक गरायो र त्यसपछिको क्रममा अन्य थुप्रै पत्रिकाहरूको 'मुक्तक अङ्क/विशेषाङ्क' को रूपमा प्रकाशन हुने एक किसिमको लहर नै चल्यो । जुन लहर पछिल्लो समयमा आइपुग्ने क्रमसँगै झन् बढेर गएको छ । 'नवप्रज्ञापन' को यो 'प्रतिनिधि मुक्तक विशेषाङ्क' पनि त्यही लहरको निरन्तरतासँगै देखापरेको एउटा फरक अनि

सार्थक अभियान हो । जसले पछिल्लो समयमा सिंगो नेपाली साहित्यको क्षेत्रमा 'मुक्तक' लाई एउटा सशक्त विधाको रूपमा स्पष्ट पहिचान दिलाउँदै मुक्तकलाई स्थापित गराउँदै यहाँसम्म ल्याइपुऱ्याउने जस्तो महान् एवम् ऐतिहासिक कार्यमा सक्दो सहयोग मात्रै नभएर अविस्मरणीय योगदानसमेत पुऱ्याएको देखिन्छ । त्यसैले 'प्रयोग' मासिक पत्रिकाको 'मुक्तक अङ्क' प्रकाशन हुनुलाई सामान्य रूपले मात्रै हेरिनु हुँदैन भन्ने मेरो ठम्याइ रहेको छ । फलस्वरूप 'प्रयोग' मासिक पत्रिकाको 'मुक्तक अङ्क' प्रकाशन भएसँगै नेपाली मुक्तकको तेस्रो चरणको थालनी भएको हो भन्न सकिन्छ । त्यसपछि वि.सं. २०५७ सम्मको मुक्तक लेखन एवम् प्रकाशन कार्यलाई यही तेस्रो चरणमै राखेर अध्ययन एवम् विश्लेषण गर्नुपर्ने देखिन्छ । जम्मा सात वर्षको समयावधि रहेको यो तेस्रो चरणसम्म आइपुग्ने क्रमसँगै नेपाली मुक्तकलेखनसँगै प्रकाशनकार्यको दृष्टिले समेत उर्वर एवम् उत्कर्षमा पुगेको देखिन्छ ।

नेपाली मुक्तकको तेस्रो चरणका मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित मुक्तक सङ्ग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधारविन्दुको रूपमा लिएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

| | | |
|---|---|---|
| दिल साहनी | – | फिलिङ्गा (२०५०) |
| बद्री पलिखे | – | कालचक्र (२०५०) |
| वासुदेव वैद्य 'वासु शशी' | – | मान्छेको हृदयबाट गएको मान्छे (२०५०) |
| विष्णु निष्ठुरी | – | शीत नओभाएको गाउँ (२०५०) |
| विश्व शाक्य | – | पुड्का मान्छेका पुड्का कविताहरू (२०५०/आंशिक) |
| डिल्लीराम मिश्र | – | सम्झना विर्सना (२०५१/आंशिक) |
| नारायण मरासिनी | – | समयका धब्बाहरू (२०५१ आश्विन/दो.सं. २०६३ श्रावण/आंशिक) |
| महेश प्रसाइँ | – | केही चकमक र शिखाहरू (२०५१) |
| राधेश्याम भट्टराई | – | साठी थुँगा फूल (२०५१) |
| कृष्णप्रसाद बाँस्तोला | – | मुक्तक बत्तीसा (२०५२/आंशिक) |
| मोहन दुवाल | – | संरचनाका मूलहरू (२०५२ वैशाख १) |
| सूर्यबहादुर खड्का 'विखर्ची' | – | रूपातालको छाल (२०५२/आंशिक) |
| कविन्द्रमान सिंह | – | रजकण (२०५३/ आंशिक) |
| जीवन श्रेष्ठ | – | झरेको फूल (२०५३) |
| रमेशहरि शर्मा ढकाल 'समर्थन' | – | ब्रह्मलूट (२०५३) |
| तेजनाथ घिमिरे | – | अनावरण (२०५४) |
| सूर्यप्रसाद लाकोजू | - | भावनाका फूलहरू (२०५४) |
| धर्मनारायण महर्जन | – | मनका तरङ्ग (२०५५) |
| मदनदेव भट्टराई | – | द्रश्य र द्रष्टा (२०५५) |
| उषा शेरचन (भट्टचन) | – | अक्षरहरूको शिविरबाट (२०५६) |

| | | |
|---|---|---|
| कृष्ण जिसी | – | कृष्णे र कविता (२०५६) |
| कैलाश भण्डारी | – | स्रष्टा शशीको अनुभूति (२०५६) |
| ध्रुवकृष्ण दीप | – | मुक्तक/भुक्तमान ? चालिसा (२०५६) |
| भीमदर्शन रोका | – | घाम डुबी तारा नउदाएको आकाश हुँ म (२०५६) |
| राज के. श्रेष्ठ | – | यात्राक्रम (सन् १९९८/आंशिक) |
| रामबाबु घिमिरे | – | मुक्तक सङ्ग्रह (२०५६/२०५७?/आंशिक) |
| शान्तिनारायण श्रेष्ठ | – | विसङ्गति (२०५६ फागुन ७) |
| अशोक बोहरा 'असीमपीडा' | – | आकाङ्क्षाका तस्बिरहरू (२०५७) |
| डा. राममान श्रेष्ठ 'तृषीत' | – | आज मान्छे खोज्नुपर्ने भएको छ (२०५७) |
| | – | बन्दुकको नालबाट निस्केको बाँसुरीको धुन (२०५७) |
| लव गाउँले | – | अनुहार त बरू कागजकै भए हुने (२०५७/आंशिक) |
| डा. गोविन्दप्रसाद शर्मा 'सुकुम' | – | समयका छर्राहरू (२०५७) |
| भूपि शेरचन | – | भूपि शेरचनका कविता (२०५७ चैत ३१/दो.सं. २०६१/आंशिक/शिव रेग्मीको सङ्कलन/सम्पादनमा) |
| | – | घुम्ने मेचमाथि अन्धो मान्छे (आंशिक) |

नेपाली मुक्तकको तेस्रो चरणमा संयुक्त रूपमा मुक्तक कृति प्रकाशन गर्ने मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित संयुक्त मुक्तक संग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधारविन्दुको रूपमा लिएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

चास्सचुस्स (२०५२ वैशाख १/आंशिक)

– आर.आर. चौलागाईं र केशव श्रेष्ठ 'ज्योति'का रचनाहरू समावेश

दुई खोलाको दोभान (२०५७)

– गोविन्दप्रसाद तिवारी र टङ्क भण्डारीका रचनाहरू समावेश

यसपछिको क्रममा नेपाली मुक्तक लेखन एवम् प्रकाशन कार्यको विकास, विस्तारसँगै उचित संरक्षणको ऐतिहासिक अभियानमा विशेष महत्वपूर्ण स्थान ओगट्ने भनेर उल्लेख गर्नुपर्दा यदि मुक्तक अङ्क/विशेष अङ्कको रूपमा प्रकाशित भएका विभिन्न साहित्यिक पत्रिकाहरूले पुऱ्याएको अविष्मरणीय योगदानलाई उल्लेख नगर्ने हो भने नेपाली मुक्तकको तेस्रो चरणमात्रै नभएर समग्र इतिहास नै अपाङ्ग जस्तै बन्न पुग्छ । सर्वप्रथम 'प्रयोग' मासिक पत्रिकाको माध्यमबाट शिलान्यास गरिएको मुक्तक अङ्क/विशेषाङ्क प्रकाशन गर्ने महान् एवम् ऐतिहासिक कार्यलाई पछ्याउँदै अगाडि बढेका नेपाली साहित्यिक पत्रकार अनि उनीहरूद्वारा प्रकाशित साहित्यिक पत्रिकाका मुक्तक अङ्क/विशेषाङ्कहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधार बनाएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

प्रयोग (मासिक/२०५०/गोविन्दप्रसाद शर्मा 'सुकुम' को सम्पादनमा)

उजागर (मुक्तक विशेषाङ्क/२०५४/ राजकुमार बानियाँको सम्पादनमा)

मञ्जुषा (मुक्तक विशेषाङ्क १,२,३/२०५७ वैशाख-असार/ज्ञानुवाकर पौडेलको सम्पादनमा)

वि.सं. २०५३ मा पोखरामा खुला मुक्तक प्रतियोगिताको आयोजना गरिएको थियो । जुन प्रतियोगितामा भुपेन्द्र खड्का 'भूपिन व्याकुल' ले प्रथम पुरस्कार प्राप्त गर्न सफल भएका थिए भने वि.सं. २०५६ मा लमजुङमा 'पहिलो राष्ट्रव्यापी मुक्तक प्रतियोगिता'को आयोजना गरिएको थियो । जसको संस्थापक संयोजक नवराज पहाडी हुन् ।

यसरी हेर्दा ३४ वटा एकल (११ वटा आंशिकसहित) सङ्ग्रहहरू सँगै दुई वटा संयुक्त (एक वटा आंशिक सहित) सङ्ग्रहहरू देखि लिएर ४(३+१) वटा मुक्तक अङ्क/विशेषाङ्कको रूपमा विभिन्न साहित्यिक पत्रिकाहरू समेत प्रकाशित भएको र मुक्तक विधाकेन्द्रित प्रतियोगितात्म्क कार्यक्रमको आयोजना समेत हु नथालेको तथ्यपूर्ण आधारले नै के कुरा स्पष्ट रूपले जनाउँछ भने नेपाली मुक्तकको तेस्रो चरणलाई उर्वर एवम् उत्कर्षकालको रूपमा सहजै उल्लेख गर्न सकिने देखिन्छ भन्दा फरक नपर्ला सायद !

**नेपाली मुक्तकको चौथो चरण** (**वि.सं. २०५८ देखि हालसम्म**) : **अति उर्वर एवम् चरमोत्कर्षकाल** :

वि.सं. २०५८ वैशाखको पहिलो साताबाट रमेश पौडेलको श्रुतिमधुर आवाजमा सजिएर रेडियो नेपाल, केन्द्रीय प्रसारण केन्द्रबाट मुक्तक विधा केन्द्रित बहुचर्चित कार्यक्रम 'विम्ब-प्रतिविम्ब' को प्रसारण हुन थालेपछि नेपाली मुक्तकको चौथो चरणको थालनी भएको मान्न सकिन्छ, जुन चरणलाई अति उर्वर एवम् चरमोत्कर्ष कालको रूपमा समेत उल्लेख गर्न सकिन्छ । 'विम्ब-प्रतिविम्ब' को प्रसारण हुनुभन्दा पहिलेको समयमा 'मुक्तक' शब्द नै नसुनेकादेखि लिएर मुक्तकको सैद्धान्तिक संरचनात्मक स्वरूपको बारेमा निरपेक्ष भएर आठ-दस हरफका कवितात्मक अभिव्यक्तिहरूलाई नै मुक्तक भनी मख्ख पर्दै मुक्तक विधाकै हुर्मत काढिरहेका स्वघोषित मुक्तकिला मनहरूलाई समेत मुक्तकको संरचनात्मक स्वरूपका बारेमा केन्द्रित रहेर 'विम्ब-प्रतिविम्ब' कार्यक्रमको माध्यमबाटै प्रशिक्षणात्मक जानकारी मूलक तथ्यहरू पस्किएर सशक्त मुक्तककारहरूलाई जन्म दिएको प्रमाणको रूपमा वर्तमान समयसम्म पनि उक्त कार्यक्रमले निरन्तरता पाइरहनु र उक्त कार्यक्रमको लोकप्रियताको पारो अहिलेसम्म नघट्नु नै रहेको छ । अझै वि.सं. २०६६ मा प्रकाशित भएको संयुक्त मुक्तक सङ्ग्रह 'पल्लवी रातहरू' समेत सोही 'विम्ब-प्रतिविम्ब' कार्यक्रमबाटै प्रभावित भएर प्रकाशनमा आएको पाइन्छ । जसले गर्दा ' विम्ब-प्रतिविम्ब' लाई सामान्य रूपले मात्रै हेरिनु हुँदैन भन्ने मलाई लागेको छ । ' विम्ब-प्रतिविम्ब'ले आफूलाई मुक्तक विधाकेन्द्रित स्तरीय कार्यक्रमको रूपमा उभ्याएर सिंगो नेपाली साहित्यको क्षेत्रमा 'मुक्तक' को संरचनात्मक स्वरूपको स्पष्ट खाका

प्रदान गर्दै एउटा सशक्त काव्यविधाको पहिचान दिलाउँदै मुक्तकलाई स्थापित गराएर यहाँसम्म ल्याइपुऱ्याउने कार्यमा सक्दो सहयोगसँगै अविस्मरणीय योगदान समेत पुऱ्याएको तथ्यलाई कोही कसैले कहिल्यै पनि नजरअन्दाज गर्न मिल्दैन र सक्दैन पनि । त्यसैले त 'विम्ब-प्रतिविम्ब'को प्रसारणसँगै नेपाली मुक्तकको चौथो चरणको थालनी भएको हो भन्न सकिन्छ । त्यसपछि वर्तमान समयसम्मको मुक्तक लेखन एवम् प्रकाशन कार्यलाई यही चौथो चरणमै राखेर अध्ययन एवं विश्लेषण गर्नुपर्ने देखिन्छ । जम्मा १७ वर्षको समयावधि रहेको यो चौथो चरणसम्म आइपुग्ने क्रमसँगै नेपाली मुक्तक लेखनसँगै प्रकाशन कार्यको दृष्टिकोणले समेत अति उर्वर एवम् चरम उत्कर्षविन्दुमा पुगेको आभाष हुन्छ । यही चौथो चरणमै नेपाली साहित्यको क्षेत्रमा मुक्तक विधाकेन्द्रित रहेर विभिन्न संघसंस्थाहरू स्थापना भएर मुक्तकको विकास, विस्तारसँगै उचित संरक्षणको ऐतिहासिक अभियानमा क्रियाशील हुन थालेको पाइन्छ भने नेपाली मुक्तकका अभियन्ताहरू मुक्तक लेखनसँगै वाचन सम्बन्धी विशेष प्रशिक्षण, मुक्तक विधाकेन्द्रित कार्यशाला गोष्ठी एवम् अन्तरक्रिया जस्ता मुक्तक विशेष कार्यक्रमहरू सञ्चालन गर्दै देशका विभिन्न स्थानहरूमा पुगेको देखिन्छ । अझै त्यसमा पनि विभिन्न समयमा मुक्तक विधाकेन्द्रित प्रतियोगितात्मक कार्यक्रमहरूको समेत आयोजना गरिएको पाइन्छ । जसले गर्दा पनि यसै चौथो चरणमा नेपाली मुक्तक लेखनसँगै प्रकाशनको कार्यले थप उर्वरतासँगै चरमोत्कर्षता प्राप्त गर्न सफल भएको भन्दा कुनै अतिशयोक्ति नहोला सायद !

नेपाली मुक्तकको चौथो चरणका मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित मुक्तक सङ्ग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधार बनाएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

इन्द्रकुमार जोशी 'विकल्प' – भुल्काहरू (२०५८)
कृष्ण गिरी – रगतलाई ज्वालामुखी मायालुलाई फूल /२०५८/०५/२३ आंशिक)
केशवराज भट्टराई 'आमोदी' – सत्ता-साधन (२०५८)
धनराज गिरी – अर्थात (२०५८)
निर्दोष डेविट – बादलभित्रको जून (२०५८)
– मेरा मनका व्यथाहरू (२०५८)
बद्री पलिखे – मञ्जुरीनामा (२०५८)
भीम रानाभाट 'ज्यालादारी' – यही हो मेरो देश (२०५८)
याकिना अगाध – ज्यूँदो लास (२०५८)
ज्ञान उदास – मनका कुराहरू (२०५८/आंशिक)
– यस्तो लाग्छ
खेमचन्द्र खेपा – आलिङ्गन (२०५९/हवाइसङ्ग्रह)
दलबहादुर गुरूङ – आस्थाका स्वरहरू (२०५९)
वी.पी. सेढाइँ 'अभागी' – स्वदेशको गाथा माटोको गीत (२०५९ चैत्र/ मुक्तक काव्य)
मोहन दुवाल – सम्भावनाका मनहरू (२०५९)

— मनका स्पर्शहरू

किरण आचार्य — अनुभूति (२०६०)

— अस्तित्व (२०६२)

प्रकाश सापकोटा — मनका आँखाहरू (२०६०)

वासु शशी — उमर खैय्यामका रूबाईहरू (२०६०/अनुवाद)

विष्णुबहादुर सिंह — इन्द्रेणी (२०६० पुस/ आंशिक)

— अनुभूतिका सङ्ला पानाहरू (२०६१ आषाढ)

— समयका चस्काहरू (२०६२ आश्विन)

— काठमाडौंकी क्लीयोपेट्रा

— मौनता

भुषण ढुङ्गेल — तिमीले लगेको मुटु (२०६०)

लेखराम सापकोटा 'निर्दोषयात्री' — तिम्रा खुशीहरूमा -हवाईसङ्ग्रह-२०६० चैत्र/ आंशिक)

कुमार खरेल — आँसुका धारा ?(२०६१)

जगत राई 'नवोदित' — अक्षय आकृति (२०६१ पौष २)

दयानाथ अर्याल — मानव जीवन (२०६१)

देवीप्रसाद न्यौपाने 'धीर'— मुक्तक शतक (२०६१)

प्रकाश आङ्देम्बे — ग्याँस च्याम्बरमा बुद्ध (२०६१/२०६०?/रूबाई संग्रह)

— प्रकाश आङ्देम्बेका रूबाइयात (२०६९ पुस)

पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार' — दिक्दारका चोक्टक (२०६१)

भीमराना 'जिज्ञासु' — समयचक्र (२०६१)

— कुर्सी प्रधान देश (२०६८ असोज)

यमकुमार श्रेष्ठ — अव्यक्त कुराहरू (२०६१ असार)

सविता खाती 'अन्जान' — उपहार (२०६१)

— परिवर्तनको सङ्घार (२०६३/हवाई सङ्ग्रह)

सरूभक्त — हजार बुद्धहरू (२०६१/आंशिक?)

— प्रेमयात्रा (२०६७)

कृष्ण पाख्रिन — तिमी लहर नदीको (२०६२/आंशिक)

खगेन्द्र गिरी 'कोपिला' — डुबे पनि डुब्दैन घाम (२०६२ वैशाख)

— आफ्नै छाल आफ्नै किनारा (२०६५ माघ)

खगेन्द्र नेरस — पुष्पलताः हाम्रो मुटुमा (२०६२)

तपेन्द्रबहादुर शाह 'भावातीत' — चिल्लापातमाथि ओइलाएका फूल (२०६२)

तीर्थ श्रेष्ठ — महाभारतका गीतहरू (२०६२ कार्तिक १६/आंशिक)

— जिन्दगीको गोधूलिमा (२०७०)

डा. दुर्गाबहादुर सुवेदी क्षेत्री — दुबसु क्षेत्रीका प्रारम्भिक मुक्तकहरू (२०६२/तीर्थ श्रेष्ठको सम्पादनमा)

नारायणप्रसाद शर्मा गैह्रे 'सुमित्र' — भेरीका सुसेलीहरू (२०६२ श्रावण १६)

प्रदीप बगर – तिम्रो सम्झनामा (२०६२/हवाई सञ्चयन)
विवश थापा 'आँसु' – विवशताका आँसुहरू ? (२०६२/२०६०?)
डा. रवीन्द्र समीर – कालो बादलभित्र चाँदीको घेरा (२०६२/२०६३ ?/ आंशिक)
राधेश्याम लेकाली – काठमाडौं र काठमाडौं (२०६२)
– समयका घोडाहरू
ऋचा लुइँटेल – पग्लिएर घाइते मन (२०६२ असोज)
सिर्जना शर्मा – जूनकिरीको उडान (२०६२)
– मन्दाकिनी (२०७४ भाद्र १०)
सीता पिरती – बेवारिसे पिरतीको जीवन (२०६२)
सीता शर्मा 'उपासना' – निशा निमन्त्रण (२०६२ असोज)
सुशीला बिडारी/सुधा आचार्य – पुष्पलताः कलियुगकी देवी (२०६२)
– तारा झरेका रातहरू (२०६३/२०६०?/हवाइसंग्रह)
– सुरम्य सुधा (२०६३/२०६२?)
स्नेह पोखरेल – पग्लिएर घाइते मन (२०६२)
डा. श्याम प्रसाद न्यौपाने – सोह्र दुनी आठ (२०६२)
– कोही सुरक्षित छैन (२०६६ मोती जयन्ती)
– आगोका फिलिङ्गाहरू (२०७५)
हरिकृष्ण काफ्ले – बरबादीका अवशेषहरू (२०६२)
– मुक्तक संग्रह भाग-२
– इन्द्रेणीको दाग (मुक्तक संग्रह भाग-३/२०७२ असोज १०)
हेमबाबु लेखक – मलाई पनि उस्तै-उस्तै (२०६२)
गण्डकी पुत्र – आन्दोलनका उन्नाइस दिन र सडकका कविता (२०६३ वैशाख/ आंशिक ?)
खिलबहादुर अधिकारी 'पुष्प अञ्जलि' – एक अञ्जुलि घाम (२०६३ आषाढ)
– जून फूलेको बस्ती (२०६६)
गोविन्द गिरी – जनआन्दोलन (२०६३)
देवीप्रसाद ढकाल 'उराठ' – प्रीतिको फूल (२०६३/ आंशिक)
निरञ्जन बम 'त्रिमधुमुस्कान' – वियोग (२०६३ साउन/२०६२ ?)
पुष्कर बराल 'पुर्वेली' – हृदयका चोटहरू (रूबाई संग्रह- २०६३)
– बल्झिएका घाउहरू (रूवाई संग्रह-२०६४)
मणि सुब्बा – खण्डित हृदय (२०६३)
मोहनबहादुर कायस्थ 'आकाशवाणी' – मोहनबहादुर कायस्थका मुक्तकहरू (२०६३ माघ १७)
– मुक्तक भित्र म (२०७१ कार्तिक)
सरस्वती तिमिल्सिना घिमिरे– रोकिएका पाइला (२०६३)
– प्रहार (२०६४)
– भावनाका थुंगा (२०७० साउन २०)

शिवशङ्कर थापा 'राजु'– पाइतालाका डोबहरू (२०६३/मगरभाषामा अनुवादित २०६७?)
अनिता ईवरम 'सौगात' – मेनुको सौगात (रूवाई सङ्ग्रह-२०६४)
– सङ्गम (रूबाई सङ्ग्रह-२०६४)
– दबिएका पाइलाहरू (रूबाई सङ्ग्रह-२०६५)
कपिलमणि शर्मा रेग्मी 'अज्ञात' – अनुभूतिका उमङ्ग (२०६४)
दिव्य गिरी – स्वप्निल शिविर (२०६४)
वीरबहादुर चन्द 'विश्राम'– भुटयाट (मुक्तक थोपडो-२०६४)
सुश्री भद्रकुमारी घले – देशको नशा (२०६४)
भावना सुब्बा – खुकुरीको चोट अचानोलाई (२०६४)
लेखनाथ काफ्ले – अचार (२०६४/आंशिक)
– मट्याङ्ग्रा (२०६८)
सूर्य पूर्जा 'जहर' – मनको तार चुँडिएपछि (२०६४)
उदासी पाँचथरे कान्छो – तिम्रो सहरमा (२०६५)
ऐ.के. सम्पाङ्ग 'एकलव्य'– अन्तिम यात्रा (२०६५)
कृष्ण पहारी – परिवेशभित्रका पीडाहरू (२०६५ फाल्गुण)
कृष्ण भण्डारी 'मुमुक्षु' – रूद्रावती (२०६५/आंशिक)
जगदीश घिमिरे – अग्निसूत्र (२०६५/आंशिक)
तिलक बोहरा 'समर्पण' – सम्झनाको सम्झनामा (२०६५)
विष्णुकुमार श्रेष्ठ 'अल्पविराम पोखरेली' – टुकीको उज्यालो (२०६५)
– मुक्तक शिविर (२०७१)
विमल गौतम – चाख्ने हो र ? (२०६५)
रमेशकुमार लुइँटेल 'शुभेच्छु' – बगैंचा (आंशिक-२०६५)
राजेन्द्र थापा – भूइँमान्छे-१ (२०६५)
– भूइँमान्छे-२ (२०६५)
सञ्जु ईवरम – दोबाटोको कोसेली (रूबाई सवाल-जवाफ सङ्ग्रह-२०६५)
सुयोग किराँत 'शिशिर' – पिरतीको तीतो आभाष (रूबाई संग्रह-२०६५)
अङ्गुरबाबा जोशी – मुक्ति मुक्तक माला (२०६६)
किशन शीतल 'विवश' – जून रोएको रात (२०६६)
गोविन्दराज विनोदी – अनुपमा धर्ती (मुक्तक काव्य-२०६६)
ठाकुरप्रसाद शर्मा भण्डारी – प्रकृतिमा मान्छे (२०६६)
– पद्य मुक्तक
बलबहादुर राउत 'सानू'– परेलीमा आँसु (२०६६)
विष्णु शर्मा 'अथकमनु' – सानी भेरी निरन्तर बगिरही (२०६६ वैशाख)
मधुसूदन देवकोटा – उमर खैय्यामका रूबाईहरू (२०६६/अनुवाद)
रामकाजी गुरूङ कोने – मुक्तक मेला (२०६६ वैशाख पूर्णिमा/दो.सं. २०६६ चैत्र)

| | | |
|---|---|---|
| | – | मुक्तक मन्त्र (२०६९ वैशाख) |
| | – | मुक्तक मोहिनी |
| रूद्र 'सन्देश' मगर | – | आर्‌मीट्‌मा (सम्झना) (२०६७/मगरभाषाको/नेपालीमा अनुवाद सहित) |
| रूद्र ज्ञवाली | – | उन्मुक्त आकाश (२०६६) |
| रेशम गिरी | – | संविधान (२०६६) |
| शान्तिनारायण श्रेष्ठ | – | खाटा बस्न नसकेका घाउहरू (२०६६) |
| | – | भावावेश (२०६८ चैत्र २५) |
| सुशील थकाली 'अनुरागी' | – | सचेतना (२०६७ जेठ २/२२ औं भूपी स्मृति दिवस) |
| | – | हृदयको क्यानभास (२०७३ माघ २६) |
| कृष्णप्रसाद कोइराला | – | सुस्केरा शतक (२०६७/०७/२०/मुक्तककाव्य) |
| गौतम रानाभाट 'असफल' | – | सिलोक बन्दैछन् (२०६७ प्रजातन्त्र दिवस) |
| प्रवासी कृष्ण 'घायल' | – | जून हराएको रात (२०६७) |
| लोकेन्द्र पौडेल 'डहरे' | – | दिलको दैलो (२०६७) |
| विदुर पौडेल 'काले' | – | प्रयास (२०६७) |
| वियोगी बुढाथोकी | – | वियोगीका वियोगहरू (२०६७ जेठ ६) |
| | – | झिल्का लिएर साँझमा |
| डा. मुरारि पराजुली | – | मुक्तक मीमांशा (२०६७/समालोचनात्मक कृति) |
| मेचीपुत्र | – | सुशीला (२०६७) |
| राजकुमार खड्गा | – | चासोक सङ्ग्रह (२०६७?/२०६६?) |
| सुजन वैरागी | – | पर्खाइका पलहरू (२०६७) |
| सुरज भिरखोइरे | – | शल्यक्रिया (२०६७) |
| सूर्यप्रसाद लाकोजू | – | फूलहरूको मेला (२०६७) |
| अशोक बस्नेत | – | तिमीलाई (२०६८) |
| आनन्द रानोहोंछा | – | मनोवाद (२०६८) |
| एन.बि. 'अञ्जान' | – | कोपिला (२०६८) |
| कृष्ण बाउसे | – | देशको बिन्तीपत्र (२०६८) |
| चेतन कार्की | – | हत्केलाले सधैंभरि सूर्य छेकिदैन (२०६८ कार्तिक २२) |
| टंक सेलिङ लिम्बु | – | रहर (२०६८) |
| दिलिप मानन्धर 'अभागी' | – | विरहको चौतारी (२०६८ वैशाख/ आंशिक) |
| पासाङ जिम्बा तामाङ | – | पलपलको याद आयो (२०६८) |
| पिताम्बर चापागाईं 'पदमपानी' | – | मान्छेभित्र मान्छे (२०६८) |
| पुरूषोत्तम आचार्य | – | भोको मझेरी (२०६८) |
| विजय राना | – | वहिष्कार (२०६८) |
| विश्वास लामा | – | खबर यस्तै छ (२०६८) |
| राजेन्द्र तारकिणी | – | बहिरो जीवन (२०६८) |
| सदानन्द जैसी रिजाल 'अभागी' | – | अभागीका मुक्तकहरू (२०६८) |

| | | |
|---|---|---|
| सुमित गिरी 'स्मित' | – | अनिंदा आँखाहरू (२०६८ फाल्गुण) |
| पर्वत शर्मा ढकाल | – | मुर्दावाद ! (२०६८ चैत्र) |
| देवीप्रसाद उपाध्याय रेग्मी 'वनवासी' | – | कालस्तोत्र (२०६९ वैशाख १/आंशिक) |
| कल्पना गिरी 'भावुक' | – | स्मृतिका पानाहरू (२०६९) |
| नवराज अधिकारी पहाडी 'कैवल्य' | – | पहाडी पालुवा (२०६९) |
| | – | रागको राप |
| पुष्कर रिजाल 'पुष्प' | – | मनका भावहरू (२०६९) |
| स्व. विष्णु पुलामी | – | अन्तिम हस्ताक्षर (२०६९) |
| विमल गिरी | – | गोधूलि मन (२०६९) |
| | – | स्पन्दनका छालहरू |
| किरण बास्तोला 'जिज्ञासु' | – | युवा प्रेमको कहानी (२०७० कार्तिक) |
| उदास कार्की | – | उदास मन (२०७०, चैत्र) |
| अमृता ठकुरी 'चाँदनी शाही' | – | जीवन भोगाइमा चाँदनी (२०७०) |
| देवराज खरेल | – | प्रेमका पाइलाहरू (२०७०/केही मुक्तकहरू अंग्रेजीमा समेत अनुवाद गरिएको) |
| भगवती बस्नेत | – | प्रेमदह (२०७०) |
| श्रीहरि फुयाँल 'सिरू' | – | भावनाका भुल्का (२०७०) |
| निशा के.सी. | – | रहरले किनार छुँदा (२०७१ मंसिर) |
| लकाश पौडेल | – | फेसबुक सन्देश (२०७१) |
| लोकनाथ पुडासैनी | – | टिम्मुर (२०७२ जेठ) |
| युवराज लामिछाने 'प्रदीप' | – | कात्रोमा खल्ती (२०७२) |
| गणेश शर्मा पौडेल 'चन्दन' | – | बस्तीका स्वरहरू (२०७२ मंसिर ६, हरिबोधनी एकादशी) |
| अरूण पौडेल | – | बाडुल्की र यादहरू (२०७२) |
| सुचित्रा खनिया | – | मनफूल (२०७२) |
| भक्त कार्की | – | प्रक्षेपण (२०७२) |
| अनिष न्यौपाने 'भावना' | – | मनको आँखा (२०७३) |
| गुप्तबहादुर श्रेष्ठ | – | रहरभित्रको कहर (२०७३ मंसिर २४) |
| रूद्र अधिकारी | – | तिरस्कृत मन (२०७३) |
| गौरी तमु | – | समै दर्वानी (२०७४ भाद्र/दो.सं. २०७४ मंसिर) |
| गंगा लिगल | – | काव्यजून (२०७४)/तिलस्मी प्रभास- अमृताञ्जली (२०७४) |
| मिर्मिसा पराजुली | – | मुकुल (२०७४/०४/२८) |
| सरोज सङ्गम | – | गाथा (२०७५ वैशाख) |
| अम्बिका याम्फु अनमोल | – | मोहक मकालु |
| कृष्ण देवकोटा | – | अग्निशिखा |
| कृष्ण पहाडी | – | तृष्णाको सङ्गम |

कृष्णप्रसाद शर्मा – खुनमा खराबी (आंशिक)
गोविन्द लामिछाने – प्रेममा उपहार
– प्रेमको ढुकढुकी
डा. घनश्याम न्यौपाने 'परिश्रमी'– पुष्पम पत्रम
जनक वाग्ले – निदाएका दिनहरू
जसध्वज गुरूङ – सिर्जनाका रंगहरू
डम्बर घिमिरे – घामपानी (हास्यव्यङ्ग्य मुक्तक)
तीर्थराज अधिकारी – झटारो
दलवीर सिंह बराइली 'घायल' अधुरो सपना (आंशिक)
दिनेश गुप्ता – आन्हर सहरमे (अन्धाको सहरमा) (भोजपुरी भाषामा)
देशभक्त सिंह कुँवर – सेतो संसार
दिलिप योन्जन तामाङ – अमर
नरेश नाति – मन बेइमानी
नवराज कार्की – तिमी हाँस्यौ
नारायण नेपाल – मुक्तक सरिता
निर्मल पराजुली – अक्षरको खेती
डा. पुष्पराज राजकर्णिकार – सच्छिकु जिन्दगी (सय टुक्रा जिन्दगी/नेपाली भाषामा)
वसु श्रेष्ठ – प्यासी जिन्दगी
बाबुराम लामिछाने – कति आकाश कति प्रकाश
विजय बलाम्ताली – स्वालिम् (चाम्लिङ भाषामा)
बिटु के.सी. – मायाको मात
विस्नुप्रवा सापकोटा – पहाडजस्तै पहाडहरू
विवश पोखरेल – पग्लिएको इन्द्रेणी
वेणु आचार्य – मुक्तक सङ्ग्रह
वैरागी काइँला – वैरागी काइँलाका कविताहरू -आंशिक)
रत्नप्रसाद अनामणि श्रेष्ठ – फूलको माया लागेपछि
रश्मी रोदन – प्रियतम
रामसुन्दर देउजा – मन
रूद्रबहादुर थापामगर – चटनी
डा. रूपक श्रेष्ठ – पोख्तक
लीलाधर पाण्डे 'प्रतीक' – शीरमाथि शीरफूल
सञ्जिव पौडेल – यानी
सन्तोष लामिछाने – चामल खानेहरू र चौलानी पिउनेहरू (आंशिक)
सरला राई – यथास्था
सीमा शर्मा – निशा-निरूपण
सुमन के.सी. – श्री

सुमित्रा पौडेल 'आँचल' – औकात
सुवासचन्द्र ढुङ्गेल – अक्षरका गोलीहरू
शान्ता खवास भुजेल – पराईको नजरमा
शारदा सुवेदी – मनसँग एकछिन
शिव अधिकारी – झटारा
शिवप्रसाद 'सकल्प' – परिवेश

एकल मुक्तक सङ्ग्रह प्रकाशन गरेको आधारलाई मुख्य केन्द्रविन्दुमा राखेर अध्ययन एवम् विश्लेषण गर्दा नेपाली मुक्तकको चौथो चरणसम्म आइपुग्ने क्रमसँगै संख्यात्मक रूपमा नेपाली मुक्तककारहरू उल्लेख्य मात्रामा देखापरे जस्तै गुणात्मक रूपमा विचार गरी सूक्ष्मरूपले नियालेर हेर्दा समेत उल्लेख्य नै देखिन्छ । एकल कृतिगत आधारमा जे-जस्तो विद्यमान अवस्था रहेको भए तापनि संयुक्त रूपमा प्रकाशित भएका कृतिगत आधारलाई पनि विशेष ख्याल राखेर अध्ययन एवम् विश्लेषण गरिनुपर्ने हुन्छ । तबमात्र नेपाली मुक्तकको चौथो चरणको वास्तविक मूल्याङ्कनसहित इतिहास पूर्ण हुन्छ । किनभने नेपाली मुक्तकको लेखन कार्यमा आफ्नो सशक्त कलम विशेष सक्रियताका साथ चलाउँदै आएका मुक्तक विधाका अभियन्ताहरूले यही चौथो चरणको विभिन्न समयमा देशका हरेक ठाउँहरूबाट समसामयिक रूपमा समेत विशेष महत्वपूर्ण स्थान ओगट्न सफल प्रतिनिधिमूलक संयुक्त राष्ट्रिय मुक्तक सङ्ग्रहहरूको प्रकाशन कार्य गर्ने जस्तो विशिष्ट भूमिका बहन गर्दै त्यसमा आफ्ना उत्कृष्ट फुटकर मुक्तक रचनाहरू समावेश गराएर नेपाली मुक्तक विधाको विकास, विस्तार एवम् उचित संरक्षणको ऐतिहासिक अभियानलाई अझै अगाडि बढाउँदै लैजानका लागि सदैव हरसम्भव प्रयासरत भइरहेको देखिन्छ ।

नेपाली मुक्तकको चौथो चरणमा संयुक्त रूपमा मुक्तक कृति प्रकाशन गर्ने मुक्तककार अनि उनीहरूद्वारा प्रकाशित संयुक्त मुक्तक संग्रहहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधार विन्दुको रूपमा लिएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

त्रिवेदना (२०६०)

– आदर्श खत्री, जुद्ध जी.एम. र सुमनचन्द्र गुरूङका रचनाहरू समावेश ।

मुटुको चिनो (२०६३/२०६४?)

– अमृत भीमानेली, दिवान बेवारिसे र पवन पाख्रिनका रचनाहरू समावेश ।

सिर्जनाका भञ्ज्याङहरू (२०६३)

– नेपालीभाषी भुटानी शरणार्थीका रचनाहरू समावेश ।

सप्तरङ्गी फूलहरू (२०६४)

– अमृत भीमानेली, आभाष सिन्धुलीय लगायत अन्य साथीका रचनाहरू समावेश)

पल्लवी रातहरू (२०६६/कैलाशकुमार दर्लामीको प्रबन्धकत्व एवम् विस्नुप्रवा सापकोटा, किशन शीतल विवश, वैरागी सुजन र विवश थापा 'आँसु'को संयुक्त सम्पादनमा)

– धनेन्द्र भुजेल र आर.के. 'अदिप्त' गिरीको आलेख सहित १०७ जना

मुक्तककारहरूका २/२ वटा रचनाहरू समावेश)

**मुक्तकयात्रा** (**समकालीन राष्ट्रिय सङ्ग्रह–२०६९ मङ्सिर/कृष्ण देवकोटाको प्रधान सम्पादकत्व एवं परिवर्तन, सरला लामिछाने 'सरु', प्राञ्जल एवं पवित्रा भण्डारी 'पारु' को संयुक्त सम्पादनमा**)

– वियोगी बुढाथोकी, खगेन्द्र गिरि 'कोपिला' र सञ्जिव पौडेलको आलेखसहित २४१ जना मुक्तककारका दुई/दुई वटा मुक्तक एवम् दुई जनाको आठ/आठ वटा मुक्तक दोहोरी समावेश ।

**समकालीन नेपाली मुक्तक** (**सिर्जना र समालोचना–२०६९**)

– कृष्णप्रसाद पराजुली, प्रा.मोहनराज शर्मा, प्रा.डा. कुमारबहादुर जोशी, प्रा.डा. नरेन्द्र चापागाईं, कृष्ण प्रधान, सरूभक्त, डा. शैलेन्दुप्रकाश नेपाल, खगेन्द्र गिरी ' कोपिला', डा. मुरारि पराजुली, डा. सुकुम शर्मा र धनेन्द्र भुजेलको दृष्टिकोण एवम् सैद्धान्तिक समालोचनात्मक आलेखहरू सहित १३६ जना मुक्तककारहरूका २/३ वटा रचनाहरू समावेश ।

समकालीन स्याङ्जाली मुक्तक (२०७० असोज/मुक्तिप्रसाद भण्डारीको सम्पादनमा)

– मिलन समीरको 'स्याङजाली मुक्तकको विगत, वर्तमान र भविष्य' शीर्षकको आलेख सहित

अर्जुन पौडेल, अनु बराल, अम्बिका भण्डारी, असफल गौतम, ऋतु अधिकारी, ऋषिराम पाण्डे, कपिल अज्ञात, कमल पौडेल 'अथक', गायत्री लम्साल, गोपाल खनाल, गोपीकृष्ण रेग्मी, गंगा पौडेल, गिरिजा गैरे, डा. घनश्याम न्यौपाने ' परिश्रमी', चन्द्रकला भन्डारी, चेतन कार्की, नमुना अर्याल, जमुना आर.सी., जय गौडेल, जीवनपानी, जीवन पौडेल, जूनतार ाभण्डारी, जूनतारा सङ्गम, टीकाराम अधिकारी, टीकाराम रेग्मी 'विकास', डिल्लीराम भण्डारी, डोलराज अर्याल, डोलराज भण्डारी, तिलक पौडेल, तोलाकान्त बगाले, दर्शन न्यौपाने, दीपक अधिकारी 'पृथ्वी', दीपेन्द्र पौडेल, देवीप्रसाद वनवासी, दुर्गाबहादुर शाह 'बाबा', नरेश रोकाहा, नारायण मरासिनी, नारायणप्रसाद काफ्ले, नारायणप्रसाद ज्ञवाली, 'पराजित' रेशम गोतामे, परिवर्तन, प्रकाश तिमिल्सिना, प्रकाश न्यौपाने 'प्रयास', बादल घिमिरे, बिना शर्मा, भगवती भण्डारी (तिवारी), महानन्द ढकाल, मिलन समीर, मुक्तिप्रसाद भण्डारी, युवराज सुवेदी, रविन के.सी., रामचन्द्र पौडेल, रिमबाबु राना, रूक्मिणी उपाध्याय, रूद्र 'सन्देश'मगर, रेशमप्रसाद ढकाल, लक्ष्मी अर्पणा, लक्ष्मी काफ्ले, लेखनाथ काफ्ले, लोकहरि पाण्डेय 'क्षितिज', विष्णु वाग्ले, वेद थापा 'बेहोसी', शिव पलाँस, शिवराज रेग्मी, शम्भुप्रसाद अर्याल, श्यामप्रसाद न्यौपाने, सञ्जय काफ्ले, सत्यम नेपाली, सन्तोष तिवारी, सरस्वती पाठक 'सहयात्री', सागर ज्ञवाली प्रितम, सीता पङ्गेनी, स्व. अनन्त तारा, डा. सुकुम शर्मा, सुमन लम्साल, सूर्यप्रसाद

डुम्रे, सौगात आशक, सङ्गीता खड्का र स्व. प्रविण ज्ञवाली गरी ७९ जना मुक्तककारका ३/३ वटा रचनाहरू समावेश ।

मुक्त आकाश (२०७१)

– इजरायलमा रहेका २७ जना नेपाली मुक्तककारका रचनाहरू समावेश

मुक्तक मिठास (२०७२ मङ्सिर/ निर्मल ढुङ्गानाको परिकल्पनामा)

– डा. घनश्याम न्यौपाने 'परिश्रमी', जयकिशन अधिकारी, प्रमोद खनाल, निर्मल ढुङ्गाना, रोहित राना, श्यामप्रसाद न्यौपाने, कमला अर्याल, युवराज लामिछाने 'प्रदीप', सुवास गिरी र अस्मिता भट्टराई गरी दस जना मुक्तककारका २०/२० वटा रचनाहरू समावेश ।

कोसेली (२०७२/दिपेन्द्र अश्रुमालीको सम्पादन एवम् दान राई 'झरी'को प्रमुख सम्पादनमा)

– ३१६ जना मुक्तककारहरूका ५/४/२ वटा रचनाहरू समावेश

मुक्तक चौतारी (२०७४/रूद्र अधिकारीको सम्पादनमा)

– ज्ञानुवाकर पौडेलको भूमिकामूलक आलेख सहित ज्ञानुवाकर पौडेल, शैलेन्दुप्रकाश नेपाल, वियोगी बुढाथोकी, विजयध्वज थापा, मदनराज थापा, रूद्र अधिकारी, सुशीला पौडेल, कल्पना काफ्ले, तेजप्रकाश बानियाँ, दुर्गा अधिकारी, सुशीला खड्का 'हसिना', कौशिला रिसाल, उत्तम भेटवाल, भुवन सिवाकोटी 'चौघरे', बाबु विवश (बाबुकाजी निरौला), पुष्पा धमला, अनिता भण्डारी (पौडेल), विमला दाहाल, शारदा सुवेदी, गोविन्द नेपाल, नमराज घिमिरे, विमला अधिकारी (देवकोटा), रत्नप्रसाद अनामणि श्रेष्ठ, जीवन अभिलाषी (जीवन शर्मा), गङ्गा कर्माचार्य पौडेल, प्रकाश बस्नेत 'गफाडी', संजिता बास्कोटा, दिलिप योन्जन तामाङ, प्रदीपराज श्रेष्ठ, दुर्गा तिवारी, विष्णु विरही, विष्णु थापा, सञ्जयको सिर्जना, सरोज पोखरेल, दीपक अधिकारी 'चञ्चल', विमला शर्मा (ढुङ्गाना), सानु गुरूङ, सिन्धु पौडेल, शान्ता खवास (भुजेल), सगुन अधिकारी, अम्बिका याम्फू 'अनमोल', जनार्दन अधिकारी 'धड्कन', तमू सजना, तारा के.सी., दीक्षित शेषराज आचार्य, सानु शर्मा, रीता खतिवडा, चूडा निर्भिक, दामोदर ढकाल, दुर्लभ शाह ' त्यागी', डा. प्रदीप मैनाली, गङ्गा आचार्य (सापकोटा), त्रिपुरा पौडेल, चन्द्र राई, सुनिल अधिकारी, शारदा घिमिरे 'भैल', नीलाञ्जला भारद्वाज, नम्रता उप्रेती, तेज कार्की, विनोद अधिकारी, विनोद खत्री 'आकाश', सपना कोइराला (अधिकारी), रवीन्द्र 'आशिष शैली', अमर ज्योति राई 'समर्पण', कुसुम शर्मा, शान्ति शर्मा, निर्दोष महता 'जय', निराजन तिमल्सिना, उर्मिला पन्त र रमेश बलामी गरी ७० जना मुक्तककारका ७/७ वटा रचनाहरू समावेश ।

सहयात्रा (दिपेन्द्र अश्रुमालीको संयोजन एवम् गोविन्द लामिछानेको सम्पादनमा)

– कमल कोइराला, प्रकाश पुष्पक राई (युमा), राजेश राई 'एकान्त', रचना रचु, शेदुङ्ग आम्बोटेली (सुसन राई), सन्तोष अम्गाई, नविन पूर्वेली (याखा), इलामेली सनत -तिम्सिना, चन्द्री मोक्तान, खुशी तामाङ, टेकबहादुर बोहरा, मदन बिजले 'अलपत्र', जि. एम. दिपु दिपेन्द्र, एच.के. धिताल, दीपक बुढाथोकी, सुरज गैह्रे

'विवश', अनिस मोक्तान, गौराम तामाङ, भिम मैदुंछा राई, धनबहादुर विक, कल्पना पौडेल 'जिज्ञासु', पर्शु कुलुङ राई, डी.बी. घायल 'पूर्ण', चक्रबाबु चन्द, कमली श्रेष्ठ 'रश्मी', जीवन सिजापती, भरत थापा, लबहरि ढुंगेल 'असफल', सपना घिमिरे, प्रकाश रूचाल, सुमन राई, दामोदर ढकाल 'दीपक', गोविन्द लामिछाने र दिपेन्द्र अश्रुमाली गरी ३३ जना मुक्तककारहरूका २०/१९/१७/१० वटा रचनाहरू समावेश ।

**हातेमालो स्फुरण**

फेरि यही चौथो चरणको सेरोफेरोमै रहेर यसपछिको क्रममा नेपाली मुक्तक विधाको लेखन एवम् प्रकाशन कार्यको विकास, विस्तारसँगै उचित संरक्षणको ऐतिहासिक अभियानमा विशेष महत्वपूर्ण स्थान ओगट्ने भनेर उल्लेख गर्नुपर्दा यदि मुक्तक अङ्क विशेष अङ्कको रूपमा प्रकाशित भएका विभिन्न साहित्यिक पत्रपत्रिकाहरूले पुऱ्याउँदै आएको अविस्मरणीय योगदानलाई समय सापेक्ष रूपमा अध्ययन/विश्लेषण गर्दै उचित मूल्यांकनसहित उल्लेख नगर्ने हो भने त नेपाली मुक्तक लेखनको चौथो चरणको इतिहास नै अपूर्ण हुन्छ ।

नेपाली मुक्तक लेखनको चौथो चरणका नेपाली साहित्यिक पत्रकार अनि उनीहरूद्वारा प्रकाशित साहित्यिक पत्रिकाका मुक्तक अङ्क/विशेषाङ्कहरूलाई प्रकाशन भएको समयलाई मुख्य आधारविन्दुको रूपमा लिएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

दृश्य (मुक्तक प्रधान त्रैमासिक पत्रिका/कैलाली/२०६०/३ अङ्क/निर्दोष डेविटको सम्पादनमा)

शिवपुरी सन्देश (त्रैमासिक/रजत अङ्क-२०६०/मुक्तक विशेषाङ्क/वियोगी बुढाथोकीको सम्पादनमा)

तृष्णा (मुक्तक प्रधान त्रैमासिक पत्रिका/कैलाली/२०६२/२ अङ्क/जनक जङ्घारको सम्पादनमा)

कालीको सुसेली (त्रैमासिक/मुक्तक विशेष-२०६४/इन्द्रकुमार विकल्पको सम्पादनमा)

मुक्तक वर्षा (मुक्तक विशेषाङ्क-२०६६, फागुन/फडिन्द्र 'अकिञ्चन' को सम्पादनमा)

– दीपक समीप, सरूभक्त, रूपिन्द्र प्रभावी 'कटु' र सञ्जीव पौडेलको आलेखहरू सहित १५८ जना मुक्तककारहरूका १/२/५/४ वटा रचना समावेश ।

सगुन (त्रैमासिक/मुक्तक विशेषवर्ष-१४, अङ्क-४, पूर्णाङ्क-१५, २०६७ माघ, फागुन, चैत/ राजेन्द्र पहाडीको प्रधानसम्पादनमा)

मधुपर्क (मुक्तक विशेष-वर्ष-४६, अङ्क-११, पूर्णाङ्क-५३८, चैत २०७०/आंशिक/श्रीओम श्रेष्ठको- सम्पादन एवम् तुलसी हरि कोइरालाको सहसम्पादनमा)

वैजयन्ती (विधाकेन्द्रित द्वैमासिक/मुक्तक अङ्क-वर्ष-७, अङ्क-२, पूर्णाङ्क-३२,

२०७१ असार-साउन र वर्ष-८, अङ्क-४, पूर्णाङ्क-४०, २०७२ कार्तिक-मङ्सिर)

सुवासना (मुक्तक विशेषाङ्क/ वर्ष-२, अङ्क-२, वैशाख-२०७२/सुशील थकाली 'अनुरागी' को प्रधान सम्पादनमा)

– ५५ जना मुक्तककारहरूका ३/३ वटा रचना समावेश

अक्षमाला (आर.के. अदिप्त गिरीको सम्पादनमा)

कोपिला (दीपक कथितको सम्पादनमा)

चार हरफ (मासिक मुक्तक प्रधान पत्रिका, बाग्लुङ/श्यामबहादुर/कुमार? थापा 'मगर'को सम्पादन/संयोजनमा)

नव सौगात (प्रदीप बगरको सम्पादनमा)

माछापुच्छ्रे

मुक्तकमाला (किशन शितल विवशको सम्पादनमा)

मुस्कान (धर्मराज बरालको सम्पादनमा)

मुहान (रूबाई प्रधान पत्रिका/पुष्कर बराल 'पुर्वेली'को सम्पादनमा)

मोती (बद्री पलिखेको सम्पादनमा)

सङ्गम (विष्णु सङ्गमको सम्पादनमा)

सौगात (दीपक समीपको सम्पादनमा)

हाम्रो मझेरी (पुष्प अधिकारी 'अञ्जलि'को सम्पादनमा)

**नेपाली मुक्तक विधाकेन्द्रित विभिन्न गतिविधि** :

त्यसैगरी नेपाली मुक्तक विधाको यही चौथो चरणमै मुक्तक लेखनसँगै प्रकाशन कार्यको विकास, विस्तार एवम् उचित संरक्षणको ऐतिहासिक अभियानलाई संस्थागत रूपमा अझै अगाडि बढाउँदै लैजाने र नेपाली मुक्तकको स्तरलाई थप उचाइमा पुऱ्याउने पवित्र मनसायका साथ स्थापना गरिएका विभिन्न मुक्तक विधाकेन्द्रित संघसंस्थाहरूसँगै अन्य विविध क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले समेत नेपाली मुक्तक विधाको क्षेत्रमा थप टेवा पुऱ्याउँदै आएका छन् । त्यस्ता संघसंस्था अनि तिनीहरूले समय समयमा गर्दै आएका मुक्तक विधासँग सम्बन्धित क्रियाकलापहरूलाई कार्यक्रमको आयोजना गरिएको समयलाई मुख्य आधार बनाएर यस प्रकार क्रमशः उल्लेख गरिएको छ ।

वि.सं. २०५९ मा राष्ट्रिय मुक्तक प्रतियोगिताको आयोजना गरिएको थियो । जुन प्रतियोगितामा विर्खे अन्जान (मकवानपुर) ले प्रथम पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

वि.सं. २०६५ मा पोखरामा आयोजित खुला मुक्तक प्रतियोगितामा विवश थापा 'आँसु'ले प्रथम पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

वि.सं. २०६८ भाद्र ९ गते काठमाडौंमा नवराज पहाडीद्वारा सम्पादित 'अन्तरङ्ग' साप्ताहिक पत्रिकाले आफ्नो २० औं वार्षिकोत्सवको उपलक्ष्यमा 'दोस्रो राष्ट्रव्यापी मुक्तक प्रतियोगिता-२०६८' को आयोजना गरेको थियो । उक्त कार्यक्रममा नेपाली मुक्तक विधाको क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको कदर स्वरूप शान्तिनारायण

श्रेष्ठ (पर्वत), पुष्प अधिकारी 'अञ्जलि' (चितवन) लगायत अन्य व्यक्तित्वहरूलाई 'अन्तरङ्ग मुक्तक राष्ट्रिय सम्मान-२०६८' समर्पण गरिएको थियो भने वि.सं. २०७३ भदौ ११ र १२ गते बेसिशहर, लमजुङमा नेपाल-असम साहित्यिक समारोह-२०७३ एवम् 'अन्तरङ्ग' को रजत उत्सव समारोहको आयोजना गरिएको थियो । उक्त समारोहमा 'तेस्रो राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगिता' को आयोजना गरिएको थियो । जुन प्रतियोगितामा सुनील अधिकारी (काठमाडौं) ले (प्रथम), मिलन समीर (स्याङ्जा) ले (द्वितीय), जीवन कार्की (रामेछाप) ले (तृतीय) र विवश थापा 'आँसु' र सम्झना रेग्मी 'सानु' (स्याङजा) ले (सान्त्वना) पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

वि.सं. २०६८ फागुन ७ गते वेशीशहरमा लमजुङ उद्योग वाणिज्य संघको आयोजनामा सञ्चालित लमजुङ महोत्सव-२०६८ को अवसरमा 'पश्चिमाञ्चल क्षेत्रीय मुक्तक प्रतियोगिता' सम्पन्न भएको थियो । जुन प्रतियोगितामा अमृत सुवेदी 'गुराँस' (तनहुँ) ले (प्रथम), मिलन समीर (स्याङजा) ले (द्वितीय), हरिमाया पराजुली (कास्की) ले (तृतीय), ओम 'क्षितिज' (रूपन्देही) र सुशील थकाली 'अनुरागी' (मुस्ताङ)ले (सान्त्वना) पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

मुक्तकको उन्ननयन र संरचनागत विकासका लागि वि.सं. २०७० माघ १६-१८ गते सम्म गरी ३ दिने कार्यशाला गोष्ठी पोखरामा आयोजना गरिएको थियो । डा. लक्ष्मणप्रसाद गौतमद्वारा उक्त कार्यशाला गोष्ठीमा 'मुक्तक रचना विधान' शीर्षकको कार्यपत्र प्रस्तुत गरिएको थियो । डा. मुरारि पराजुली, सरूभक्त, रत्नशमशेर थापा, चेतन कार्की, राजेन्द्र थापा, रमेश पौडेल, यादव भट्टराई, वियोगी बुढाथोकी, उषा शेरचन, घनश्याम परिश्रमी लगायतका व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको उक्त कार्यशाला गोष्ठीले पाँच बुँदे घोषणापत्र जारी गरेको थियो । हिजोका मुक्तककारहरूद्वारा जे जसो गरिएको भए तापनि त्यसलाई आदर गर्दै उक्त घोषणापत्रको माध्यमबाट चतुष्पदीय एक श्लोकलाई पारित गरिएको थियो । नेपाल मुक्तक प्रतिष्ठानले नीतिसहित स्रष्टाले सहयोगी हात पनि बढाउन सक्छ भनेर अहिलेसम्म दार्चुलाका बाढीपीडित, सिन्धुपाल्चोकको बाढीपीडित एक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति र भूकम्पपीडितलाई राहत स्वरूप विभिन्न कार्यक्रमको आयोजना गरेर सङ्कलन गरिएको आर्थिक सहयोग प्रदान गर्न भ्याइसकेको देखिन्छ । यसैगरी मुक्तकको स्वरूप नै विरूप हुँदै जान थालेको संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै मुक्तकको स्पष्ट चिनारी आवश्यक भएको अवस्थामा रचना विधानसहित प्रतिष्ठानको केन्द्र र इजरायल शाखाको संयुक्त आयोजनामा पहिलोपटक अनलाइन वाचन र अन्तर्राष्ट्रिय प्रतियोगितासमेत सम्पन्न भइसकेको छ । हङकङ, बेलायतको लन्डन र मलेसियामा रामकाजी कोनेको एकल मुक्तक वाचन कार्यक्रम भइसकेको छ । प्रतिष्ठानले शृङ्खलावद्ध रूपले 'मुक्तक मेला' को आयोजना समेत गर्दै आएको छ । जसअन्तर्गत हालसम्म स्वदेश र विदेशमा गरी जम्मा १४ वटा संस्करण सफलतापूर्वक सम्पन्न भइसकेका छन् ।

वि.सं. २०७१ असोज ४ गते शनिबारका दिन कालिका एफ.एम. भरतपुर,

चितवनको वार्षिकोत्सवको अवसरमा भरतपुर, चितवनमा 'राष्ट्रिय मुक्तक सम्मेलन' को आयोजना गरिएको थियो । नेपाली मुक्तक साहित्यको इतिहासमै सम्भवतः मुक्तक सम्मेलनको आयोजना गरिएको यो नै पहिलो हुनसक्छ ।

वि.सं. २०७१ फागुन २४ गते पोखरामा नारी दिवसको अवसरमा मुक्तक मञ्च, पोखरा र फ्लोरीकल्चर एसोसिएसन (FAN) कास्कीको सहकार्यमा पुष्प व्यापार मेलाकै बेला पारी 'नारी र फूल' विषयमा 'पश्चिमाञ्चल स्तरीय खुल्ला मुक्तक प्रतियोगिता' को आयोजना गरिएको थियो ।

वि.सं. २०७१ मा दमौलीमा पाँचौं तनहुँ महोत्सव-२०७१ को अवसर पारी 'राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगिता'को आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा सुदेश सत्याल (तनहुँ) ले (प्रथम) र मिलन समीर (स्याङ्जा) ले (तृतीय) पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

वि.सं. २०७४ जेठ २० गते शनिबार काठमाडौंको कलंकीस्थित एडमार्क कलेजमा अनुपम साहित्य प्रतिष्ठानले मुक्तक वाचन कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा डा. सत्यराज थपलिया, श्रीधर पौडेल, मुकुन्द पौडेल, डा. जीवन अधिकारी, विनु बाबा घिमिरे, द्वारिका कुइँकेल, जितु खड्का, रिता खतिवडा, पुरूषोत्तम सिग्देल, उत्तम विचार, उदासी कार्की, निर्मल पराजुली, सानु शर्मा, रूद्र अधिकारी, लक्ष्मीप्रसाद मिश्र, तारा केसी, चुडा निर्भिक, ठाकुरप्रसाद पौडेल, हरिप्रसाद पाण्डे, शारदा सुवेदी र देवकी ढुङ्गाना लगायतका मुक्तककारले मुक्तक वाचन गरेका थिए ।

वि.सं. २०७४ असोज २१ गते शनिबार टीकापुर, कैलालीमा नेपाली मुक्तकको समुन्नयन गर्ने उद्देश्य लिएर स्थापना गरिएको मुक्तक मञ्च नेपालले आफ्नो पहिलो कार्यक्रमको रूपमा मुक्तक बसाई र अभिनन्दन सम्मान समारोहको आयोजना गरेको थियो । सुदूर पश्चिमाञ्चलका मुक्तककारको जमघट रहेको उक्त बसाईमा ६० जना भन्दा बढी मुक्तककारले विभिन्न भावका मुक्तक रचना सुनाएका थिए । सोही समारोहमा वरिष्ठ मुक्तककार रमेश पौडेललाई अभिनन्दन गरिएको थियो ।

टीकापुर नगरपालिकाकाकी उपप्रमुख कवि केशरी विष्टले मुक्तककार पौडेललाई दोसल्ला ओढाएर अभिनन्दन पत्र प्रदान गरेकी थिइन् । मञ्चका अध्यक्ष निर्दोष डेविटको सभापतित्वमा भएको उक्त कार्यक्रममा विशेष अतिथि श्रेष्ठ प्रिया पत्थर, गगन सिंह थापा, डा. पुष्करराज भट्ट र कर्णबहादुर थापाले शुभकामना मन्तव्य दिएका थिए । अभिनन्दित मुक्तककार रमेश पौडेलले चोटिलो विधा मुक्तकका लागि टीकापुर निकै उर्वर रहेको र यसको भविष्य उज्ज्वल रहेको बताउँदै टीकापुरकै माटोलाई समर्पित मुक्तक सुनाएका थिए । सो बसाईमा मुक्तककार जनक जङ्घार, तिलक समर्पण, टोपेन्द्र शाह 'रसिक', मीनबहादुर थापा 'मिलन', डिल्लीराज ओझा 'समर्पण', माधवी बगर, लालजङ भण्डारी, आर्त अकुलिन, सत्यनारायण दहित, दीपेन्द्र विवश विष्ट, धनराज अविरल, जयसिंह ज्यामी, प्रेम थापा, रेस थापा, निश्चल के.सी., प्रेम जैसी ' मायालु', नारायण कोइराला 'मुन्ना', भानुभक्त ढकाल, योगिन विपिन, धिरज त्रिवेणी, कश्मिर मगर, बलबहादुर रावत 'सानु', शेरू विष्ट 'भावुक', चन्द्र सापकोटा 'जलन',

तारा भट्ट 'पल्लवी', धर्मराज देवकोटा, अशोक बोहरा 'असीम पीडा', माया कोइराला, हिमाल विष्ट 'सुदामा', दिनेश न्यौपाने, चन्द्र थापा, बम मितभाषी, गणेश जिगम लगायतका मुक्तककारले विभिन्न भावका मुक्तक रचना सुनाएका थिए ।

वि.सं. २०७४ चैत २२/२३ र २४ गते पोखरामा मुक्तक महोत्सवको आयोजना गरिएको थियो । मुक्तक मञ्च पोखराद्वारा रोट्रयाक्ट क्लब अफ हेम्जासँगको सहकार्यमा आयोजना गरिएको मुक्तक महोत्सवको पहिलो दिन अतिथि सत्कारसँगै विशेष मुक्तक गोष्ठी गरिएको थियो । मञ्चका अध्यक्ष प्रज्जलले- मुक्तकको विधागत उन्नयनमा विशेष योगदान पुऱ्याउँदै देशभरि छरिएर रहेका मुक्तककारहरूलाई एकै ठाउँमा भेला गरी अन्तरक्रिया गर्ने अवसर समेत महोत्सवले प्रदान गरेको बताएका थिए भने अग्रज मुक्तककार चेतन कार्कीले टिकटमा मुक्तक कार्यक्रम गरेर इतिहास निर्माण गरेको पोखरा मुक्तक विधाको लागि उर्वरभूमि भएको र यस्तो महोत्सवमा सहभागी हुन पाउनु सम्पूर्ण मुक्तककारका लागि गौरवको कुरा भएको बताएका थिए । नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेले प्रतिष्ठानले मुक्तक मञ्चसँग मिलेर गरेको वृहत् मुक्तक गोष्ठीको स्मरण गर्दै पोखरा मुक्तकका लागि ऐतिहासिक थलो भएको र पोखरामै मुक्तक महोत्सवको आयोजना गरिनु समग्र नेपाली साहित्यका लागि सत्प्रयासको रूपमा लिएको कुरा गरेका थिए भने मञ्चका सल्लाहकार दीपक समीपले मुक्तक महोत्सवले मुक्तकमञ्च र पोखराको लागि मात्रै नभएर सिङ्गो नेपाली साहित्यकै क्षेत्रमा विशेष महत्वपूर्ण अर्थ राख्ने बताएका थिए । पहिलो दिनको मुक्तक गोष्ठीमा मुक्तककारहरू चेतन कार्की, रामकाजी कोने, दीपक समीप, कपिल शर्मा, सञ्जीव पौडेल, डा. वसन्त गौतम, लक्ष्मण थापा, सञ्जय भट्टराई, सरला लामिछाने, के.आर. ढकाल, भरत पौडेल, सुरज गुरूङ, रामजी आचार्य, रोशन तल्कोटे, भरत पोखरेल, श्रीराम अधिकारी लगायतले विभिन्न भाव बोकेका मुक्तकहरू वाचन गरेका थिए ।

उक्त महोत्सवमा मुक्तक विधाकेन्द्रित रहेर सैद्धान्तिक बहससँगै मुक्तक मञ्च पोखराद्वारा प्रकाशित आठ वटा मुक्तक सङ्ग्रहहरूको बारेमा केन्द्रित समीक्षात्मक छलफल समेत गरिएको जानकारी मुक्तक मञ्चका सचिव रामजीप्रसाद आचार्यले गराएका थिए ।

कोने कल्याण कोष, काठमाडौंले विभिन्न समयमा मुक्तक विधासँग सम्बन्धित रहेर बहस एवम् अन्तरक्रियात्मक गोष्ठीहरूको आयोजना गर्दै आएको पाइन्छ ।

मुक्तककार निर्मल पराजुली र दुर्गा तिवारीको आयोजनामा काठमाडौंमा 'दलानमा मुक्तक' कार्यक्रम गरिएको थियो । नेपालमा मुक्तक विधाको लोकप्रियता बढ्दै गरेकाले वरिष्ठ र नवोदित सर्जकबीच सिर्जनात्मक अन्तरक्रिया होस् भनेर मुक्तक वाचन तथा समीक्षात्मक कार्यक्रम राखिएको आयोजक निर्मल पराजुलीले बताएका थिए । यसैगरी अर्का आयोजक दुर्गा निवारीले मुक्तक लेखन तथा वाचन कलाको विकासका लागि यस्ता कार्यक्रम सहयोगी हुने विश्वास व्यक्त गर्दै कार्यक्रमको आयोजना गरिएको जानकारी दिएकी थिइन् । कार्यक्रममा उपस्थित मुक्तककारले प्रत्येक दुई चरणमा ६/६ वटा मुक्तक वाचन गरेका थिए । वाचन

गरिएका मुक्तकमाथि समीक्षात्मक टिप्पणी गर्दै प्रमुख आमन्त्रित व्यक्तित्व ज्ञानुवाकर पौडेलले प्रायः सबै मुक्तककारले 'पोखरा घोषणा पत्र-२०७४' को मापदण्ड अनुसार मुक्तक लेखेकोमा सन्तोष व्यक्त गरेका थिए ।

यसैगरी प्राज्ञ वियोगी बुढाथोकीले मुक्तक चोटिलो विधा मात्र होइन रङ्गीन सिर्जना पनि हो भन्दै नवोदित पुस्तामा सशक्त मुक्तककार देखिएको बताएका थिए । मुक्तक प्रतिष्ठान नेपालका अध्यक्ष रामकाजी कोनेले नेपालमा मुक्तक विधालाई लोकप्रिय बनाउन आगामी दिनमा प्रतिष्ठान र युवा सर्जकले थप पहल गर्नुपर्ने बताएका थिए भने महासचिव रमेश पौडेलले अभिव्यक्तिलाई कुन विधाबाट व्यक्त गर्ने हो त्यसमा सर्जक स्पष्ट हुनुपर्ने बताएका थिए ।

कार्यक्रममा ज्ञानुवाकर पौडेल, वियोगी बुढाथोकी, रामकाजी कोने, रमेश पौडेल, डा. रूपक श्रेष्ठ, डा. जीवन अधिकारी, विजयध्वज थापा, त्रिपुरा पौडेल, गुप्तबहादुर श्रेष्ठ, उदास कार्की, सुनील अधिकारी, शान्ति शर्मा, रवीन्द्र आशिष, कौशिला रिसाल, भुवन शिवाकोटी, ओजस्वी गौतम, प्रकाश बस्नेत 'गफाडी', शिवराम खड्का, पुष्पा धमला, उत्तम विचार, गणेश खतिवडा, सीता प्याकुरेल,निर्मल पराजुली र दुर्गा तिवारी लगायतका मुक्तककारले मुक्तक वाचन गरेका थिए ।

वि.सं. २०७५ वैशाख ८ गते शनिबारका दिन घुम्ती मुक्तक टोलीले काठमाडौं र पोखराका मुक्तककारलाई एकै ठाउँमा उभ्याएर 'फेवातालमा मुक्तक' कार्यक्रमको आयोजना गरेको थियो । फेवातालमा डुंगामाथि बसेर मुक्तककारले आफ्ना रचना सुनाउँदै गर्दा पाका र युवा मुक्तककारको मुक्तकीय जमघटलाई डुंगामा तैरिरहेका अन्य पर्यटकले समेत अत्यन्तै उत्सुकताका साथ चाखलाग्दो गरी नियालेका थिए । मुक्तककारले नेपाली समाज, समसामयिक राजनीतिसँगै प्रेम प्रणयदेखि स्वदेशभक्तिपूर्ण भाव बोकेका मुक्तक पालैपालो वाचन गरेका थिए । वसन्त गौतमले आफ्नो मुक्तकमार्फत् समकालीन नेपाली राजनीतिज्ञलाई व्यङ्ग्य गरेका थिए भने मिर्मिसा पराजुलीले आफ्नो मुक्तकलाई माध्यम बनाएर भ्रष्टाचारको विरोध गरेकी थिइन् । मुक्तककारहरूले समसामयिक नेपाली राजनीतिप्रति तीखो व्यङ्ग्यसँगै भ्रष्ट नेतालाई गाली गर्न पछि नपरेको अवस्थामा सुरेश रानाभाटले काठमाडौं केन्द्रित मानसिकता अनि तक्माका लोभीहरूको उछित्तो काढेका थिए भने मुक्तकलाई नै माध्यम बनाएर आफू सिन्धुलीकी छोरी अनि हुम्लाकी बुहारी भएको परिचय दिएकी देवकी तिमल्सिना 'समीक्षा'ले यो देशलाई परिवर्तन गर्नसक्ने योद्धाको खाँचो टड्कारो रहेको कुरा औंल्याएकी थिइन् । मुक्तककारहरूले आफ्ना पाँच-पाँच वटा मुक्तक रचनाको माध्यमबाट नेपाली महिलाका पीडा, जातीय विभेदप्रतिको आक्रोश एवम् प्रशासनप्रति चरम नैरास्यताको भाव दर्शाएका थिए । कृष्ण देवकोटाले नेपाल प्रहरीप्रति व्यङ्ग्य गर्न भ्याएका थिए भने रवीन्द्र आशिषले सबैलाई छलकपट नगर्नका लागि मुक्तकमार्फत् आग्रह गरेका थिए । मायाप्रेम केन्द्रित मुक्तक सुनाएर प्रेमिल माहोल सिर्जना गरेकी सरू लामिछानेले एकधर्को सिन्दुरले नारीलाई किन्न खोजिने तर्कसहितको मुक्तक वाचन गरी वाहवाही पाएकी थिइन् । यसैगरी विशेष आमन्त्रित व्यक्तित्वको रूपमा उपस्थित भएकी सरस्वती श्रेष्ठ 'सरू' ले पाको

उमेरमा समेत युवावस्थाको झल्को दिने गरी प्रेमिल मुक्तक वाचन गरेकी थिइन् भने गौरी तमूले मायाप्रेमदेखि लिएर संघर्षका विषय सन्दर्भसँगै जातीय-धार्मिक विभेदका विरूद्ध बोलेकी थिइन् ।

उक्त कार्यक्रममा रूपिन्द्र प्रभावी, कौशिला रिजाल, भरतराज पौडेल, शशि थापा पण्डित, रूद्र अधिकारी, भुवन शिवाकोटी 'चौघरे', प्रकट गौतम, मैया सुवेदी, दुर्गा तिवारी, प्रेम ढकाल, तुल गुरूङ र माया कुँवरले पनि आफ्ना ओजपूर्ण मुक्तक प्रस्तुत गरेका थिए भने बद्री विनोद प्रतीकले चार दशकअघि पोखरामै भएको 'टिकटमा मुक्तक' कार्यक्रमको स्मरण गरेका थिए । पोखरेली युवा सांस्कृतिक परिवारद्वारा उक्त कार्यक्रमको आयोजना गरिँदा आफू संस्थाको साहित्य संयोजक रहेको जनाउँदै उनले - "त्यतिखेर मुक्तकभन्दा बढी पञ्चायतको विरोधमा नारा हुन्थ्यो । यतिखेर अत्यन्तै सुन्दर एवम् उच्च कलात्मक मुक्तक सुन्न पाइन्छ ।" भन्ने सन्दर्भ उठाएका थिए । कार्यक्रमको संयोजकको रूपमा निर्मल पराजुलीले विभिन्न स्थानमा पुगेर मुक्तक वाचन गर्ने उद्देश्यअनुरूप यसपल्ट फेवातालमा आइपुगेको बताउँदै पोखराका युवा मुक्तककारको सक्रियताले आफूलाई लोभ्याउने काम गरेको जनाएका थिए । उक्त कार्यक्रमको संयोजन निर्मल पराजुली र दुर्गा तिवारीद्वारा संयुक्त रूपमा गरिएको थियो ।

वि.सं. २०७५ जेठमा रोजगारीको सिलसिलामा दक्षिण कोरियामा रहेका मुक्तकप्रेमी सहृदयी नेपाली युवाहरू सन्तोष अम्गाई, संजय घिमिरे, विष्णु वाग्ले, डि.आर. न्यौपाने 'सूर्य' र रामचन्द्र शर्माको अग्रसरतामा नेपाल मुक्तक प्रतिष्ठान, दक्षिण कोरिया शाखाले नेपाली साहित्यको लोकप्रिय विधा 'मुक्तक' को विकास गर्ने उद्देश्यका साथ 'विश्वव्यापी अनलाइन मुक्तक प्रतियोगिता'को आयोजना गरेको थियो । उक्त प्रतियोगितामा प्रथम पुरस्कार स्वरूप रू. दस हजार, द्वितीय पुरस्कार स्वरूप रू. आठ हजार, तृतीय पुरस्कार स्वरूप रू. पाँच हजार र सान्त्वना पुरस्कार स्वरूप रू. तीन हजार एक/एक जनालाई प्रदान गरिएको थियो ।

आगामी भाद्र १६ गते शनिबारका दिन 'अन्तरङ्ग' राष्ट्रिय साप्ताहिक पत्रिकाको आयोजनामा लमजुङको बेसीशहरमा 'चौथो राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगिता'को आयोजना गरिने भएको छ । साथै उक्त प्रतियोगितामा प्राप्त हुने मुक्तकहरूको संग्रह समेत प्रकाशन गरिने तयारी गरिएको कार्यक्रम संयोजक नवराज पहाडीले जानकारी दिएका छन् । उक्त प्रतियोगितामा प्रथम हुने एक जनालाई रू. १२ हजार, दोस्रो हुने एक जनालाई रू. आठ हजार, तेस्रो हुने एक जनालाई रू. पाँच हजार र सान्त्वना हुने दुई जनालाई रू. तीन/तीन हजार नगद राशि सहित विशेष उपहार र प्रमाणपत्र प्रदान गरिने साथै उत्कृष्ट १० जनामध्ये बाँकी पाँच जनालाई पनि विशेष उपहार र प्रमाणपत्र प्रदान गरिने भएको छ ।

परदेशी साहित्य समाज, भारतद्वारा 'प्रथम अनलाइन मुक्तक वाचन प्रतियोगिताको आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा खगेन्द्र समरसले (प्रथम), एक्सन आरसीले (द्वितीय), जियम दिपु देपेन्द्रले (तृतीय) र अभि क्षेत्रीले (सान्त्वना) पुरस्कार प्राप्त गर्न सफल भएका थिए भने सागर भण्डारी 'विभोर',

हेमन्ता कँडेल, तरल तेज, संजय भट्टराई, कलम चलाउने र रूपक जमरा क्रमशः उत्कृष्ट दस मुक्तककारभित्र समेटिन सफल रहेका थिए ।

यसरी हेर्दा २३६ वटा एकल (२० वटा आंशिक र ५ वटा अनुवादसहित) सङ्ग्रहहरू (मुक्तक काव्य/हवाइसंग्रह/रूबाइ सङ्ग्रह/मगर भाषामा अनुवादित/रूबाइ सवाल-जवाफ सङ्ग्रह/मगर भाषामा/ समालोचनात्मक कृति/हास्यव्यङ्ग्यात्मक/भोजपुरी भाषामा/ नेपाल भाषामा । चाम्लिङ भाषामा (प्रकाशित सबै गरेर) सँगै १५ वटा संयुक्त रूपमा प्रकाशित सङ्ग्रहहरूदेखि लिएर ६ वटा मुक्तक विधाकेन्द्रित पत्रिका एवम् १५ वटा मुक्तक अङ्क/विशेषाङ्कको रूपमा विभिन्न साहित्यिक पत्रिकाहरू समेत प्रकाशित भएको तथ्यपूर्ण आधार अनि तीर्थराज अधिकारीलाई मुक्तकमणि उपाधि प्रदान गरिएको सन्दर्भले नै के कुरा छर्लङ्ग हुन्छ भने नेपाली मुक्तक लेखनको चौथो चरणलाई अति उर्वर एवम् चरमोत्कर्ष कालको रूपमा सहजै उल्लेख गर्न सकिन्छ । यो कुरा प्रति कोही कसैको विमति सायदै हुन सक्ला ।

फेरि यही चौथो चरणमै आएर नेपाली मुक्तक लेखनसँगै प्रकाशनको विकास, विस्तार एवम् उचित संरक्षणको ऐतिहासिक अभियानलाई संस्थागत रूपमा अझै अगाडि बढाउँदै लैजाने पवित्र उद्देश्यका साथ स्थापना गरिएका विभिन्न मुक्तक विधाकेन्द्रित संघसंस्था अनि विभिन्न एफ.एम. रेडियोको माध्यमबाट प्रसारण गरिएका मुक्तक विधाकेन्द्रित कार्यक्रमहरूले समेत नेपाली भाषा साहित्यको क्षेत्रमा मुक्तक विधाको विकास, विस्तार एवम् संरक्षणको कार्यमा थप टेवा पुऱ्याउँदै आएका छन् । त्यस्ता संघसंस्था अनि एफ.एम. रेडियो कार्यक्रमहरूमध्ये रामकाजी कोनेको अध्यक्षतामा स्थापना गरिएको नेपाल मुक्तक प्रतिष्ठान र यसका मुलुक भित्र र बाहिर इजरायल, मलेसिया, दक्षिण कोरिया र बेलायत लगायतका देशहरूमा विस्तार गरिएका शाखा प्रशाखाहरूलाई विशेष उल्लेखनीय रूपमा लिन सकिन्छ । जसले नेपाली मुक्तक विधाको उत्थानकै लागि काठमाडौंमा स्थापित भएर मुक्तक-विधाको गरिमा बढाउँदै विभिन्न रचनात्मक कार्यक्रमहरू समेत सफलतापूर्वक सुसम्पन्न गर्दै आफूलाई अगाडि बढाउँदै लगेको छ र मुक्तक विधाकेन्द्रित संस्थाहरूमध्ये अग्रपङ्क्तिमा उभ्याउन सफल भएको छ । नेपाल मुक्तक प्रतिष्ठानले नेपाली मुक्तक विधाको इतिहासमा विशेष महत्वपूर्ण अर्थ राख्ने कार्यक्रमको रूपमा सुदूरपश्चिमाञ्चलका बाढीपीडितहरूको सहयोगार्थ टिकटमा मुक्तक 'मुक्तक माहौल-२०७०' र 'मुक्तकको रचनाविधान' विषयक वृहत मुक्तक कार्यशाला गोष्ठी सम्पन्न गरिसकेको छ । नेपाली मुक्तक विधाको क्षेत्रमा प्रतिष्ठानको क्रियाशीलतालाई हेर्दा नेपाली मुक्तकको सर्वाङ्गीण विकास र विस्तार गर्नु नै यसको मुख्य अभिप्राय रहेको देखिन्छ । यसैगरी नेपाली मुक्तक विधाको उत्थानकै लागि मुक्तक मञ्च, पोखरामा स्थापित भएर मुक्तक विधाको क्षेत्रमा विभिन्न महत्वपूर्ण रचनात्मक कार्यहरू सम्पन्न गर्दै क्रियाशील भएर अगाडि बढिरहेको छ । यसमै समेटिएर पोखरेली मुक्तककारहरू संगठित रूपमा मुक्तक विधाको विकास र उत्थानका लागि मरिमेटेरै लागेका छन् । मञ्चले हरेक महिनाको अन्तिम शनिबार नियमित रूपले मुक्तक वाचन कार्यक्रमको आयोजना गर्दै आएको छ । उक्त कार्यक्रममा मुक्तककारहरूको ओइरो लागेको

पाइन्छ । मुक्तक मञ्चले विष्णुकुमार श्रेष्ठ 'अल्पविराम पोखरेली'द्वारा स्थापना गरिएको 'राष्ट्रिय मुक्तक पुरस्कार'को सञ्चालन समेत गरेको छ । नेपाली साहित्यको इतिहासमै मुक्तक विधाकेन्द्रित यो पुरस्कार सम्भवतः पहिलो र अहिलेसम्मको एक मात्र हो । त्यसैगरी मुक्तक मञ्च, नेपाल, चुहा, कैलाली, टिकापुर, वि.सं. २०५९ मा स्थापना भएर मुक्तक विधाको विकासका लागि क्रियाशील रहेर विभिन्न रचनात्मक कार्यक्रमको आयोजना गर्दै आएको पाइन्छ भने रेडियो बाराही, पोखराको 'भावदर्पण' र 'खुला आकाश' सँगै रेडियो अन्नपूर्णको 'आँखीझ्याल' र 'मुक्तक यात्रा' अनि रेडियो देवदह (रूपन्देही) को 'मुक्तक सरोबर' जस्ता मुक्तक विशेष कार्यक्रम उत्साहित ढंगले विशेष सक्रियताका साथ अगाडि बढिरहेको पाइन्छ । यसरी विभिन्न एफ.एम. रेडियोहरूको माध्यमबाट प्रसारण हुँदै आएका मुक्तक विधाकेन्द्रित अनेकौं कार्यक्रमहरूले पनि मुक्तक विधाको विकासमा अमिट छाप छोडेका छन् भन्दा कुनै अतिशयोक्ति नहोला सायद !

आफ्नो स्थापना कालदेखि नै क्रियाशील रूपमा रहेका यिनै माथि उल्लेख गरिएका मुक्तक विधाकेन्द्रित विभिन्न संघसंस्थाहरूदेखि लिएर एफ.एम. रेडियो कार्यक्रमहरूले संस्था स्थापना/कार्यक्रम प्रसारणको छोटो समयको वाबजुद विभिन्न समस्याहरूको सामना गर्दै नेपाली मुक्तक विधाको लेखनसँगै प्रकाशन कार्यको विकास, विस्तार र संरक्षणको दिशामा केही महत्वपूर्ण रचनात्मक कामहरू सु-सम्पन्न गरिसकेका छन् भने आगामी दिनमा पनि अझै क्रियाशीलताका साथ थुप्रै कामहरू सम्पन्न गर्दै अगाडि बढ्दै जाने अपेक्षा राख्नु अस्वभाविक हुँदैन । जसले गर्दा पनि फेरि यही चौथो चरणलाई थप अति उर्वरतासँगै चरम उत्कर्षताको सबैभन्दा माथिल्लो उचाइमा पुऱ्याउने कार्यमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्न सकिन्छ ।

**निष्कर्ष :**

हो, यही माथि उल्लेख गरिएका विभिन्न तथ्यहरूलाई आधार बनाएर स्पष्टताका साथ के भन्न सकिन्छ भने नेपाली मुक्तक लेखनसँगै प्रकाशन कार्यको विगत छोटै भएर पनि विशिष्ट किसिमको र आशालाग्दो रहेको कुरालाई कोही कसैले कहिल्यै पनि नजरअन्दाज गर्न सक्दैन । छोटो इतिहासको कालखण्डको रूपमा रहेर पनि सारमा विशिष्ट एवम् आशालाग्दो भएर देखिएको नेपाली मुक्तक विगतकै न्यानो काखमा टेकेर वर्तमान समयमा आइपुग्ने क्रमसँगै भरोसालाग्दो बनेर उभिएको छ, तपाईं हामी सबैको अगाडि । यसैको बलियो प्रमाणको रूपमा पनि यही 'नवप्रज्ञापन' त्रैमासिक साहित्यिक पत्रिकाको प्रतिनिधि मुक्तक विशेषाङ्क फड्के किनारामा एक्लै साक्षी बसेको छ । अब हामी ढुक्क भइसकेका छौं अनि पूर्ण रूपमा भरोसा गर्न समेत थालिसकेका छौं, नेपाली मुक्तक लेखन एवम् प्रकाशनको इतिहासका पानाहरू पल्टाउँदै अगाडि बढ्दै जाने क्रमसँगै पछिल्लो समयमा आइपुगेसँगै यसले अचम्मैसँग पारेको सशक्त प्रभावमै समेटिएर विधागत सचेतनासँगै जागरूक रूपमा स्तरीय मुक्तक लेखन एवम् प्रकाशन कार्यमा डटेरै लागेका नेपाली मुक्तककारहरूको ईर्ष्यालाग्दो सक्रियता देखेर । वर्तमान समयमै

नेपाली मुक्तक विधाको क्षेत्रमा सचेत एवम् जागरूक मुक्तककारहरूको विशेष सक्रियता दिनहुँ बढ्दो क्रममा रहेको तथ्यलाई आधार बनाएर पूर्णरूपले निश्चिन्त भएरै भन्न सक्ने अवस्थामा पुगिसकेका छौं कि नेपाली मुक्तक लेखनसँगै प्रकाशन कार्यको वर्तमान अवस्था साँच्चै भरोसालाग्दो बनेर देखापरिसकेको छ ।

छोटो भएर पनि फेरि आफैंमा विशिष्ट रूपमा आशालाग्दो रहेको नेपाली मुक्तक लेखनको गौरवपूर्ण इतिहासको बलियो जगमाथि टेकेर आजको नेपाली मुक्तक पछिल्लो समयमा भरोसालाग्दो बनेर देखापरेको छ । यही विशिष्ट तथ्यलाई विशेष आधार मानेर हेर्ने हो भने अनि फेरि नेपाली मुक्तक लेखनको विकास, विस्तार एवम् उचित संरक्षणको ऐतिहासिक अभियान यसैगरी यही रफ्तारमा अगाडि बढ्दै जाने हो भने नेपाली मुक्तक विधाको भविष्य अत्यन्तै सुनिश्चित रहेको छ भन्ने कुरालाई दाबीका साथ उल्लेख गर्न सकिन्छ । तर पूर्ण व्यक्तिगत रूपमा सङ्कुचित मानसिकताले ग्रस्त साँघुरो परिवेशभित्र कुहिराको कागजस्तै अलमलिएर होइन कि पूर्ण सामूहिक रूपमा फराकिलो सोच लिएर महान् वैचारिक आस्थासहित असीमित सम्भावनाको नयाँ दैलो उघार्ने कार्यमा भने तपाईं हामी नेपाली मुक्तक विधाका लेखक, विश्लेषक, अनुसन्धाता एवम् अभियन्ताहरूमध्ये कोही कसैले पनि अब कदापि ढिलो गर्नु हुँदैन । आगामी दिनमा नेपाली मुक्तक लेखनको क्षेत्रमा थप विशिष्टता हासिल गर्ने कार्यमा अहिलेसम्म देखिएका अवसर र चुनौतिहरूलाई एकसाथ सम्बोधन गर्दै मुक्तकप्रेमी सहृदयी पाठकहरूलाई पढूँ पढूँ लाग्ने बनाउनका लागि नेपाली मुक्तककारहरूले मुक्तकको रचना गर्दा समसामयिक भावधारामा समेटिदै समयसापेक्ष रहेर युगीन विचार पस्किदै पाठकीय स्वादसँगै फरक खालको काव्यात्मक सुवास दिन सक्नुपर्ने हुन्छ । त्यसका लागि भने मुक्तककारहरूले एकातिर अझै कठोर मेहनत र साधना गर्नै पर्ने देखिन्छ भने अर्कोतिर नेपालभित्र बोलिने विभिन्न मातृभाषामा लेखिएका सर्वोत्कृष्ट मुक्तक रचनाहरूको अन्तरभाषिक भाषानुवाद गर्ने कार्य समेत तत्काल सुरू गर्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ । एक्काइसौं शताब्दीको पछिल्लो समयमा अत्याधुनिक सूचना प्रविधिको कारण हरेक व्यक्ति अत्यन्तै व्यस्त हुँदै जानुपरेको बाध्यात्मक परिस्थितिको सृजना भएसँगै वर्तमान समयमा चाहेरै पनि लामालामा कविता/काव्यकृतिहरू पढिराख्न समेत पाठकहरूलाई फुसर्द नभएको यो अत्यन्तै जटिल अनि संवेदनशील अवस्थामा मुक्तक विधाका पाठकहरू दिनहुँ क्रमशः बढ्दै गएको देखिन्छ । उनीहरूलाई मुक्तक पढ्ने लत बसाल्दै लैजानका लागि मुक्तक लेखनसँगै प्रकाशन कार्यमा क्रियाशील स्रष्टाहरूले युगीन आवाजलाई थप बुलन्दित बनाउँदै मुक्तक लेखनको क्षेत्रमा नयाँ आयाम थपिने गरी चोटिलो लेखकीय अभिव्यक्ति प्रस्तुत गर्नुपर्ने चुनौतिको डटेर सामना गर्दै अगाडि बढ्दै जानुपर्ने देखिन्छ । त्यसका साथै मुक्तक लेखन, प्रकाशन कार्यसँगसँगै मुक्तक सम्बन्धी विस्तृत अध्ययन एवम् गहन विश्लेषण गर्दै अगाडि बढ्ने कार्यलाई समेत विशेष जोड दिएर सदैव अगाडि बढ्नुपर्ने हुन्छ । तबमात्रै नेपाली मुक्तक विधाको सुनिश्चित भविष्यको सुनौलो किरण मिर्मिरे बिहानीको पारिलो घाम भएर झुल्किने छ तपाईं हाम्रो घर आँगनीमा, सबैलाई चेतना भया !

*– करादी खोला, स्याङ्जा*

**प्रमुख सन्दर्भ सामग्री :**

समीर मिलन, 'स्याङ्जाली मुक्तक लेखनको विगत, वर्तमान र भविष्य', 'समकालीन स्याङ्जाली मुक्तक' (संयुक्त सङ्ग्रह-२०७० असोज) ।

समीर मिलन, 'स्याङ्जाली मुक्तकको इतिहास र विकासक्रम', 'नवप्रज्ञापन' साहित्यिक त्रैमासिक पत्रिका (बारा) को पूर्णाङ्क-६३ (माघ-चैत्र, २०७०) ।

समीर मिलन, 'स्याङ्जाली मुक्तकको विगत, वर्तमान र भविष्य', 'नारीस्वर' साहित्यिक त्रैमासिक पत्रिका (काठमाडौं) को वर्ष-८, पूर्णाङ्क-३० (२०७१, पुस) ।

समीर मिलन, 'नेपाली मुक्तकको विगत, वर्तमान र भविष्य', 'बुलबुल' द्वैमासिक पत्रिका (म्याग्दी) को वर्ष-२, अङ्क-३, पूर्णाङ-८ (२०७३ भदौ, असोज) ।

चौध अञ्चलमा नारी साहित्य ।

चौध अञ्चलमा विश्व नारी नेपाली साहित्य : परम्परा र प्रवृत्ति ।

नेपाली महिला कथाकार भाग-२ (सम्पादक डा. ज्ञानू पाण्डे, नेपाल प्रज्ञा प्रनिष्ठान, २०७०) ।

विश्वनारी नेपाली स्रष्टाकोश (नरेन्द्रराज प्रसाई/इन्दिरा प्रसाइँ, त्रिमूर्ति निकेतन, २०७१) ।

विश्वनारी नेपाली साहित्यको रेखाङ्कन (प्रबन्ध सङ्ग्रह सम्पादक- नरेन्द्रराज प्रसाई/इन्दिरा प्रसाई, त्रिमूर्ति निकेतन, २०७१) ।

विश्वनारी नेपाली साहित्य : परम्परा र प्रवृत्ति ।

'अन्नपूर्ण पोष्ट' राष्ट्रिय दैनिक (काठमाडौं) ।

'कान्तिपुर' राष्ट्रिय दैनिक (काठमाडौं) ।

'गोरखापत्र' राष्ट्रिय दैनिक (काठमाडौं) ।

'चरैवेति' साहित्यिक त्रैमासिक (चितवन) ।

'नागरिक' राष्ट्रिय दैनिक (काठमाडौं) को 'पश्चिमेली' (पोखरा) ।

'नेपाल समाचारपत्र' राष्ट्रिय दैनिक (काठमाडौं) ।

'न्यू लमजुङ दर्पण' त्रैमासिक ।

'बनिता' साहित्यिक त्रैमासिक (मोरङ)

'मधुपर्क' साहित्यिक मासिक (काठमाडौं)

'ललित कला पत्रिका' द्वैमासिक (काठमाडौं) का विभिन्न अङ्कहरू ।

'हाम्रो मातृभूमि' साहित्यिक त्रैमासिक (मकवानपुर)

यस आलेखमा उल्लिखित अधिकांश कृति एवम् पत्रपत्रिकाका मुक्तक अङ्क/विशेषाङ्कहरू

*(नोटः- प्रस्तुत 'नेपाली मुक्तकको इतिहास र विकासक्रम' शीर्षकको आलेखमा तपाईंको जानकारीमा भएका कुनै तथ्यहरू यदि छुटेको रहेछ भने मो.नं. ९८४६१३६१३७) मा सम्पर्क गरेर तुरुन्त टिपाउनु भएर अभिलेखीकरण गर्ने कार्यमा सघाउनु हुनेछ भन्ने विश्वास लिएका छौं ।)*

# मुक्तक : अनेक रुप–अनेक रङ्ग



**● खगेन्द्र गिरि 'कोपिला'**

मुक्तकलाई साहित्यको सबैभन्दा सानो, चिटिक्क परेको र चोटिलो विधा मानिन्छ । यद्यपि आजभोलि मुक्तकभन्दा सानो आकारका लघु रूपका विधाहरू साहित्यमा देखा पर्न लागेका भएपनि मुक्तकको प्रभावशाली उपस्थिति अजेय र निर्विकल्प नै देखिन्छ । मुक्तकलाई साहित्यिक खुराकको चटनी पनि भनिन्छ । खानाका विविध परिकारहरूको बीचमा जसरी चटनीको उपस्थिति जति महत्वपूर्ण हुन्छ त्यस्तै आकार सानो भए पनि साहित्यमा मुक्तकको स्वाद छुट्टै हुन्छ । मुक्तक कथ्य र संरचनाले छोटो हुन्छ भने प्रभावकारीताले तिक्ष्ण हुन्छ । त्यसैले कसैकसैले मुक्तकलाई जिरेखुर्सानीसंग पनि तुलना गरेका छन् । आधुनिक नेपाली मुक्तकको ओजपूर्ण बान्कीको रसपान चेतन कार्कीको यस मुक्तकबाट गर्न सकिन्छः

*'हत्केलाले सँधैं भरि सूर्य छेकिदैन*
*राष्ट्रघातीहरूको कीर्तिगाथा लेखिदैन*
*कान खोली सुन हे बिदेशी दलाल हो !*
*सालिक ढलाउँदैमा हाम्रो आस्था मेटिदैन*
*सालिक ढलाउँदैमा इतिहास मेटिदैन'*

पूर्वीय वाङ्मयमा वैदिक कालदेखि साहित्यमा मुक्तकको उपस्थिति रहेको पाइन्छ । वेद, उपनिषद र पुराणका कैयौं श्लोक र मन्त्रहरू मुक्तक शैलीमा लेखिएका छन् । मुक्तक शैलीका ती श्लोक र मन्त्रहरू कोही पद्यात्मक छन् भने कोही गद्यात्मक पनि छन् । साहित्यको सन्दर्भमा मुक्तकको स्वतन्त्र चर्चा र व्याख्या भने पहिलो पल्ट महर्षि वेदव्यासले गरेका हुन् । द्वापर युगमा लेखिएको अग्निपुराणको ३३७ औं अध्यायमा उनले मुक्तकलाई पद्य विधा अन्तरगत राखेर यस्तो लेखेका छन् :

*कुलकं मुक्तकं कोश इति पद्यकुटुम्बकम्*
(कुलक, मुक्तक र कोश यी सबै पद्यका समुदाय हुन्)

सोही अध्यायमा मुक्तकको परिभाषा दिदैं महर्षि वेदव्यास फेरि लेख्छन्:
*मुक्तकं श्लोक एकैकश्चमत्कारक्षमः सताम्*
(एकएक श्लोक भएको स्वतन्त्र रचनालाई मुक्तक भन्दछन् । त्यसले पाठकका मनमा चमत्कार उत्पन्न गर्न सक्नु पर्दछ)

आधुनिक युगमा विद्वानहरूले मुक्तकको विषयमा दिएका परिभाषाहरू पनि यही सेरोफेरोमा छन् । नेपालका सुप्रसिद्ध साहित्यकार चेतन कार्कीले मुक्तकको परिभाषा यसरी दिएका छन्– महाकाव्य वा खण्डकाव्यका नियमबाट मुक्त, आफैमा पूर्ण, सानो रचना मुक्तक हो । त्यस्तै मुक्तक विधामा नेपालका प्रथम विद्यावारिधिको उपाधिप्राप्त विद्वान डा.मुरारि पराजुलीको कथन छ– मुक्तक कविता भनेको त्यस्तो कविता हो जो अन्य पद्यको सघाउबिना नै अर्थपूर्ण हुन्छ र सर्वथा ग्रन्थित काव्यबाट पृथक वा स्वतन्त्र वा मुक्त रहन्छ ।

संस्कृत भाषाको जगमा उभिएको नेपाली मुक्तक विधा समयका अनेकौं कालखण्ड छिचोल्दै आज आएर विभिन्न रूप र विभिन्न भावभंगिमाका साथ हाम्रो अगाडि उभिएको छ । आज टुक्रे श्लोक मात्र होइन ससाना टुक्रे कवितालाई पनि हामीले मुक्तकको रूपमा स्वीकारी सकेका छौं। यी टुक्रे श्लोक र टुक्रे कविताका पनि अनेक रूप र अनेक छटा देखिन्छन् । मुक्तक भावले मात्र होइन संरचनाले पनि मुक्त हुँदै आएको छ । अचेल कतै थोपा, बूँद, बाछिटा र चटनी भनेर मुक्तक लेखिदै छन् भने कतै खुद्रा, झड्का, चुट्का, चोइटा र आँकुराका नाममा लेखिदै छन् । यो कहिले टुसा, ठुन्का, टुक्रा र छिर्काको रूपमा लेखिन्छ भने कहिले अचार, गेडा, झुल्का र छेस्काको नाममा लेखिन्छ ।

मुक्तकको प्रविधिलाई हेर्दा प्रायः मुक्तक दुई ओटा रूपमा लेखिएको पाइन्छ– अनुप्राशविहीन मुक्तक र अनुप्राशयुक्त मुक्तक । अनुप्राशविहीन मुक्तकहरू छोटा, छरिता, लघु आकारका कविताजस्तै हुन्छन् । यिनीहरू कम्तिमा तीन पङ्क्तिदेखि बढीमा छ–सात पङ्क्तिसम्मका हुन्छन् । अनुप्राशयुक्त मुक्तक भने चार पङ्क्तिका मात्र हुन्छन् । यिनीहरूको पहिलो, दोश्रो र चौथो पङ्क्तिको अन्तमा अनुप्राश मिलाईन्छ भने तेश्रो पङ्क्ति स्वतन्त्र छाडिन्छ । कुनै मुक्तकमा अनुप्राश र अन्त्यानुप्राश दुबै हुन्छन् भने कुनैमा कि अनुप्राश मात्रै हुन्छ कि अन्त्यानुप्राश मात्रै । अनुप्राशयुक्त मुक्तकलाई रूबाई पनि भनिन्छ । यद्यपि प्रत्येक पङ्क्तिमा अनुप्राश मिलाइएका र पाँचभन्दा बढी पङ्क्तिका मुक्तक पनि थुप्रै भेटिन्छन् भने चतुष्पदीय शैलीको कत्आ भनिने मुक्तकमा दोश्रो र चौथो पङ्क्तिमा मात्रै अनुप्राश मिलाइन्छ । आजभोलि अनुप्राशयुक्त चतुष्पदीय शैलीको रूपलाई नै संरचनागत दृष्टिकोणले मुक्तकको मानक रूप मान्न थालिएको छ ।

मुक्तकका यी विविध स्वरूपहरूमा एउटा कुरा भने अनिवार्य शर्तको रूपमा

पालना गर्नु पर्ने हुन्छ । त्यो हो विचार र कथनको सटिकता र स्वतन्त्रता । माथि उल्लेखित जुनसुकै रूपको मुक्तक रचना गरे पनि त्यही मुक्तकभित्र कुनै विषय वा समस्याको निरूपण गरिनु अनिवार्य हुन्छ । मुक्तक आफैमा स्वतन्त्र हुने भएको र मुक्तकका हरेक पङ्तिको एक अर्कोसित अन्योन्याश्रित सम्बन्ध हुने भएकोले त्यस मुक्तकभित्र प्रतिबिम्बित भएको कुनै पनि कुतुहलता र उत्सुकताको तर्कसंगत, अर्थपूर्ण र चोटिलो किसिमले निदान त्यही मुक्तकभित्रै हुनु पनि जरूरी हुन्छ ।

अनुप्राशविहीन मुक्तकको एउटा नमूना हेरौंः

*'म भुइँको भुइँमै छु*
*तिमी गजुर भैसक्यौ*
*म तँको तँ मैं छु*
*तिमी हजुर भै सक्यौ'*

— प्रेमप्रकाश मल्ल'मधुकर'

अनुप्राशयुक्त मुक्तकको एउटा नमूना हेरौंः

*'अनिश्चित भविष्य बोकेर पनि निश्चिन्त छौं भनी भन्नुपर्ने*
*बन्धनभित्र  बाँचेर पनि स्वतन्त्र छौं भनी हाँस्नुपर्ने*
*आह ! कति लाचार छौं हामी आफैसित यस क्षण,*
*खुकुरीको धारमाथि टेकेर पनि सुरक्षित छौं भनी ढाँट्नुपर्ने ।'*

— उषा शेरचन

विश्व साहित्यलाई हेर्दा मुक्तक विधालाई लोकप्रिय बनाउनमा इरानका महान कवि उमर खैयामको ठूलो योगदान रहेको छ । उनले लेखेका मुक्तकलाई रूबाई भनिन्छ । उमर खैयामका रूबाई विश्वका विभिन्न भाषामा अनुवादित भइसकेका छन् ।  रूबाईको हकमा कुरा गर्दा हिन्दी भाषामा यस विधाको विकास गर्नमा डा. हरिबंश राय बच्चन र डा. उदय भानु हंसजस्ता स्रष्टाको महत्वपूर्ण योगदान छ । डा. हरिबंश राय बच्चनले सन् १९३५ मा लेखेको 'मधुशाला' अत्यन्त प्रख्यात र लोकप्रिय रूबाई सङ्ग्रह हो ।

नेपाली भाषामा पनि पहिलेदेखि नै मुक्तक भन्न मिल्ने छोटा, छरिता, लघु आकारका कविता लेखिदै आएको र ती अत्यन्त लोकप्रिय भएका थुप्रै उदाहरण भेटिन्छन् । आजभन्दा ६०/७० वर्ष अघि गोपालप्रसाद रिमाल र भीमनिधि तिवारीजस्ता स्रष्टाले लेखेका छोटा र चोटिला कवितामा अनुप्राशविहीन मुक्तकको स्वाद पाइन्थ्यो तर नेपाली साहित्यमा रूबाई शैलीका मुक्तकलाई स्वतन्त्र विधाको रूपमा स्वीकार गरी लेख्न थालिएको भने २०१५/१६ सालपछि मात्रै हो । भीमदर्शन रोकालाई नेपाली भाषामा रूबाई शैलीको मुक्तक विधालाई प्रवेश गराएको श्रेय जान्छ । उनले रूबाई शैलीलाई नेपाली साहित्यसित परिचित गराएपछि लघु आकारका कविता शैलीका मुक्तक भन्दा रूबाई शैलीका मुक्तक लेख्ने लहर चल्यो ।

भीम दर्शन रोकापछि नेपाली साहित्यमा मुक्तक विधालाई लोकप्रिय बनाउनमा

यादव खरेल, चेतन कार्की, ज्ञानुवाकर पौडेल, किशोर पहाडी, तुलसी थापा, प्रेमप्रकाश मल्ल, सरू भक्त, अशेष मल्ल, उषा शेरचन र राजेन्द्र थापाले आआफ्नो कालखण्डमा ठूलो योगदान दिए । हरिभक्त कटुवाल र भूपि शेरचनले थोरै मुक्तक लेखेका भए पनि मुक्तकको चर्चापरिचर्चामा उनीहरूको नाम पनि अग्रस्थानमा लिइन्छ । २०२० र ३० को दशकमा प्रेम, यौन, मदिरा र उदासीले भरिएका हरिभक्त कटुवाल र भूपि शेरचनका मुक्तक साहित्यिक जमघटमा खुबै लोकप्रिय त भए तर मुक्तकको ओजपूर्ण विकासमा भने ती मुक्तकको खासै सार्थक भूमिका रहेको देखिन्न । जब २०३५/४० सालतिरबाट राजनैतिक विकृति, सामाजिक विसंगति, महंगी तथा भ्रष्टाचारजस्ता समसामयिक विषयबस्तुहरू र मानिसको दैनिक जीवनमा आइपर्ने अनेक समस्याहरूलाई मुखरित गरेर मुक्तक लेख्न थालियो त्यसपछि मुक्तक सशक्त पहिचानका साथ अगाडि बढ्यो ।

मुक्तक समकालिन नेपाली साहित्यमा सबैभन्दा बढी ताली र त्यही अनुपातमा सबैभन्दा बढी गाली पाइरहेको विधा हो । साहित्यमा कलम चलाउने हरेकजसो स्रष्टाले जीवनमा कम्तीमा एउटा मुक्तक लेखेर आफ्नो रहर, कुण्ठा वा तुष मेटाउने गरेका अनेक दृष्टान्त भेटिन्छन् । सागरबाट मोती टिपेर ल्याएजस्तै थोरै शब्दमा गहन भाव, कुमारी विचार र अलौकिक कलाको सन्तुलन मिलाउन नसकी अर्थपूर्ण मुक्तक लेख्न नसकेको छटपटीले आहत हुने स्रष्टा पनि यहीँ भेटिन्छन् भने घोचपेच, ख्यालठट्टा र हाँसीमजाक गर्ने चुटकिला जस्ता मुक्तक लेखेर केके न गरेँ भन्दै छाती तन्काउने लहडी मुक्तककार पनि यहीँ भेटिन्छन् । यही अलमल र अन्योलको बीचमा उभिएको छ आजको नेपाली मुक्तक । यद्यपि समसामयिक विषयबस्तु र मानिसका दैनिक जनजिविकाका विषयलाई सटीक ढङ्गले उठाउनमा सबैभन्दा सहज विधा मुक्तक नै मानिन्छ । पौडेल लोकेन्द्र 'डहरे'को यो मुक्तक हेरौँः

*'यो प्राण परित्याग गरेर पनि*
*प्राप्त होस् अमरत्व मरेर पनि*
*फूल फुलेर छर्छ गन्ध वरिपरि,*
*म छर्न सकूँ सुगन्ध झरेर पनि'*

समकालिन नेपाली साहित्यमा मुक्तकले सबैभन्दा ज्यादा आकर्षण, प्रशंसा, ताली, चर्चा, होहल्ला र मञ्च पायो । नेपाली समाजमा मुक्तक बस्तुतः मञ्च र तालीले नै स्थापित भएको विधा हो भन्दा हुन्छ । यद्यपि संस्कृत, हिन्दी र उर्दू साहित्यमा मुक्तकलाई सबैभन्दा गहकिलो र मर्मपूर्ण काव्यिक विधा मानिन्छ । यसरी हेर्दा मुक्तकका लागि संरचनाभन्दा त्यस मुक्तकको विषय वा अन्तरबस्तु चोटिलो, तर्कपूर्ण र अर्थपूर्ण हुनु पर्छ भन्ने मान्यता स्थापित हुन आउँछ । जाजरकोटी स्रष्टा पूर्ण समीर महताराले रचना गरेको मुक्तक हेरौँः

*'दुनियाँको अभाव र बस्तुको आपूर्ती मागेर कहाँ हुन्छ?*
*जीवन त सङ्ग्राम हो मन्दिर–मस्जिद धाएर कहाँ हुन्छ?*
*जतासुकै उजाड र उराठ भेटिन्छन् अचेल जिजीविषा,*
*समस्याको हल थाप्लोमा हात राखेर कहाँ हुन्छ?*

२०२०–३० को दशकमा भूपि शेरचन, हरिभक्त कटुवाल र भीमदर्शन रोकाका चतुष्पदीय रूबाई शैलीका मुक्तकले साहित्यिक कार्यक्रममा होहल्ला के गराउन थाले, सबैले रूबाई नलेखि नहुने भयो । वास्तबमा मुक्तकको इतिहास र काव्यिक गरिमा बिर्सेर मुक्तकको नाममा यसरी जेजस्तो होहल्ला भैरहेको छ, यसबाट उम्किएर मुक्तकलाई काव्यिक उँचाई दिनका लागि यसको विविधतालाई स्वीकारेर मुक्तकमा रूप होइन सार नै महत्वपूर्ण हुन्छ भन्ने तथ्यलाई स्थापित नगरि नहुने भैसकेको छ ।

वास्तबमा अहिलेको समयमा मुक्तक लेख्नेहरूका अगाडि दुईवटा चुनौति उभिएका छन् । एक त मुक्तकका सबै रूपको जगेर्ना गर्ने र अर्को मुक्तकलाई गम्भीर र साहित्यिक विधाकै रूपमा उभ्याउने । अझै पनि मुक्तक भनेपछि गाडी, मोटरका भित्तामा लेखिने, साहित्यिक कार्यक्रममा हँसाउनका लागि सुनाइने र मान्छे भेला भएका ठाउँमा हाँसोमजाक तथा ख्यालठट्टा गर्ने कुरा मात्रै हो भन्ने भ्रम छ धेरैलाई । काव्यिक गरिमादेखि टाढा पुगेर एफ.एम.मा मनोरंजनात्मक कार्यक्रम र ठिटाठिटीका मोबाइल इन्बक्समा सीमित हुन पुगेको मुक्तकको होहल्लाले यस भ्रममै मलजल गरिरहेको छ । कताकता विगत पाँच दशकदेखिको नेपाली मुक्तकयात्रा नै ढलमलढलमलको स्थितिबाट अघि बढिरहेको जस्तो महसुस हुन्छ ।

२००७ सालपछि मुक्तक लेख्नेहरूले अरू विधामा कलम चलाउँदा जति गम्भीरता देखाए मुक्तक लेख्दा त्यो गम्भीरताको अबलम्बन गर्न सकेनन् वा चाहेनन् । २००७ सालदेखि २०३५ सालको बीचको कालखण्डमा मुक्तक लेख्नेहरूका मुक्तक हेर्ने हो भने अधिकांश मुक्तक ठट्यौलो, रस्यौलो र हँस्यौलो पाराका मात्र देखिन्छन् । भीमदर्शन रोका, भूपि शेरचन र हरिभक्त कटुवालहरूले पनि अन्य विधामा जुन गम्भीर चिन्तन पस्किए मुक्तकमा त्यस्तो गम्भीर चिन्तनलाई प्रवेश गराएको देखिन्न । नेतालाई घोचपेच र युवतीलाई छेडखानी गर्नुभन्दा अलि परसम्म मुक्तकको ध्वनि पुग्न सकेन । २०३५ सालपछिका मुक्तककारले मुक्तकलाई अरू विधाजस्तै केही बौद्धिक बनाउने ससानो प्रयत्न गरेपनि मुक्तक अझैंसम्म पनि नेतालाई घोचपेच र युवतीलाई छेडखानी गर्ने कर्मभन्दा अलि माथि उठ्न सकेको छैन ।

वास्तबमा मुक्तकको मुल आत्मा र स्वरलाई नेपाली साहित्यमा र केही हदसम्म हिन्दी साहित्यमा पनि अपूर्ण र उल्टो अर्थमा बुझेको जस्तो देखिन्छ । संस्कृत वाङ्मयमा आजभन्दा सयौं वर्ष अगाडि मुक्तक सत्यसन्देश र सूक्तिमय कथन पस्किने विधाको रूपमा प्रादुर्भाव भएको हो । संस्कृतदेखि हिन्दी र नेपाली साहित्यका प्रारम्भिक मुक्तकले सत्यसन्देश र सूक्तिमय कथनलाई नै आफ्नो मूल

स्वर बनाएका थिए । अध्यात्म र मानवताका गहिरा भाव पस्किने मुक्तकलाई आज हामीले यौवनको रहर पस्किने विधा मात्र बनाइदिएका छौं । मिरा तथा अहिल्याको उदात्त भक्तिका सूत्र लेखिएको मुक्तक र मानवप्रेमका अर्थपूर्ण निचोड कोरिएका कबिरका दोहा–चौपाईलाई आज बैंसमा उन्मुक्त युवायुवतीका कामुक इशारा र कामातुर युवकका कामातुरता प्रकट हुने मुक्तक बनाईदिएका छौं हामीले।

अचेल लेखिने गरेका धेरैजसो मुक्तक संरचनाको कोणबाट हेर्दा मुक्तक जस्ता देखिए पनि विचार र विषयका दृष्ट्रिकोणले मुक्तक बन्न नसक्नुका यस्तैयस्तै प्रशस्त कारणहरू हाम्रा अगाडि उभिएका छन् र हामी मुक्तककारहरू उत्ताउलो रंगमञ्चमा कामुक नृत्य गरिरहेकी अर्धनग्न युवतीजस्तै नाच्दै मुक्तक लेखिरहेका छौं । हामी हाम्रा मुक्तकको स्तर र लेखनको औचित्यको ख्याल नगरी आफै रमाइरहेका छौं, केवल रमाईरहेका छौं । साँच्चिकै साहित्यका अरू विधाको जस्तै गम्भिरता, गहन विषयबस्तुको छनोट र रसपूर्ण भावलाई अबलम्बन गरेर मुक्तक लेख्नेहरू ओझेल परेका छन् । उनीहरूलाई मुक्तकको भीडबाट 'टर्च' बालेर खोज्नु पर्ने अवस्था छ । यद्यपि राम्रा मुक्तक लेख्दै नलेखिएको भने होइन । पर्वत शर्मा ढकालको मुक्तक हेरौं:

*'जीवन जिउने प्रकृया तिमीले बुझ्न जरूरी छ*
*भारी किन बोक्छ भरिया? तिमीले बुझ्न जरूरी छ*
*किन भौतारिइरहेको छ वर्षौवर्षदेखि यो मान्छे?*
*किन समात्यो हथौडाहँसिया ? तिमीले बुझ्न जरूरी छ'*

उता फारसी साहित्यमा एक हजार वर्ष अगाडि उमर खैयामले मुक्तक जस्तै रूबाई विधाको विकास गरेर आध्यात्मिक भाव प्रकट गर्ने माध्यम बनाएका थिए । खैयामका रूबाईमा ईश्वरप्रतिको अनुराग, प्रेम र सर्मपणका भाव भेटिन्थे तर एडबर्ड फिट्जेराल्ड भन्ने अङ्ग्रेज लेखकले उनका रूबाईलाई अङ्ग्रेजीमा उल्था गरेर ईश्वरप्रतिको अनुराग, प्रेम र सर्मपणका भावलाई महिला र पुरूषबीचको साँगुरो सम्बन्धको अर्थ लगाइदिए । हुँदाहुँदा अब त हामी प्रेम भनेपछि महिला र पुरूषको समागम र मानसिक आनन्द भनेपछि मदिराले लट्ठिनु पो सोच्न थालेका छौं र मुक्तकमा पनि यहि नीति लागू गर्न थालेका छौं । परिवर्तन र विकासको नाममा यति उदेकलाग्दो 'अर्थको खस्काई' र 'मूल्यको गिरावट' सायदै अरू कुनै ठाउँ या विषयमा भएको होला ।

भनिन्छ अँध्यारोको अर्को पाटोमा उज्यालो हुन्छ । 'अर्थको खस्काई' को अर्को पाटोमा 'चेतनाको चढाई' पनि हुन सक्छ भने 'मूल्यको गिरावट' को अर्को पाटो 'अनुभूतिको उठान' पनि त हुन सक्छ । परिवर्तनको दौड र समयको विकासक्रमले ल्याएका राम्रा या नराम्रा कुराहरूलाई हामी रोक्न सक्दैनौं । सयौं वर्षको दौरानमा मुक्तकको स्वरूप, आत्मा र स्वरमा आएको परिवर्तनलाई हामी बदल्न सक्दैनौं । यतिखेर हामीले गर्ने भनेको अहिले चलनचल्तीमा रहेको मुक्तकको मानक स्वरूपलाई कलात्मक बनाउने र यतिखेर मुक्तकमा ढालिएका विषय र स्वरहरूलाई गम्भीर र

स्तरीय बनाउने हो । मुक्तक लेख्नु मात्र होइन, मुक्तक लेखनको औचित्य पनि पुष्टी गर्न सकियो भने आजको युगका मुक्तक लेखकहरूले भोलिको पुस्तालाई दिएको अनमोल सौगात ठहरिने छ आजको मुक्तक । 'हमाम में सब नंगे होते हैं' भन्ने हिन्दी उक्तिलाई मनन गरेर हेर्दा मुक्तकको काव्यिक आत्मालाई निमोठेर मुक्तक लेख्दै आत्मरतिमा रमाउनमा आजभोलिका मुक्तककारहरूमा तछाडमछाड नै छ । प्रश्न बाघको घाँटीमा घण्टी कसले बाँध्ने? भन्ने मात्रै हो :

*'जिन्दगी लय हो या श्रृङ्खला? बुझ्न सकिएन*
*जिन्दगी कर्म हो या हौसला? बुझ्न सकिएन*
*कोही त भन ए दार्शनिक कवि विचारकहरू ?*
*जिन्दगी सौन्दर्य हो या कला? बुझ्न सकिएन'*

■


**नेपाल राष्ट्र बैंकको ६३ औं वार्षिकोत्सवको सुखद् अवसरमा कुशल र सुशासित वित्तीय प्रणालीको विकास एवम् समग्र आर्थिक स्थायित्व कायम गरी मुलुकले परिलक्षित गरेको समन्यायिक र दिगो आर्थिक विकासको लक्ष्य प्राप्तिलाई सहयोग पुऱ्याउन सदा समर्पित रहने प्रण गर्दछौं ।**

**नेपाल राष्ट्र बैंक**

**प्रदेश नम्बर दुई अन्तर्गत बारा जिल्लाबाट विगत २६ वर्षदेखि प्रकाशित भइरहेको नवप्रज्ञापनको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय कामना गर्दछु ।**



**सर्लाही शु-सेन्टर**
काठमाडौं

**सबैमा नववर्ष २०७५ को हार्दिक मंगलमय शुभकामना !**



# नेपाली मुक्तकको परम्परा संस्कृत परम्पराबाट आएको हो



● डा. मुरारि पराजुली

(वि.सं. २०२३ ज्येष्ठ २२ मा तानसेन, पाल्पा (पुर्ख्यौली-कोटाकोट, आलमदेवी, स्याङ्जा) मा जन्मिनुभएका डा. मुरारी पराजुलीले त्रिभुवन विश्वविद्यालयबाट 'नेपाली मुक्तकका प्रवृत्तिहरू' शीर्षकमा विद्यावारिधि गर्नुभएको छ । उहाँले पेशाको रूपमा प्राध्यापन गर्दै आउनु भएको छ । खासगरी कविता र समालोचना विधामा केन्द्रित रहेर आफ्नो कलम चलाउनु हुने पराजुलीका सृजनाका स्वरहरू (२०४५), आगो पालेका पेट र शीत ओढेका बस्तीहरू (२०४६), हाँसेर उसका ओठले (२०६१), लोकतन्त्रको शङ्खनाद (२०६२), हाम्रा छातिको दशगजा (२०७३) आदि कविताकृतिसँगै मुक्तक मीमांशा (२०६७) र नेपाली मुक्तकका प्रवृत्तिहरू (२०६९), पत्थरकट्टा जातिको अध्ययन (२०७०) जस्ता समालोचनात्मक तथा समाजशास्त्रीय कृतिहरू प्रकाशित भइसकेका छन् । नेपाल विद्याभूषण 'क' पदक (२०६९) बाट विभूषित पराजुली सिर्जनशील साहित्य समाज, भैरहवा, हरिकला-गुणाकर दायित्व रचना पुरस्कार (२०६५), टेकध्वज खाती-लक्ष्मीदेवी खाती साहित्य सेवा पुरस्कार (२०६६), सिद्धार्थ साहित्य पुरस्कार (२०७०), जनक-गंगा साहित्य सेवा पुरस्कार (२०७२), भानुभक्त स्वर्णपदक (२०७१), अन्तरङ्ग मुक्तक राष्ट्रिय सम्मान (२०६८), रौतहट साहित्य समाज, झरना हेटौडा सेतु, मकवानपुर लगायत दुई दर्जन साहित्यिक संघसंस्थाहरूबाट सम्मानित/पुरस्कृत भइसक्नुभएको छ । 'नवप्रज्ञापन' प्रकाशनको २६ औं वर्ष प्रवेशको अवसर पारेर प्रतिनिधि मुक्तक विशेषाङ्कको रूपमा प्रकाशन हुँदै गरेको सन्दर्भमा युवा साहित्यकार मिलन समीरले उहाँसँग मुक्तक विधाकै सेरोफेरोमा केन्द्रित रहेर विशेष कुराकानी गर्नुभएको थियो । उक्त मुक्तक विधाकेन्द्रित भएर गरिएको कुराकानी मुक्तकप्रेमी हाम्रा समादरणीय पाठकका लागि उपयुक्त समयसँगै विषय सान्दर्भिक अनि जानकारीमूलक हुने अपेक्षाका साथ समावेश गरिएको छ : सं./प्र.)

**० मुक्तक वास्तवमा के हो र कस्तो हुनुपर्छ ?**

— मुक्तक भनेको कविताको लघुतम भेद हो । अग्निपुराणकै भाषालाई सापटी लिएर भन्ने हो भने यसको आयाम एक श्लोकी (अनुच्छेदात्मक) हुनुपर्छ । प्रभावका दृष्टिले हृदयसम्वेद्य हुनुपर्छ र कुनै पनि अर्को श्लोकबाट निरपेक्ष एवं आफैमा

पूर्ण हुनुपर्छ ।

**० साँच्चै तपाईंले भनेजस्तै मुक्तक नेपाली भाषा साहित्यमा लेखिएका छन् त ?**

– लेखिएकै कारणले त नेपाली मुक्तक कविताको इतिहास करिब अढाई शताब्दीको हुन पुग्दैछ ।

**० मुक्तकको मानक र आदर्श रूप चतुष्पदीलाई मान्ने गरिन्छ नि, यस तथ्यप्रति तपाईंको विचार...?**

– मुक्तक कविता एक श्लोकी (अनुच्छेदात्मक) हुनुपर्छ भन्ने मान्यतालाई टेकेर भन्दा बहुशः एकश्लोक चार पदी वा पंक्तिमा लेखिएको देखिन्छ । यसैले एक श्लोक भन्नाले अधिकतर चतुष्पदीलाई बुझिने हुनाले मुक्तकको यस रूपलाई आदर्श मानिएको हो । तर एक श्लोक भनेको चतुष्पदी संरचनामात्र होइन संस्कृत वा नेपालीमै पनि द्विपदी, त्रिपदी आदि र गद्यका सन्दर्भमा त्यसभन्दा माथिकालाई पनि प्रचलनमा ल्याएको देखिन्छ ।

**० विद्यावारिधि शोधप्रबन्धको विषय सन्दर्भको रूपमा मुक्तक विधालाई नै रोज्नुको खास कारण के होला ?**

– विद्यावारिधि भनेको प्राज्ञिक कर्म हो र प्राज्ञिक कर्म भनेको ज्ञानविज्ञानको क्षितिजका नयाँनयाँ ढोकाहरू खोल्दै जानु हो । नेपाली कविताको खोजअनुसन्धानका क्षेत्रमा अन्य आयामका कविताको विस्तृत अध्ययन भएको देखिए पनि यो मुक्तक कविता लघुतम आयामको कविता भएका कारण उपेक्षामा परिरहेको थियो वा यसका बारेमा सारै कम लेखिएको थियो । यसको विषयमा खोज अनुसन्धान गर्नु आफैमा नयाँ काम पनि हुनसक्ने र यसखाले कविताको प्राज्ञिक प्रतिष्ठा पनि उठ्ने उद्देश्यले मैले यसमा हात हालेको हुँ ।

**० तपाईंले गर्नुभएको 'नेपाली मुक्तकका प्रवृत्तिहरू' विषयक विद्यावारिधि शोधप्रबन्धमा रुबाई शैलीको मुक्तकलाई अलि बेवास्ता गरिएको छ भन्ने आरोप लाग्ने गरेको सुनिन्छ नि, किन होला ?**

– रूबाईलाई मात्रै मुक्तक भनिदिएन भन्ने आग्रह राख्ने क्षेत्रको गुनासो हो यो । नेपाली मुक्तकको परम्परा संस्कृत परम्पराबाट आएको हो । रूबाई शैलीका मुक्तक त नेपालीमा मुक्तकलेखनको करिब पौने दुई सय वर्षपछि भित्रिएका हुन् । अनि पौने दुईसय वर्षभित्र लेखिएका मुक्तकलाई अस्वीकार गरेर जाँदा हाम्रो गौरव बाँकी रहला र ? यसैले मैले एउटै शैलीलाई मात्र मुक्तक नभनेर लघुतम आयामका सम्पूर्ण कविताहरूलाई एउटै मुक्तकछाताभित्र राखेर हेरेको हुँ । विश्वविद्यालयले पनि यसैगरी हेर्दै आएको छ । तर, मुक्तकका विविध प्रकार हरूमध्ये सर्वाधिक रूचाइएको र कर्णप्रिय लाग्ने रूबाईलाई मैले किन बेवास्ता गर्थें र ! बरू मैले रूबाईलगायत सम्पूर्ण लघुतम आयामका कविताहरूको एउटै नाम मुक्तक हो है भनेर सचेत गराउन खोजेको हुँ । मेरो हरेक प्रकारका मुक्तकहरूमा उत्तिकै सम्मान, आकर्षण र प्रेम रहेको छ ।

**० लघुतम संरचनात्मक स्वरूप भएका हाइकु, ताङ्का, सेदोका, चोका, सिजो, केस्रा, फिङ्गल आदि आफैमा कविताको उपविधाको रूपमा स्पष्ट पहिचानसहित**

**स्थापित भएको अवस्थामा तिनीहरू सबैलाई मुक्तक हुन् भनेर एउटै घानमा हालिदिँदा ती विधाप्रति साँच्चै घोर अन्याय हुँदैन र ?**

– मुक्तक भनेको कविताको एउटा भिन्न स्वरूप हो । दुनियाँमा कविताका चार वटा आयामगत भिन्नभिन्न स्वरूप छन् । तिनलाई पूर्वीय काव्यशास्त्रमा महाकाव्य, खण्डकाव्य, स्फुट (फुटकर) र मुक्तक भनी वर्गीकरण गरिएको छ । जसरी महाकाव्य, खण्डकाव्य एवं स्फुटकाव्यमा ठ्याक्कै यति श्लोक हुन्छन् भनेर वा लयगत हिसाबले पद्य वा गद्यमध्ये कुनै एक शैलीमा मात्रै हुनसक्छ भनेर कतै पनि सीमाबन्देज गरिएको छैन त्यही कुरो मुक्तकका सन्दर्भमा पनि लागु नहुने भन्ने हुँदैन । आकारका दृष्टिले लघुतम काया (दुईदेखि सात पङ्ति/हरफ/चरणसम्मको) हुनुपर्‍यो; जुनसुकै शैली/ढाँचामा लेखिएको लयात्मक अभिव्यक्ति हुनुपर्‍यो र त्यो तीव्र प्रभावोत्पादक कवितात्मक अभिव्यक्ति हुनुपर्‍यो– बस् त्यो मुक्तक हो । तपाईँले उल्लेख गरेका नामहरू त विभिन्न ढाँचामा लेखिने मुक्तकका प्रकारगत नाम हुन् । कविताको घानभित्र जसरी तपाईँले महाकाव्य, खण्डकाव्य, फुटकर र मुक्तक कवितालाई राखेर हेर्न सक्नुहुन्छ, त्यसैगरी मुक्तकको घानभित्र विभिन्न संरचनागत स्वरूप लिएर आएका द्विपदी, त्रिपदी, चतुष्पदी र गद्यका हकमा सात हरफसम्मका काव्यात्मक अभिव्यक्तिलाई विभिन्न नाम दिएर पुकार्न सक्नुहुन्छ । तर ती सबैको साझा पहिचान भनेको मुक्तक हो । हो, तपाईँले भनेको कुरा एकदम ठीक हो कि हाइकु, ताङ्का आदिको आफ्नै कवितागत पृथक् अस्तित्व छ । लघुतम कविता द्विपदी सायरी, त्रिपदी हाइकु, चतुष्पदी रूबाई र पञ्चपदी ताङ्काका संरचनागत स्वरूप फरकफरक छन्, तर यी सबै कविताको आयामगत धर्म भनेको लघुतमता हुनु हो । तसर्थ लघुतम आयामको धर्म निर्वाह गर्ने सम्पूर्ण कविताहरूलाई तपाईँ ढुक्कसँग मुक्तक भनेर भन्न सक्नुहुन्छ । व्याकरणमा आउँछ नि जातिवाचक नाम, हो ठ्याक्कै लघुतम कविताहरूको जातिवाचक नाम हो मुक्तक ।

**० त्यसो हो भनेदेखि तिनीहरूलाई किन हाइकु, ताङ्का, सेदोका... आदि भनिराख्नुपर्‍यो त ? सिधै मुक्तक भनेरै उल्लेख गरिदिए भइहाल्यो नि, होइन र ?**

– यसलाई यसरी बुझ्नु बेस होला– कविता भनेको आमा हो । र, महाकाव्य, खण्डकाव्य, स्फुट र मुक्तक भनेका तिनै कविता आमाका सन्तान हुन् । जसरी हरेक सन्तानलाई चिन्नका लागि हामीले बेग्लाबेग्लै नाम दिएका हुन्छौँ, त्यसैगरी कविताका यी फरकफरक सन्तानलाई पनि महाकाव्य, खण्डकाव्य, स्फुट वा मुक्तक भनेर नाम दिइएको हो । कविताका सन्दर्भमा मुक्तक भनेको कविता आमाको कान्छो/कान्छी सन्तान हो । एउटी आमाले जन्माएका छोराछोरीलाई सामूहिक नामका रूपमा जसरी सन्तान भनेर जानिन्छ यसैगरी लघुतम आयामका कविताको सामूहिक नाम पनि मुक्तक हो । यहाँनेर सन्तान मुक्तक हो भने सायरी, हाइकु, रूबाई, रूबाईइतर चतुष्पदी, ताङ्का आदि ती सन्तानका भिन्नभिन्न विशिष्टताका कारण पृथक्पृथक् नाम हुन् । तपाईँले उठाएका नामहरू खुद्रेनाम हुन् भने यी सबै लघुतम कविताहरूको थोकनाम मुक्तक हो ।

**० नेपाली मुक्तकको विगत, वर्तमान र भविष्यलाई तपाईंले कसरी आकलन**

**गर्नुभएको छ ?**

– नेपाली मुक्तकको प्राथमिक काल र माध्यमिक काल लगभग संस्कृत परम्पराबाट आएको शैलीमा लेखिएको देखिन्छ तर आधुनिक कालमा त्यसले विदेशी शैलीहरूलाई पनि पछ्याउँदै आएर समृद्ध हुँदै गएको पाइन्छ । अचेल भिन्नभिन्न नामका लघुतम कविता (मुक्तक) को विकास गर्ने संस्थागत प्रयासहरू भइरहेका छन् । मुक्तकमात्र प्रकाशित गर्ने पत्रपत्रिकाहरू देखिन्छन्; मुक्तकका विशेषाङ्कहरू भेटिन्छन् । रेडियो, टेलिभिजनमा यिनले प्रसारित हुने मौका पाएका छन्; मुक्तकमा मात्र केन्द्रित बहसकार्यक्रमहरू चलेका पाइन्छन् । त्यसकारण म कविताको यो एउटा मर्मस्पर्शी भेद मुक्तकले विगतमा जन्मिने, उठ्ने काम गऱ्यो भने अहिले हिँड्ने र भविष्यमा दगुर्ने क्षमताका साथ अघि बढेको अनुभव गर्दछु ।

**० नेपाली मुक्तकको परम्परा र प्रवृत्तिको बारेमा अलि विस्तृत रूपमा प्रकाश पारिदिनुहोस् न ।**

– यस प्रश्नको उत्तरका लागि म मेरो शोधप्रबन्धको निष्कर्ष भागलाई अगाडि सारेर यसो भन्न चाहन्छु : नेपाली मुक्तकको इतिहास नेपाली कविताको इतिहाससँग नै सहसम्बन्धित छ । नेपाली मुक्तकको लेखनपरम्पराको थालनी नेपाली कविताको प्राथमिक काल (१८३९-१९४०) मै भएको हो भने त्यस नेपाली कविताको माध्यमिक काल (१९४१-१९७४) हुँदै आधुनिक काल (१९७५ देखि हालसम्म) को वर्तमान विन्दुसम्म आइपुग्दा नेपाली मुक्तक निकै झ्याँगिएको छ । नेपाली कविताको प्राथमिक कालअन्तर्गत १८३९ सालमा लेखिएको मानिने 'तनहूँ-भकुण्डो' (लेखक : शक्तिबल्लभ अर्ज्याल) शीर्षकका दुई श्लोक नै आजसम्म भेटिएका नेपाली मुक्तकका आदिरचना हुन् । प्राथमिककालीन नेपाली मुक्तकमा वीरधारा, भक्तिधारा र तात्क्षणिक घटना तथा कार्यको उत्प्रेरणा मूल रूपमा आएको पाइन्छ । यस कालमा रचिएका मुक्तकहरू लेखोटका रूपमा मात्र रहे र ती उत्तरवर्ती छापाखानाका युगमा क्रमशः प्रकाशनमा आए । प्राथमिक कालीन कवि भानुभक्त आचार्यले रचेका कविताहरू अद्यापि लोकप्रिय छन् र उनी नै त्यस कालका प्रतिनिधि मुक्तककार हुन् । प्राथमिक कालका तुलनामा माध्यमिक काल मुक्तकलेखनका दृष्टिले निकै उर्वर रहेको देखिन्छ । यस कालका केन्द्रीय मुक्तककारका रूपमा रहेका मोतीराम भट्टले मोतीमण्डलीको स्थापना गरी समस्यापूर्तिका रूपमा आफ्ना मित्रहरूसहित मुक्तकहरूको लेखन र प्रकाशन गरेका छन् । मुद्रण प्रविधिको उपयोग थालिएका कारण पनि माध्यमिककालीन मुक्तकहरू प्रकाशनमा आउन सकेका हुन् । यस कालमा नेपाली मुक्तकमा शृङ्गारधारा मूल प्रवृत्तिका रूपमा देखापरेको छ । नेपाली मुक्तकको विस्तृत विकास भने आधुनिक कालमा नै भएको देखिन्छ । विश्वव्यापी दृष्टिकोणको प्रभाव र विश्वका विभिन्न भाषामा लेखिएका साहित्यको अध्ययनले यस कालमा नेपाली मुक्तकमा विविध दर्शन र अन्तर्राष्ट्रिय मुक्तकीय शैलीको छाप पर्न गएको देखिन्छ । संस्कृत मुक्तकमा पाइने चतुष्पदी तथा द्विपदी शैलीबाट प्रभावित भई लेखनमा आएको नेपाली मुक्तक यस कालमा रूबाई, सायरी, हाइकु, ताङ्का, मुक्त गद्यमुक्तकजस्ता अनेक ढाँचामा रचिन पुगेको छ ।

विभिन्न साहित्यिक कार्यक्रमहरूमा चटनीजस्तै मुक्तकको प्रयोग गर्ने र त्यसबाट प्रभावकारिता उत्पन्न गर्ने चलन नै अचेलका साहित्यिक कार्यक्रमहरूको आकर्षण हुने गरेको देखिन्छ । जनचेतना जगाउने र विरोध-विद्रोहका निम्ति आयोजना गरिने कार्यक्रमहरूमा समेत छोटोछरितो हुनाका कारण मुक्तकको प्रयोग गर्ने आम प्रचलन पनि देखापरेको छ । मुक्तकको लोकप्रियताकै कारण टिकट काटेर सशुल्क मुक्तक सुनाउने कार्यक्रमहरू देशका ठाउँ-ठाउँमा बेलाबखत आयोजना हुनुले पनि यसको प्रभावकारिता बढी टड्कारिएको छ । असङ्ख्य पत्रपत्रिकाहरूको प्रकाशन र विद्युतीय सञ्चार माध्यमहरूको विकास हुनुले पनि नेपाली मुक्तकको विकासमा ठूलो टेवा पुगेको देखिन्छ । यसै कालमा हवाईपत्रमा मुक्तकहरू प्रकाशन गरेर पनि मुक्तकको विकास र संवर्द्धनका लागि अभियानहरू सञ्चालन गरेको देखिन्छ । पछिल्लो दशकमा मुक्तकमै केन्द्रित जनस्तरका संस्थाहरूको स्थापनाले पनि नेपाली मुक्तकको ढुकुटी समृद्ध हुँदै गएको पाइन्छ ।

आधुनिक कालमा आएर मुक्तकसङ्ग्रह प्रकाशनको चेष्टा पनि विशेष रूपमा हुन थालेको देखिन्छ । टेकबहादुर 'नवीन'ले 'चोइटा' नामको मुक्तकसङ्ग्रह २०१६ सालमा प्रकाशित गरेर सङ्ग्रहप्रकाशनको थालनी गरेदेखि यता करिब चार सयभन्दा बढी सङ्ख्यामा नेपाली मुक्तकका सङ्ग्रहहरू प्रकाशित भएका पाइन्छन् । शैलीगत दृष्टिले हेर्दा यी मुक्तकसङ्ग्रहहरू द्विपदी, त्रिपदी, चतुष्पदी, रूबाई, हाइकु, ताङ्का, कुण्डली, गद्य लय आदिका भिन्नाभिन्नै स्वरूपमा रचिई प्रकाशित भएका देखिन्छन् । यस कालमा कतिपय मुक्तकसङ्ग्रहहरूमा चित्रात्मकताको प्रयोग गरी मुक्तकीय प्रभावलाई अझै तिखार्ने प्रयास भएको देखिन्छ । प्रकाशनमा आएका यी मुक्तकसङ्ग्रहहरूका आकार-प्रकार पनि भिन्न-भिन्न ढाँचाका पाइन्छन् । यी मुक्तकसङ्ग्रहरू करिब डेढ इन्चदेखि दुई फुटसम्मको लमाइका आकारमा प्रकाशित भएका देखिन्छन् । नेपाली मुक्तकहरू पत्रपत्रिकामा फुटकर रूपमा तथा स्फुटकविताका सङ्ग्रहहरूमा खामेर प्रकाशित गर्ने प्रवृत्तिले गर्दा पनि नेपाली मुक्तकसङ्ग्रहहरूको सङ्ख्यात्मक न्यूनता रहेको भेटिन्छ ।

हालका वर्षहरूमा नयाँनयाँ छिमलका मुक्तककारहरूमा मुक्तक प्रकाशन गर्ने होडबाजीले परिमाणात्मक प्राप्ति उल्लेख्य देखिए पनि गुणात्मक रूपमा भने तिनले फड्को मार्न नसकेको देखिन्छ । भीमदर्शन रोका, भूपी शेरचन, हरिभक्त कटुवाल, वैरागी काइँला आदिजस्ता मुक्तककारहरूले प्रस्तुत गरेको मुक्तकीय सौन्दर्य हालका मुक्तकमा त्यति कायम हुन नसकेको देखिन्छ तापनि नेपाली मुक्तकको संवर्द्धनका लागि देशका ठाउँठाउँमा मुक्तकमा मात्र केन्द्रित संस्थाहरू खोली यिनका माध्यमबाट मुक्तकका गोष्ठीहरू तथा प्रकाशन गर्ने काम गरी यसको विकासलाई गतिशीलता दिएको देखिन्छ ।

विषयवस्तुका दृष्टिले हेर्दा नेपाली मुक्तकमा प्रकृति/विश्वब्रह्माण्डको चित्रणसम्बन्धी र मानवजीवनसम्बन्धी मुख्य दुई विषयहरूको चित्रण गरिएको पाइन्छ । प्रकृति/विश्वब्रह्माण्डको चित्रणमा प्रकृतिको सौन्दर्य, यसप्रतिको प्रेम र पर्यावरणीय विनाशप्रतिको चिन्ता पाइन्छ भने मानवजीवनसित सम्बन्धित

मुक्तकहरूमा राष्ट्र-राष्ट्रियताप्रतिको प्रेम र इतिहासको स्मरण, राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा देखापरेको युद्धको भयावहता र शान्तिको कामनाजस्ता विषयहरूको चित्रण गरिएको देखिन्छ । यसै गरी नेपालको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक आदि विषयका समस्यामूलक तथ्यहरूको चित्रण पनि नेपाली मुक्तकहरूमा भएको पाइन्छ । मुक्तकीय विषयमा अभिव्यक्त विचारका दृष्टिले हेर्दा नेपाली मुक्तकमा मूलतः अध्यात्मवादी-आदर्शवादी, मानवतावादी, नीतिवादी, यथार्थवादी-प्रकृतवादी, विसङ्गतवादी-अस्तित्ववादी, प्रगतिवादी, नारीवादी आदि विश्वदृष्टिकोणको अभिव्यक्ति भएको पाइन्छ । त्यस्तै भावगत प्रवृत्तिका दृष्टिले हेर्दा नेपाली मुक्तकमा प्रेम-प्रणयपरक भाव, वीरता-पौरखमूलक भाव, आत्मिक शान्तिगत भाव, हास्यव्यङ्ग्यात्मक भाव, दुःख-करूणामूलक भाव, भय-आतङ्कबोधक भाव, अद्भुत भाव, बीभत्स-घृणासूचक भाव र आक्रोशजन्य आवेगमूलक भावको प्रयोग गरिएको देखिन्छ ।

शिल्पगत दृष्टिले हेर्दा नेपाली मुक्तकमा कविनिबद्ध उक्ति ढाँचाको प्रयोग भएको देखिन्छ । यी मुक्तकहरू दुईदेखि सात चरणसम्मको विस्तारमा फैलिएका पाइन्छन् । यिनको संरचनागत स्रोत मौलिक र आगन्तुक गरी दुई प्रकारको भेटिन्छ । नेपालीमा रचिएका मुक्तकमा पहिलो चरणले विषयको उठान गर्ने, दोस्रो र तेस्रो चरणले विषयको विस्तारसहित चरम औत्सुक्य उत्पन्न गर्ने र चौथो चरणले विषयलाई उत्कर्षमा पुऱ्याई शमन वा बैठान गर्ने गरेको देखिन्छ । छन्दयुक्त र छन्दमुक्त दुवै खाले लयका संरचनामा दुईदेखि सात चरणसम्मको आयाममा फैलिएका नेपाली मुक्तकहरू नेपाली लोकधारा, संस्कृत, फारसी, उर्दू, हिन्दी, जापानी र अङ्ग्रेजी स्रोतका ढाँचामा लेखिएका पाइन्छन् । यी मुक्तकमा वर्णको आवृत्तिजन्य सौन्दर्य, अक्षरगत शब्दसंरचनाको छाँटिलो र छरितो पन पाइन्छ । समासरहित पदको प्रयोग, स्रोतगत हिसाबले तद्भव शब्दको बाहुल्य र चल्तीका तत्सम तथा आगन्तुक शब्दको ठीकै प्रयोग भएकाले पनि नेपाली मुक्तकमा सुबोध्यता नै पाइन्छ । पदकोटिका दृष्टिले हेर्दा नामिक पद, क्रियापद तथा क्रियाविशेषण पदको बाहुल्य यी मुक्तकहरूमा रहेको देखिएबाट नेपाली मुक्तक भावात्मक तथा वर्णनात्मक गरी दुवै किसिमका शैलीमा रचिएको तथ्य दृष्टिगत हुन्छ । कविताका भाषामा हुने वाक्यात्मक पदक्रमका विचलनको लयगत र शैलीगत सौन्दर्यबाट नेपाली मुक्तक पनि ओतप्रोत नै छन् । त्यसै गरी विविध बिम्बालङ्कार र प्रतीकको प्रयोगले यी मुक्तकहरूमा कथित अर्थ चमत्कारपूर्ण एवं सौन्दर्यशील बन्न पुगेको छ ।

**० तपाईंले नेपाली मुक्तकको परम्परा र प्रवृत्तिमाथि केन्द्रित रहेर पूरा गर्नुभएको शोधप्रबन्धको निचोड र निष्कर्ष के हो ?**

– निष्कर्षमा भन्नुपर्दा नेपाली कविताका फुटकर कविता, खण्डकाव्य र महाकाव्यजस्तै एक प्रकारको रूपमा रहेको मुक्तक कविताको इतिहास पनि करिब दुई शताब्दी वर्षको आयुतिर लम्किँदै समयसान्दर्भिक विविध विषय, भाव तथा विचारलाई व्यक्त गर्दै संरचना, शिल्प तथा शैलीका पुराना र नयाँ अनि मौलिक

र आगन्तुक स्रोतका विविध ढङ्ग र ढाँचामा रचिँदै गतिशील रहेको छ र यसले पाठ्य तथा श्रव्य कविताका रूपमा प्रचुर लोकप्रियता पनि आर्जन गरेको छ ।

**० भावना फुऱ्यो भन्दैमा मनमा जे आयो त्यही लेख्ने अनि त्यसलाई मुक्तक भनेर सार्वजनिक गर्न अत्यन्तै हतारिने फेसबुके कथित मुक्तककारहरूलाई तपाईंले के भन्नुहुन्छ ?**

– सृजनाहरूको जन्म भावावेशमै हुने हो तर जन्मिनु ठूलो कुरो होइन बरू त्यसको जीवन कति लामो तुल्याउन सकिन्छ त्यो महत्त्वपूर्ण कुरो हो । यसैले साहित्यिक रचनाहरूका सन्दर्भमा पनि तिनको मिहिन परिष्कार हुनु जरूरी छ । यसका लागि धैर्य चाहिन्छ । धैर्यपूर्वक परिमार्जित रचनाहरू दीर्घजीवी हुने हुँदा लेख्नासाथ सार्वजनीकरण गरिहाल्नु बुद्धिमानी होइन । हतारका रचनाहरू जहिल्यै दुर्घटनामा परेका छन् । यसैले लेख्नुअगि अध्ययनको जरूरी हुन्छ र लेखेपछि त्यसको समुचित परिष्कारमा धैर्य हुनैपर्छ । हामीले महान् मानेका अधिकतम लेखकहरू परिष्कारधर्मी भएकैले त्यो उचाइँ र सम्मान प्राप्त गर्न लायक भएका हुन् । ■


**नयाँ वर्ष २०७५** को सुखद् अवसरमा वचतकर्ता, सेयर सदस्य तथा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि, सुवास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

**करूण धिताल**
**अवसर बचत तथा ऋण सहकारी संस्था**

**नयाँ वर्ष २०७५** को सुखद् अवसरमा समस्त शिक्षक, विद्यार्थी तथा अभिभावकज्यूहरूमा सुख, शान्ति, समृद्धि, सुवास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

"Your Future Starts Here"
Adharsheela College

# शुभकामना

**नयाँ वर्ष २०७५** को सुखद् अवसरमा समस्त शिक्षक, विद्यार्थी तथा अभिभावकज्यूहरूमा सुख, शान्ति, समृद्धि, सुवास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

**प्रेम राई**
**प्रिन्सिपल एवं**
**इडन ब्रिज एकेडेमी**
**टोखा न.पा.–४, धापासी काठमाडौं**

# आफैमा परिपूर्ण हुनु नै मुक्तकको पहिचान हो



● रामकाजी कोने

*(वि.सं. २०११ जेठ ४ गते बुद्ध पूर्णिमाका दिन बुबा यामबहादुर र आमा सकलादेवी कोने गुरूङको कोखबाट यस धरतीमा जन्मिएका रामकाजी कोने गुरूङ नेपाल मुक्तक प्रतिष्ठानको अध्यक्षको रूपमा नेपाली मुक्तक साहित्यको विकास, विस्तारसँगै स्तरोन्नति कार्यमा क्रियाशील रहेका छन् । 'मुक्तक मेला', 'मुक्तक मन्त्र', र 'मुक्तक मोहिनी' गरी तीन वटा मुक्तक सङ्ग्रह प्रकाशित गरिसकेका कोनेको मुक्तक विधाप्रतिको लगाव साच्चै अनुकरणीय रहेको देखिन्छ । अनेसास बेलायत सम्मान, वैजयन्ती स्रष्टा सम्मान, भ्रद घले सम्मान, वीरेन्द्र ऐश्वर्य सेवा, वरिष्ठ पर्यटन सम्मान आदिबाट सम्मानित कोने तनहुँको रम्घामा रहेको आदिकवि भानुभक्त आचार्यको वास्तविक जन्मघरको निर्माण कार्यमा समेत क्रियाशील रहेका छन् । उनै रामकाजी कोने गुरूङसँग मुक्तक विधा केन्द्रित रहेर मुक्ति भण्डारीद्वारा गरिएको कुराकानी यहाँ प्रस्तुत गरिएको छ : सं./प्र.) ।*

**० साहित्यका अन्य विधाहरूबाट मुक्तक अलग विधा हो भन्ने आधार के छ ?**

– सबैभन्दा पहिले मुक्तकलाई यसको परिभाषाबाटै बुझ्न सकिन्छ । मुक्तक संस्कृत भाषाबाट आएको शब्द हो । 'मुक्त' शब्दमा 'कन' प्रत्यय लागेर मुक्तकको व्युत्पत्ति हुन्छ । जसको अर्थ हुन्छ स्वतन्त्र । आफैमा पूर्ण । हामीले एउटा अभियान चारपंक्तीय मुक्तक लेखनको चलाएका छौं । अस्ति पोखरामा सम्पन्न मुक्तक महोत्सवमा पनि यो विषयमा चर्चा भयो । केही असहमति त छँदै छन्, तर मुक्तकको मानक रूप चार पंक्तिलाई मान्ने विषयमा धेरैको सहमति छ । चारपंक्ति आफैमा पूर्ण हुने भएकाले मुक्तक चोटिलो, पोटिलो, रसिलो र आफैमा परिपूर्ण हुन्छ । यो नै मुक्तकको पहिचान हो ।

**० तपाईँले चार पंक्तिमा लेखिने मुक्तकलाई नै मानक मान्नु पर्ने कुरा राख्नु भयो, अधिकांश पुराना स्रष्टा र केही समकालीन स्रष्टाहरूले समेत चारभन्दा बढी पंक्तिका मुक्तक लेख्नुहुन्छ नि !**

– उहाँहरूसँग पनि हाम्रो विरोध होइन, किनकि उहाँहरूले पनि मुक्तकको नाममा भाषाकै सेवा गर्नु भा'छ । कतिपयले त गद्यमा समेत लेख्नुभा'छ । उहाँहरूको योगदानलाई हामीले कम आँक्नु हुँदैन । तर, प्रश्न कहाँनिर उठ्छ भने मुक्तक चिन्ने कसरी त ? २ देखि ७ लाइनलाई मुक्तक भनेपछि कहिलेकाहीँ म भन्ने गर्छु कविता बिग्रियो भने मुक्तक त्यसो भए ? हाइकु १७ अक्षरले चिनियो, पूर्वीय साहित्यमा दुई पदीयलाई दोहा भनिन्छ, त्यसैगरी सबैको आआफ्नै नाम छ भने मुक्तकको एउटा पहिचान किन नहुने ? मुक्तकको स्वरूप नै बेरूप भएकोले यसलाई एउटा फ्रेममा ढालेको हो ।

**० नेपाली साहित्यमा मुक्तक कहिलेदेखि भित्रियो ?**

— नेपाली साहित्यको प्राथमिक कालमा नै मुक्तक भेटिन्छ । शक्तिबल्लभ अर्यालको 'तनहुँ भकुण्डो' स्पष्ट नेपाली मुक्तक हो । त्यो चार पंक्तिमा छ, चार पंक्तिमा तीनवटा जिल्लाको कुरा उल्लेख गरिएको छ यद्यपी मुक्तक नामकरण गरिएको छैन । यसैलाई पहिलो चतुष्पदीय मुक्तक मान्न सकिन्छ । त्यसपछि भानुभक्तले 'गजाधर सोतीकी...' भन्ने चतुष्पदीय लेखेको पाइन्छ । त्यसपछि मोतीरामले काम गरे । खासमा प्राथमिक र माध्यमिक कालमा मुक्तक नाम दिइएन । आधुनिक कालमा आएपछि भीमदर्शन रोकाले 'घाम डुबेर तारा नउदाइसकेको आकाश हुँ म' भन्ने मुक्तक लेखे । भीमदर्शन रोकालाई नेपाली मुक्तकमा चतुष्पदीय मुक्तक लेखनका प्रारम्भकर्ता भन्न सकिन्छ । उनले मुक्तक नभने पनि चतुष्पदीय शैली भित्र्याए । त्यसपछि टेकबहादुर नवीनले मुक्तकका दुईवटा किताबहरू लेखे २०१६ सालमा । तर उनले पनि मुक्तक भन्न सकेनन् । मुक्तक नै भनेर २०२० सालमा कृष्णप्रसाद पराजुलीले लेखे । तर यसमा दुईजनाको दाबी छ । चेतन कार्कीले मेरो 'मुक्तक मेला'को भूमिकामा 'सायद पहिलो मुक्तक मेरो थियो कि' भन्नुभा'छ । त्यतिबेला उहाँले देहरादूनमा पढ्नुहुन्थ्यो उहाँले ' त्यो प्रति मसँग नहुँदा क्लेम गर्न सकिन' भन्नुभा'छ । त्यसैगरी कृष्णप्रसाद पराजुलीले 'मुक्तक शब्द नै प्रयोग गर्ने पहिलो व्यक्ति म नै रहेँछु' भन्नुभा'छ ।

**० मुक्तकका अरु कुनै प्रकारलाई पनि मानक मान्न सकिन्थ्यो तर रुवाइलाई नै मान्नुको कारण के हो ?**

— रूवाइ शैलीलाई रूचायो मान्छेले । यसको एउटा मजा के छ भने तेस्रो पंक्तिमा अनुप्रास मिलाउनु नपर्दा भावलाई बेजोड बनाउन सकिन्छ । तुकान्त बनाउन खोज्दा भाव कमजोर बन्न सक्छ । यसमा सुरूको उठान पंक्ति र दोस्रोमा विकास पंक्ति हुन्छ । त्यस्तै तेस्रोले ताक्ने काम गर्छ भने चौथोले हान्ने काम गर्छ । खुत्रुक्कै पार्छ । हामीले पूर्वीय मान्यतालाई विरोध गर्न खोजेको होइन । त्यहाँ छोटा वा लघु कविता जतिलाई मुक्तक भनेको छ । हामीले मानक चाहिँ चतुष्पदी बनाएका हौं, जसमा पूर्वीय मुक्तक र रूवाइ दुबै समेटिन्छ ।

**० कुनै देशले संविधान बनाएर जनतालाई सोहीअनुसार चल्न आदेश दिएझैं साहित्यमा पनि कुनै संस्था वा समूहले निर्धारण गरेको मानकको आधारमा सबै चल्नुपर्छ भन्ने छ र ?**

— वास्तवमा स्रष्टा भनेको अराजक समूह हो । उनीहरूले सधैं सिद्धान्तमा टेकेर लेख्छन् वा लेख्नुपर्छ भन्ने केही छैन । हामीसँग कुनै हत्कडी छैन, हामीले त मुक्तकको पहिचानको लागि चतुष्पदीयलाई मानक मानेर अगाडि बढौं भन्ने प्रस्ताव गरेका हौं । तर, पछिल्लो समयमा अधिकांश स्रष्टाहरूले यो कुरालाई स्वीकार गर्नुभा'छ ।

**० पछिल्लो समयमा नेपालमा मुक्तक लेखनको अवस्था कस्तो छ ?**

— म सबैभन्दा पहिले मुक्तकको महत्वबारे बताउँछु । नेपालमा २०३६ सालको आन्दोलन, २०४६ सालको आन्दोलन, २०६२/६३ को आन्दोलन सबैमा मुक्तकले स्थान पाएको छ । किनकि यी सबै आन्दोलनमा आआफ्नो कार्यक्रम सुरू गर्नुभन्दा पहिले मुक्तक सुनाउँथे । यसको सबैभन्दा सटिक पाटो चार पंक्तीय हुनु हो । यसका साथै सामाजिक सञ्जालमा सबैभन्दा आड पाएको र फैलिएको विधा मुक्तक हो । यसलाई अङ्ग्रेजीमा भन्छ नि 'आइ.टी. फ्रेण्डली' भनुम न । सामाजिक

सञ्जालमैत्री । अहिले त अनुकूल मुक्तकको छ ।

**० यही आधारमा मुक्तकले भविष्यमा समृद्ध विधाको रूपमा आफूलाई चिनाउन सक्ला भन्न सकिन्छ ?**

– कुरो के छ भने मुक्तक विधा हो कि उपविधा भन्ने विषयमा नै विवाद छ । अहिलेसम्म यसलाई कविताको उपविधा मानिएको छ तर हामी मुक्तकले पनि अलग मान्यता पाउनुपर्छ भन्ने मान्यता राख्छौं तर त्योभन्दा अगाडि गर्नुपर्ने काम धेरै छन् । मुख्य कुरा त मुक्तकलाई कसैले बनाइदिने भन्दा पनि उत्कृष्ट मुक्तकहरू लेखिँदै गएपछि स्वतः यसले आफ्नो स्थान पाउँछ । म त नेपाली मुक्तकको भविष्य सुन्दर देख्छु ।

**० सर नेपाल मुक्तक प्रष्ठिानको अध्यक्ष पनि हुनुहुन्छ, यो संस्था खासमा त तपाईँहरूले मुक्तकको उत्थानकै लागि स्थापना गर्नुभा'को होला, यसका अन्य उद्देश्य पनि छन् कि ? संस्थाको स्थापनादेखि हालसम्मका गतिविधिबारे बताइदिनु न ।**

– यो एउटा संजोग हो । मेरा दुईवटा मुक्तक संग्रह आइसकेपछि रेडियो नेपालका रमेश पौडेल भाइले काठमाडौंमा एउटा मुक्तकको क्षेत्रमा काम गर्ने संस्था गठन गरौं भन्ने आग्रह गरे र पछि छलफल गरेर अगाडि बढियो २०७० सालमा । हाम्रो मूल उद्देश्य मुक्तकको उत्थान र उन्नयन गर्नु हो तापनि हामीले देश दुखेको बेलामा स्रष्टाहरू पनि चुप लाएर बस्नुहुन्न भनेर विभिन्न कामहरू गरेका छौं । समाजमा जुन धारणा छ 'लेखकहरू आस मात्र गर्छन्, माग्न सक्छन्, दिन सक्दैनन् ।' यसैलाई चिर्दै स्रष्टाहरूले पनि समाजलाई दिन सक्छन् भन्ने देखाउन हामीले काम गरेका छौं । असारमा बाढी आउँदा हामीले टिकटमा मुक्तक कार्यक्रम गरेर बाढी पीडितलाई सहयोग गर्‍यौं । २०७२ सालमा भूकम्पपीडितहरूलाई साढे तीनलाख रूपियाँको राहत सामग्री वितरण गर्‍यौं । २०७३ मा सिन्धुपाल्चोकको बाढीमा सहयोग गर्‍यौं । सिन्धुपाल्चोकको वनसाँघु मा.वि. मा चार लाख रूपियाँको अक्षय कोष स्थापना गरेका छौं । त्यसमा हामीलाई मलेसिया र इजरायल शाखाले सहयोग गरेको छ । आगामी दिनमा पनि देशमा नराम्रो घटना त नघटोस्, तर दुःख पर्दा हामीले सिर्जनाबाटै सहयोग गर्ने छौं । हामीले वर्षमा चारवटा कार्यक्रमहरू गर्ने अठोट गरेका छौं । यी शाखा–प्रशाखाहरू खोलिनुमा सामाजिक सञ्जालको सबैभन्दा महत्वपूर्ण भूमिका छ । उनीहरूले सम्पूर्ण काम आफै गर्छन्, हामीले अनुमोदन गर्छौं । अहिले हाम्रा तीन देशमा शाखाहरू सक्रिय छन् । मलेसिया शाखाले एउटा, इजरायलले दुइटा र यु.के. शाखाले एउटा कृति प्रकाशन गरिसके । अन्य देशमा पनि छन् तर यतिबेला यी तीन देशमा रहेका शाखाहरू सक्रिय छन् ।

**० काठमाडौंमा पछिल्लो समयमा तपाईँहरूको गतिविधि अलिक कम देखिन्छ नि, के गर्दै छ नेपाल मुक्तक प्रष्ठिानले ?**

– त्यस्तो कम भएको त होइन । हामीले नियमित कार्यक्रमहरू गरिराखेकै छौं । सबै साथीहरूको आ–आफ्नै व्यस्तताले भनेजति काम गर्न सकेका छैनौं । यो पालि चाहिँ १०१ जना मुक्तककारहरूको संयुक्त सङ्ग्रह निकाल्दै छौं । हाम्रा शाखाहरूले पनि आ–आफ्नै ढङ्गले कार्यक्रम गरिरहेकै छन् ।

**० अब मुक्तक भित्रका कुरा गरौं । धेरै मानिसहरू गजल र मुक्तकको संरचनामै झुक्किएको देखिन्छ । गजलका सुरुका दुई शेर र चतुष्पदी मुक्तकमा के फरक छ ?**

– तपाईँले भनेको कुरा ठीक हो । धेरै मान्छेहरू गजल र मुक्तकमा

झुक्किन्छन् । सामाजिक सञ्जालमा कतिपयले मेरो मुक्तकमा 'हाउ नाइस गजल' भनेर कमेन्ट गरेका हुन्छन् । त्यसका पछाडि गजलको लोकप्रियता र संरचनात्मक रूपमा देखिने समानता नै हो । लेख्नेहरू स्पष्ट छन् तापनि पाठकहरू तपाईँले भनेझैं अलमलमा देखिन्छन् । तर, गजल र मुक्तक बीच आनका तान फरक छ । मुक्तक चार पंक्तिमा पूर्ण हुन्छ । सुरूको पंक्तिले उठाएको विषयलाई चौथोले पुष्टि गर्छ तर गजलमा त्यस्तो हुँदैन । गजलमा त प्रत्येक शेरले अलग अलग विषय पनि उठाउन सक्छन् । गहिरिएर हेर्‍यो भने जो कोहीले पनि यी दुईका बीचको भिन्नता सजिलै थाहा पाउँछ । मुक्तकमा चारै पंक्तिमा अनुप्रास मिलाउन पनि सकिन्छ । उदाहरणको लागि चेतन कार्की दाइको मुक्तकलाई लिन सकिन्छ–

रूप होस्, अभिमान नहोस्, सम्भव नै छैन
बैंस होस्, गुमान नहोस् सम्भव नै छैन ।
क्रान्ति होस्, वलिदान नहोस् सम्भव नै छैन,
नेता होस् वेइमान नहोस् सम्भव नै छैन ।

**० नेपाली समालोचकहरूका नजरमा मुक्तक किन पर्न नसकेको होला ?**

– त्यसमा एउटा त हेर्ने दृष्टिकोण नै हो । मुक्तकलाई टुक्रे कविता भनेर हेर्ने चलन छ । म त त्यसलाई दृष्टिदोष भन्छु । एउटा महाकाव्यले दिने सार एउटा मुक्तकमा अटाउन सकिन्छ । कुनै पनि विधा आफैमा ठूलो र सानो भन्ने हुँदैन । त्यस बिधामा लाग्ने स्रष्टाहरूले कत्तिको स्तरीय काम गरे भन्नेमा भर पर्छ । एक त परम्परागत सोंच हो, दोस्रो त्यो स्तरको मुक्तक लेखिएकै छैन । सुन्दर मुक्तकहरू लेखिँदै गएपछि समालोचकहरू पनि यतातिर आकर्षित होलान् । अहिले त नेपाली समालोचना आख्यान विधामै केन्द्रित छ । मुक्तक मात्र होइन कविता, गजल लगायतका अन्य विधाहरू पनि समालोचकका आँखामा परेको देखिन्न । तर, पत्र–पत्रिका, सामाजिक सञ्जाल तथा विभिन्न साहित्यिक गोष्ठीहरूमा मुक्तकबारे चर्चा परिचर्चा भइरहेकै छन् ।

**० समकालीन मुक्तक लेखनका प्रवृत्तिहरू के कस्ता छन् ?**

– नेपाली मुक्तक लेखनमा वर्तमान सन्दर्भमा समाजका विविध क्षेत्रका विसङ्गति विकृति नै पहिलो विषय बनेर आएको छ भने दोस्रोमा प्रेम । प्रेमका दुईतीनवटा आयाममा फैलिएर कलम चलाइएको पाइन्छ । जस्तो कि व्यक्ति–व्यक्ति बीचको प्रेम, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदि । शैलीको कुरा गर्नुपर्दा चतुष्पदीलाई नै अधिकांश स्रष्टाहरूले पछ्याएको देखिन्छ ।

**० कतिपय स्रष्टाहरूले मुक्तकमा शीर्षक राखेको देखिन्छ भने कतिपयले शीर्षक नराखी मुक्तकहरू प्रकाशन गर्नुभा'छ । यस विषयमा तपाईँ के भन्नुहुन्छ ?**

– राख्नुपर्छ भन्ने छैन । तर, राख्नेहरूलाई हाम्रो विरोध पनि छैन । तर, विस्तारै शीर्षक बिना नै मुक्तक प्रकाशन गर्ने ट्रेण्ड चल्दैछ ।

**० अन्त्यमा तपाईँको आफूलाई मनपर्ने मुक्तक सुनौं न ।**

– मैले यो मुक्तक धेरै ठाउँमा सुनाएको छु । अहिले यही सुनौं है त ।

अनौठो खबर पत्रिकामा पढ्न पाए कसो होला ?
दुःखद् एउटा उदाहरण देख्न पाए कसो होला ?
असफल प्रेमीहरू झैं देश बिग्रेको झोंकमा,
आत्महत्या गर्‍यो रे नेताले सुन्न पाए कसो होला ?
धन्यवाद !

- बेटी पढाऔं, बेटी बचाऔं ।
- नियमित कर तिरी नगरको विकास निर्माणमा सहभागी बनौं ।
- तिर्नुपर्ने सम्पूर्ण कर चुक्ता नगरेसम्म सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- कर तिर्नु सबै नगरबासीहरुको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
- कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हाम्रो ठाउँ हामी सबै मिलेर अझ राम्रो बनाऔं ।

**निजगढ नगरपालिकाको कार्यालय**
**निजगढ बारा**

- बेटी पढाऔं, बेटी बचाऔं ।
- नियमित कर तिरी नगरको विकास निर्माणमा सहभागी बनौं ।
- तिर्नुपर्ने सम्पूर्ण कर चुक्ता नगरेसम्म सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- कर तिर्नु सबै नगरबासीहरुको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
- कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हाम्रो ठाउँ हामी सबै मिलेर अझ राम्रो बनाऔं ।

**सिम्रौनगढ नगरपालिकाको कार्यालय**
**सिम्रौनगढ, बारा**

- बेटी पढाऔं, बेटी बचाऔं ।
- नियमित कर तिरी नगरको विकास निर्माणमा सहभागी बनौं ।
- तिर्नुपर्ने सम्पूर्ण कर चुक्ता नगरेसम्म सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- कर तिर्नु सबै नगरबासीहरुको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
- कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हाम्रो ठाउँ हामी सबै मिलेर अझ राम्रो बनाऔं ।

**महागढीमाई नगरपालिकाको कार्यालय**
**बरियारपुर, बारा**

# प्रक्षेपणमा विचारको सुन्दर प्रक्षेपण



● आर.एम्.डङ्गोल

**१. विधा प्रकृति**

कविताको विशिष्टता यसको भाषापक्षसँग सम्बन्धित छ । साङ्गीतिकता र गेयतासँगै तीव्र भावप्रवाहले यसलाई अन्यविधासँग छुट्याउँछ । मुक्त छन्द वा गद्य कविताले स्रष्टाको लवजलाई पछ्याउँदा पछ्याउँदै पनि एक प्रकारको साङ्गीतिक ध्वनिले पाठकलाई आफूसँग डोऱ्याउन सक्ने सामर्थ्य राख्दछ । पूर्वमा र पश्चिममा कवितापरम्पराको लामो इतिहास छ । विशिष्ट व्यक्तिका बोलीलाई सूक्तिका रूपमा मनन गर्ने वा कुनै महान्  भनिएका रचनाका विशिष्ट पदावलीलाई ऋचा वा मन्त्रका रूपमा स्वीकारिने परम्परासँगै कविताको स्वरूप र संरचनामा अनेक प्रयोगहरू हुँदै आएका छन् ।

सूक्ति भनौँ वा ऋचा/मन्त्र भनौँ, यो कविता वा काव्यको त्यस्तो लघु आयामिक भेद, जसले जीवनको शास्वत सत्यलाई कथन गर्ने सामर्थ्य राख्छ । त्यो भन्दा विस्तारित आयाममा फुटकर कविताले अझ विस्तृति पाउँदै जाँदा लामो कविता वा खण्डकाव्यले र आयामगत उत्कर्षताको दृष्टिले महाकाव्यले जीवन र जगत्लाई स्रष्टाको कल्पना र अनुभूतिको रसायनमा पुनसिर्जनको प्रयत्न गर्छ । हामी कहाँ पछिल्लो समय यी सबै अभ्यासहरू भइरहेका छन् ।

कविता काव्यको लघु स्वरूपका रूपमा गीत, गजल र लघुतम रूपमा हाइकु, ताङ्का, मुक्तकलाई लिइन्छ । मुक्तक चतुष्पदीय ढाँचाको तर पहिलो, दोस्रो र चौँथो हरफ अनुप्रासयुक्त तथा तेस्रो हरफ स्वतन्त्र भएको त्यस्तो कसिलो सूक्तिमय कथन हो, जसले तीव्र स्वरमा वजनदार भाव सम्प्रेषण गर्छ । रचनाकार यसमार्फत् आफ्ना सरोकारका विषयमा सहमति–असहमति, व्यङ्ग्य, गुनासो,

सल्लाह-सुझाव प्रस्तुत गर्न स्वतन्त्र हुन्छन् । यसको चारवटा हरफका आ-आफ्ना भूमिका हुन्छन् । पहिलो हरफले विषय उठान गर्छ, दोस्रो हरफले विषयको उठानको समर्थन, तेस्रो हरफले माथिल्ला दुई हरफले बनाएको पृष्ठभूमिको जगमा चौथो हरफमा मार वा झट्का हान्नका लागि उपयुक्त वातावरण तयार गर्दछ । यस हिसाबले मुक्तक छोटोमा जीवन भोगाइको मार्मिक सत्य उद्घाटन गर्ने सूक्तिमय काव्यिक कथन हो । गीत, गजलले जस्तो शब्द/ध्वानको आवृत्ति सहितको साङ्गीतिकताको सीमा यसले पछ्याउँदा पछ्याउँदै पनि चार हरफको मितव्ययी उक्ति वैचित्र्य यसको विशिष्ट चिनारी हो ।




**२. मुक्तककार भक्त कार्कीको मुक्तकीय चेतना**

भक्त कार्की (वि.सं. २०२४) म्याग्दीमा जन्मिई त्यहीँको परिवेशमा लेखनका माध्यमबाट सार्वजनिक व्यक्तित्व निर्माण गर्न सफल साहित्यिक साधक हुन् । शिक्षण पेशासँगसँगै साहित्यिक सांस्कृतिक आन्दोलनसँग पनि जोडिदै आएका उनी प्रगतिशील जीवनदृष्टिको प्रतिबद्ध लेखक हुन् । यसअघि नै उनका कविता, बालगीत, हाइकु, बालहाइकु, ताङ्कासहित ६ वटा कृतिहरू प्रकाशित भइसकेका छन् । विभिन्न साहित्यिक संघ-संस्थासँग आवद्ध यिनको पछिल्लो कृति 'प्रक्षेपण' (मुक्तक सङ्ग्रह, २०७२) हो । २३४ पृष्ठको यस कृतिमा बाहिरी पृष्ठबाहेक भित्री सूचकाङ्क पृष्ठ, प्रकाशकीय, लेखकीय मन्तव्य र भूमिकासहितको १२ पृष्ठसहित २२२ का २२२ वटा मुक्तकहरू समेटिएका छन् । यी मध्ये दुईटा मुक्तक दुई ठाउँमा दोहोरिएको (पृ. १५, २०९) ले यसमा सङ्कलित मुक्तक जम्माजम्मी २२० वटा हुन आउँछ । मुक्तक रचनाको मिति उल्लेख नगरिएता पनि विभिन्न समयमा प्रकाशित राष्ट्रिय तथा स्थानीय साहित्यिक पत्रपत्रिका तथा सञ्चार माध्यमहरूको सूचि पनि सङ्ग्रहको अन्त्यमा उल्लेखित छ ।

सङ्ग्रहमा सङ्गृहित यी मुक्तकहरूको कथ्यसन्दर्भ, शिल्प र संरचना पक्षको अध्ययन गर्दा निम्नानुसारको मुक्तकीय चेतना पाउन सकिन्छः

**२.१ जीवन व्यवहार र संस्कृतिक जीवित अवसरवादी सामन्तवादी चरित्रको विरोध**

मुलुकमा एकपछि अर्को उथलपुथलपूर्ण राजनीतिक परिवर्तनले गणतन्त्रको स्थापना भएको छ । जनताको चेतना स्तर उन्नत भइसकेको छ । तर जनसाधारणको जीवनमा खासै परिवर्तनका सङ्केत देखिन्न । सामन्ती चरित्र र संस्कृति नेताहरू

र सर्वसाधारणको जीवन व्यवहारमा देख्न सकिन्छ । जनतालाई रैती नै देख्ने र आफूलाई महान् तथा नायक सम्झने राजनीतिकर्मी तथा भद्दा दलीय संस्कृतिप्रति असहमतिको तीखो स्वर उनका अधिकांश रचनामा भेट्न सकिन्छ ।

**साक्ष्य –१**

जाली फटाहाहरूको जाल उस्तै उस्तै
उनीहरूको खाल उस्तै उस्तै
कुकुरको पुच्छर बाङ्गाबाङ्गै
उनीहरूको ताल उस्तै उस्तै । (पृ. १५)

**साक्ष्य –२**

छद्मभेषीका राज यहाँ
उनै उनैको ताज यहाँ
कुटाएर फुटाएर राज गर्ने
परेवा खाने बाज यहाँ । (पृ. १७)

**साक्ष्य –३**

हिरो बन्ने दाउमा किरो पो बनेछौ
शीतल आँखा नानीमा पिरो पो बनेछौ
दस वर्षे गुप्तबासबाट ध्यान भङ्ग भई
उच्छवास र बज्रपातको तिरो पो बनेछौ । (पृ. ६८)

माथिका ३ वटा साक्ष्यले नेपाली समाज, राजनीति र संस्कृतिमा व्याप्त सामन्ती संस्कृतिको उछितो काढेको छ । हामी रूपान्तरित हुन सकेनौँ, कमजोरी हामीभित्रै छ भन्ने स्वीकारोक्ति पनि कतिपय मुक्तकको कथ्य बन्न पुगेको छ । अवसरवादी चरित्र, ढोँगी र आडम्बरी चत्रिरमाथि व्यङ्ग्य प्रहार गर्दै लेखिएको पृ. ६७, ७१, ७६, ८२, ९७, १०८, १६९, १८१, २२३ का मुक्तकहरू चोटिला छन्, पठनीय छन् ।

## २.२ मानवीय श्रमसंस्कृतिको गायन र जीवनबोधी स्वर

मुक्तककार मान्छेको श्रम संस्कृतिको सौन्दर्यका प्रशंसक देखिन्छन् । श्रमिक, किसान मजदूरहरूको रगत, पसिनाले नै मुलुकको आर्थिक भौतिक उन्नयन सम्भव भएको हो । पराश्रित जीवन मुक्तकारलाई स्वीकार्य छैन । जो श्रम गर्छ, उही दुःखी, भोको, नाङ्गो हुनुपर्ने बिप्ल्याँटो अवस्थाप्रति रोष प्रकट गरिएका केही मुक्तकहरू पनि यस कृतिभित्र सङ्कलित छन्ः

साक्ष्य –१

जीवनभित्र जीवन लेख्नुपर्छ
युगभित्र युग लेख्नुपर्छ
जीवनको सार्थक यात्रामा सधैँ

चुनौतीलाई पहाडमै छेक्नुपर्छ । (पृ. ५७)

साक्ष्य -२

जिन्दगी जङ्घार हो तर्न सिक्नुपर्छ
जिन्दगी सगर हो सर्न सिक्नुपर्छ
जिन्दगीकै साँचो अर्थ के हुन सक्छ ?
जिन्दगी टर्न होइन दर्न सिक्नु पर्छ । (पृ. ७२)

साक्ष्य -३

एकएक गरी दीप जलाउनु छ
कुडा कर्कटहरू लादउनु छ
विषपृक्ष उम्रेको थात थलोमा
अमृत वृक्ष फलाउनु छ । (पृ. १३२)

माथिका साक्ष्य हरफहरूमा अदम्य साहसको प्रतिध्वनि गुन्जिएको छ । जिन्दगीलाई सारपूर्ण बनाउन अप्ठेराहरूसँग जुध्ने आत्मबल चाहिन्छ । त्यसैगरी आशावादी, जीवनबोधी स्वरको टङ्कारो गुञ्जन पनि छ । पृष्ठ १९, २०, २४, ३१, ४२, ५७, ५९, ६१, ७२, ८०, ९४, ११०, १२४, १३४, १४५, १५१, १७५ लगायतका मुक्तकमा यो चेतना मुखरित भएको पाइन्छ ।

### २.३ राज्यको निरङ्कुश चरित्र र सबैखाले विभेद, असमानताप्रति विरोध, खबरदारी

मुक्तककार आफ्ना रचनालाई सामाजिक, सांस्कृतिक रूपान्तरणको औजार बनाउन चाहन्छन् । न्यायपूर्ण समाजको चोखो चाह उनका हरेक मुक्तकमा अभिव्यक्त भएको छ । राज्ययन्त्रणा उनलाई स्वीकार्य छैन । शासकको दम्भी, सत्ता शक्तिमोह र निरङ्कुश चरित्रप्रति घृणा व्यक्त गरिएका छन् अधिकांश मुक्तकहरूमा ।

साक्ष्य -१

निमुखालाई ऐन सधैँ
सामन्तलाई चैन सधैँ
मरिमरि पसिना बगायो
उनीहरूकै वैन सधैँ । (पृ. १३)

साक्ष्य -२

लाग्दै छन् पाइलैपिच्छे ठेसहरू
बदल्दै छन् ती छद्म भेषहरू
छलछामका तानाबाना बुन्दै
खेल्दै छन् दाउपेचका चेसहरू (पृ. ४५)

साक्ष्य -३

मालुवा हान्ने सिकारी चिनौँ
नगरी खाने भिखारी चिनौँ

बोटविरूवा खाने धमिराहरू
जनताका शत्रु हुन् धिक्कारी चिनौं ।   (पृ. १८८)

माथिका साक्ष्यहरूमा जनसाधारणप्रति राज्यको असहिष्णु व्यवहारप्रति रोष प्रकट गरिएको छ । मुक्तककार विश्वदृष्टिकोणमा स्पष्ट छन् । राज्यको दमनकारी चरित्र र निरङ्कुश चरित्र विरूद्ध स्रष्टाहरूले प्रतिरोधी वैचारिक मोर्चा खडा गर्नुपर्छ । यस दृष्टिले पृष्ठ १४, १५, ३४, ३६, ४३, ६०, ६४, ६७, ६९, ७१, ७४, ७६, ७९, ८५, ८९, ९१, ९२, ९५, १२६, १३३, १३५, १३९, १४३, १४५, १५७, १७०, १८१, २०२, २०५, २०७, २१९ का मुक्तक रचनाहरू उल्लेखनीय छन् ।

## २.४ राष्ट्रिय स्वाभिमान र राष्ट्रियताको पक्षपोषण

मुलुकको आन्तरिक राष्ट्रियता कमजोर बन्दै जाँदा शक्ति राष्ट्रहरूको मिचाहा व्यवहारले जनता र देशको स्वाभिमानमाथि आँच आएको तीतो सत्य हो । मुक्तककार जातीय विद्वेषको विपक्षमा छन् । सबैखाले विग्रहको पर्खालले मुलुकको सार्वभौमसत्ता माथि शङ्कट आइपर्न सक्छ । यसतर्फको चासो र चिन्ता उनका धेरै मुक्तक रचनामा भेट्न सकिन्छ :

साक्ष्य -१

सगरमाथा धेरै दुख्यो दुख्नु हुन्न कतै
मेचीकाली धेरे सुक्यो सुक्नु हुन्न कतै
हिमाल पहाड तराई धाँजा फाट्दै छ रे
नेपालीको पहिचान झुक्नु हुन्न कतै । (पृ. ३२)

साक्ष्य -२

पराधीनको चौरासी व्यञ्जनभन्दा बलबाहुको लिटो मिठो
परचक्रीको भिक्षाटनभन्दा स्वतन्त्रताको सितो मिठो
स्वतन्त्रता र स्वाधीनता मागेर होइन लडेर आउँछ
दाशताको ऐश भन्दा स्वदेशको गिठ्ठो मिठो । (पृ. ८८)

साक्ष्य -३

भाइभाइ भाजिनु हुन्न हामी
बाटो बिराई रागिनु हुन्न हामी
अर्कैको चौरासी व्यञ्जन परिकार भै
अचारझैं साजिनु हुन्न हामी । (पृ. २०३)

माथिका साक्ष्य हरफहरूमा परचक्रीको षड्यन्त्रप्रति चिन्ता छ, स्वाधीनताको चाह छ । मुलुक र जनताको मत बाझिँदा राष्ट्रियतामा शङ्कट आइपर्न सक्ने चिन्तना अभिव्यक्त छ । यसखालको चेतनाको दृष्टिले पृ. ७७, ७८, ८४, ९६, ९७, १५०, १७३, १७६, १८०, २०८,२१४ का मुक्तक रचनाहरू उल्लेखनीय छन् ।

## २.५ साहित्य लेखनको उद्देश्य र प्रयोजनका दृष्टिले प्रस्तुत लेखकीय प्रतिबद्धता

यस सङ्ग्रहमा मुक्तककारको साहित्य सम्बन्धी दृष्टिकोण र चिन्तन पनि

प्रस्तुत छ । कविता वा साहित्य लेखन केका लागि भन्ने प्रश्नमा उनी स्पष्ट छन् । उनी कविलाई आफ्ना निर्भिक अभिव्यक्तिका लागि कसैले रोक्न नसक्ने र ऊ देश, जनताप्रति प्रतिबद्ध हुनुपर्छ भन्ने मत राख्छन् ।

साक्ष्य -१

बात हुन् मेरा कविता
हात हुन् मेरा कविता
सिर्जनशील सोच चिन्तन
साथ छन् मेरा कविता (पृ. १६१)

साक्ष्य -२

कविको घर हो जगत
कविको थर हो जगत
क्षणमै संसार सयर गर्छ
कविको आफ्नै अधर हो जगत । (पृ. १७९)

माथिका साक्ष्यहरूले कविको सिर्जनशील सोचको परिचय दिन्छ । उनी जागातिक र संसार आफ्नो लेखनीको विषय भएको स्वीकार्छन् । यस दृष्टिले पृ. ५१, १२८, १५६, १६६ का मुक्तकीय रचनाहरू उल्लेखनीय छन् ।

यी सरोकारका विषयबाहेक उनको मुक्तकको प्रहारको निशाना सांस्कृतिक विकृति, विसङ्गति र मान्छेको भनाइ र गराइ बिचको असमानतामाथि पनि केन्द्रित छ । यी मुक्तकहरूमा समयसित रचनाकारको एकसरो संवाद छ, गुनासो छ, आक्रोश छ ।

### ३. संरचनात्मक तथा शिल्पगत वैशिष्ट्य

मुक्तककार मुक्त रूपमा धेरै कुरा भन्न चाहन्छन् । उउनीसँग विषमताका अनेक दृष्टान्तहरू छन्, भोगाइहरू छन् । उत्तरदायित्वपूर्ण लेखनले उनलाई संयमित बनाएको छ, प्रतिबद्ध बनाएको छ । मुक्तको विधा प्रकृतिसँग उनी राम्रो जानकार छन् । यति हुँदाहुँदै पनि उनका मुक्तकहरू विचार प्रवाहको दृष्टिले जति सफल देखिन्छन्, प्रभावोत्पादकताको दृष्टिले कमजोर पनि । मुक्तकका चारहरफमध्ये पहिलो हरफ विषय प्रवेश, दोस्रो पङ्क्तिले पहिलो हरफको मतलाई थप पुष्टि गर्ने र तेस्रो हरफले स्वतन्त्र रूपमा चौथो हरफमा एक प्रकारको शक्तिशाली विचार प्रवाह गर्ने सामर्थ्य राख्नु पर्छ तर उनका धेरै मुक्तकहरूमा पहिलो र दोस्रो पङ्क्तिले जे भनेको हो त्यसैलाई चौथो हरफले दोहोर्‍याएका देखिन्छ । अर्थात् पहिलो र दोस्रो भनाइको पुनर्पुष्ठिका लागि चौथो पङ्क्तिको आयोजन गरिएको देखिन्छ ।

साक्ष्य : १

जस्तो आँधी बेहरी आओस् निभ्नु हुन्न बत्ती
जस्तो खडेरी परोस् जल सुक्नुहुन्न कति
कालो बादल मडारी असिना बर्सिउन् त के भो
बज्रिउन् गोला बारूद शिर झुक्नु हुन्न कति ।

माथिको साक्ष्यमा चौथो हरफ र अघिल्ला दुई हरफको आशय, विचारमा साम्यता नै देखिन्छ । यसले विचारमा रचनाकार स्पष्ट देखिएता पनि प्रभावोत्पादकताको दृष्टिले पाठक त्यति झङ्कृत हुन सक्ने देखिन्न ।

लय चेतनाका दृष्टिले अर्थात् अनुप्रास विधानका दृष्टिले उनका मुक्तकहरूमा विभिन्न बान्की देख्न सकिन्छ । पङ्क्ति वा हरफको आदि, मध्य र अन्त्यमा अनुप्रास वा लयनिर्माणका दृष्टिले उनका अधिकांश मुक्तकहरू सुन्दर छन् । कहीँ उप्रदेश र आग्रहको भाव, कहीँ प्रश्नात्मक भाव र कहीँ संवोधनात्मक भाव तथा कहीँ अनिश्चय वा शङ्काको भावमा आफ्ना भोगाइ, कल्पनालाई मुक्त रूपमा अभिव्यक्ति दिने प्रयत्न यस सङ्ग्रहमा गरिएको छ । पद-पदावलीको आवृत्तिमा अर्थ आक्षेप गर्ने कौशल भने त्यति शसक्त देखिन्न । उनी सोझो र सपाट ढङ्गले आफूलाई व्यक्त गर्छन् । यो उनको शिल्पगत निजी वैशिष्ट्य  पनि हो ।

**४. निष्कर्ष**

भक्त कार्कीको साहित्यिक साधनाको क्षेत्र मूलतः कविता नै हो । अझ यसमा पनि उनी लघुतम संरचनाका कविता भेदमै पर्ने रचना सिर्जनामा केन्द्रित देखिन्छन् । 'प्रक्षेपण' उनको पछिल्लो कृति भएता पनि समकालीन मुक्तक परम्पराका प्रतिनिधिमूलक कृति बन्न पुगेको छ । लेखकीय प्रतिबद्धताका दृष्टिले उनी उज्यालो, न्याय, समानताको पक्षपाति देखिन्छन् । समाज र संस्कृतिको रूपान्तरणमा बल पुऱ्याउनको लागि उनी लेखन यात्रामा क्रियाशील छन् । उनीसँग भन्नका लागि धेरै विषय छन् । धेरै विषय एकैपटक भन्ने चाहनाले उनका कतिपय मुक्तक रचनाको अर्थ सम्प्रेषणीयता सरल र सुन्दर देखिएता पनि पाठकमा छाड्नुपर्ने प्रभावका दृष्टिले भने अलिक कमजोर बन्न पुगेको छ । उनका आगामी रचना नेपाली मुक्तक परम्पराका कोसेढुङ्गा सावित हुन सकोस् । ■


# हार्दिक बधाई



स्याङ्जा जिल्लामा रहेर नेपाली भाषा, साहित्य र साहित्यिक पत्रकारिताको क्षेत्रमा पुऱ्याउँदै आउनुभएको योगदानको कदर स्वरूप हाम्रा सहृदयी, सिर्जनशील आत्मीय मित्र युवा साहित्यकार **मिलन समीर**ज्यू **'हाम्रो मातृभूमि साहित्य सम्मान' पुरस्कार– २०७५**, हेटौंडा मकवानपुरबाट सम्मानित एवम् पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई एवम् आगामी दिनमा अझै उन्नति-प्रगति तथा उच्च सफलताका लागि शुभकामना व्यक्त गर्दछौं ।

**नवप्रज्ञापन परिवार**

## अर्जुन 'बेघर'

पाउनु पर्छ मौका, देखाई दिन्छु भन्छ
ताजमहलमा नाम, लेखाई दिन्छु भन्छ
काँडाले घोच्ला है, कतै मेरी मायालाई,
धर्ती भरी फूलैफूल, बिछाई दिन्छु भन्छ ।

एउटा तारा आकाशबाट झऱ्यो, फरक के पऱ्यो ?
छोडेर आकाश धर्तीमा सऱ्यो, फरक के पऱ्यो ?
जस्ताको तस्तै देख्छु आकाश, त्यो चम्किरहेको,
जाबो एउटा तारा न मऱ्यो, फरक के पऱ्यो ?

म खेल्ने माटो खोसियो
म हिंड्ने बाटो खोसियो
अस्मिता जोगाउनै गाह्रो,
मेरो लुगाफाटो खोसियो ।

अजिबको सवाल गर्छ, यो मन पनि
विद्रोहको चाल गर्छ, यो मन पनि
आफै, आफैसँग गरिरहेछ, प्रतिप्रश्न,
किन यस्तो बबाल गर्छ, यो मन पनि ।

आउन साथी देशका लागी, जुट्नुपर्छ अब
हेर, कति बस्ने हात बांधेर, उठ्नुपर्छ अब
अरूले नै हाम्रा लागि, गरिदिए हुन्थ्यो भन्ने,
तिम्रा हाम्रा पुराना आदत, छुट्नुपर्छ अब ।

*– टिकापुर, कैलाली*



## अनुपमा करारा

पलाँसमा पनि जस्ले सुवास छर्न सक्छ
उदासीमा पनि जस्ले रंग भर्न सक्छ
ऊ महान् हो पुजिनेछ सँधै-सँधै,
जसले दुश्मनलाई पनि माफ गर्न सक्छ ।

कति मायाँले सजाएको घर पनि जब उदास देखेँ
रमझममा रमाएको सहर पनि जब उदास देखेँ
सम्झौता गरिहाले जिन्दगी सँग मैले पनि,
पिपल सँगै भएको बर पनि जब उदास देखेँ ।

उदास उदाङ्गै तिम्रो शहर रहेछ
साङ्ग हैन अपाङ्गै तिम्रो शहर रहेछ
तिमी खुब फुँइ हाक्थ्यौ गाउँका लाटा-सोझासँग,
गाउँ भन्दा नाङ्गै तिम्रो सहर रहेछ ।

कसरी बदलिन्छन रंग छेपारा जस्तै मान्छेहरू
चम्किन्छन उज्यालो दिन्नन, तारा जस्तै मान्छेहरू
बाहिर सबैले भगवान सम्झी पुजि दिन्छन तर,
हात्तिका लुकाउने दाँत र देखाउने दारा जस्तै मान्छेहरू ।

रात नै नभएको भए दिन कहाँ हुन्थ्यो ?
बाँच्नलाई मान्छे सौखिन कहाँ हुन्थ्यो ?
यदि कुनै दुःख नहुँदो हो त जिन्दगीमा,
मिठो जिन्दगीको पल छिन कहाँ हुन्थ्यो ?

## अभि क्षेत्री 'समर्पण'

अन्जान हो या जानाजान हराएको छ
सबै भन्छन तेरो मुस्कान हराएको छ
ऋतु झैं फेरिने मनहरूको हाबी हुँदा,
सच्चा प्रेमीहरूको पहिचान हराएको छ ।

दिलबाट हटाऊ भन्छौ हटाउन सजिलो छ र ?
मुटु यता धड्कन उता पठाउन सजिलो छ र ?
पल-पलमा फेर्ने हरेक सास हौ तिमी त,
सास बिनाको जिन्दगी कटाउन सजिलो छ र ?

प्यार बेची दिन्छु मैले, किन्छौ भने तिमी
मुटु झिकी दिन्छु मैले, लिन्छौ भने तिमी
म आफैंलाई धरौटीमा, राखिदिउँला प्रिया !
बिन्ती मेरो मन फिर्ता, दिन्छौ भने तिमी ।

किन रून्छ होला खै, मन सोचिरहन्छु
एक्लै एक्लै हुँदा त, झन सोचिरहन्छु
एकै पल काट्न, गाह्रो छ तिमी बिना,
कसरी पो बित्ला, जीवन सोचिरहन्छु ।

सायद दैबको नियत अचेल खराब भएको छ
र त जिन्दगी जिउनु कि मर्नु धराप भएको छ
जुनदिन छुट्ने निर्णय सुनाएकी थियौ तिमीले,
त्यो दिनदेखि जिउने सहारा सराब भएको छ ।

*– तुलसीपुर, दाङ*



## अम्बिका भण्डारी

फूल चाहिँदैन मनको बादल हटाई दिए पुग्छ
दुःख सुख हृदयमा अटाइदिए पुग्छ
ठूला-ठूला आशा त यी मनभित्र छैनन्,
अविश्वास र रिसको राको घटाइदिए पुग्छ ।

हामी रूँदा केही हुँदैन माटो रून हुन्न
आफ्नो माटो दुश्मनलाई छुन दिन हुन्न
नजाऊन हे पिडी भत्काई पराईको घर टाल्न,
एउटै आँगन भत्काएर दुईवटा हुन हुन्न ।

कहिले यहि माटो सम्झी रून मन लाग्छ
मेरी धर्तीमाता भन्दै छुन मन लाग्छ
कहिले तिम्लाई सजाएर गमलामा राख्छु,
सधै तिम्रै समीपमा हुन मन लाग्छ ।

चन्द्रमामा घर बनाउने सपना छन् मेरा
बनाई घर बाहाल दिने सपना छन् मेरा
फूल रोप्ने ठाउँ छैन पृथ्वी छ महंगो
चन्द्रमा नै बकस लिने सपना छन् मेरा ।

अन्यायका विरूद्ध चल्छन् मेरा कलम
मधुबनको बुट्टी बनी फल्छन मेरा कलम
सक्दिनँ म कसैलाई नि हेप्पिएको हेर्न,
विद्रोहका आवाज भरी चल्छन् मेरा कलम ।

*- ढिकुरपोखरी, कास्की*

## अम्बु बिहानी

अब अभावका ती तबलाहरू नबजाउनू प्रिय तिमी
बिछोडको एक टुक्रा रूमाल नसुकाउनू प्रिय तिमी
बुझेकै छौँ हामीले जीवनको हर प्राप्तिलाई राम्रैसँग,
टुटिजाने त्यो सपनाको महल नसजाउनू प्रिय तिमी ।

यस्तै हो प्रिय भान्सामा घरीघरी नुन, तेल सिद्धिन्छ
बुद्धत्वको बाटो हिँडे सबैले यहाँ जालझेल सिद्धिन्छ
अन्तिम सत्य लाग्छ यो जीवन नै हो हामी बाँचुन्जेल,
मृत्युपछि त जति फूर्ति लाए नि सारा खेल सिद्धिन्छ ।

अन्तिम यात्रामा हिँडेको छ ऊ लट्ठी मात्र सहारा छ
मुटुभरि छ नबिर्सने विगत अनि आँसुको छहरा छ
सिर्जिएकै हो पसिना पोखी भविष्यको हरियाली नि,
बाँकी छ त केवल आफ्नै आत्मविश्वासको टहरा छ ।

कसलाई हुँदैन र यहाँ पीर किन दुःखी हुन्छौ ?
कहिले हाँसेको छ जन्जीर किन दुःखी हुन्छौ ?
जन्म-मरण उस्तै तर जिउने शैली मात्र फरक,
एउटै हुँदैन सबैको तक्दिर, किन दुःखी हुन्छौ ?

कसैले चोखो मायालाई बहाना बनाए
कसैले स्वार्थ पूरा गर्ने निशाना बनाए
साँचो माया त्यसैले गर्‍यो यहाँ सधैँभरि,
जसले यसलाई दिलको गहना बनाए ।



## अस्मिता भट्टराई

उसले यसरी सबै कुरा जानी जानी गरेछ
आफ्नै सन्तानको पनि माया नमानी गरेछ
हिजो अखबारमा यस्तै समाचार छापिएको थियो,
बाउले आफ्नी छोरी बेचेर आम्दानी गरेछ ।

याद राख्नू, तिम्रो पनि यस्तो दिन हुनेछ
जस्तो पानी बिना पोखरी अर्थहिन हुनेछ
ठोकुवा लगाएर भन्न सक्छु म यति कुरा,
मबिना तिम्रो पनि जीवन कठिन हुनेछ ।

न आस हुनेछ न त कसैको विश्वास हुनेछ
हुनेछ त केवल सबै भ्रम र यहाँ नाश हुनेछ
त्यही दिन गिर्ने छौ तिमी दुनियाँको नजरबाट,
जुन दिन तिम्रा करतुतहरूको पर्दाफास हुनेछ ।

घरमा ठूलै भोकमरीको मार भएर
खप्नै नसक्ने रिनको ठूलो भार भएर
स्वदेशमा रमाउने आधार नदेखेपछि,
ऊ पसेको छ मुग्लान लाचार भएर ।

यता पीडा त कति छन् कति आजभोलि
र त पोलेको छ छाती भतभती आजभोलि
न त भनेजस्तो हुन्छ, नत सोचेजस्तो कहिल्यै,
जिन्दगीमा हुनै छाडयो प्रगति आजभोलि ।



## अशोक बोहरा 'असीम पीडा'

जति कमाए पनि आफ्नो पास हुन्न केही
कसैले देला र गरूँला भन्ने आश हुन्न केही
चल्छ हातपाखुरी परिश्रमले बाँच्ने हो,
बरू राखे सुकृति यहाँ नाश हुन्न केही ।

हाम्रो सम्बन्धले किन गहिराइ खोज्दै छ
सायद मुना मदनको इतिहास रोज्दै छ
खै किन रचना गऱ्यौ यो कहानी तिमीले,
अझै यो मुटुलाई घायल पारी घोच्दै छ ।

पेटमा अनेक थरी भोजन खाँदेर के गर्छौ ?
बढी धन सम्पत्तिको पोका बाँधेर के गर्छौ ?
रित्तै आएर रित्तै फर्किने पाहुना हौ भने,
ब्यर्थमा दुनियाको झमेला लादेर के गर्छौ ?

झुप्रै झुप्राले बनेका नेपालका अनेकौं गाउँ हेर त
गरिबीमा बाँचेर दुखेका ती जनताका घाउ हेर त
आशा र विश्वास गरी जनताले जिताएर पठाए,
देश बिगारी दुनो सोझ्याउने नेताको दाउ हेर त ।

जमेर शीतको थोपा, पातमा खस्न खोज्दैछ
बसेर परेलीमा कोही दिलमा पस्न खोज्दैछ
दिलभित्रै दरबार बनाउने भए मात्र बस,
बाहिरी संसार त तिमीलाई डस्न खोज्दै छ ।

*– टीकापुर, कैलाली*



## आनन्द रानोहोंछा

तिम्रो माया कैले उड्ने भुवा भयो सिमलको
तिम्रो माया कैले फुल्ने बैंस भयो चिमलको
वासनाको मात्र मदहोस त्यो तनाव हैन सानु,
मेरो माया सधैं मन्द हावा भयो हिमालको ।

भर्ती नहुँदा जिन्दगी एक सय चार डिग्रीको पारो लाग्यो
भर्ती भएपछि जिन्दगी सधैं घर-परिवारको चारो लाग्यो
घर-परिवार र देश-जनताको बलिको बोको परियो,
सोच्दा-सोच्दा जिन्दगी आज ढुङ्गाभन्दा साह्रो लाग्यो ।

गर्नुपर्ने यो जिन्दगीमा के-के नै पो गरिएन
कहिले इराक कहिले अफगान धन्य कसो मरिएन
मुग्लानमै डाँडाको जूनघाम भइसकेछ जीवन,
मनभित्रको धनको भाँडो अझै पनि भरिएन ।

हाँस्दा-हाँस्दै नजरले फाँसी दिएजस्तो
आङभरि लिखा-जुम्रा टाँसिदिएजस्तो
परिवर्तित नेपालको स्वाद कस्तो कस्तो ?
समागममा प्रियसीले हाँसिदिएजस्तो ।

हजुरबाको तालुलाई नै केस हो भन्छु मत
गरिबले जेलाएनि भेष हो भन्छु मत
कहिल्यै उँभो नलाग्ने मातृभूमिलाई पनि,
सतीले सरापेको देश हो भन्छु मत ।

*– निर्मली डाँडा, खोटाङ*



## इन्द्रकुमार जोशी 'विकल्प'

आश्रितहरू त्रसित छन्
रोग व्याधीले ग्रसित छन्
वैद्यहरू कुन पाखामा पुगे,
डाक्टरहरू शहरमा मात्र चर्चित छन् ।

जनतालाई नेताको पछि नलागी धर छैन
नेतालाई जनताको सुख-दुःख हेर्न कर छैन
त्यसैले उनीहरूको कुनै भर छैन,
सतिले सरापेको देशमा सुख पाउने 'वर' छैन ।

जिन्दगी कसैको लागि सुनौलो बिहान हो
जिन्दगी कसैको लागि डुब्न लागेको घाम हो
जिन्दगी कसैको लागि मोजमस्तीको स्थान हो,
जिन्दगी कसैको लागि दुःखै-दुःखको चिहान हो ।

तिम्रो मेरो मिलनको पत्र एउटा पुल हुन्थ्यो
हप्ता दिन पत्र नआए तिम्रो मेरै भूल हुन्थ्यो
परेवाको जोडी देखे प्रीति अनुकूल हुन्थ्यो,
तिम्रो मेरो भेट भए मन त्यसै फूल हुन्थ्यो ।

उदास लाग्छन् वसन्तका आगमन पनि
विरही लाग्छन् पूर्णिमाका रातहरू पनि
कसरी खुशी तुल्याउँ यो मनलाई खै ?
सपना झैं लाग्छन् चाहनाहरू पनि ।

*– कुश्मा, पर्वत*



## उदास कार्की

जसले अन्योलताको गाँठो फुकाउँछ, उही हो असली नेता
जसले देशबासीको चित्त बुझाउँछ, उही हो असली नेता
सार्थक प्रयास गर्दागर्दै पनि नतिजा निरर्थक भयो भने,
जसले जनताको सामु शिर झुकाउँछ उही हो असली नेता ।

फूलको कथा लेख्दोरहेछ बन्दुक चलाउनेले पनि
मठमन्दिरमा टेक्दोरहेछ बन्दुक चलाउनेले पनि
मेरो अधरमा चुम्यो र छातिमा कान थापेर सुन्यो,
मुटुमा ढुकढुकी भेट्दोरहेछ बन्दुक चलाउनेले पनि ।

न पुरस्कारका लागि न सम्मानका लागि
कसैको पछि लागिएन पहिचानका लागि
कर्म नै मेरो पूजा हो भन्ने मैले बुझेपछि,
हो, ढुंगा पुज्न छोडिदिएँ बरदानका लागि ।

कुन कित्ता तिम्रो कुन कित्ता मेरो छुट्याउनै पर्यो
आपसमा मतभेद छ भने सहमती जुटाउनै पर्यो
सपनाको बिज उमार्न कहाँ सजिलो छ र प्यारी,
बाँझो पल्टाउनै पर्यो डल्ला पनि फुटाउनै पर्यो ।

आफ्नाहरू पनि पराय लाग्छन् जब आत्मियताको आभाष हुँदैन
चोर पनि त सज्जन नै हुन्छ जबसम्म चोरीको पर्दाफास हुँदैन
जिन्दगीका गल्छेडाहरू मुग्लिनको बाटो जस्तै अवरूद्ध भएपछि,
जीवनको सफरमा को हतास बन्दैन ? अनि को 'उदास' हुँदैन ?

*– बसुन्धरा, काठमाडौं*

## कपिल मणि

पहिले नजिक बनाएर पछि दूर बनाएर
स्वार्थ लुटि जिन्दगीलाई भरपुर बनाएर
जानेहरू यसरी नै दिल तोडेर जाने गर्छन्,
देखेका सब सपनाहरू चकनाचुर बनाएर ।

बाबुआमा छोडिदिन्छन् श्रीमतीका लागि
गलत बाटो रोजिदिन्छन् सम्पत्तिका लागि
यसकारण अचेलका मान्छे ! मान्छे लाग्दैन
अनेकौं झुठ बोलिदिन्छन् पिरतिका लागि ।

दौडिरहेछ यो जिन्दगी खोला जस्तै गरि
लाग्छ ठूलै केही प्रगति होला जस्तै गरि
म गन्तव्यमा पुग्न खै सकुँला वा नसकुँला,
जिन्दगीलाई बोकी काँधमा झोला जस्तै गरि ।

जानीजानी हो कि खै नजानी भएको छ
पलभरमै सपना सब खरानी भएको छ
पढेर ठुलो मान्छे बन्नु भन्नुहुन्थ्यो आमा,
अफसोच आज हातमा राहदानी भएको छ ।

थाहा छैन म आफैलाई कसरी बनाउछु
बनाउन त हेर्नुस म केहिगरी बनाउछु
उनले यति धेरै आँशु दिएर गएकि छिन्,
यहि आँशुको एकदिन ठूलो पोखरी बनाउँछु ।

*— बेलझुण्डी, दाङ*



## कपिलमणि शर्मा रेग्मी 'अज्ञात'

जति मथ मोही पाउँछौ, घिउ तिम्रो हुन्न
जति हुर्काऊ बोटविरूवा, बीउ तिम्रो हुन्न
जहाँ जति चर्न जाऊ- घोडा नै हौ तिमी,
चढ्दा मालिककै राज, जिउ तिम्रो हुन्न ।

नारीलाई पनि सत्ताको धन्दा बनाउन सक्छन्
चुनावलाई पनि स्वार्थको फन्दा बनाउन सक्छन्
के-के हुन्न यहाँ षड्यन्त्रको यो राजनीतिमा,
सुन्नेलाई बहिरा र देख्नेलाई अन्धा बनाउन सक्छन् ।

पटक-पटक धेरै थोकको स्वाद चाहिन्छ मलाई
बाटाघाटामा धेरै अडिलो हात चाहिन्छ मलाई
बूढालाई के चाहियो भनी हेला नगर ए ठिटा हो !
सुहागरात भन्दा अझै मधुर रात चाहिन्छ मलाई ।

तारा त्यही हो जुन अँध्यारोमा चम्किन सक्छ
फूल त्यही हो जुन हावामा गम्किन सक्छ
बाँच्नु पनि के बाँच्नु सास फेरेर मात्र यहाँ,
जिन्दगी त्यही हो जुन लक्ष्यमा लम्किन सक्छ ।

शहरपसेपछि मान्छेले गाउँ बिर्से
माथि पुगेपछि तलको ठाउँ बिर्से
अति नै आशक्त भएर आफ्नो स्वार्थमा,
आफैले राखेको आफ्नो नाउँ बिर्से ।

— *स्याङ्जा*



**कमला अर्याल**

यस्तै-यस्तै समाचार आउन थाले आजभोलि
आफ्नाले नै गिद्धे नजर लाउन थाले आजभोलि
कस्तो आयो कलियुग खै, यो हाम्रो समाजमा,
रत्यौली झैं तिजको गीत गाउन थाले आजभोलि ।

जबजब तिम्रो मेरो नजर ठोकिन्छ
किनकिन मन, मुटु र धड्कन रोकिन्छ
धेरै माया नगर, सम्हाल्न गाह्रो होला,
भन्छन् गाग्री भरिएपछि पानी पोखिन्छ ।

ऊ गयो विदेश, म जान्छु भनेर कमाउन
म कसरी सक्छु र अर्केको हात समाउन
कसले पो बुझिदेला र खै मेरा वेदनाहरू,
मान्दैन यो मन उसलाई बिर्सेर रमाउन ।

कैले पत्नी, कैले आमा र कैले साली बन्नुपर्छ
मनले भन्छ लाचार हैन हिम्मतवाली बन्नुपर्छ
कलियुग त राक्षसकै युगजस्तो लाग्छ मलाई,
यसकारण नारी जति दुर्गा अनि काली बन्नुपर्छ ।

प्रेमको पनि त यो संसारमा गरिमा हुनुपर्छ
अनि हरेक सम्बन्धको एउटा सीमा हुनुपर्छ
पिरतीमा पर्नेहरूको मन-मुटु जोगाउने भए,
फेर्न मिल्ने गरी मुटुहरूको बिमा हुनुपर्छ ।

## काजी सुनार

छिमेकीले सरकारलाई, गाडी पठाईदियो
तर मेरो बस्तीमा त, बाढी पठाईदियो
रोजगार दे भनेको नि, यो सरकारले हातमा,
राहदानी थमाएर, खाडी पठाईदियो ।

धेरै भयो खोज्दै हिड्या यार जिन्दगीको
तर पनि भेटिएन कतै प्यार जिन्दगीको
टेन्डर आव्हान गरेको छु, दरखास्त हाल्ने भए,
आज भोलि गर्दै छु म व्यापार जिन्दगीको ।

भन्छन आगो सानो कहिल्यै हुँदैन
जबकि पानी माथि ओभानो कहिल्यै हुँदैन
तिमी किन मलाई सधैँ भूपू मायालु भन्छौ,
थाहा छ तिमीलाई, पिरती पुरानो कहिल्यै हुँदैन ।

खुकुरी दिएर अनि धार दिएर
गएको छ कोही मलाई उपहार दिएर
सुन्नुस न उसको सर्त पनि कस्तो,
चुकाउने रे मैले मेरो संसार दिएर ।

त्यो दिलको यो दिलमा वास हुँदैछ
र त प्यारको आभास हुँदैछ
यहाँ मुटु विना बाँच्न सिकाइन्छ अनि बाँचिन्छ,
मबाट पनि त्यहि अभ्यास हुँदैछ ।

*– मोदी, पर्वत*

## किरण बास्तोला 'जिज्ञासु'

राम्री थियौ, राम्रो थियो स्वभाव मन अर्कैले भरेपछि
तिम्रो मनमा फूलका गुच्छा अर्कैले छरेपछि
मैले तिमीलाई अति मन पराए पनि के भोर ?
आखिर तिम्रो सिउँदोमा अर्कैको सिन्दुर परेपछि ।

यो भाग्यमा फूल पनि पत्थर बन्छ त के गरौं ?
हृदयले घरिघरि चोटहरू गन्छ त के गरौं ?
प्रत्येक पल त्यो तस्बिर मुटुमाझ बल्झदा मलाई,
यो दुनियाँले नै पागलप्रेमी भन्छ त के गरौं ?

जोवन आएर होला अहिले फुलबारीको माली छौ
कालो कपालमा अहिले फेरि रातो रङ हाली छौ
सबैभन्दा बढी राम्री बन्न मन लागेर होला,
कुर्ता सुरूवाल फाली मिनिस्कर्ट लाउन थाली छौ ।

कताकता तिम्रो जीवन साथी हुन मन लाग्यो
खाली तिम्रै तस्बिर मात्रै छुन मन लाग्यो
मनका दुःख, पीडा, वेदना तिम्रै सामु राखी,
तिम्रै काखमा बसी मलाई रून मन लाग्यो ।

राम्रो नराम्रो चिज त आफैले नि छान्नुपर्छ
राम्रो कुरा सानाले भने पनि मान्नुपर्छ
स्वच्छ मनमा आगोको ज्वाला निकाल्नेले,
के गरेर जलन निभ्छ भन्ने पनि जान्नुपर्छ ।

*– भलाम, पिपलडाली*



## के. आर. ढकाल

चौतारीमा पिपल अनि वर भईदियोस्,
यो बैशाखमा मेरो पनि घर भईदियोस्,
दिनदिनै मन्दिर पसी यही बरदान माग्छु,
तिम्रो नामको पछि मेरो थर भईदियोस् ।

कहिले यौवन बिसाएर पागल बनाइदिन्छ्यौ,
कहिले त्यसै रिसाएर पागल बनाइदिन्छ्यौ,
देख्दै दागौँ दागौँ लाग्ने पिपलपाते ओठमा,
अझै लाली मिसाएर पागल बनाइदिन्छ्यौ ।

हजुरबाबा साँच्चै बताइसियो भनी सोध्लान्,
कसले यो देश कमजोर बनाइदियो ? भनी सोध्लान्,
इतिहासका किताब पढ्दै नातिनातिनाले,
हाम्रो पनि छुट्टै राज्य थियो? भनी सोध्लान् ।

दाइले भाइलाई ढाँट्यो अरे पार्टी नमिलेर,
छोराले बाउ काट्यो अरे पार्टी नमिलेर,
पत्रिकाको पहिलो पेजमा यी समाचार आउन सक्छन्,
श्रीमती नि साट्यो अरे पार्टी नमिलेर ।

गरिब दुःखी दासले झन्डा बोकेका छन्,
केही पाउने आसले झण्डा बोकेका छन्,
उनीहरू संघर्षमै मरेका हुन् श्रीमान् !
प्रमाण हेर्नोस्, लासले झण्डा बोकेका छन् ।

*— शुक्लागण्डकी, तनहुँ*

## कैलाश भण्डारी

दियो झैं ज्योति भई तिमी फैलेका छौ
काव्य सुवास भई तिमी मनमा बसेका छौ
अन्धकारमा बाटो देखाइरहेछौ तिमीले
आफ्नै कीर्तिहरूमा तिमी हाँसिरहेका छौ ।

तिमी माटोमा घुलमिल भइरहने पानी हौ
तिमी सिर्जनाको रस माधुरी हौ
प्रकाश सरी फिजीइ रहने स्रष्टा तिमी,
संसारभरि पुग्न सक्ने तिमी कवि हौ ।

तिमी जहाँसुकै भए पनि भेट्न चाहन्छु
तिम्रै मुखारवृन्दबाट केही सुन्न चाहन्छु
अब त खोज्दा खोज्दै हैरान भै सकें म,
हाल खबर के छ तिम्रो बुझ्न चाहन्छु ।

जीवनको अर्थ बुझेर अरूलाई पनि तिमीले बुझाएर गए
अँध्यारो त्यागेर उज्यालो अपनाउने बाटो देखाएर गए
तिमीले बुझ्नेहरूको मन-मन्दिरहरूमा,
अँध्यारो आकाशमा जूनको प्रकाश फैलाएर गए ।

तिमी आज पनि मेरै आँखामा दृश्य बनी बसेका छौ
यतै कतै भेटिरहेजस्तो मनमा आउने गरेका छौ
तर तिमी हिजो जस्तो प्रकट भएनौ,
तर तिम्रै कृतिहरूमा तिमी ढुकढुकी बनिरहेका छौ ।



**कृष्ण पहारी**

आगोले पोल्न सक्छ, पानीले पोल्न सक्छ
उमेर चढ्न थाल्छ, जवानीले पोल्न सक्छ
एक्लै छटपटि हुन्छ, सम्झना बग्न थाल्छ,
राति दश बजेपछि सिरानीले पोल्न सक्छ ।

आजकल तिम्रो नजरको चर्चा हुन थालेको छ
वैशालु तिम्रो अधरको चर्चा हुन थालेको छ
टम्म कस्सिएको, जिउडाल पूरै अंगहरू,
मुसाफिर तिम्रो सफरको चर्चा हुन थालेको छ ।

उसले सबथोक बेच्यो, आफै सिरानी पनि बेच्यो
आगो लगायो, घर जलायो र खरानी पनि बेच्यो
अब बेच्ने कुरा त के छ र खै ऊसँग ? सबै सकियो,
दिन बेच्यो, रात बेच्यो, श्रीमतीको जवानी पनि बेच्यो ।

फेरि एकचोटी यो देशमा भुइँचालो आउन सक्छ
हेर्नुस् गरिब निमुखाको पनि पालो आउन सक्छ
कतिसम्म अत्याचार सहेर बस्न सक्छन् जनता,
बस्ती बस्तीबाट खुकुरी र कोदालो आउन सक्छ ।

हिजो जस्तै आज पनि बिहानी भैदिए त
तिम्रो जस्तै मेरो पनि जवानी भैदिए त
जिन्दगीले नयाँ मोड लिन सक्थ्यो होला सायद,
तिम्रो हात सधैं मेरो सिरानीमा भैदिए त ।

*– पोखराथोक, पाल्पा*

## कृष्णप्रसाद बास्तोला

त्यो देश महान हुन्छ, जहाँ शहीदको स्थान हुन्छ
अनि महान् शोकलाई शक्तिमा बदल्ने उसको जहान हुन्छ
तर यहाँ त हेर्नोस् सतीको सराप परेको देशमा,
शहीदकै सपना कुल्चेर हिंड्ने राष्ट्रघाती पो महान् हुन्छ ।

म केही गर्न नसक्ने बूढो मामा हुँ तिमीले मान्नुपर्छ
मत केही गर्न खोज्ने भान्जी हुँ तपाईंले जान्नुपर्छ
मामाभान्जीको भनाभन चल्दै थियो,
बीचैमा कसैले भन्यो बेला यही हो यिन्का खुट्टा तान्नुपर्छ ।

जहाँ भरतले भक्ति देखाए त्यसलाई भरतपुर भनिन्छ
जहाँ विदुषी सीता जन्मिइन् त्यसलाई जनकपुर भनिन्छ
जहाँ न केही देखियो न केही भेटियो
केवल टनटन र विवाद मात्र जन्म्यो त्यसैलाई 'टनकपुर' भनिन्छ ।

हेर त इज्जतलाई पैसैपैसामा किन्न सकिन्छ
देशका ठूला नेतालाई भट्टी पसलमा चिन्न सकिन्छ
आजकलको जमाना यस्तै छ साथी,
भाषणै भाषण गरे पनि चैन गरेर हिन्न सकिन्छ ।

न त नारा र भाषणले मात्र देशको समस्या टर्छ
न त जक्का जाम र बजारबन्दले हाम्रो दुःख हर्छ
सद्विचार आओस् हाम्रा पार्टीमा हे नयाँ वर्ष !
देश सपार्न अब त गहकिलै काम पो गर्नुपर्छ ।

*– पोखरा, कास्की*

## कृष्णराज सर्वहारी

साँच्ची एक खिल्ली सिगरेट तानेको छैन
जुवा, तास, जाँड, रक्सी कस्तो हुन्छ ? जानेको छैन
त्यस्तै भन्ने सोझो लोग्ने खोज्छ्यौ रे तिमी,
मख्ख नपर्नु, कसैले तिमीलाई आफ्नो ठानेको छैन ।

किताब उही यहाँ खाली गाता फेरिन्छ
मान्छे उही यहाँ खाली नाता फेरिन्छ
महंगीको जमानामा कसरी पो जिउनु ?
बैंक उही, यहाँ खाली खाता फेरिन्छ ।

कुर्सी फेरियो तिम्रो, फेरियो ठाउँ
बोली फेरियो तिम्रो, फेरियो नाउँ
जताततै बिकास गर्ने भन्थ्यौ नेता,
फर्कि आउ चाँडै, रूँदैछ तिम्रो गाउँ ।

जिन्दगी एक दिन जलेर जाने भुवा हो
जिन्दगी एक दिन सारा हारेर जाने जुवा हो
अजर अमर को छ र यस दुनियाँमा,
जिन्दगी एकदिन उडेर जाने धुँवा हो ।

माया प्रेममा हजार गल्ती माफी हुन्छ
रातभर कुरा गर भन्न अझ बाँकी हुन्छ
मर्दैन कहिल्यै असली प्रेम, किनकि,
माया प्रेममा दम दिने, चाभी हुन्छ ।

*– लमही, दाङ*



## खगेन्द्र गिरी 'कोपिला'

अरूको हैन हामीले आफ्नै मनको ढोका उघार्नु परेको छ
आदर्श र दर्शनलाई वास्तविकतामा उतार्नु परेको छ
विषपान गरेर नीलकण्ठ बन्न कोही आउँदैन अचेल,
हामीले हामीभित्रैबाट एउटा अर्को बुद्ध उमार्नु परेको छ ।

हामी त अचेल चाहनाको पसल थापेर बसेका छौं
बीच बजारमा आफूलाई हत्केलामा राखेर बसेका छौं
आश्वासन बाँड्दै फेरि कोही आउँछ कि भनेर यतै,
अभावग्रस्त जिन्दगीको विज्ञापन टाँसेर बसेका छौं ।

महत्वाकांक्षाको जड्यौरी फेर्न को तयार छ ?
विभाजनका सूत्रहरू केर्न को तयार छ ?
यथार्थको धरातलमा उभिएर एकैछिन,
आफ्नो अनुहार ऐनामा हेर्न को तयार छ ?

उल्टो बाटो हिंडेर बानी बिगार्ने परम्परा बस्यो
कोइला र खरानीले घर सिंगार्ने परम्परा बस्यो
परिस्थितिलाई आफू अनुकूल बनाउन नसकेपछि,
आँखा चिम्लेर नियति स्वीकार्ने परम्परा बस्यो ।

छिमेकीले सिमाना मिचेको हेर्न विवश छौं हामी
मान्छेले मान्छेलाई किचेको हेर्न विवश छौं हामी
पुर्खाहरूले मुस्किलले जोगाएको यस धरामा आज,
विभाजनका रेखाहरू खिचेको हेर्न विवश छौं हामी ।

*— नेपालगन्ज, बाँके*



## खिलबहादुर अधिकारी 'पुष्प अञ्जलि'

कसलाई के थाहा ? नियति मान्छेको यहाँ
दिनानुदिन बढ्दैछ दूर्गति मान्छेको यहाँ
बन्दुक र बारूदले के देश बनाउँछौ मित्र !
दरिद्र चरित्रले हुँदैन उन्नति मान्छेको यहाँ ।

आस्थाका शिखरहरू भत्काएर जीवन बाँच्न सकिन्न
रित्ता आश्वासन आँखामा सजाएर जीवन बाँच्न सकिन्न
जीवन बाँच्न त यहाँ सुकिला मनहरू हुनुपर्छ मित्र !
मानवीय संवेदना हराएर जीवन बाँच्न सकिन्न ।

यहाँ आफ्नै सीमाना मिचिँदा नदुख्ने मान्छे कतिकति
यहाँ आफ्नै झण्डा च्यातिंदा नदुख्ने मान्छे कतिकति
बैरीहरूले देश लुटिसके हेर्दाहेर्दै दिउँसै,
यहाँ आफ्नै अस्तित्व मेटिंदा नदुख्ने मान्छे कति कति ।

संवेदना हराएर मनहरू निर्जीवता बाँचेको छ
अँध्यारो पोखेर जीवनहरू विवशता बाँचेको छ
घाम-जून जस्तै सुकिलो हुनुपर्थ्यो जिन्दगी यहाँ,
धमिलो भएछ साराजीवन अराजकता बाँचेको छ

बन्दुक र बारूद छ गाँस, बास, कपास छैन
यस्तो नारा छ देशमा तर कसैको विश्वास छैन
भागवण्डा चल्छ अनि देश बेचिन्छ दिउँसै फेरि,
जुन जोगी आए पनि यो देशमा कसैको आश छैन ।

*— चैनपुर, चितवन*



## गङ्गा अभिलाषी

मगमगाउदा फूल फुलाई सबलाई माया लायौ तिमी
सृजनाका फूल फुलाउदै चारैतिर  छायौ तिमी
ओइलिएको फुलबारीलाई मलजल गरेर नै,
रंगीचंगी फूल फुलायौ स्वच्छ माया पायौ तिमी ।

हरपल सबको यादमा एउटा गीत गाइरहेछु
को ठुलो को सानो सबलाई बराबरी माया लाइरहेछु
कैयौंको नजरमा म त बेठिक पनि छु होला तर...,
धेरै जसो सबैको हृदयबाट चोखै माया पाइरहेछु ।

कसैको कहरले  हरेक पाइला चालिदैन यहाँ
आफ्नै ठहरले गन्तव्यमा पुगिन्छ यहाँ
तर यति घमण्ड गर्दा गर्दै पनि मान्छे यहाँ,
अरू कै रहरले पनि कैयौँ शिखर चुमिन्छ यहाँ ।

गरीब निमुखाहरू आर्थिक संकटले नाङ्गिदै जान्छन्
सादा जीवन उच्च विचारको मूल मन्त्र भने बाङ्गिदै जान्छन्
धन जती कुम्ल्याउन महानुभावको लागि भने,
तस्करी र भ्रष्टाचारको च्यानलहरू चारैतिर झाङ्गिदै जान्छन् ।

सबैको हृदयमा चोखो माया पाउन सकुँ म
सबैको मुहारमा चम्किलो कान्ति छाउन सकुँ म
तन मन मेरो अन्तै कतै डुल्न गए पनि,
आफ्नै देशको सुन्दर गीत गाउन सकुँ म ।

*- भैरहवा, रूपन्देही*



## गङ्गा कर्माचार्य पौडेल

गुँड रित्तो हुने रैछ बचेराहरू उडेपछि
लट्टाई ब्यर्थ हुनेरैछ चङ्गा धागो चुँडेपछि
जिन्दगीको सपना सजाईएका पात्रहरू,
छटपटि हुने रैछ उनैले मुख मोडेपछि ।

जीवनदेखि हारमानी रूनुहुन्न कहिले पनि
कर्तव्यच्युत भइ हात धुनुहुन्न कहिलेपनि
संघर्षको पहाड चढी छुनुपर्छ चन्द्रमालाई,
डरपोक र अल्छी चाँही हुनुहुन्न कहिले पनि ।

स्वार्थ पूर्ति गर्ने सधन नवनाउ देशलाई
अतिक्रमणबाट बचाउ आफ्नो भाषा भेषलाई
पराई धर्म संस्कृति कहिलेपनि हुन्न आफ्नो,
कुनै पनि हालतमा नभित्र्याउ त्यसलाई ।

भो कति नचाहिनेकाम गरि रन्छौ तिमीहरू
कुरा काटी पापको घडा भरिरन्छौ तिमीहरू
सिर्जनशील समयलाई ब्यर्थ खेर फालेर,
आफ्नै दुष्कर्मले तल झरिरन्छौ तिमीहरू ।

म मेरो सन्तानलाई किसान हुन सिकाउँछु
बनको ठुटा तासी हलो बनाउन सिकाउँछु
बाँझो खेत बारीमा अन्न बाला झुलाएर,
यो राष्ट्रलाई समृद्ध तुल्याउन सिकाउँछु ।

*– कपन, काठमाडौं*



## गङ्गा लिगल

भर्न सकिन्छ जीवन वगैंचा खुशी खुशीले
पूर्ण गर्न सकिन्छ नै यस्लाई खुशी खुशीले
हो जीवन परिश्रमले भर्नु पर्छ मानव,
अनि त जिन्दगी वित्न सक्छ खुशी खुशीले ।

कर्तव्यको महत्ता सारै अवर्णनीय छ
अधिकारको सत्ता सारै अद्धितीय छ
दुवैलाई साथ लिएर हिडने हो भने,
जीवनको महत्ता सारै अविस्मरणीय छ ।

यहाँ सधैँ सुखै सुख खोजेर कहाँ पाइन्छ र ?
सधैँ मिठै मिठो खान मागेर कहाँ पाइन्छ र ?
भोगेर हेर्नु पर्छ संसारमा दुःखलाई पनि,
सधैँ मखमली शैया रोजेर कहा पाइन्छ र ?

हर्ष र रोदन दुवै मिश्रित जिन्दगीमा
सहनु पर्छ नै यो अनियमित जिन्दगीमा
भइ रहन्छ सदा यहाँ उथल पुथल,
यही नै रित हो यो तरंगित जिन्दगीमा ।

काँढाले गुलावलाई भेदन गर्दैन
गुलावले काँढालाई ईर्षा मन गर्दैन
किनकी यी दुवैमा अपरिहार्यता छ,
त्यसैले त गुलावमा छेदन गर्दैन ।

*- तानसेन, पाल्पा*



## गणेश शर्मा पौडेल 'चन्दन'

शहीदको रगत छहराजस्तै जाँदैन सुकेर
नेपाली शिर पहराजस्तै जाँदैन झुकेर
हिमाली भनौ पहाडी भनौं मधेस, तराई,
शृङ्खला-हार लहराजस्तै जाँदैन फुकेर ।

पहरा फोड्छ, जन्जिर तोड्छ बस्तीको स्वरले
सामन्ती जरा उखेली मोड्छ बस्तीको स्वरले
पाताल माग्दा पिंजडा दिने शासक माथि छन्,
काढेर छाला एसिड पोख्छ बस्तीको स्वरले ।

कलम बोल्यो, नजिर बोल्यो एकथोपा मसीले
तराजु बोल्यो, नजिर खोल्यो एकटुक्रा दसीले
खोलाको पानी गएर मिली समुद्र भएझैं,
सङ्गत बोल्यो, नजिर देख्यो घाँस काट्ने घाँसीले ।

विकास गति जहाँ छ अति श्रमको खाँचो छ
जहाँ छ ढोका, त्यहाँ छ ताला खोल्ने साँचो छ
टारीका खेत सिँचाइ कुलो खन्दिने कोही छैन,
माटो छ जहाँ, किसान छैन जमिन बाँझो छ ।

शीतल कस्तो जूनको जस्तो आमाको माया छ
सागर जस्तो गहिरो माया बादलु छायाँ छ
आत्मामा बस्छ आमाको माया छेकेर छेकिन्न,
न आँखा देख्छ, न छुँदा भेट्छ दायाँ र बायाँ छ ।

*– पैयूँ, थन्थाप, बाग्लुङ*



**गण्डकीपुत्र**

जनतालाई प्रतिकूल छन् संविधानका धाराहरू
गोली हानी झार्छु भन्छ आकाशका ताराहरू
मूर्तिचोर जस्तो मान्छे सडकमा हिंड्दाखेरि,
जय जय भन्दै उफ्रे हेर ज्यानमाराहरू !

ए हजूर ! प्रजातन्त्र निरंकुशताको चोटमा सुहाउँदैन
साह्रै बेछाँटको देखियो, हजुरको पाकिस्तानी कोटमा सुहाउँदैन
कुरा बुझेर पनि सधैं सवारीमा किन व्यस्त हजुर ?
प्रजातन्त्र पोखराको रिसोर्टमा सुहाउँदैन ।

मान्छे मरेथे दरबारमा उसलाई श्रीपेचको खाँचो रहेछ
लगाओस् श्रीपेच भनेर छोडियो मान्छे त साह्रै काँचो रहेछ
भन्नेहरू भन्थे कुकुरलाई घिउ पच्दैन, म होइन होला भन्थें,
यो राजालाई देखेपछि थाहा भो कुरा साँचो रहेछ ।

राजाको निरंकुशता देखेर आफै सर्माउने, नजर सर्मिलाई सलाम
आन्दोलनको रापमा अझ ताप थपिरहेको चैतको गर्मीलाई सलाम
हातमा कटवाँसको लौरो लिएर पनि जनताको आन्दोलनलाई समर्थन गर्दै,
स्वागतको थपडी बजाउने, जनकपुरका सुरक्षाकर्मीलाई सलाम ।

अझ पनि निरंकुश धारकै कुरा गर्छ
अत्यन्त क्रूर रहेछ, सुन्नुभो अत्याचारकै कुरा गर्छ
जनता हिंडेर गणतन्त्रको बाटोमा पुगिसके,
मूर्तिचोर भने, घुमिफिरि रूम्जाटारकै कुरा गर्छ ।

*– झोराहाट, मोरङ*



## गुरूप्रसाद कुमाल 'बुलबुल'

अन्धकार छ चारैतिर, प्रकाश लुक्यो कहाँ ?
सत्यको सधैं जीत हुन्छ, यो शीर झुक्यो कहाँ ?
अन्धकार यो चिर्नलाई लड्छु, लडिरहन्छु,
कुन रणभूमिमा, मेरो पाइला रूक्यो कहाँ ?

यात्रा कठिन छ नभन्नु साथी
उद्देश्यहीन छ नभन्नु साथी
नथाकी हिंड, अझै केही समय,
अब एकछिन छ नभन्नु साथी ।

बाँच्नु छ जिन्दगीसँगै अवकाशका कुरा गर्छ्यौ
खै किन हो त्यसरी बकवासका कुरा गर्छ्यौ
मेरो स्तर भूइँमै छ, आकाशको जून झार्दिन,
तिमी मंगलग्रहमा मधुमासका कुरा गर्छ्यौ ।

जलेर उज्यालो दिन्छ मैनबत्तीले
अँध्यारो आफै लिन्छ मैनबत्तीले
सुनौलो बिहान प्रदान गर्नलाई,
कालो रात सधैं छिन्छ मैनबत्तीले ।

घाउ कति दुख्छ निष्ठुरीलाई के थाहा ?
अचानोको चोट खुकुरीलाई के थाहा ?
यो 'बुलबुल'ले गुँड बनायो कसरी ?
कति परिश्रम थियो हुरीलाई के थाहा ?

*– लमही, दाङ*



## गोपालकुमार विश्वकर्मा

सबैले आफ्नो आफ्नो चित्र बनाउनुस है
बाहिर हैंन मुटु भित्र बनाउनुस है
कसैलाई विश्वास गरेर फाईदा छैन हजुर !
आफ्नो जिन्दगीलाई नै असल मित्र बनाउनुस है ।

तिमी मेरै हुनु पर्छ भन्ने पनि छैन
मलाई सम्झी रूनु पर्छ भन्ने पनि छैन
पिरतीको आभास अन्तै मिल्छ भने,
मेरा तस्बिर छुनु पर्छ भन्ने पनि छैन ।

आउने अनि जाने यस्तै छ जिन्दगी
फुले पछि झर्नु पर्ने त्यस्तै छ जिन्दगी
कहिले वारी कहिले पारी गर्दा गर्दै आज,
बिच बाटोमै हराउने जस्तै छ जिन्दगी ।

मलाई कि वार कि पार बनाई देउ
हैन भने जिन्दगी बेकार बनाईदेउ
सधै मलाई मात्र तड्पाई रहन्छौ किन,
अब त मेरो पनि सपना साकार बनाईदेऊ ।

जिन्दगीमा एउटा आधार खडा गर्नु पर्छ
त्यसको लागी आजैदेखि कडा गर्नु पर्छ
समयको महत्वलाई आजै देखी बुझी,
भोक, निद्रा, प्यास सधै टाढा गर्नु पर्छ ।

*– अर्घाखाँची*



## गोविन्द गिरी

जित्न हैन हराउन लाई एक जुट पनि हुन सक्छ
बाहिर अंकमाल भित्र कुटाकुट् पनि हुन सक्छ
'सधैं सत्यको बिजय हुन्छ' भन्न त म पनि भन्छु,
तर कहिलेकाँही यो सरासर झुट पनि हुन सक्छ ।

एकदिन हैन यस्तै घरि घरि भएर हो
प्रतियोगिता र निर्णय मन परि भएर हो
तपाईं जे सुकै भन्नुस् तर ति दुई छानिनुमा,
एउटा भट्टी पार्टनर अर्की सुन्दरी भएर हो ।

समाज सेवामा पाइला चाल्नी भनेको मेसै मिलेन
रिबन काट्नी, दियो बाल्नी भनेको मेसै मिलेन
खिच्न त तीन ओटा कम्मल बाँडेर तेह्र फोटा खिचियो,
अब चट्ट फेसबुकमा हाल्नी भनेको मेसै मिलेन ।

कोही घोडै चढि बजार कोही धुरी चढी बजार
तर बजाउन लाई मेरै आफन्तले बढी बजाये
मलाई एक एक थाहा छ मेरो बर्बादिमा
मुखले कट्टै ! भनेर क-कसले थपडि बजाए ।

यहि पाराले यो देश इथोपिया होला त्यो अर्कै कुरा
हुन त त्यो बेला मन छिया छिया होला त्यो अर्कै कुरा
तर सकुन्जेल, बाँचुन्जेल छोरा पढाउनै पऱ्यो क्यारे ?
मर्ने बेला अस्ट्रेलिया वा मलेसिया होला त्यो अर्कै कुरा ।

*– पोखरा, कास्की*



## गौतम रानाभाट 'असफल'

अँध्यारो हटाउन लड्नेसँग ठेगान घाउको हुँदैन
माउसुली, पुतली बत्तीमा रमाउने, लक्ष्य दाउको हुँदैन
केवल आह्लादित भएर बाँच्न पाए हुन्छ उनलाई,
दुनियाँले जसरी हेरोस् दैनिकी पुरानो भाउको हुँदैन ।

अर्काले तपाईं भनेको राम्रो, मपाईंको काम हुँदैन
असल-खराब छुट्याउन नसक्नेको कुनै नाम हुँदैन
मै हुँ भनी हल्लिएर हाँस बीचको बकुल्लो झैं हुनेको,
विचार गरहै ! कोही बेला पाइलो पार्ने ठाम हुँदैन ।

अकबरी भनेरै पिटे पनि कसी चाहिने सुनमा
आस्था, विश्वास, भरोसा हाम्रो धेरै थियो उनमा
जति असल होस् पशु आखिर दाम्लो चाहिने रहेछ,
छाती पिटी रोई के हो गर्ने ? कपट निस्क्यो गुनमा ।

अमृतपान गर्न बिर्सी सिउँडी खाएका रहेछौ
तिमी केवल यहाँ बाँझो फोर्न आएका रहेछौ
भित्र बस्छौ, बाहिरको मुख ताक्छौ रातदिन,
नेपाली भनेर नौटङ्कीको गीत गाएका रहेछौ ।

अरू सब फटाहाहरू भन्दै आफू अब्बल ठाने पनि
रमाइलोमा केही हुँदैन कसैलाई कालिगढ माने पनि
आफ्नो सक्कली मुहार हेर्न कहिल्यै पनि नबिर्स है,
भकारी भरिदिन्छु भन्दै पाखुरो समाई ताने पनि ।

— *ठुलाडिही, स्याङ्जा*



## गौरी तमू

समयलाई जित्न खोज्छन यहाँ मान्छेहरू
भगवानलाई किन्न खोज्छन यहाँ मान्छेहरू
पुरा गर्न सपना र स्वार्थका ती सिँढीहरू,
आगोमाथि हिँड्न खोज्छन यहाँ मान्छेहरू ।

कति दिन्छौं भाषण मात्रै अब देशलाई निकास देऊ
सपना मात्रै होइन अब साँच्चै देशलाई विकास देऊ
शरणार्थी हौं कि हामी आफ्नै देशमा बाँच्दै छौं ?
नेपाली हौं नेपाली भै बाँच्न सक्ने आभाष देऊ ।

यो चन्द्र सूर्य रहुन्जेल बाँचिरहोस मेरो देश
यो गौरव अनि स्वाभिमान साँचिरहोस् मेरो देश
आए पनि कैयौ बाधा व्यवधान यो भूमिमा,
अटल,अचल हिमालझैं हाँसिरहोस् मेरो देश ।

जनताका सपना बेच्नेहरू होसियार !
मेरो देशको सिमाना मिच्नेहरू होसियार !
सुतिरहेको बाघलाई जिस्काउँदैछस् अचेल,
आफ्नै देशमा षड्यन्त्र रच्नेहरू होसियार !

नारी पुरूष नभै सृष्टि कहाँ चल्छ र ?
नठोसे त आगो पनि कहाँ बल्छ र ?
मै हुँ सर्वेसर्वा भन्ने अहम नलिनु है,
घाम बिना हिँउ पनि कहाँ गल्छ र ?

*— पोखरा, कास्की*



## ज्ञानुवाकर पौडेल

रमाइलो आफ्नो शहर छोडेथें
उजाड, बिरानो नगर रोजेथें
जिन्दगीको तमासा खै के भनुँ,
फेरि बाँच्ने रहर भेटेथें ।

मान्छे केही रै'नछ स्वार्थको घर रहेछ
जिन्दगी ! केही रै'नछ रूनु रातभर रहेछ
दु:ख-सुखको झुट्टा परिभाषा भैगो मलाई नसुनाऊ,
उपदेश अमृत होला कसैलाई, मलाई जहर रहेछ ।

याद आउँछ मलाई त्यो दिन अक्सर याद आउँछ
आँसु र गीत गजलको स्वयंवर याद आउँछ
किताबमा खोज्दछु म जीवनको सार्थकता कतै भेट्दिनँ,
किशोरावस्थामा छाडी आएथैँ त्यो गाउँघर याद आउँछ ।

जिन्दगानीको यो सफरमा तिमी कस्तो याद आ'को
एक्लो छु म आज यो शहरमा तिमी कस्तो याद आ'को
रहरहरू घाइते छन् मेरा विश्वास पनि आहत छ,
आज कसैको स्वयंवरमा तिमी कस्तो याद आ'को ।

आफैले आफूलाई सम्हाल्न खोज्दैछु
के काम यी पीरहरू... फाल्न खोज्दैछ,
नैराश्यले डगाउँछ अब न दुख्खले सताउँछु
पाइए अलिकति आस्था बरू सँगाल्न खोज्दैछु ।

*– गौशाला, काठमाडौं*



## डा. घनश्याम न्यौपाने 'परिश्रमी'

तपाईं क्या गजबको मान्छे हुनुहुन्छ
कसको हुनुहुन्न, सबको मान्छे हुनुहुन्छ
देखिनु हुन्छ दिनमा पाण्डवहरूसित,
रातमा भने कौरवको मान्छे हुनुहुन्छ ।

जूनलाई थुकेर आफ्नै अनुहारमा थुक खसाल्नेहरू
खरानी नपाएपछि आफ्नै छानामा आगो बाल्नेहरू
यस्तै यस्तै त हुन्छन् चल्तापूर्जा यो समाजमा,
हेर्नुत, कति अगाडि छन् मनभित्र सर्प पाल्नेहरू ।

रहर गरेर लाइने चिज होइन माया
बुट्टा भरेर देखाइने चिज होइन माया
माया त अन्तस्करणको भाव हो समर्पणको,
पैसा तिरेर पाइने चिज होइन माया ।

मलाई कुहिरो लागेको विधवा बिहानी मन पर्दैन
फूल टिपेर भगवान्लाई चढाउने बानी मन पर्दैन
जीवन बग्नुपर्छ भन्ने मान्यताको मान्छे हुँ म,
मलाई पोखरीको पानीजस्तै जिन्दगानी मन पर्दैन ।

कुरा गर्छन् बहुजन हितायका उनी
काम गर्छन् केवल आफ्नै व्यवसायका उनी
भन्न त आफूलाई समाजको न्यायाधीश भन्छन्,
हिमायती हुन् परन्तु अन्यायका उनी ।

## जगत राई 'नबोदित'

रामरी बगैंचा सिंगार्ने एउटा माली छ
उही मालीलाई मालिकको गाली छ
यो लोकमा के रीत आयो ? प्रभु !
त्यही गालीलाई दुनियाँको ताली छ ।

आस्थाको ईंट्टाले म देवल बनाइरहेछु
शकुनी घेराको म टेबल भत्काइरहेछु
बेइमानी धनी माझ म कङ्गाल भए पनि,
स्वाभिमानलाई म केवल बचाइरहेछु ।

देश कति दुःखेको छ ? अखबारका निलडामहरूमा खोज्नुपर्छ
देश कति सुकेको छ ? कर्णालीका भोका पेटहरूलाई जोख्नुपर्छ
देशको वास्तविक मर्म नै थाहा पाउने हो भने महोदय !
मेचीको भरिया र महाकालीको गोठालालाई सोध्नुपर्छ ।

शहरमा अभावको लहर छ
हरेकलाई बाँच्न यहाँ कहर छ
गाउँ फर्किंदैछु म, साथी हो !
बताउन तिमीहरूको के खबर छ ?

आंशिक मान्छेहरू यहाँ सुखका भोगी छन्
धेरै मान्छेहरू भीख माग्ने जोगी छन्
जोगी हुनुमा एउटा पीडा त छँदै थियो,
अझ धेरै मान्छेहरू अशक्त रोगी छन् ।



## छविलाल थारु 'कोपिला'

म चाहन्छु  जूनसँगै तारा, हाँसेको आकाश होस्
जन्मभूमि स्वर्गजस्तै, सबैलाई आभाष होस्
शुभकामना छ मेरो, सधैं-सधैं, सबै सबैलाई,
सुख-समृद्धि अनि मनभरि हर्ष र उल्लास होस् ।

काँढाबीच यौटा फूल फुलेपो त सुन्दर हुन्छ
त्यही मिठो सुवासमा डुले पो त सुन्दर हुन्छ
किन थुन्नु मनभित्र, मनका सबै कुराहरू,
साथी सामू सबै कुरा खुले पो त सुन्दर हुन्छ ।

अति भो अब, हामी क्रान्तिको दीप बाल्नुपर्छ
फलाम होस या पत्थर, हामीले नै गाल्नुपर्छ
अन्याय, अत्याचार, दमन अब सहँदै सहन्नौं,
त्यसैले त यो सामन्ती सत्ता आजै ढाल्नुपर्छ ।

हामी तिनै सम्भ्रान्तिहरूले मुछिएको परिवेशभित्रको मान्छे
अस्तित्व जति सबै लुटाएर बँचेको अवशेषभित्रको मान्छे
के गर्नु ? आँखा छ, पहुँच छैन, हामी हेरयौं उनीहरू लुटिरहे,
त्यसैले त, हामी लुटेराहरूले राज गर्ने देशभित्रको मान्छे ।

याम फेरेपछि घामजस्तै चर्चामा आउनुहुन्छ
रेडियो, टिभी, समाचार अनि पर्चामा आउनुहुन्छ
जनताले सधैं थुके, हत्यारा अनि भ्रष्टाचारी भन्दै,
तर, सधैं प्रभुको दयाले मन्त्रीको दर्जामा आउनुहुन्छ ।



**जनक जंघार**

हो मलाई लागेको छ भोक मुक्तकको
यो ज्यु यो ज्यान सब थोक मुक्तकको
भो पर्दैन अब तिम्रो आकस्मिक उपचार,
अह ! हुँदै हुन्न निको यो रोग मुक्तकको ।

जहाँ म छुटेँ प्रिय त्यो यहि शहर नै हो
अरू केही होईन यो त तिम्रो रहर नै हो
पग्लिनु थियो जरूर बस ! एक फेर,
तर अँह ! त्यो दिलै हैन त्यो पत्थर नै हो ।

तिम्ले लगाएको मलाई सत्ते त्यो गुन बिर्सनै सक्दिनँ
बल्ल आयो दिलमा खुशीको धुन बिर्सनै सक्दिनँ
हरे ! थियो निस्पट्ट मधुर औँसि झै खामोसि मन,
आह ! आज झिल्मिल यो तारा यो जून बिर्सनै सक्दिनँ ।

मलाई लाग्छ चिन्ता यो देशको तक्दिरबाट
पाठ सिकेको छु केही बल्झिरहने पिरबाट
केही गर्नु छ, केही तिर्नु छ कर्जा तिनै धारा दुधको,
झुक्ला नठान्नोस अहँ ! यो दौरासुरूवाल टोपी शिरबाट ।

खुशी हैन यहाँ आँसुको बर्षात प्यारो लाग्छ
निस्पट्ट अँधेरी यो औंसीको रात प्यारो लाग्छ
तिम्लाई त खै प्रिय के-के लाग्छन प्रिय अरू,
मलाई भने तिम्ले गर्ने आघात प्यारो लाग्छ !

– *टिकापुर, कैलाली*



## जनार्दन दाहाल

हरेक प्रश्नको जवाफ हुँदैन
नताती पानी बाफ हुँदैन
नियत नै खराब छ भने साथी !
न्याय हुँदैन, इन्साफ हुँदैन ।

उसलाई औडाहा हुन्छ म रमाएको अवस्थामा
ऊ झन् पागल नै हुन्छ मैले खाएको अवस्थामा
राम्ररी निदाउँछ, प्रफुल्ल हुन्छ, बल्ल तल्ल तब ऊ,
मैले ठक्कर खाँदै मज्जाले दुःख पाएको अवस्थामा ।

बुद्ध यहीँ छन्, राम यहीँ छन्
पाइला पाइलामा धाम यहीँ छन्
अचम्म छ उफ ! मान्छेको स्वभाव,
पूज्य यहीँ छन् बदनाम यहीँ छन् ।

कुरा नभई काम कसरी हुन्छ ?
मन्दिर बिना धाम कसरी हुन्छ ?
देश साक्षी छ, जनता साक्षी छन्,
देखियो यहाँ छलछाम कसरी हुन्छ ।

न कपासजस्तो हुन सकियो
न बतासजस्तो हुन सकियो
दुर्गन्धमा बाँच्नु पर्ने सधैँ उफ् !
न सुवासजस्तो हुन सकियो ।

*– शुक्लागण्डकी, तनहुँ*

## जयकिशन अधिकारी

हातका ती चुराहरू नबजाऊ भन्छु म
शृङ्गारले ती अङ्ग नसजाऊ भन्छु म
मलाई इशारा पलपल गरी राख्नुभन्दा,
गर मनको इच्छा पुरा, नलजाऊ भन्छु म ।

चोखो माया त कालाको पनि हुन्छ
रूपमा योगदान त गालाको पनि हुन्छ
थाहा पाइराख ए सुन्दरीहरू हो !
एउटी रानी त बिरालाको पनि हुन्छ ।

यहाँ ईश्वरको प्रीत बराबर हुनेछ
घाम र पानीको हित बराबर हुनेछ
पाउनु र गुमाउनुको हिसाब हुँदैन भने,
तिम्रो र मेरो हारजित बराबर हुनेछ ।

यस्तै भइराखे अब देशै दन्कन सक्छ
सुषुप्त नेपाली मन फेरि रन्कन सक्छ
खबरदार हुनू अब विदेशी दलालहरू हो !
वीर गोर्खेको खुकुरी फेरि फन्कन सक्छ ।

रगतभन्दा भावनाको नाता ठूलो हुन्छ
कोही भन्छन् यहाँ त विधाता ठूलो हुन्छ
जिम्बाल पनि माग्ने जस्तै लाग्छन् अनि बरू,
भोकालाई अन्न दिने दाता ठूलो हुन्छ ।

## जयसिंह ज्यामी

देश निम्ति सु-शान्तिका बातहरू पस्किदै छु
घातमा पनि एकताका हातहरू पस्किदै छु
नव नेपाल सृजनामा नयाँ वर्ष सँगै,
मंगलमय शुभकामनाका सौगातहरू पस्किदैछु ।

परिश्रमका गेडाहरू जाँतोमा पिसिई दिंदा
सुखका मोतीहरू आँशुमा मिसिई दिंदा
अन्धकारमय तब बनि दिन्छ जीवन,
न्यायका स्वरहरू पासोमा घिसिई दिंदा ।

मूर्गा दारूको पार्टी जमाउने सलाम साप
तरूनीसँग रात रमाउने सलाम साप
देशको सुरक्षा बापत भन्सारको ड्यूटीबाट,
राजश्व छलि नोट कमाउने सलाम साप ।

आँशु होइन अब हाँसो हाँस्नु पर्छ मित्र
समग्रतामा एकताको माला गाँस्नु पर्छ मित्र
लोकतान्त्रिक गणतन्त्रको नयाँ नेपाल निर्माण सँगै,
अन्याय र अत्याचार सारा मास्नु पर्छ मित्र ।

परेलीमा आँशु रसाएर हेरें
तरेलीमा आँशु खसाएर हेरें
घोचेर नानी पनि विझाई रहँदा,
नयन पटमा उनलाई बसाएर हेरें ।

*– टीकापुर, कैलाली*



## टी.एम. अश्लेषा

सुनाउँला म कथा एकान्तमा तिमीलाई
जिन्दगीको व्यथा वृत्तान्तमा तिमीलाई
कोलाहलमा विलीन भएको मेरो कथा,
विस्तार गर्नेछु कहीँ शान्तमा तिमीलाई ।

यो मन पनि के के सपना देखाउँछ
एक निमेष हसाउँछ अर्कोमा रूवाउँछ
सपना बसाउँछ उही नै बन्द आँखामा,
खोल्नै नपाई फेरि उही आफै तुहाउँछ ।

तिमीले दिएका ती सबै आश भेट्ने छौ
खोक्रो भैसकेको शरीर र सास भेट्ने छौ
याद गर्ने छौ मलाई त्यो दिन जब तिम्रो,
डोलीको बाटो मेरो जिउँदो लास भेट्ने छौ ।

ए मन ! अबेर भो, निदाऊ अब तिमी पनि
कति बोक्छौ बोझ बिसाऊ अब तिमी पनि
जगत सारा सुतिसके आफ्नो थकान मेटाउँदै,
केही पल त शान्ति चिताऊ अब तिमी पनि ।

हातमा उनको गुलाफ थियो
आज अलि बेग्लै रवाफ थियो
झुकेको नजर ओठको मुस्कान,
गालाको लाली नै जवाफ थियो ।

*– मैतीदेवी, काठमाडौ*



## ठाकुरप्रसाद शर्मा भण्डारी

कस्ता हुन्छन् मान्छेहरू खुट्टा तानी बाँच्ने गर्छन्
अँध्यारोमै पाइला चाल्दा खाल्टोभित्र खस्ने गर्छन्
सङ्कीर्णको घेरा भाँच्ने जीवन सधैं मुस्काउँछ,
आदर्श नै गुमाउँदा आफै तल झर्ने गर्छन् ।

संसारमा अनमोल धेरैधेरै  वस्तु हुन्छन्
प्रत्येकले हृदयमा ज्योति दिने काम गर्छन्
भावनामा बग्नेहरू विवेकमा अड्नुपर्छ
यस्तो कुरा नबुझेरै समाजमा दुःख भर्छन् ।

सत्य, तथ्य बुझ्दाबुझ्दै लुकाएर बोल्ने किन ?
साँचो जे छ बोल्नुपर्छ लड्खडाइ हिंड्ने किन ?
दोधारे भै जीवनको अस्तित्व नै बिलाउँछ,
भित्री रूप बिर्सिएर बाहिर नै भुल्ने किन ?

मृगतृष्णा यही नै हो भित्री रूप देखिएन
यथार्थमा भन्नुपर्दा केही पनि भेटिएन
रूप, रङ मात्र हेरें अरू कुनै वस्तु छैन
भौतिकी यो संसारमा आफ्नै लोभ मेटिएन ।

ज्ञानको यो संसार हो मोहले नै भुलाउँछ
नगर्ने नै काम गर्छ अन्धकारमा सुताउँछ
पापकर्म गर्दागर्दा पाखण्डी भै बनी हिंड्ने,
त्यस्तो जीवन सधैंभरि मुर्दासरी गन्हाउँछ ।

*– हंसपुर, प्युठान*



## डि.आर. न्यौपाने 'सूर्य'

छोरा हुँदा उत्सव, छोरी हुँदा खेद कहिलेसम्म ?
पुत्रकै निहुँपारी सम्बन्ध बिच्छेद कहिलेसम्म ?
छोरी मेलापात लखेटी, छोरा स्कुल पठाउछौँ,
आफ्नै सन्तानमा यो चरम विभेद कहिलेसम्म ?

केही सचेत बन बिदाइको बेला
सँगै जान्छु नभन बिदाइको बेला
आँसुले गन्तव्य छेकिदिन्छ भन्छन्,
पर्छ धेरै कुरा सहन बिदाइको बेला ।

तराइको आँगन र शिरको हिमाल जोगिन्छ भने
सबै समुदायको भिन्न भिन्न चाल जोगिन्छ भने
आउ यो शिर काटेर धर्तिको लागि बलि चढाउँ,
छिमेकीले सार्ने सिमानाको पर्खाल जोगिन्छ भने ।

शुभेच्छुक पनि कस्ता कस्ता बनेर आउछन्
कुनै महंगा त कुनै सस्ता बनेर आउछन्
तिम्रै हुँ भन्नेको यसकारण विश्वास लाग्दैन,
अचेल रावण पनि राम जस्ता बनेर आउछन् ।

न्याय र निष्ठा बोक्नेहरूको हार बढदै गएको छ
निर्धा र असहायहरूको चित्कार बढदै गएको छ
कसरी स्वर्णिम राष्ट्रको कल्पना गर्न सकौं हामी,
देशमा भ्रष्ट र अपराधीकै सम्भार बढदै गएको छ ।

*— कालीगण्डकी, गुल्मी*



## डिल्लीराम भण्डारी

आऊ न माया सँगै बसौं गरौं दिलका कुरा
वर्षौंदेखि नमिलेका मिलाऔं विलका कुरा
को-को कता दायाँ बायाँ धेरै भयो छुट्टिएको,
याद आउँछ अझै पनि उही पुरानो रिलका कुरा ।

हाम्रो देशमा जतातत‌ै पानी पानी रै'छ
माया लाउनु पनि हेर्नुस् छानि छानि रै'छ
भारतले गाडी आउन नदिइ रोकेको,
झुक्किएर हो कि भनेको त जानी जानी रै'छ ।

आजदेखि तिम्रो हाम्रो नाता जोडिदैछ
हाम्रा हरेक सिर्जनाको गाता जोडिदैछ
रूझाएथ्यो विछोडले कसैलाई छ्याप्यो होला,
चिन्ता नलिऔं अब हाम्रो छाता जोडिदैछ ।

कति राम्रो पेशा हो यो सब यात्रुलाई तार्न पाइने
कच्चा अनि अशुद्धलाई दिन दिनै खार्न पाइने
गोडमेल गरी बगैंचाको फोहोर मैला हटाएर,
बालसुलभ रंगीन फूल नर्सरीमा सार्न पाइने ।

जतातत‌ै बासी देख्छु साजी किन भेटिदैन ?
गफाडीको ठेलमठेल छ काजी किन भेटिंदैन ?
अनुमानको आकाश चाहार्ने हनुमान कति-कति,
साँच्चै पारितार्न सक्ने माझी किन भेटिंदैन ?

*– गल्याङ, स्याङ्जा*



## डोलराज डुम्रे 'विकल्प'

अपार माया कसरी पार लगाउँ म
यो मुटुमा खै कसरी बार लगाउँ म
जति चोट परे पनि सहिदिन्छ्यौ तिमी,
अझै कति अचानोलाई धार लगाउँ म ।

विचारै हो ठूलो बुद्धत्वका लागि
निश्चल मन हो ठूलो शुद्धत्वका लागि
कसले ठूलो देख्छ यहाँ खोटी मनहरूलाई,
अराजकता मच्चाउने कुतत्वका लागि ।

लिलाम यी बैंसहरू छताछुल्ल भए
फुके मनका कैदहरू छताछुल्ल भए
विरहमा न्याउलीहरू रोए पनि वनमा,
वसन्तका चैतहरू छताछुल्ल भए ।

नदी आफ्नै बेगमा छ, खोली बनें म
उता मिठास यता रूखो बोली बनें म
हार्नै पर्दो रै'छ आखिर शीर झुकाएर,
फाटेपछि मिल्काएको चोली बनें म ।

आनीबानी तिम्रा सबै चाल पाएँ मैले
आउनी जानी  तिम्रा सबै गीत गाएँ मैले
जिन्दगीको बिसौनीमा कहिले दोभान कहिले छाँगो,
आखिरीमा आफैसँग हार खाएँ मैले ।

*– डुम्रेभञ्ज्याङ, स्याङ्जा*



## तपेन्द्रबहादुर शाह ‘भावातीत’

नेपालीले लगाएको बालीनाली नओइलाओस्
हिमाल, पहाड, तराईको हरियाली नओइलाओस्
मनमोहक सुन्दरतामा बुकी अनि प्याउलीसँगै,
फक्रिरहोस् सदासदा मेची-काली नओइलाओस् ।

बिना फूलका बगैचाको माली बनेको छु
केही छैन उपलब्धि खाली बनेको छु
मेरै हिस्सी खिल्ली उडाई उपहास गर्नेसँग,
घृणा अनि निरस्कारको ताली बनेको छु ।

जिन्दगीको लामो छोटो सफर अनगिन्ती
मुटुभरि टुसाउने रहर अनगिन्ती
कल्पनाका मीठामीठा सपनाका निम्ति,
मन मुटु बल्झाउने बगर अनगिन्ती ।

रूने मन नहुँदा नि रूनै पर्ने भयो
आँशु बगाई परेलीलाई धुनै पर्ने भयो
नजिक देख्दा आँखा तर्ने मान्छेहरूसँग,
बिना कसुर टाढा टाढा हुनै पर्ने भयो ।

कलम टुक्री बन्दुकको गोली हुन असम्भव छ
एकैदिन दशैं, तिहार, होली हुन असम्भव छ
हत्केलाले सूर्यलाई छेक्न खोज्ने मुर्खहरू !
हिजोआज अतीत होला भोलि हुन असम्भव छ ।

## ताराप्रसाद श्रेष्ठ

जरामा मलजल गरे, माथि फल फल्छ
जरानै कमजोर भए, साथी ! वृक्ष ढल्छ
विद्युत किन चाहियो ?, मट्टितेल भए,
कालो रातमा पनि झलमल बत्ती बल्छ ।

काँधगली थाकिसके, जिउँदो लास बोक्नेहरू
तिनलाई अब पालो दिने छैनन् यहाँ कोही अरू
बोकिने र बोक्नेलाई लान्छन् अब घाटतिर,
जिउने आशा भए हेर फर्क आफै घर बरू !

नरोक्छ पक्की पर्खालले, न काँढे तारले
न रोक्छ हतियारले, न फलामे बारले
गर्ल्याम्म ढल्नेछ, तानाशाहहरूका महल,
उर्लँदो जनसागर र लोकतन्त्रको भारले ।

लोकतान्त्रिक शहीदहरूमा, श्रद्धाञ्जलीको फूल
शोक सन्तप्त परिवारमा, समवेदनाको मूल
घाइतेजनहरूमा शीघ्र स्वास्थ्य लाभको कामना,
अर्पण गर्दै, गणतन्त्रलाई सुस्वागतको तुल ।

कार्यालयमा राखिएको फोटो फाल्नुपर्छ
चोक, चौबाटोको सालिक सबै ढाल्नुपर्छ
लोकतान्त्रिक शहीदहरूको सालिक बनाएर,
जनआन्दोलनको सम्मान गर्न थाल्नुपर्छ ।

## तीर्थराज अधिकारी

हरियो साग सब्जीमा कीटनाशीको कहर छ
दूधको भाउमा किनेको पानीमा जहर छ
हरेक वस्तुमा रसद्रव्य पाइन्छ प्रभु ! अचेल,
निन्द्रामा शुद्ध सपना देख्न समेत रहर छ ।

चौलानी जस्ता पनेला कुराहरू पानी सरी पिउनु पर्छ
उध्रिएका छेउ छाउ मनकै सियोले सिउनु पर्छ
गृहस्थीको सुन्दर मन्दिर वादविवादको केन्द्र होइन,
आफ्नोलाई जित्नु छैन सँगसँगै जिउनु पर्छ ।

कुनै निदान बिनाको बिधान लेखेर चिप्लिए
कुनै बाह्रै महिना हरियो देखेर चिप्लिए
भाँती भाँतीका चिप्ल्याइ हुँदा रहेछन यो लोकमा,
विचरो तीर्थे केराको बोक्रोमा टेकेर चिप्लिए !

साना तिना काँडे तार त बुट र लट्ठीले फाल्ने थिएँ
जनताले पिच्च नथूक्ने भए एउटा कदम चाल्ने थिएँ
थूक-रक्षकको दरवन्दी छिट्टै सृजना हुन्छ भने साहेव !
म पनि ठूलै पदको लागि एउटा दरखास्त हाल्ने थिएँ ।

न म कसैको थैलीमा छु ,न गोजीमा छु
जीवन्त जीवन आफैँ जिउने रोजीमा छु
खान तलासी लिएर कतै नखोज मलाई,
म त एउटा मौलिक पनको खोजीमा छु ।

*हाल : अमेरिका*



## तीर्थ श्रेष्ठ

लहलहाएका धानका बालाहरू झैं
सुन्दर सुवासित फूलका मालाहरू झैं
पिइदिन पाए हुने यो जिन्दगीलाई,
मधुशालाका कन्चनकाया प्यालाहरू झैं ।

बगैंचा छ र अनेकथरि फूल छन्
सुखद संयोग कि पहरामा पनि मूल छन्
जिन्दगी बाँच्न लायक त छ,
तर बाटोमा मुटु छेड्ने धेरै शूल छन् ।

सन्तान सुखमा आफ्नो दुःख भुलिरहेकी छिन्
ममताको शिखर भएर सधैं चुलिरहेकी छिन
विश्व ब्रम्माण्डको यो बगैंचामा,
नित्य निरन्तर आशीर्वाद बनेर फुलिरहेकी छिन् ।

आँखाहरूमा आगो छ, करूणाको दृष्टि म कहाँ खोजूँ ?
जताततै पाशविकता छ, सुन्दर सृष्टि म कहाँ खोजूँ ?
ओ सागर महासागरहरू, धरतीमा डढेलो लागेको छ,
यो डढेलो निभाउन सक्ने जलवृष्टि म कहाँ खोजूँ ?

तिमीलाई नसम्झेको रात छैन
तिमीलाई भुल्छु नभनेको प्रातः छैन
जीवनमा सबै सहेकै छु,
तर यस्तो विडम्बनापूर्ण आघात छैन ।

*– पोखरा, कास्की*



## दीपक समीप

बजारमा चर्चा कि रूपाको हुन्छ कि मिराको हुन्छ
पितलको के चर्चा ! चर्चा हुन्छ त हिराको हुन्छ
हामी भट्टीमा खुब गफ हाँक्दै बोतल रित्याउँछौं,
घरमा अभाव दाल, चामल, नुन र जिराको हुन्छ ।

कसैलाई सम्पन्नता देखाउन जुहार बाँडिएको छ
कसैलाई पहिचानको लागी मुहार बाँडिएको छ
कोहि कसैले त सारा दिन यसरी बिताउँछन् कि,
ऐना हेर्नकै लागि उनलाई अनुहार बाँडिएको छ ।

चल्छ भित्र भित्रै काउकुती लाग्छ मनमा रहर थाँती छ
तिम्रै लागि साँची राखेको मेरो माया देखाउनै बाँकी छ
म आउँछु तिम्लाई भेट्न आउँदा बैंस बोकेर आउँछु,
कसैलाई नभन्नु हाम्रो सम्बन्ध गुपचुप रहेकै जाती छ ।

बैंस त यस्तो होस् फूलले तिमीसँग सापट मागोस्
पूर्णिमाको जून पनि लाज मानी टाढा कतै भागोस्
छौ तिमी पनि त्यस्तै र त मनमा अनेक कुरा खेल्छन्,
सोंचे मैले नि सोंच्न हुने नहुने लागे बरू पापै लागोस् ।

टोलाउँछ घरी, हाँस्छ उसको दिलमा हलचल हुनुपर्छ
मनमनै बात मार्छ, उस्को मनमा ठूलै छलफल हुनुपर्छ
एउटा अपरिचित सडकमा एक्लै बर्बराउँदै हिंडेको छ,
कि त्यो पक्कै कवि हुनुपर्छ या त जरूर पागल हुनुपर्छ ।

*– पोखरा, कास्की*



## दिव्य गिरी

हाम्रो पिरती भनेको नि मुटुको सोला न हो
यो जवानी भनेको नि बगिजाने खोला न हो
भो, यहाँ कोही कसैले पनि घमन्ड गर्नु पर्दैन,
यो जिन्दगी भनेको नि दुइ दिनको चोला न हो ।

आकाशमा उडिरहेको सेतो बादल मनपर्छ
आँखामा लगाएको कालो गाजल मनपर्छ
मलाई मन पर्ने धेरै कुराहरू छन् तिमीसँग,
कहिले पाछ्र्यौ त्यो हायलकायल मनपर्छ ।

किन तिम्रो बगैंचामा सयपत्री फुलेन ?
किन तिम्रो आँगनीमा गोदावरी फुलेन ?
उदास उदास त्यो मुहार र नजर पनि,
किन तिम्रो मनभित्र कुनै खुशी फुलेन ?

तिम्रो मुहार हेरेपछि तारा पनि फिका लाग्छ
तिमीले आँशु झारेपछि रारा पनि फिका लाग्छ
जब आफ्नो मान्छै कै मन धमिलो हुन थाल्छ,
तब मलाइ मायालु इसारा पनि फिका लाग्छ ।

तिम्रो नयन किन तरबारको धार जस्तो ?
तिम्रो मन छ किन बारको काँडे तार जस्तो ?
म सधैँ ईश्वरसँग पुकारा गरिरहेको छु,
तिम्रो माया कहिले होला हिराको हार जस्तो ?

— *टिकाथली, ललितपुर*

## दुर्गाबहादुर सुवेदी क्षेत्री

समाजले नदेखेर के भो ? अदृश्य शक्तिसँग भाक्नुपर्छ
बन्धनहरू छेकेर के भो ? मनहरूले माया ढाक्नुपर्छ
हामीमाथि लादिएको छ यत्रो विवशता र बाध्यता,
तर यिनले पनि एकदिन समयको ज्वालामा पाक्नुपर्छ ।

अब त क्रम पनि टुट्यो, त्यसैले नयाँ कदम चाल्दैछु
भावना पनि त टुक्रियो, अब अर्कै भाका हाल्दैछु
जिन्दगीको यो रोदन भित्र आखिर बाँच्नै पर्दोरहेछ,
त्यसैले आजैदेखि जीवनको नयाँ यात्रा थाल्दैछु ।

नराम्री भए पनि तरूनी हो, राम्रै मानिदिऊँ जस्तो
हाम्री नभए पनि युवती हो, आफ्नी ठानिदिऊँ जस्तो
शङ्का, घृणा र अविश्वास मिसिएको यो शनिश्चरेलाई,
कपडछान गरेर छिन-छिनमा छानिदिउँ जस्तो ।

हरेक मान्छेहरूले आफै आफैभित्र आफ्नो चण्डालपन जमाउँछन्
हरेक मान्छेहरूले आफ्नै जूठो पन्यूमा एक दुई सिता भात कमाउँछन्
मुख सानो भएर के गर्नु ?
मेरो जिल्लामा मान्छेले मान्छेलाई आजभोलि कपाकप चपाउँछन् ।

कोही आँगन टेढो भन्दै नाच्ने गर्छन्
कोही बनाऊ भेडो भन्दै बाँच्ने गर्छन्
कोही दशरथ र गङ्गालालझैं हुँदारहेछन्,
यिनीहरू भने फाँसीमै पनि हाँस्ने गर्छन् ।



## देवराज खरेल

तिमी नै गजल भइदिए कस्तो हुन्थ्यो
नयनकी सजल भइदिए कस्तो हुन्थ्यो
म फुल्ने र फक्रने बगैंचाहरूमा,
तिम्रो मलजल भइदिए कस्तो हुन्थ्यो ।

कर्णालीको चूलोको चामल बन्न पाए हुन्थ्यो
गरिबको भान्सामा सामल बन्न पाए हुन्थ्यो
दुर्गम गाउँका घर-घरमा नुन, तेल पुऱ्याउन,
बाटो खन्ने एउटा ज्यावल बन्न पाए हुन्थ्यो ।

चराहरूको पनि देश छ
न सङ्घीयता छ न प्रदेश छ
एकताको उडान भर्छन् आपसमा,
न झगडा छ न द्वेष छ ।

उज्यालो  दबाएर अँध्यारोमा रमाउँछ मान्छे
आफैंलाई लुकाएर कुबाटो समाउँछ मान्छे
मधुर वाणीमा विषका रङहरू घोल्दै,
बेकार छातीमा अहङ्कार जमाउँछ मान्छे ।

यात्राभरि जिन्दगीका पानाहरू हुन्छन्
सुख दुःख मिसिएका गानाहरू हुन्छन्
पचाएर आगो, पानी, फूल, काँढाहरू,
जीवनभित्र सङ्घर्षका तानाहरू हुन्छन् ।

– हेटौंडा, मकवानपुर



## देवी त्रिपाठी

मन मन जोडिदिने तारको खोजिमा
को हुदैन र इमानदार को खोजिमा
म पनि त तेसै तेसै भौतारिरहेकै छु,
जिन्दगी चलाउने सरकारको खोजीमा ।

एकोहोरो उसैलाई मात्रै सम्झिनुपर्ने प्यासी बनायो
अरूलाइ नै जितायो मलाई जित्नेको प्रत्यासी बनायो
पर्ख पर्ख भन्यो पर्खिएँ, जोवन गयो, निधो दिने होइन,
आफू पनि सन्यासी भयो, मलाई पनि सन्यासी बनायो ।

भष्ट्राचारीको काँधमा बढुवाको फुलि चढाइन्छ
चोर डाँका, गुण्डालाई संसदको चुली चढाइन्छ
उहिल्यै साँच्चै सतिले सरापेको देश न हो मेरो,
चोरलाई चौतारो अनि साधुलाई सुलि चढाइन्छ !

खै को को सँग, कसरी जुट्यौ भन्ने भेटें
आजकल किन यसरी फुट्यौ भन्ने भेटें
भेट्न पनि यस्ता मान्छे भेटिन थालेका छन्,
आँखाले हेरेरै अस्मिता लुट्यौ भन्ने भेटें !

न त आफ्नै सुर गर भन्छ बैमानीले
न त मेरै भरमा पर भन्छ बैमानीले
साँच्चै मबिना बाँच्नै नसक्ने भए
क्याछ्यौं तनि मरे मर भन्छ बैमानीले ।

*— हेमजा, कास्की*



## द्वारिका पोखरेल 'प्रज्ञा'

मन दिनेले छोडे, फूल दिनेले छोडे
मायाको आभास एक हूल दिनेले छोडे
कोही छ आफ्नो भन्ने म पागल रहेछु,
छोडे सम्फेभैँ गर्ने भूल दिनेले छोडे !

निदाएका रहरहरू बिउभाउँनु छ ऊसँगै बसी
साथ थाम्नुछ अनि रमाउँनु छ ऊसँगै बसी
प्रेमको प्याला धीत मरून्जेल पिउँदै पिउँदै,
पाएको एक जुनी बिताउनु छ ऊसँगै बसी !

हेरिन्छ को इमानदार को सोभी छ
छान्नलाई हजारमा रोजी रोजी छ
आफ्ना छोरा जस्ता भए पनि हजुर !
यहाँ त असल बुहारीकै खोजी छ !

देखिएका सपना र ती रहर बदल्नु छ
बाबा आमासँग टाढिनुछ, घर बदल्नु छ
सिउँदोमा अर्कैको सिन्दूर र पोते लगाइ,
पराइ आफ्नो बनाउनु छ, थर बदल्नु छ !

जब तिमी उसको हात समाएर हिँडिथ्यौ
मिठा मिठा कुराहरू गर्दै रमाएर हिँड्थ्यौ
म त्यहीबेला जलेको हुन्थेँ जब जब तिमी,
दिलको राजा ऊ नै श्रीमान् बनाएर हिँडिथ्यौ !

*– दुधौली, सिन्धुली*



## धनबहादुर गहतराज 'अविरल'

कति सुन्दर तिमी, फूलेको मनलाई हर्ने
आफनो सुवासले आकर्षित सबैलाई गर्ने
तिम्रा सुगन्धले झुम्मिन्छन् कति भ्रमर,
सान्निध्यको कामनामा प्राणको वास्ता नगर्ने ।

कति शोभायमान पार्दछयौ बगैचा यहाँ
तिमीसरी मन भुलाउने कुरा पाइन्छ कहाँ ?
अमरावतिनन्दनवन, तिमीले सजायौ,
हरियो पातबीच सुन्दर फूलैफूलको जहाँ ।

आफनो बनाउन तिमीलाई, तिकडम धेरै हुन्छ
केमिस्ट्री मिली, तिम्रो मनले कसलाई छुन्छ ?
न त तिमीले सोचेर न उसले सोचेर हुने,
अचम्म छ यो, कसले कसलाई चुन्छ ।

फूलको कुरा फूल नै जान्दछ
मनको कुरा मननै मान्दछ
कसको जोडा कहाँ मिल्छ ठयाक्क,
कस्ले कसलाई सुपात्र ठान्दछ ।

प्रारब्ध हो कि सन्जोग ? सकिन्न भन्न
आउने धेरै हुन्छन् सकिन्न गन्न
तर आँखामा बस्ने एउटै हुन्छ, जीवनमा,
ठीक समय आएपछि हुन्छन् चुनेर प्रसन्न ।

## नगेन्द्र न्यौपाने

अलिनोमा देलान् नुन बिचार गरि राख्नु
बदलामा माग्छन् खुन बिचार गरि राख्नु
अरूको कमजोरीमा फाइदा खोज्नेहरू,
हुन् तिनै अपराधी हुन् विचार गरि राख्नु ।

लडाउँछन् सकभर फ्याँकेर हिँड्नु होला
चारैतिर सँधै नजर फ्याँकेर हिँड्नु होला
फूल आउदा फूलनै पठाउने हिम्मत गर्नुस्,
पथ्थरको बदला पथ्थर फ्याँकेर हिँड्नु होला ।

भन्नुस् त हजुर यी दुईमा कुन रोज्नुहुन्छ ?
चम्किलो जून अनि भुइँमा कुन रोज्नुहुन्छ ?
यस्तै राख्नेले दुई विकल्प मात्र राख्यो भने,
आमाको काख र बाबाको बुइमा कुन रोज्नुहुन्छ ?

दुःख, पीर छ, जलन छ, अरू के चाहियो ?
रसाइ रहने नयन छ, अरू के चाहियो ?
दैव ! अझै तँ सन्तुष्ट छैनस् भने मेरो,
अचानोमा गर्धन छ अरू के चाहियो ?

मैले यस्तो जोखिम लिएँ, अब के हुन्छ ?
दुश्मनकै अगाडि उभिएँ, अब के हुन्छ ?
उ प्रहार गर्न मलाई तम्सिरहेको बेला,
म मुसुक्क मुस्कुराइ दिएँ, अब के हुन्छ ?

*— गौरादह, झापा*



## नवराज अधिकारी 'पहाडी'

पश्चिमा संस्कृतिले नेपाली मर्मको हुर्मत लिएको छ
नेपालीपन र संस्कृति पश्चिमाले स्वाट्टै पिएको छ
विदेशी संस्कृतिको सिको गर्दै नेपालीत्वको ढोंग फुक्ने,
म बुद्धको आँखा असम भ्रमणले खोलिदिएको छ ।

नेपाली भनेर चिनिन मौलिक संस्कृति हुनुपर्छ
यसका लागि पूर्वीय संस्कृतिको मर्म बुझ्नुपर्छ
नेपाली संस्कृतिलाई आत्मसात गर्न एकपटक,
असममा छरिएका नेपाली वस्तीहरू घुम्नु पर्छ ।

आफ्नो बलिदान होस्, स्वाभिमानी झण्डा झुक्नु हुन्न
भड्खालोमा हाल्दैछन् देश, तिनको सान बढ्नु हुन्न
देश बनाउने नारा र आशा बाँड्ने नेताहरूले बुझुन्,
मुटुभन्दा पनि यहाँको माटो प्यारो छ, देश दुख्नु हुन्न ।

हिजो आज नेताले जस्तो मन्द विष कस्ले छर्छ र ?
तिनीहरूलाई सार्वभौम जनताको के डर छ र ?
उनीहरूका मीठा,चिल्ला, चिप्ला बोली वचनले,
दीन दुःखी जनताहरूको दैनिक समस्या टर्छ र ?

पिरतीको चक्कर चलेपछि प्रेमपत्रको विटो हुन्छ
त्यसले मञ्जिल प्राप्त नगर्दासम्म शरीर सिठो हुन्छ
मञ्जिल प्राप्ति पछिको जीवन चाहिँ भन्न सकिन्न,
पट्यारिलो भए पनि प्रतीक्षाको घडी नै मीठो हुन्छ ।

*— दुराडाँडा, लमजुङ*



## नवराज रिजाल

अस्तिसम्म आकाश खसाल्छु भन्थे उनी
हिजोसम्म धरती अग्ल्याउँछु भन्थे उनी
अहिले किरिङमिरिङ बादलभित्र लडखडाउँदै हिंडिरहेछन्,
भर्खरसम्म मंगलमा बस्ती बसाउँछु भन्थे उनी

त्यो सिक्न होइन केवल सिकाउन चाहन्छ
बिक्न होइन मज्जाले बिकाउन चाहन्छ
म त्यही सेरोफेरोभित्र खोजिरहेछु जीवनको परिभाषा,
आलोपालोभित्रै टिक्न होइन टिकाउन चाहन्छ ।

चरन चरनमा चरी रहेछौं तपाईं हामी
तिनीहरूकै जङ्घार तरिरहेछौं तपाईं हामी
सखल्दो परिचय त खुट्याउनै गाह्रो छ,
मादलको खरी जस्तै झरिरहेछौं तपाईं हामी ।

जानकारहरू सुनाउँछन् स्नेहका आँखाले हेर्छन् अरे !
मायाको अंगालोमा सकेसम्म बेर्छन् अरे !
त्यसो किन गर्छन् आशङ्का छ धेरैको आँखामा,
परिवन्दमा पारेपछि भुत्ते खुकुरीले सेर्छन् अरे !

भाडामा जिउनेहरूको आफ्नो कुनै डाह हुँदैन
माटो बगोस् कि जमोस् अहँ कुनै चाह हुँदैन
फुलबारीको महत्व बुझ्न स्वतन्त्र आँखा चाहिन्छ,
आफैंलाई बिर्सिएकाहरूसँग अहँ कुनै आह हुँदैन ।

*– जितपुर-सिमरा, बारा*



## नारायणप्रसाद मरासिनी

टुकी बल्ने घरमा बिजुली बाल्न थालेकी छे
आँखा–आँखालाई इशारामा चाल्न थालेकी छे
बैंसमा पाइला टेकी, बाबुको मर्म बुझी,
अचेल त उसले मलाई पाल्न थालेकी छे ।

रहरै रहरमा मञ्चतिर धाएको छ
शिल्प तथा भावमा निकै धोखा खाएको छ
सिग्रेट पिएपछि र बोत्तल लिएपछि भने,
उसले पनि कविको संज्ञा पाएको छ ।

कानमा मुन्द्रा लाएर टाउकामा लट्टा पालेको छ
सानै उमेरमा गाँजाको सर्को सँगै धूवाँ फालेको छ
बर्बादै गरिस नि छोरा ! भनी चिन्ता व्यक्त गर्दा,
देवहरूका पनि देव महादेवको बयान थालेको छ ।

वर्षैभरि चुहिरहने छानोजस्तो लाग्छ
सत्यतथ्य, यथार्थता कानोजस्तो लाग्छ
मेरो बेवारिसे यस जिन्दगीको शब्दचित्र
म्याद गएको क्यालेन्डरको पानोजस्तो लाग्छ ।

जागिर छैन मेरै कमाइमा बाँच्न चाहन्छिन्
साँच्न त मुटुमा मेरै माया साँच्न चाहन्छिन्
जब म कविताको आराधना गर्छु तब,
हुतीहारा ठान्दै मेरो कलम भाँच्न चाहन्छिन ।

*– चिन्नेबास, स्याङ्जा*



## नारायण लामा

दस नङ्ग्रा खियाए पनि व्यथाको चुली ढलेन मेरो
तुसाराले खायो जुनी खुसीको लहर चलेन मेरो
गणतन्त्र आयो भन्छन् खुसीले सबै मक्ख छन् यहाँ
वनमाराले छाएको टहरामा चुलो बलेन मेरो ।

धाँजिएको छ बस्ती मेरो टेक्ने कोही छैन
दुःखेको छ जोर्नी देशको सेक्ने कोही छैन
स्वार्थको आहालभित्र हराएका छन् सबै,
सीमानामा उर्लेको आँधी छेक्ने कोही छैन ।

विचारको मझेरीमा दारिर्द्यको चिरो हुँदो रहेछ
गुलियो फले नि यहाँ खुर्सानी झैँ पिरो हुँदो रहेछ
किन सुक्यो सिध्रा जसरी मेरो देश भन्थेँ म सधैं,
मुलुकको रगत चुस्ने त आफ्नै कीरो हुँदो रहेछ ।

जिन्दगीको बन्द घर्रा बिस्तारै बिस्तारै खोलौँ अब
मुटुको स्पन्दनबाट देशको वेदना बोलौँ अब
टाढा छ हाम्रो गन्तव्य साथी ! सँगसँगै पुगौँ त्यहाँ,
आडम्बरको नारालाई अग्निकुण्डमा पोलौ अब ।

मेटिंदै छन् किन होला देशभक्तिका भाकाहरू
थुनिंदै छन् त्यसै गरी मानवताका नाकाहरू
अरूको वैशाखी टेकेर फुइँ देखाउँछन् सबै,
विदेशीकै हातमा छन् राष्ट्रियताका खाकाहरू ।

*– ठोरी, पर्सा*



## निर्दोष डेविट

पीडा लुकाउँ त खै के लुकाउँ ? पीडैपीडाका खात छन्
जिन्दगी यस्तै हो, सहनु पर्ने थुप्रै थुप्रै घात छन्
मुटु कुटुक्क खाँदा पनि हजुर !, दुख्यो भन्न नपाइने
पीडाभित्र जलिरहने हजारौं हजार बात छन् ।

परेलीमा आँसु सजाइ, बाँची दिउँ कि युगयुगसम्म
माया मीठो मनभित्रको, साँची दिउँ कि युगयुगसम्म
मौनताको आभास कस्तो, कुत्कुतीले जिस्काइ राख्ने,
मुहार तिम्रो जूनसित, दाँजी दिउँ कि युगयुगसम्म ।

जिन्दगीको कथा व्यथा, लाग्छ आफ्नै 'आँसु'
तिर्खा लाग्दा एकैघुट्को, माग्छ आफ्नै 'आँसु'
रात ढल्यो परेलीमै, तारा टिल्पिलाउँदै,
हरायो कि सम्झिएर, डाक्छ आफ्नै 'आँसु' ।

मैले रूनु नरूनु उस्तै उस्तै लाग्छ
हाँसु त पीडा लुकाए जस्तै लाग्छ
जिन्दगीको बिसौनी, खै के छ कुन्नी ?
आँसु अनि वर्षा, त्यस्तै त्यस्तै लाग्छ ।

पीडैपीडाले बल्झिएको नमीठो घाउ पाएँ
अलिकति भए'नि मन राख्ने छेउछाउ पाएँ
त्यै छेउछाउमा घाउ निको पार्छु, के भन्दै थिएँ,
दुखाइ दुखाइ मार्ने, निर्दयीहरूको गाउँ पाएँ ।

*– टीकापुर, कैलाली*



## निर्मल ढुङ्गाना

महिला र पुरूष हाराहारी भएपछि
घर हुनेछ राम्रो फुलबारी भएपछि
स्वर्गमा नै भएजस्तो लाग्छ कसैलाई,
सँगै जीवन बिताउने नारी भएपछि ।

कति सहज मधुशाला छिर्न सकिन्छ
प्यालासँग मात्र पीडा चिर्न सकिन्छ
साहुहरू ! ती तमसुक च्यातेर बस्नू,
सपनामा सबै रिन तिर्न सकिन्छ ।

गरिब भए पनि मन त ठूलो हुन सक्छ
आज हाँस्ने मान्छे पनि भोलि रून सक्छ
जो असफल भएर कदापि विचलित हुँदैन,
उसैले सगरमाथाको चुचुरो छुन सक्छ ।

च्यातिएको आकाश सिलाइरहेछु
नमिल्ने सम्बन्धलाई मिलाइरहेछु
म डसिनेछु उसबाट र मर्नेछु होला,
र पनि सर्पलाई दूध पिलाइरहेछु ।

मान्छे हराएको देशमा म बसिरहेछु
धोका हुने परिवेशमा म बसिरहेछु
भत्किएरै मार्छु भन्थ्यो घरले मलाई,
त्यही घरको अवशेषमा म बसिरहेछु ।



## निरञ्जन बम 'त्रिमधुमुस्कान'

कुनै पनि अभाव नहोस् जिन्दगीमा
कसैको दबाब नहोस् जिन्दगीमा
सबै आफ्ना बनुन सबैले आफ्नो ठानून,
विभाजनको प्रभाव नहोस् जिन्दगीमा ।

सवाल-जवाफ गरेर दुश्मनी नगर्नुस्
यी त नेता हुन् यिनको पछि नपर्नुस्
जीवन सबैको प्यारो हुन्छ हजुर !
बेकारमा बाटो बिर्सी अकालमै नमर्नुस् ।

तिम्रो लागि देवी-देउता छुने म पागल
विश्वास गरी नजिक-नजिक हुने म पागल
खै कहाँ गयो न अत्तो छ न पत्तो,
फेरि पनि सम्झी-सम्झी रूने म पागल ।

प्रेम र बन्धनका कुरा नगर
व्यर्थै मेरो निम्ति बेसी नझर
स्वीकार्य छैन तिम्रो माया,
त्यसैले विन्ती पछि नपर ।

एउटै आकाश, एउटै धर्ती मन भिन्नाभिन्नै
कोही अमीर कोही गरिब जन भिन्नाभिन्नै
गुन्यु,चोली, फरिया र भोटो, कछाड गाउँमा,
सहरमा आधुनिकताको पन भिन्नाभिन्नै ।



## पर्वत शर्मा ढकाल

पितललाई सुन भन्दै पटकपटक झुक्याएर
कलम समाउने हातमा लट्ठी र बन्दुक थमाएर
कति खुला आकाशमा कराइरहनु हुन्छ ओ महाशय !
यी झुप्रोमा रमाउनेहरूलाई महलको सपना देखाएर ।

भावनाको हत्या गरेर जहाँ उत्सव मनाइन्छ
पाइला–पाइलामा मरेर जहाँ उत्सव मनाइन्छ
हो, म त्यही व्यवस्थालाई मुर्दावाद ! भनिरहेछु,
गरिबको शिरमा टेकेर जहाँ उत्सव मनाइन्छ ।

फालेको ढुङ्गालाई भगवान हो भने पनि पत्याइहाल्ने
कलम पाए कलम, बन्दुक पाए बन्दुक समाइहाल्ने
किन यति अनौठा भएका होलान् यी नेपालीहरू ?
मान्छे पनि हुँ भन्ने, कुकुरको जस्तो स्वभाव पनि देखाइहाल्ने ।

भाषण गरिन्छ, नारा लगाइन्छ मेरो देशमा
भोट पाइन्छ, ताली पाइन्छ मेरो देशमा
चिच्याइ चिच्याइ रोइरहेका जिन्दगीहरू देख्दा त लाग्यो,
सित्तैमा भोकालाई भोक खुवाइन्छ मेरो देशमा ।

हिटलरलाई हराएर आउँदैछु म मेरो देशमा
बलभद्रलाई भेटाएर आउँदैछु म मेरो देशमा
ज्यामिरको बोटमुनि केही बेर पर्खनू है !
बुद्धलाई ल्याएर आउँदैछु म मेरो देश ।

*– मगरागाडी, बर्दिया*

## प्रकाश पाठक

उसले सपना देखेको छ- अधुरो, देश राम्रो हुन्छ
सबै पागल हुन् सोच्छन् जो-जो, देश राम्रो हुन्छ
तपाईंले परिवर्तनको नारा बोकेर पनि बुझ्नु भएन,
आफू, परिवार, समाज बल्ल पो देश राम्रो हुन्छ ।

उदेश्य बोकेर हिडीँ रहन नदीले सिकायो
सम्झना बोक्न गोठालो र रोधीले सिकायो
जति कुरा शिक्षक, शिक्षिकाले सिकाउनु भो,
त्यो भन्दा धेरै समय र जिन्दगीले सिकायो ।

के-के सिकाउँछ यो जीवनले खल्ती रित्तो भएपछि
अझै के-के सोच्छ यो मनले खल्ती रित्तो भएपछि
यसकारण पनि एक्लै जिउँने बानी बसाल्नुपर्छ,
चिन्नै छाड्छन् आफन्तजनले खल्ती रित्तो भएपछि ।

हत्केला भरि ठेला, शरीर भरि चोट हुन्छ
हुन त धेरै फलाउने सबैमा अठोट हुन्छ
खडेरीले, आधि बेमौसमी वर्षाले सखाप,
किसानले अन्न स्याहार्ने बेला रित्तो बोट हुन्छ ।

जसको पहुँच हुँदैन ठुला-ठुला मित हुँदैन
गरिबले ऋण लगाएर पढ्नुमा हित हुँदैन
कपाल सेतै हुँदासम्म शिक्षा आर्जन गरेर नि,
अझै परिवार पाल्न सक्ने कुरा सुनिश्चित हुँदैन ।

*– शिवराज, कपिलवस्तु*

## प्रकाश विहीन

नखोलिएको रहस्य खोल्न चाहन्छु
नबोलिएको वचन बोल्न चाहन्छु
सँगै जीउने मर्ने, बाँचा तिमी सँगै,
नघोलिएको यौवन घोल्न चाहन्छु ।

नटेकिएको ठाँउ टेक्न मन लाग्यो
नदेखिएको सपना देख्न मन लाग्यो
इतिहासको पानामा हाम्रो सुन्दर,
नलेखिएको कहानी लेख्न मन लाग्यो ।

धरोधर्म ! मनमा मन घोलेर त हेर
बसिहाल्छ पिरती दिल खोलेर त हेर
चाहा होलान अनेक, अभाव हुन्न माया,
ओ सान्नानी ! वचन एक बोलेर त हेर ।

जसरी आउँछ पूर्णिमा अँधेरीमा जून बोकेर
कहिले जाला सरकार कर्णालीमा नुन बोकेर
अहमको लडाइ गर्दै,अस्तित्वको लडाइँ भन्दै,
कसरी आउँछ शान्ति यहाँ कणकणमा खुन बोकेर ।

मेरो माया तिमीलाई निस्सार भयो भने
साँच्चै घाँटी रेट्ने माया तरबार भयो भने
त्यागी दिउँला एउटा त्यागीले जस्तै कसम,
मेरो मायाले परिवारमा काट्मार भयो भने !



**प्रमोद खनाल**

मनमा रहरहरू त मैले पनि साँचेको छु
पीडा मनमा धेरै छन्, तर पनि हाँसेको छु
कुनै दिन मेरो घर पनि उज्यालो होला,
आज पो तिम्रो तिरस्कार सहेर बाँचेको छु ।

मनले आफ्नो ठान्ने मान्छे टाढा सर्दैछन्
टाढा रहेका आफन्त एकाएक नजिक पर्दैछन्
यस्तै भएको छ म बन्धनमा बाँधिएपछि,
मुस्कान छर्ने नानीहरूले पनि आँखा तर्दैछन् ।

जीवनभर सँगै जिउने रहर छ कि छैन ?
अनि सँगैसँगै डुल्ने सहर छ कि छैन ?
तिमीबाट धोका भए यही सोध्नुपर्छ,
तिमीलाई भुल्ने कतै जहर छ कि छैन ?

तिमीलाई बिर्सन घाउ सिउनै सकिनँ मैले
घात पाएँ, तर नसा पिउनै सकिनँ मैले
तिमी खुशी छ्यौ, खुशी रहनू जिन्दगीभर,
तिमीबाहेक अरूसँग जिउनै सकिनँ मैले ।

टुट्छ मनको आशा जब मललाई नै जलाउँछ
हृदयमा चोट लागेपछि पूरै शरीर लगाउँछ
हिजोसम्म सुगन्धले लोभ्याउँथ्यो, तर आज,
भमराबाटै काटियो गुलाफ खै कसरी पलाउँछ ।



## प्रमोद स्नेही

अचेल संवेदना हरायो मान्छेले
आफ्नै छायाँसँग डरायो मान्छेले
ठीक छैन समय अचेल,
मान्छेकै विरूद्धमा करायो मान्छेले ।

मान्छे रहस्यले भरिएको किताब हो
कहिले हल गर्न नसकिने हिसाब हो
मान्छे प्रश्नै-प्रश्नको सगरमाथा लाग्छ,
मान्छे  समयले दिन नसकेको जवाफ हो ।

मान्छेकै सहरमा मान्छे लाखे भयो
मान्छेकै नजरमा मान्छे पाखे भयो
मान्छेको कथा अरू के सुनाउनु हजूर !
मान्छेकै दाउमा मान्छे च्याखे भयो ।

मान्छे बेइमान हुँदैछ अचेल
र त सम्मान हुँदैछ अचेल
मान्छेकै आँखाबाट झरेर मान्छे,
मान्छेबाट अपमान हुँदैछ मान्छे ।

जब अहमको सगरमाथा चढ्छ मान्छे
आफ्नै भूलको शिखरबाट लड्छ मान्छे
जीवनको बाटो अप्ठ्यारो, असजिलो हुन्छ,
लडेर पनि हिम्मतले उठ्छ मान्छे ।

*– पुतलीसडक, काठमाडौं*



## पूर्ण समीर महतारा

प्रिय आफन्त र स्वाभिमान पनि कमाउनु छ
यहाँ हरेक पाइलामा हैसियत पनि बनाउनु छ
सपनाहरूको तुँवालो अनकन्टार भए पनि,
मलाई छातिमा टाँसेर मेरो देश निदाउनु छ ।

हामी बिउझिनु पर्ने हो कमसेकम चराको चिर्बिरेबाट
जसरी जीवन उज्यालो हुन्छ सपनाहरूको मिर्मिरेबाट
पाउनु र गुमाउनु, सक्नु र नसक्नुका महान् गाथाहरू छन्,
बुझ्नेले सबथोक बुझ्छ हकिङ र झमक घिमिरेबाट ।

आफन्त चाहिन्छ, दुश्मन चाहिन्छ बाँचुञ्जेल
आकाश चाहिन्छ, बन्धन चाहिन्छ बाँचुञ्जेल
आउ पखालौं हाम्रा दिव्य दोषहरू,
एउटा न एउटा चलन चाहिन्छ बाँचुञ्जेल ।

कहाँ चल्छ ? कसरी चल्छ ? जिन्दगी रहर गरेर
आगोले पनि नबस्नु आगोकै भर गरेर
बाँच्नका लागि मर्नु छ, मर्नका लागि बाँच्नु छ,
यति त सिकेको छु जिन्दगीसँग कर गरेर ।

मेरो मनको डोरी समाउ आउ अघि बढौं
हत्केलामा मुटु चढाउ आउ अघि बढौं
पुरा गरौं मान्छे हुनुको शिलशिला,
समयलाई पाठ सिकाउ आउ अघि बढौं ।

*– शिवालय, जाजरकोट*



## पुष्कर बराल 'पुर्वेली'

आँखाबाट आँशुहरू झरिरहे मेरा
भाग्य सबै अन्तै-अन्तै सरिरहे मेरा
चर्किएको मेरो यो छाती कुल्चिएर,
आफ्ना भन्नेहरू साँघु तरिरहे मेरा ।

च्यातिएर फालेको खाम भेटिन्न
अस्ताएर गएको घाम भेटिन्न
भगवानलाई सबैथोक नठान भो मूर्ख मानव !
मरेकालाई बचाउने घाम भेटिन्न ।

पराइसँग वाचा, कसम खाँदै थियो रे !
मेरो माया बिर्सिएर जाँदै थियो रे !
मैले हिंड्ने सदाको बाटो भूलेर,
देउरालीको बाटो उसलाई लाँदै थियो रे !

मान्छे सुधार्नलाई गाली चाहिन्छ
बाँझो जमिन फुटाउनलाई फाली चाहिन्छ
ससुराली जाँदा यसो मन भुलाउने,
एउटी मसक्क मस्किने साली चाहिन्छ ।

आफ्नो मलामी आफै जान सकिदैन हजूर !
मरेर जाँदा सारा सम्पत्ति आफै लान सकिंदैन हजुर !
सिखरको पिण्डको किन आवश्यकता छ र ?
कुकुरले खान्छ, मर्नेले खान सकिंदैन हजुर ।

– *ताप्लेजुङ*



## पुष्कर रिजाल 'पुष्प'

पूर्णिमाको जून पनि राम्रो लाग्छ
सारङ्गीको धून पनि राम्रो लाग्छ
मिच्दा, पोल्दा हुने वेदना को देख्छ ?
त्यो नम्बरी सुन पनि राम्रो लाग्छ ।

हिंड्ने बाटोको माया लाग्छ
देश र माटोको माया लाग्छ
ढिकी र चाकीमा तयार भएको,
भात र आँटोको माया लाग्छ ।

नहाँसेको युगौंपछि आज आँसु झार्नु पर्‍यो
हिजो मिठो बोल्थे जसले आज बोली बार्नु पर्‍यो
सत्य बोली वचन गर्दा असली यो संसारमा,
पटक-पटक जिते पनि जित्नेले नै हार्नु पर्‍यो ।

कसको के नै लाग्छ हरे ! दैव लागेपछि
घाउ बल्झी जाग्छ हरे ! दैव लागेपछि
सधैं पुगेसरि हुन्न, नहोस् केही छैन,
भएको पनि भाग्छ हरे ! दैव लागेपछि ।

जोगीसित भीख नहुँदाको हाल सोध्छौ
सर्पलाई विख नहुँदाको हाल सोध्छौ
बैगुनीलाई गुन अझ किन लगाइस रे !
मर्दसँग इख नहुँदाको हाल सोध्छौ ।

*– हंसपुर, प्युठान*



## वसन्तराज अज्ञात

दिनदहाडै लुटपाट हुन्छ यहाँ
सानै कुरामा मारकाट हुन्छ यहाँ
के गर्ने साथी ! सीधासादा भएपछि,
भाग्यमाथि नै काँटछाँट हुन्छ यहाँ ।

बाली खान साँढे पल्किएको छ
आफ्नो लोग्ने अन्तै सल्किएको छ
थाहा भएर नि प्रमाण नहुँदा,
तिनकै पछि समाज ढल्किएको छ ।

आश्वासनको लड्डु बाँड्दै हिंड्ने को होला ?
मिलिसकेको कुरा भाँड्दै हिंड्ने को होला ?
कतै थाहा पाएका छौ भने भन है साथी !
पाक्नै लागेको बाली माड्दै हिंड्ने को होला ?

हाहाकारमा छ काठमाडौं
अत्याचारमा छ काठमाडौं
बुझे हुन्छ उपत्यकावासी,
मझधारमा छ काठमाडौं ।

सीमा मिचिएको हेर्ने कहिलेसम्म ?
निर्धा किचिएको हेर्ने कहिलेसम्म ?
म एक्लोको प्रयासले मात्र के गर्ने ?
देशै थिचिएको हेर्ने कहिलेसम्म ?

*– दोबेला, खोटाङ*



## बाबुराम पोखरेल

एउटा सानो कार्जे गर्दा ठूलै जङ्घार तर्नु पर्ने
ठूलै साहुको सङ्गत गरी उस्कै पाउमा पर्नु पर्ने
कुनै वेला कस्तो थियो नेपालीको दुखी कथा,
साहुको रीन तिर्न पनि रोसी खोलै कुर्नु पर्ने ।

मैनैपिच्छे छाउपडी कुर्दिरैछ नारी
छोरी मात्र पाउँदा सौता ब्यहोर्दिरैछ नारी
इतिहास त भन् यहाँ यत्ति क्रुर छ कि-
लोग्ने मर्दा आफै जल्न दगुर्दिरैछ नारी ।

सुख खोज्न दिनदिनै धाउनु धाउँछ मान्छे
तर दुःखसुख हाराहारी दुइटै पाउँछ मान्छे
बाँचिरहुँ ! बाँचिरहुँ ! जत्ति भने पनि -
जन्मिदा नै मृत्यु साथै लिइ आउँछ मान्छे ।

कुनै वेला त तितेपाती पनि साग हुन्छ यहाँ
बाटामा लड्किएको रस्सी पनि नाग हुन्छ यहाँ
डराएको मन् लिएर हिड्यो मान्छे भने -
विरालाको छायाँ पनि बाघ हुन्छ यहाँ ।

डिग्री धेरै माथि चढ्यो घटाइदेउन बिन्ति
सम्भनाको कनेक्सनलाई कटाइदेउन बिन्ति
कैले कैले हर्ट अट्याक होला होला हुन्छ,
मुटुभित्र भको तस्वीर हटाइदेउन विन्ति ।

*– खार्पा, खोटाङ*



**बिजय रानाभाट**

तारा थिएँ चन्द्र हुँदै रबि बनायो
केही हदसम्म भए पनि छवि बनायो
धोकै खाइयोस मायाले केही न केही त गर्छ भन्थे,
साच्चै रै'छ मलाई पनि कवि बनायो ।

खुशी खर्ची पीडा किन्न सकिन भन्दिएँ
अब तिम्रो बाटोमा हिन्न सकिन भन्दिएँ
छाडी जाने निष्ठुरीले फोन गरिथी प्रेम दिवसमा,
को हौ तिमी मैले चिन्न सकिन भन्दिएँ ।

सधैं पीडैपीडामा जिउन बाध्य बनायो
सोझो मनलाई फटालेर सिउन बाध्य बनायो
माया लाएसी सन्सारका सारा खुशी मिल्छ भन्थ्यौ,
तर आज त्यही मायाले पिउन बाध्य बनायो ।

साधुसन्त डाँका लाग्छन् हाम्रो समाजमा
खानी, खुवाउने आँखा लाग्छन् हाम्रो समाजमा
दिन छोडिदेउ आशीर्वाद असल मान्छे बन्ने आमा !
राम्रा मान्छे पाखा लाग्छन् हाम्रो समाजमा ।

कर्णालीले सोधिरा'छ रासन कहाँ गयो ?
चुनावका ती तिम्रा चिल्ला भाषण कहाँ गयो ?
देशको चापी विदेशीलाई सुम्पिने ए दलालहरू !
जनताद्वारा जनताको शासन कहाँ गयो ?



## विमल गौतम

गर्न सक्छु अझ केही, उमेर मेरो गा'को छैन
अविरल यात्रामा छु, लक्ष्य पूरा भा'को छैन
समानता आस्था मेरो सुख, शान्ति, विश्वास हो,
सत्य भन्छु सुन साथी ! झुटो कसम खा'को छैन ।

भेट हुँदा नजरले बोलाउनु तिमी
यसैगरी मलाई हेर्दै टोलाउनु तिमी
अरूसँग फूर्ति झार्नु मेरी प्रिया तर
मेरो सामू पर्दा भने लोलाउनु तिमी ।

पढाइले कसैको पैसा पिएको छ
कसै-कसैको त ज्यान पनि लिएको छ
मलाई भने यसले हजुर !
वर्षौं भयो- जागिर खोज्ने काम दिएको छ ।

चारैतिर मैले चहारें तिमीलाई
एकोहोरो मन पारें तिमीलाई
अरूको बारीमा उम्रेको विरूवा,
चुपचाप मेरो दिलमा सारेँ तिमीलाई ।

आउन सक्छु तिम्रो घर मदहोश भा'को बेला
अझ बेसी स्वागत गर मद्होश भा'को बेला
जति पियो उति तलतल लाग्ने गर्छ मलाई,
भन्न सक्छु गिलास भर मदहोश भा'को बेला ।



## वियोगी बुढाथोकी

हाँस्नुभन्दा पनि रूनुमा मजा छ
आँसु पुछ्दै रूमाल धुनुमा मजा छ
थोरै हलचल, थोरै तरङ्ग खोज्दै,
उनका अङगअङ्ग छुनुमा मजा छ ।

प्रेम–प्रस्ताव राख्न उनको बाटो छेकिएन
उनले पत्र लेख्दा पनि जवाफ लेखिएन
भूल मेरै हो अब उनी अर्कैकी भइन्,
तर अझै यो मनमा उनको याद मेटिएन ।

वाह ! क्या बोल्नु भो नेताजी, थाक्नु भयो कि ?
भोलिलाई केही आश्वासन राख्नु भयो कि ?
कतिलाई भऱ्याङ बनाउनुहुन्छ तपाईं,
आज कुनै भऱ्याङको ढाड भाँच्नु भयो कि ?

भित्रैसम्म नदेखिने गरी भिजेको छु
थाहा छैन म कस्को प्रेमले रूझेको छु
जसलाई सपनीमा देखिरहन्छु म,
उनकै लागि प्रेमको माला उनेको छु ।

धन दौलतको भन्सारमा तिमी
सिर्जनाको संसारमा तिमी
हरेक बाटोलाई प्रयोग गर्दै,
लागेका छौ आफ्नै प्रचारमा तिमी ।



## विष्णु अथकमनु

भग्नावशेष नै ढल्दछ टेकोमा आड नलागे
गुदिनि कहाँ रहन्छ ओखरमा हाड नलागे
गरिब उठ्यो आजनि कनिका जोहो गर्नलाई,
नशामा रगत चल्दैन मुखमा माड नलागे ।

खान पुगेकोछ, दिन पुगेकोछ वचत गरेदेखि
उ म सँगसँगै हिड्न थालेकोछ मद्दत गरेदेखि
प्रायः म फूलतिर हुन्छु तिमी फोहोरतिर हुन्छौ,
तिमीले झिँगाको मैले माहुरीको संगत गरेदेखि ।

उसले हरदिन अभाबै अभाबमा बिताएको छ
समयले पिँधमा बचेको खान सिकाएको छ
तिमीलाई अरूसँगै देख्दा त्यो झम्के साँझमा,
निदको क्याप्सुल निलेर मात्रै उ निदाएको छ ।

एकातिर आफू अर्कोतिर प्यारी सखी राखेर
अनवरत हिड्नु छ धरापमा जिन्दगी राखेर
ऋणको भारी झन्-झन् थपिदै गएपछि,
मुग्लान पसियो गैरीखेत बन्धकी राखेर ।

अतित आउँछ याद बनी कुनैकुनै बेला
फर्किन्छ उ कहानी भनि कुनैकुनै बेला
सँगै पढेका साथीहरू जो जहाँ भए पनि,
बोल्दो रहेछ तस्बिर पनि कुनैकुनै बेला ।

*– चौरजहारी, रूकुम*

## बिष्णु कार्की

मैले पाउ पछि सार्दा धराधाम हाँस्छ भने
मेरो बोली बन्द हुँदा डाफे मुनाल नाच्छ भने
कान थापेर सुन उच्च ओहोदामा बस्नेहरू !
यो शिर काटी बलि चढाउ यदि देश बाँच्छ भने ।

शिर मेरो सगरमाथा घरको धुरी जस्तै लाग्छ
मोहित पार्ने सुरम्य धुन बाँसुरी जस्तै लाग्छ
चार जात छत्तीस वर्ण फूल फुल्ने फूलबारी यो,
हाम्रो देश परम सुन्दर स्वर्ग पुरी जस्तै लाग्छ ।

पुण्य मिल्छ बरू भेटी असक्त लाई बाँडे हुन्छ
मन भित्रको कालो जालो जरै देखि फाँडे हुन्छ
मेटाएर मेटिदैन भाग्यमा छ भने माया,
मायाको भिख माग्दै पत्थर पुज्न छाडे हुन्छ ।

दाजुभाइ बैरी बन्दा आज छाती दुख्यो साथी
स्वाभिमानी नेपालीको उच्च शिर झुक्यो साथी
जवाफ देउ जन्मभूमि छाडी प्रवास गए देखि,
रगतमा मेची काली बग्दैछ कि सुक्यो साथी ?

मानी ल्याको रिती रिवाज मेटाएर मेटिदैन
विवाहित नारी भन्छौ शिरमा सिन्दूर देखिदैन
ए नेपाली नारी तिमी चौबन्दी चोली लगाउ,
दुई बिताको कपडाले तिम्रो इज्जत छेकिदैन ।

## विष्णुकुमार श्रेष्ठ 'अल्पविराम'

नदी पलपल नयाँ बनेर आफ्नो लक्ष्य बगिरहन्छ
समय पलपल नयाँ बनेर आफ्नो अक्ष घुमिरहन्छ
परिवर्तन खोजिरहन्छन् प्रकृतिका संवाहकहरू,
तिम्रो विचार नयाँ बनाऊ समाज नयाँ अवश्य बनिरहन्छ ।

संवेदना भन्दा ठूलो अर्को मर्म कुन छ यो दुनियाँमा ?
परिश्रमभन्दा ठूलो अर्को कर्म कुन छ यो दुनियाँमा ?
हिन्दू, बौद्ध, इसाई र इस्लाम आदि संस्कृति हुन्,
मानवताभन्दा ठूलो अर्को धर्म कुन छ यो दुनियाँमा ?

ढुङ्गा न त भोजनका लागि पकाउन सकिन्छ
न त अन्यायको विरूद्धमा बोल्न फकाउन सकिन्छ
दलका कार्यकर्ता जस्तै कठोर ढुङ्गाहरूलाई,
शान्ति भाँड्ने साधन भने सजिलै बनाउन सकिन्छ ।

कहाँ पुग्दैछ मानव सभ्यता सोच्दै छु म
लाखौं छन् सौर्य ग्रहहरू एउटा रोज्दैछु म
धेरै नै साँघुरी सक्यो हामी बाँचेको धर्ती,
मानव बस्ती बसाउन लायक अर्को धर्ती खोज्दै छु म ।

अलिकति दूध फाटेर केही हुँदैन
परम्परालाई ढाँटेर केही हुँदैन
मात्र मिठो भ्रम हो शकुन अपशकुन,
बिरालोले बाटो काटेर केही हुँदैन ।

*– बगालेटोल, पोखरा*

## विष्णु पुलामी

अभागीको गलाभरी माला गरिबी
पर्देशिन बाध्य भयो साला गरिबी
पसिनाले निथ्रुक्क भो दुःख कस्तो हो,
खै कहिले हामीबाट जाला गरिबी ?

म पहाडी लालीगुराँसमा फुल्छु
म नेपाली सगरमाथामा डुल्छु
हिमाल, पहाड, तराई छैन पराई,
म सगर्व डाँफेको साथमा झुल्छु ।

बलिदानको खाँचो परे फेरि जन्मी आउँछु
यही भूमिमा पोख्छु रगत देशकै गाथा गाउँछु
सधैं शीरमा राखेको छु मैले नेपाललाई,
स्वाभिमानले जोत्छु हलो खुशीसँग छाउँछु ।

पैसाको महल बनाई धाक जोत्छौ किन ?
हामी पनि भोको छैनौं सानो सोच्छौ किन ?
सक्छौ भने तिमी असल नागरिक बन्न सिक,
डलरमा आफ्नै चेली बेच्न खोज्छौ किन ?

तिम्रो आगमनले मन फुल्न थाल्यो
मीठो सोचाइले मन डुल्न थाल्यो
शीतल छायाँ मीठो माया हो कि ?
सपनाको रोजाइले मन भुल्न थाल्यो ।

*– रानीस्वाँरा, तनहुँ*

## विष्णुबहादुर सिंह

पहिले-पहिले गाउँघरमा मायाप्रीति बोल्थ्यो
पीडा पनि वेदनाको भाषा आफै खोल्थ्यो
आज चाहिँ हत्या-हिंसा हाबी भएपछि,
आँसु नजलेको भए किन मलाई पोल्थ्यो ?

जहाँ प्रेम फुल्दैन त्यो ठाउँ हो बन्जर
चलाउँछन् किन त्यहाँ एक आपसमा खन्जर ?
प्रेमको एउटै बीउ त्यहाँ रोप्न सके मात्र,
हुँदैन कि त्यस्तो ठाउँ कहिल्यै पनि जर्जर ।

हत्या-हिंसा कसका लागि गरिरहेछौ ?
दाजुभाइ एकापसमा मरिरहेछौ
शान्तिको त्यो बाटो पनि हराइसकेपछि,
रिस, राग, द्वेष, ईर्श्या छरिरहेछौ ।

दिनपछि किन सधैं रात धाउँछ ?
आँसुबाट पनि किन मात आउँछ ?
जिन्दगीका सपनाहरू सस्ता भएपछि
गरिबीमा माया गर्दा लात पाउँछ ।

हिमालदेखि तराईसम्म एउटै छ नारा
अमर रहोस् हाम्रो देश रहेसम्म तारा
किन लड्ने, किन भिड्ने आपसमा हामी,
नभनोस् है कसैले नि तिमी भाइमारा !

*— जुकेना, अर्घाखाँची*



## बिष्णु वाग्ले

बस भन्दा भन्दै गयौ आँशु छल्काउने छु
तिम्लाई पनि मेरो अभाव हुने झल्काउने छु
नाई भन्दै अझै दुर जान्छ्यौ भने जाउ,
पर्ख तिम्रै ह्रदयमा आगो सल्काउने छु ।

चुलो चौकैमा स्वाभिमान गिरेको देख्छ्यौ भने तिमी
छोरा छोरी पाएर गुन तिरेको देख्छ्यौ भने तिमी
स्वतन्त्र हुनु जिन्दगीमा मेरो कर्तब्य कमी लागे,
एकै धर्को सिन्दुरले पिरेको देख्छ्यौ भने तिमी ।

खेतबारी खन्दै जोत्दै खोले सिस्नो म खाउँला
खुकुरी र सँगीन नचाई राष्ट्रको गीत म गाउँला
सिमा मिच्ने बैरी माथि बिन्ती धावा बोल्दे सरकार,
आउँछु राइफल बोक्न बरू परे शिर चढाउँला ।

बर्गिय समानता नहुँदा सम्म लडाईं जारी रहने छ
नत्र जात, धर्म र क्षेत्रको मुद्दा अगाडि रहने छ
तपाईंको बुङगो चेतनाको लाज छोप्नुस् महाशय !
अब जोत्नेकै खेत र बगैंचाको मालिक माली हुनेछ ।

हट्ने छैन मनको जलन अत्याचार सह्यौ भने
झनै बढी हुन्छ दलन अत्याचार सह्यौ भने
निर्धाहरू बोल अब सामन्तको बिरूद्दमा,
नत्र उस्तै हुन्छ चलन अत्याचार सह्यौ भने ।

*– दहपोखरी, स्याङ्जा*



## बिस्नु प्रवा सापकोटा

जनताबाट धेरै तिरो, लिन्छ सरकारले
र नेताजीलाई पजेरो किन्छ सरकारले
अरू केही नसके नि, दिन जनतालाई,
उपहार यो अँध्यारो दिन्छ सरकारले ।

मेरो गाउँमा जूनले आँगन, टेक्ने कैले होला ?
विकासले गाउँको खुशी, लेख्ने कैले होला ?
कैले फिर्लान् मुग्लानी नि, हातमा खुशी बोकी,
उज्यालोको मुहार गाउँले,देख्ने कैले होला ?

आकाशमाथि भर गर, दर्किनेछ कुनै दिन
त्यो बगेकै खोला नै होस्, फर्किनेछ कुनै दिन
उल्टो सुल्टो अनि सुल्टो, उल्टो हुन्छ पक्कै पनि,
झुपडीसँग महल पनि, थर्किनेछ कुनै दिन ।

जहाँ पहाडले चुल्ठोमा, गुराँस सजाएको हुन्छ
जहाँ झरनाले पहरामा, बाजा बजाएको हुन्छ
हो, त्यही हो म जन्मेर, हुर्की खेलेको आँगन,
जहाँ तालमा ऐना हेर्दै, हिमाल लजाएको हुन्छ ।

देउता खोज्न मूर्तिपछि, लागेजस्तै भयो
मरूभूमि बीचमै प्यास, जागेजस्तै भयो
नेताबाट एक अञ्जुली, घाम पाउने आशा,
बाख्राले नै बाघलाई गुहार, मागेजस्तै भयो ।

*– दमेक, बाग्लुङ*



## भक्त कार्की

उड्डुस, उपियाँ, लामखुट्टेहरूको राज देख्दा लाज लाग्यो
किर्नुभैँ सत्तामा टाँसिरहेको नांगो नाच देख्दा लाज लाग्यो
यनकेन प्रकारेण घाँटी सुर्क्याएर मानवता ताछेको देख्दा,
दुनियाँले कुरीकुरी भन्दै भिरेको ताज देख्दा लाज लाग्यो ।

मान्छे खाने बाघहरू बस्तीबाट मासौं अब
अभिशप्त मनहरू उन्मुक्त भई हाँसौं अब
विषालु सर्पहरू सल्बलाउँदै छन् फेरि डस्न,
मानवतावादी हातहरू सिक्री बनी गाँसौं अब ।

पराधिनको चौरासीव्यञ्जनभन्दा बलबाहुको लिटो मिठो
परचक्रीको भिक्षाटन भन्दा स्वतन्त्रताको सितो मिठो
स्वतन्त्रता र स्वाधिनता मागेर होइन लडेर आउँछ,
दासताको ऐसभन्दा स्वदेशको गिठो मिठो ।

मान्छेको जात मान्छे नै हुन्छ हुन्न थरीथरी
एकले अर्कोमाथि हेर्छ आँखा तरितरि
रूढीवादी संस्कार फेरौं अब जगैदेखि,
ठूलो सानो जात भन्नु कुसंस्कृतिकै लरिवरि ।

झुपडीका गीत गाउँनेहरू महलमा रम्दै छन्
निमुखाको हित चाहनेहरू पाँचतारेमा जम्दैछन्
यसपालि त गोरू व्यायो रे उनीहरूको,
सत्ता आरोहण जुऱ्यो तीन पुस्तेलाई गम्दैछन् ।

*– म्याग्दी*



## भक्तलाल श्रेष्ठ 'सरुभक्त'

बैंसमा निर्वासित एउटा मन अचेल व्यस्ततामा झुक्न थालेको छ
पोखरा-मन भित्रभित्र अचेल तुलीकामा लुक्न थालेको छ
विस्मरणको एउटा कथा हुन्छ, जुन सक्नुभन्दा पहिले,
बोलाइएका सम्झनाहरूमा अचेल पोखरा दुख्न थालेको छ ।

मेरा प्यारा प्यारा साथीहरू, बन्धन कठोर र साह्रो हुन्छ
सिन्दुरमा रक्तिम बन्धनहरू कतिको कोमल अनि प्यारो हुन्छ
त्यो ल्याम्पपोष्टको एउटा बत्ती फुलाएर बन्धनमा परूँ भन्दा,
मेरो रहरको बन्धन यो हो भनेर सोच्न अति गाह्रो हुन्छ ।

चुपचाप चुपचाप एकपल्ट मधुमाशको कुरा गरेको छु
सुनगाभा अनि सयपत्री फूलको एउटा माला उनेको छु
यो जुनीमा एकपल्ट मात्र नदेख्नु सपना देख्न खोज्दा
छिनको एउटा मुटु दुःखाई सपनाको चितामा फालेको छु ।

शरीर होइन, मन थापेर जुवामा जानी जानी हारी दिउँला
बैंशका अनन्त रहरलाई असत्य ठानी मारी दिउँला
कोही पागल भन्लान्, कोही असफल प्रेमी भन्लान,
मनका जति धनहरू छन्, तिम्रै नाममा सारी दिउँला ।

वसन्तको आकाशभरि आजकाल पतझड्को पीडा देखेको छु
अनन्त सुखका चोटहरूमा आजकाल आँशुको पीडा रोजेको छु
हत्केलाका रेखाहरूमा जति सुन्दर भविष्य भए पनि,
सत्य,तिमीले नपत्याई दिंदा मैले आफैलाई पत्याउन छोडेको छु ।

*– पोखरा, कास्की*



## भगवती बस्नेत

न जून मेरो, न तारा मेरो, न घाम मेरो हो
न धर्ती मेरो, न आकाश मेरो, न ठाम मेरो हो
प्रेम दर्शन हो, प्रदर्शन हैन मात्र महसुश गर्छु,
जहाँ रहूँ नेपाली हूँ यही नाम मेरो हो ।

रोयौ होला कति तिमी पनि म पनि त रोएँ
भक्कानिएँ कति पटक तिम्रै तस्वीर छोएँ
एक दुई बर्ष भन्दा भन्दै बर्सौ बित्यो प्रवासमा,
अथाह प्रेम सागर थियो र त आँसुमै जिएँ ।

धर्ती हुँ म अनेक दुखकष्ट सहेर पनि अन्न उब्जाउने
पासाङ ल्हामु हुँ म सर्बोच्च शिखरमा झण्डा फहराउने ।
कर्मको पूजारी, ममताकी चिनारी म स्वयम् सृष्टि नारी हुँ,
हो म त्यही नारी हुँ हेर ! सुन्दर सृष्टि उजागर गराउने ।

कलहको भोज भन्दा सुख,शान्तिसँगको गाँस मीठो
आत्मियता विनाको महलभन्दा झुपडीको बास मिठो
धैर्य, सपना, साहसका साथ अभावमा रम्छन् शान्ति प्रेमीहरू
,बिछोडको रूखो मुस्कानभन्दा मिलनको आश मिठो ।

यहाँ बेच्नेले त नदी बेचे,युवा बेचे,धर्म बेचे,मूर्ति बेचे,इमान बेचिदिए ।
बोतल बेच्नेहरूले महल बनाए,बोतल खाली गर्नेहरूले जमिन बेचिदिए
बिश्वास बिनाको सम्बन्ध र संस्कार बिनाको शिक्षाको केही अर्थ हुन्न,
बालुवामा मुस्कान छरेर जीवन उमार्छु भन्नेहरूले नै मुस्कान बेचिदिए ।

*– काठमाडौं*



## भरत भण्डारी 'सोझो गाउँले'

मलाई गोली खाएरै मर्ने रहर छ
एड्स लागेर मरिन्छ कि भन्ने डर छ
छैन कसैको न आफन्तको, न साथीभाइको,
मात्र भट्टीवाली र तिनपानेको भर छ ।

घामजून सारा उपहार दिएर आएँ
दुईथोपा आँसु चिनो लिएर आएँ
रंगिएको सिउँदो उनको हेर्नै नसकेपछि,
भोजै नखाई फर्किदा बाटोमा पिएर आएँ ।

हुनसक्छ फूलमा पनि धार हुनसक्छ
मुस्कानको दापभित्र तरबार हुनसक्छ
बोक्रा छामेर कसैलाई ठम्याउन नखोज,
गरिबको मनमा पनि दरबार हुनसक्छ ।

खासमा केही होइन जीवन, खासमा केही हो पनि
आखिर हो के त ? नबुझेरै मर्दछ मान्छे जो पनि
आजसम्म जति आए आआफ्नै डम्फु बजाएर गए,
कति परिभाषा गर्नु र खै ? अब त सायद भो पनि ।

गाउँबाट सपना बोकाई मान्छे तानेको छ शहरले
मान्छेलाई सपनाको डोरीले बानेको छ शहरले
कुन मान्छेको सपना यो शहरले कैल्यै पुरा गर्यो र खै ?
सपनै सपनामा भुलाउन मात्र जानेको छ शहरले ।



## भावना श्रेष्ठ

अरे ! यो बनेको पहिचान मारिदियोस्
अनि पाइरहेको सम्मान मारिदियोस्
अभिमान त्यति धेरै पनि नगर तिमी,
जसले तिम्रो स्वाभिमान मारिदियोस् ।

लेखिन्छन् सचेतताका कविता बारम्बार
पढिन्छ कुरान, बाइबल र गीता बारम्बार
तर आपराधिक मानसिकता खै घट्यो त,
लुटिन्छ अझै चेलीको अस्मिता बारम्बार ।

कथा, कविता र कहानी बनाउन चाहिन्छ
चोर फटाहा छानीछानी बनाउन चाहिन्छ
पढ ए ! युवायुवतीहरू खूब मेहनतले पढ,
अचेल शिक्षा त राहदानी बनाउन चाहिन्छ ।

आफ्नो कर्तव्यबाट परपर भाग्छन् मान्छे
सायद आजभोलि चाँडै नै थाक्छन् मान्छे
बरू गएर मन्दिरमा निर्जीव पत्थर पुज्छन्,
अनि बा-आमा आश्रममा राख्छन् मान्छे ।

हदभन्दा ज्यादा अप्ठ्यारो हुन्छ
समस्या त्यहीँ नै त टड्कारो हुन्छ
बुझी-बुझी बुझ पचाउनेलाई मात्रै,
यहाँ बुझाउन अत्यन्तै गाह्रो हुन्छ ।

*— झुम्का, सुनसरी*



## भीम दर्शन रोका

परिखिरहनू त्यो वनको किनारमा
मेरै प्रतीक्षा, मेरै विचारमा
फिंजाई थकिंदो आँचल आफ्नो,
त्यो वनको छायाँको भारमा ।

बादलको सेतो डुङ्गा तर्छ यहाँ
हिउँलाई बोकी हिमाल झर्छ यहाँ
पग्लन्छन् किरणहरू जतातते,
घामले आफूलाई जब छर्छ यहाँ ।

आँचल निकै समाली समालीकन
ताराहरूको लाखौं पाला बालीकन
हेरिरहनु तिमी बाटो मेरो,
लहरलहरमा माथा उचालिकन ।

नेपाल देख्दा कतै देखेको झैं
बिहान कतै आँगन टेकेको झैं
कस्तो लाग्यो हृदयमा मेरो,
सपनामा कतै भेटेको झैं ।

को आउँछ मेरो गीत खोस्न ?
एक्लै सफरमा मेरो मीत खोस्न
सीमा नै टपिसकेको छु मैले,
को आउँछ मेरो जीत खोस्न ।



## भीम राना 'जिज्ञासु'

जति टाढा उति सम्झना गाढा
जति नजिकियो उति मन हुन्छ छाडा
जब घोटाला हुन थाल्छ सम्बन्धमा,
त्यही फूल अनि त्यहीँ काँढा ।

तिमी वर म छु पर
बीचमा बैंस बग्ने नहर
त्यही नहर सिँचेर मनमा,
बसाऔं पिरतीको एउटा शहर !

जब साँझ पर्छ त्यसले त्रासदी जनाउँछ अचेल
के हुने हो भनेर डरले थरथर कमाउँछ अचेल
मार्ने र मर्नेको खेलमा गहुँसँगै घून पनि पिसिन्छ,
त्यसैले क्षणक्षणै दुर्घटना गन्हाउँछ अचेल ।

किनारमा फालिएको ढुंगा हुँ म
मझधारमा अल्झिएको डुंगा हुँ म
लट्ठी भनी सहारा नखोज मलाई,
लट्टाईबाट चुँडिएको चङ्गा हुँ म ।

जता हिंडुँ उतै खुकुरीको धार छ
एकले अर्कोलाई पछार्ने खेलको मारामार छ
जसले चाहे जेसुकै भनुन् आफ्नै घर,
उजाडेर युद्ध जितेँ भन्नू सब बेकार छ ।

*– ठूलोरीप, गोरखा*



## भूषण ढुंगेल

सधैंभरि तिम्रै हुँ भन्थ्यौ टाढा भई ठग्नुसम्म ठगिहाल्यौ
अँगालेर माया गर्थ्यौ पानीजस्तै चिप्लिएर बगिहाल्यौ
अब बाँकी दिनहरू कसरी बाँच्ने हो, थाहा छैन,
जम्मा एउटा मुटु थियो त्यै पनि त तिमीले नै लगिहाल्यौ ।

यौवनको अति भारले कम्मर मर्किएझैं लाग्छ
चाकर नपाएर सुन्दरता तिमीसितै झर्किएझैं लाग्छ
कताकता के चर्किएझैं लाग्छ, के–के थर्किएझैं लाग्छ,
तिम्रो अपूर्व रूप देख्ता धरतीमा उर्वशी नै फर्किएझैं लाग्छ ।

चोखो माया गर्नेहरू परिणामदेखि डराउँदैनन्
जस्तोसुकै भीडमा पनि बाटो बिराई हराउँदैनन्
मायामा नै बलिदान हुनु माया गर्नेको पहिचान हो,
बाधा आउँदैमा आत्तिएर मायालुहरू कराउँदैनन् ।

तिम्रो लावण्यको तापले उम्लिएर दृष्टि तिमीमाथि नै पोखिन्छ
तिमीलाई चस्स नपोलेको देख्ता झोंक आफैसँग झोक्किन्छ
बाफिएको सौन्दर्यले ओस बनेर छाप भिजाएपछि,
पोखिएको दृष्टि पनि कण–कण जम्मै माझिएर चोखिन्छ ।

सुन्दर कुसुमे रूपलाई नजरहरूले छुन खोज्छन्
जतनसँग सुम्सुम्याउँदै अङ्ग–अङ्ग धुन खोज्छन्
कोमल कायामा भास्सिएर चटपटाउन नसकी,
नजरहरू निराश भई लाचार हुँदै रून खोज्छन् ।

*— विराटनगर, मोरङ*

## मदन भण्डारी

झुत्रो वस्त्र त्यो शरीरले लाओस् कतिञ्जेल
आफ्नै रामकहानी कठै सुनाओस् कतिञ्जेल,
अभावै अभावले थिचेर 'हर्के' परदेशियो,
सिरानीमा तमसुक राखी निदाओस् कतिञ्जेल ।

लाग्छ एकपल पीडा नहुनु पर्ने हो
कुनै दुःख दर्दले नछुनु पर्ने हो
देउता पुज्दैमा चैन मिल्थ्यो भने,
पुजारी जी कहिल्यै नरूनु पर्ने हो ।

प्रभु ! कि सबै जोडी आनन्दले रमाउनुपर्छ
कि हरेक जोडीले प्रिय नाम कमाउनुपर्छ
यदि प्रेम सम्बन्धमा पल पल मुटु रेटिन्छ भने,
प्रेम प्रस्तावमै गुलाब सँगै छुरी थमाउनुपर्छ ।

मनलाई कसैको यादमा हराईरहने काम दिन्छु
मस्तिष्कलाई तँ पागल होस भनेरै बदनाम दिन्छु
ऊ भन्छ लेख तेरो कलमले अभावको तस्बिर बोल्छ,
म भन्छु अभावै हटाउँ कलम केही क्षण आराम दिन्छु ।

हुन त मेरी प्रिया कुनै परी भन्दा कम छैन
स्वतन्त्रतामा रमाउने चरी भन्दा कम छैन
बर्षौंको अनुभबले यहि कुरा प्रमाणित गर्‍यो,
प्रेम गर्नु पनि कुनै नोकरी भन्दा कम छैन ।

*– विर्तामोड, झापा*



## महानन्द ढकाल

बाहुला सुर्केर, छाती देखाएर तर्साउन नखोज
छुरी समाएर, माथि देखाएर तर्साउन नखोज
न सगरमाथा झुक्ला, न शिर झुक्ला कहिल्यै,
मुन्द्रे-चुल्ठे, साथी देखाएर तर्साउन नखोज ।

अचम्म परेको छु म, कपास बिभ्काउन थालेपछि
सुम्सुम्याउँदा आनन्द लाग्ने, वतास बिभ्काउन थालेपछि
जिन्दगी रङ्गिन छ, खै कसरी प्रमाणित गरेर देखाऊँ ?
सास बिभ्काउन थालेपछि, बाहुपास बिभ्काउन थालेपछि ।

सगरमाथा झुकेको कसरी हेर्न सकिएला ?
मेची-काली दुखेको कसरी हेर्न सकिएला ?
हिमाल, पहाड, तराई आफ्नै लाग्छ मलाई,
समिकरण फुटेको कसरी हेर्न सकिएला ?

फूललाई पत्थर मानिन र त पछि परें
कसैलाई दुष्मन ठानिन र त पछि परें
पर्दा पछाडि भयङ्कर युद्ध चल्दो रहेछ,
षडयन्त्र बुन्न जानिन र त पछि परें ।

उच्च विचार सजाउने दरबार बनाउँदै छु
सभ्यता र संस्कृतिको बजार बनाउँदै छु
गीत, गजल,कविताको जुलुस बढ्न थाल्यो,
मुक्तक थपी समावेशी सरकार बनाउँदै छु ।



**माया 'कञ्चन निरासी'**

अधुरो साथ भए पनि लेख्यो त सहि दैबले
दुई आत्मा छ्टपटिएको देख्यो त सहि दैबले
मिलन नहोस भलै बरू युगौ युग सम्मलाई,
बिछोडमा अलिकति बाटो छेक्यो त सहि दैबले ।

साथ गहिरो बन्दै जावस विवाद नआवस है
बिछोडमा तड्पेको हेर्न तिम्रो जमात नआवस है
तिमी आफ्नै संसारमा हाँसेर रमाएको बेला,
यो अधुरो मित्रको तिम्लाई याद नआवस है ।

तिमीलाई एउटा नयाँ नाम दिएर जाँदैछु
फुर्सदको निम्ति सानो काम दिएर जाँदैछु
हाम्रो अतीतलाई सम्झाउन एउटा
सानो पत्र कोरी सस्तो खाम दिएर जादैछु ।

आकास छुने कल्पनाले रहरमा दौडिएँ
मान्छेले मान्छेलाई नचिन्ने शहरमा दौडिएँ
मायाको संसार भुलेर अन्तै मग्न छु म
जीवन समाप्तिको बिषालु जहरमा दौडिएँ ।

बस्नै नसक्ने भयो दिल यो शहरमा
तिमीबिना हुँदैछ मुस्किल यो शहरमा
अन्धकारमा हराउँदैछु खोज्न आउ है,
अरूलाई नै देख्छु झिल्मिल यो शहरमा ।

*— घोडासैन, अछाम*



## मिर्मिसा पराजुली

गरिबीसँग पैसा जोख्ने तालिम स्कुलदेखी हुन्छ
अनि टेबुल ठोक्ने तालिम स्कुलदेखी हुन्छ
ऊ भन्दा गह्रुङ्गो झोला बोकाएर पठाउनुस्,
खाडिमा बालुवा बोक्ने तालिम स्कुलदेखि हुन्छ ।

नबोली नबोली कहिलेसम्म चल्ला
नचढी त डोलि कहिलेसम्म चल्ला
म पनि त हेर्छु झ्यालमै बसेर,
त्यो नजरको गोलि कहिलेसम्म चल्ला ?

नियम तोड्छ सिमा नाँघ्छ हाम्रो सरकारले
अब केही गर्दैन जस्तो लाग्छ हाम्रो सरकारले
मृत शरिरले रेमिट्यान्स पठाउँछ मात्र भन्दिनुस्,
लास पनि बिदेशमै राख्छ हाम्रो सरकारले ।

मन परेसी सिउँदो पनि खाली देख्छन मान्छे
सबैजना आफुजस्तै जाली देख्छन मान्छे
बाहिर बाहिर नजर लाउन पल्के भने तिनले,
घरकी गोरी श्रीमति नि काली देख्छन मान्छे ।

लाली पाउडर सोह्र श्रृङ्गार हेरेर
कसले जुधाउँछ नजर बारम्बार हेरेर
म योग्यता लिएर लाइनमा उभिएँ,
कर्मचारी छानियो अनुहार हेरेर ।

*– पोखरा*



## मिलन समीर

उनी र म एकान्तमा सँगसँगै थियौँ
सर्वप्रथम एकापसमा चुम्बन साटी लियौँ
त्यसपछि त के-के भयो ? सबै कुरा नभनौं भो,
जे होस् एकले अर्कोलाई समर्पण गरिदियौं ।

जिउन कति दुःख हुन्छ, जिएर त हेरन यार !
पिउन कति दुःख हुन्छ, पिएर त हेरन यार !
लिन जस्तो सजिलो छ, दिन उस्तै गाह्रो हुन्छ,
दिंदा कस्तो हुँदो रै'छ ? दिएर त हेरन यार !

मिलनको क्षणभरि विछोडको त्रास हुँदोरै'छ
विछोडको पलमा बरू मिलनकै आश हुँदोरै'छ
मिलनसँगै विछोडको शिलान्यास भइ दिएपछि,
सदावहार आफ्नै जीवन ज्युँदो लाश हुँदोरै'छ ।

तिम्रो मन त चिहान रै'छ जहाँ ज्युँदै गाडिएँछु
दोबाटोमा पुगेपछि म त एक्लै छाडिएँछु
थाहा छैन कहाँ छौ तिमी ? म त तिम्रै सम्झनामा,
एकैतिर परें भन्थें, चारैतिर बाँडिएछु ।

वरपिपलको शित्तलु त्यो छाँया तिमीलाई
सदाबहार अजम्बरी माया तिमीलाई
मनकी रानी बनाएर सजाएरै राख्ने छु म,
जीवनभरि मेरै दायाँ-बायाँ तिमीलाई ।

*– कुरादीखोला, स्याङ्जा*



## मुना सिग्देल

मान्छेलाई आफ्नै मनोमानीले रूवायो
आखिर कतिलाई राहदानीले रूवायो
अभावको पहाड चढ्नेलाई थाहा छ,
सोझा जनतालाई राजधानीले रूवायो ।

भोलि सुख पाउने आसमा बाँच्छ जिन्दगी
कति ठाउँमा सम्झौता गर्दै गाँस्छ जिन्दगी
यो जिन्दगी भन्नु पनि एउटा भ्रम न रहेछ,
एकातिर रून्छ अर्कोतिर हाँस्छ जिन्दगी ।

जन्मिन्छन् अनि मर्छन् रहरहरू पनि
तिम्रै जस्तो रोएका छन् अधरहरू पनि
बिर्सन पनि सकिनँ सम्झे झन् दुख्छ घाउ,
हराए आफ्ना मान्छे हरायो खबरहरू पनि ।

बढाउन मिल्ने भए, घटाउन मिल्ने भए जिन्दगी
सुन्दर किताब जस्तै छपाउन मिल्ने भए जिन्दगी
सबैभन्दा सुन्दर आवरण तिम्रै बन्ने थियो प्रिय !
लुगा जस्तै फेरीफेरी लगाउन मिल्ने भए जिन्दगी ।

आँखा देखेर पनि ठोक्किँदै हिंड्ने अन्धो सरकार भयो
पानीमा कति जनता डुबेर मरे, देश अन्धकार भयो
युवाशक्ति जति रेमिट्यान्सले नेता पाल्दै दिक्क भैसके,
देश बिगार्ने नेता, कामभन्दा कुरा बिगार्ने पत्रकार भयो ।

*– मोरङ*



## मोहन दुवाल

हाँसो तिम्रो कस्तो झरनाकै वेगजस्तो
हेराइ तिम्रो कस्तो पूर्णिमाको जूनजस्तो
रिसाउँदा पनि मन झुलाउन जानेकी,
कस्तो तिमी मधुरमय गुलाब-फूल जस्तो ।

साँझ खसिसकेको छ, तिम्रो आँखाको भाषा अँध्यारोमा खोजिरहेछु
आँखा दुखिसकेको छ, तिम्रो भावनाको माया कतातिर छ हेरिरहेछु
मनलाई भाँच्न दिनु हुँदैन तिमी त मेरै मनभित्रकै सम्भावना हौ,
बत्ती बलिसकेको छ, तिम्रो अनुहार कति खुलेको म आज देखिरहेछु ।

तिम्रो अनुहार ठम्याउन खोजिरहेछु उज्यालो आँखामा राखेर
हामीभित्रका नयाँ आकाङ्क्षाहरू देखाउन रमाइरहेछु मनको सन्त्रास फालेर
सभ्यता सभ्यताजस्तो बनाइदिनुपर्छ मान्छेको आकृति सबैलाई बुझाउन,
जूनको उज्यालोलाई छेक्न दिनुहुँदैन तिमी र म आज एउटा भएर ।

काम गर्दैछु, सोच्दैछु, लेख्दैछु यही त हो जीवन
केही गर्न नसक्नेहरू हेर्दैछु कस्तो अप्ठ्यारो जीवन
उदाइरहेछु, फिँजिरहेछु सधैँझैं आज पनि यत्रतत्र,
त्यसैले त मन पराइरहेछन्, त्यस्तो पो जीवन ।

हिम्मत हो जीवन, सङ्कल्प हो जीवन
आत्मविश्वास हो जीवन, साहस हो जीवन
चुनौतिसँग लड्न सिक- सङ्घर्षमा रम्न सिक,
विश्वास हो जीवन, दृढ मन हो जीवन ।

*– बनेपा, काभ्रे*



## यमकुमार श्रेष्ठ

मान्छे छ, अनुहार छ र पो त चायाँ छ
घाम छ, जून छ र पो त छायाँ छ
कसैले च्याते पनि, चुसे पनि जिन्दगी,
तिमी छौ, म छु र पो त मायाँ छ ।

मलाई आजकाल लालीगुराँस भएर फुल्न मन लाग्छ
मनका हाँगा-हाँगामा पारिजात भएर झुल्न मन लाग्छ
सुवास ढकमक्क भई बैंश फक्रेको बेला,
मुर्चुङ्गा, खैंजडीको भाकामा भरपेट खुल्न मन लाग्छ ।

मलाई दिन होइन रात चाहिएको छ
मलाई कसैको बात होइन भरपेट भात चाहिएको छ
विसंगतिका अर्बुद औंशाहरू सँग लड्न,
मलाई जात होइन साहस र तिम्रो साथ चाहिएको छ ।

जब आँखा-आँखा जुधे घायल भएँ म
देखेपछि लाग्छ केही पागल भएँ म
गन्तव्यमा रात दिन बग्दै जाँदा झन्,
धून तिमी स्वर थप्ने पायल भएँ म ।

प्यासीलाई प्यासको सहारा काफी छ
नजरलाई नजरको इशारा काफी छ
असल अरू भन्नु के नै बाँकी रहन्छ र ?
जिन्दगीलाई जवानीको टहरा काफी छ ।

*– चन्द्रनिगाहपुर, रौतहट*

## युवराज लामिछाने 'प्रदीप'

एक अर्काको साथ छुटे मर्नैपर्छ भन्ने छ र ?
कि बाँच्न कसैको भर पर्नैपर्छ भन्ने छ र ?
ए पागल प्रेमी, प्रेमिका हो ! प्रेम गर्दैमा,
खुलेआम बाटोमा चाटाचाट गर्नैपर्छ भन्ने छ र ?

मान्छे भएर जन्मेपछि अलिकति लाज हुनुपर्छ
सबैलाई फाइदा हुने किसिमको काज हुनुपर्छ
ए भद्र भलाद्मी भनाउँदाहरू, कहिल्यै सोचेका छौ,
तिमीले गरेको काममा सहमत समाज हुनुपर्छ ।

न तिमी सँगसँगै म रमाउन पाएँ
नत तिम्रो हात नै समाउन पाएँ
त्यो पापीले टिपेर लग्यो तिमीलाई,
केवल पाएँ, सम्झेर पछुताउन पाएँ ।

प्रायः यस्तो कमै देखिन्छ यो संसारमा
त्यसैले दिनदिनै भासिदैछ जङ्घारमा
जनताले दुःख पाएको कारण यत्ति हो,
भ्रष्टाचारीहरूकै बाहुल्यता छ सरकारमा ।

लाटालाई समेत बाटोसम्म ल्याइदिन्छ
धरातलमा एकदिन समयले पुऱ्याइदिन्छ
कालो काम गरेर बाउले सम्पत्ति कमाएमा,
सन्तानले पनि कालै काम गरेर उडाइदिन्छ ।



## रमेशचन्द्र घिमिरे

अलिकति जोस्याएर निमुखालाई अगाडि राखियो
अलिकति उचालेर सोझालाई बीचमा डाकियो
अनिकालमा बीउ जोगाउनू, हुलमुलमा जिउ जोगाउनू–
आफूचाहिँ सिरकभित्र पसेर मुड्की ताकियो ।

अँध्याराको ढुङ्गो हुँ म उज्यालाकी जून तिमी
हीरा तिमी, मोती तिमी, झल्मलाउने सुन तिमी
छोए पनि दाग लाग्ला, तिम्रो रूपको ज्योति भाग्ला–
तर्किएर उतै बस नआऊ मलाई छुन तिमी ।

ब्रिफकेसको सट्टा जब रित्तो झोली हुन्छ
हद्दै भए नमस्तेको निस्तो बोली हुन्छ
यस्तो देखेर हाकिम साहेब भन्न बाध्य हुन्छन्–
तपाईँको काम आज होइन भोलि हुन्छ ।

कसैको हात मुसार्नुपर्छ, कसैको खुट्टा मल्नुपर्छ
अरूजस्तै आफू पनि समयअनुसार चल्नुपर्छ
थुइय ! मान्छे भएर बाँच्नुको बाध्यता–
एकचोटि उभिन खोज्दा सयौँचोटि ढल्नुपर्छ ।

मान्छे जङ्गली भएपछि बाघको गुण मान्छेमा सरेको छ
बाहिर शान्ति चाहियो तर भित्र अशान्तिले डेरा गरेको छ
आकाशमा परेवा उडाएर मात्र के शान्ति खोज्नु छ र खै !
जब कि त्यही परेवामाथि नै बाजको पहिलो झम्टा परेको छ ।

– *लमजुङ*

## रमेश ढकाल

प्रचार पाइन्छ, उपचार पाइन्न
उद्धार पाइन्छ, आधार पाइन्न
कस्तो रहेछ दुनियाँको चलन,
संसार पाइन्छ, संस्कार पाइन्न ।

धनवान्को भान्सामा सिन्कीको झोल पनि सूप लाग्छ
निर्धनको घरमा परम रूपवान् पनि कुरूप लाग्छ
कत्रो शक्ति हुन्छ यो धन भन्ने चीजमा हेर्नुस् त,
जब धन बोल्न थाल्छ तब सत्य पनि चूप लाग्छ ।

जत्ति कठिन होस् जीवन, तर यो त जिउनैपर्छ
जत्ति गहिरो होस् घाउ, तर त्यो पनि सिउनैपर्छ
सहज हुँदो हो त जीवनको मूल्य नै कहाँ हुन्थ्यो,
जहर, मर्नलाई थोरै र बाँच्नलाई धेरै पिउनैपर्छ ।

डुब्नेलाई परालका त्यान्द्रा पनि डुङ्गा हुन्छन्
माया भए गोरेटोका ढुङ्गा पनि थुङ्गा हुन्छन्
न आँखामा पानी हुन्छ, न छातीमा तातो तिनको,
माटो बेची खानेहरू सधैं नाङ्गा बुङ्गा हुन्छन् ।

तिमी मेघ मेरो, म सौदामिनी हुँ
तिमी धार मेरो, म मन्दाकिनी हुँ
तिमी गाउँदै राख मेरा तराना,
तिमी राग मेरो म ता रागिनी हुँ ।



## रमेश लुइँटेल 'शुभेच्छु'

केको फल्नु पसिना चैँ बालुवामा रोपिएछ
कहाँ चिसो, तातो पानी विरूवामा पोखिएछ
न उठाउन मिल्यो पानी न त पसिना नै,
बगाएको पसिना बालुवामै सोसिएछ ।

अरू भन्दै थिए मञ्चमा कवि देखिए
अरू सुन्दै थिए मञ्चमा कवि सुनिए
मैले पनि देखेँ, मैले पनि सुनेँ, राम्रै अभिनय भएको ठानेँ,
बुझेँ, कवि अर्कै कविता अर्कैबाट लेखिए ।

पराइसँग फसेर हारेँ
लामो परदेश बसेर हारेँ
परदेश र पराईको डर थिएन पहिला,
अहिले आफन्तले डसेर हारेँ ।

म चाहिँ गर्ने बेलामा नगरेर यस्तो भएँ
दुनो भर्ने बेलामा नभरेर यस्तो भएँ
सक्थेँ घुमाउन, जमाउन, कमाउन पनि,
चढ्नु पर्ने भऱ्याङ नचढेर यस्तो भएँ ।

उता जाऊँ यतातिर तिल पनि पहाड हुने
यता बसूँ उतातिर थोपो पनि बहाड हुने
यता जूँ कि उता जूँमै अल्मलिएँ सधैभरि,
सम्भावना बढ्न थाल्यो न घर न घाट हुने ।

*— बानेश्वर, काठमाडौँ*

## राकेश बि.एम 'चिन्तन'

सधै गफैमा टार्छौ भन्ने सोच्दै सोचिँन
मुटु अन्तै सार्छौ भन्ने सोच्दै सोचिँन
विचरा ! म सोझो मान्छेलाई के थाहा ?
यसरी पछार्छौ भन्ने सोच्दै सोचिंन ।

जानिजानि तिखो किला गडाई दिन्छ उसले
नाका बन्दीगरी अभाव बढाई दिन्छ उसले
आफ्नै देशमा दाजुभाइ लडेको देखेपछि,
सिमा रेखाभित्रै पसि लडाई दिन्छ उसले ।

पग्लिन थालेछन् भित्ताका ती चुनाहरू
अलि खुकुलो भएछन कसेका तुनाहरू
मदनहरूको खाडीको पसिनाले अचेल,
यता मस्ती गर्छन आजकालका मुनाहरू !

फुलियो कि झरियो पत्तै भएन
अगाडि कि पछाडी परियो पत्तै भएन
जिउछु भनि संसारमा संघर्ष गर्दा,
बाँचियो कि मरियो पत्तै भएन ।

लट्ठीलाई जंघार तरे त बिर्सिहाल्छन्
फूल्दा मात्र हो हेर्ने झरे त बिर्सिहाल्छन्
स्वार्थी पनि यति स्वार्थी छन कि मान्छेहरू,
बाँच्दा सम्झन्छन् मरे त बिर्सिहाल्छन् ।

*- मिरूल, रोल्पा*



## राजु आचार्य 'दीप'

तरकारी किन्न बिहानै ठेलामा जानु छ
दिउँसो तल्लो टोलको भेलामा जानु छ
चिटिक्क परेर आउँदै छिन् रे मेरी सानु,
बेलुकीपख पारी गाउँको मेलामा जानु छ ।

बोल्दैमा कसैले बढी भने तात्तिनु हुँदैन
मिल्दैमा सफलताहरू मात्तिनु हुँदैन
राम्रो फलमा भटारो त आइहाल्छ नि,
दुईचार चोट लाग्दैमा आत्तिनु हुँदैन ।

विश्वासघातीले मन जाँच्नुको अर्थ छैन
इज्जतदार बनेर बाँच्नुको अर्थ छैन
भइसक्यौ निर्वस्त्र यो समाजमा तिमी,
कुनै नाङ्गो नाच नाच्नुको अर्थ छैन ।

प्रगाढ हाम्रो सम्बन्ध टुटाउन खोज्दैछन्
कपटी पासा फ्याँकी फुटाउन खोज्दैछन्
होसियार ! यहाँ मिलेको देख्न नचाहनेले,
दाजु र भाइलाई अब छुटाउन खोज्दैछन् ।

फाटेको तिम्रो हृदय सिलाउन मन लाग्छ
प्रेमरूपी अमृत रस पिलाउन मन लाग्छ
जब तिमीले ज्ञानी बनी छड्के हेर्न थाल्छौ,
मलाई पनि त्यतै नजर मिलाउन मन लाग्छ ।

*– माडी, चितवन*



## राजेन्द्र थापा

जसका नाममा नेपाली नोट छापिन्छ
जसका नाममा चुनावी भोट छापिन्छ
भोको छ, नाङ्गो छ, हो त्यै त हो नि भुइँमान्छे,
जसका नाममा जुनतन्त्रमा न भीख थापिन्छ ।

यिनलाई बालेर, यिनकै सडक जलाइन्छ
यिनलाई ढालेर, यिनकै घर ढलाइन्छ
छलाइन्छ, गलाइन्छ– हो त्यै त हो नि भुइँमान्छे,
जसका नाममा, जैले पनि सत्ता चलाइन्छ ।

कुनाकुनाको फोहर अब घरबाट बाहिर फाल्नुपर्छ
फेरि पस्नै नसक्ने गरी पाइपको मुखै टाल्नुपर्छ
रहलपहल समेत कोतरकातर पारी,
ट्वाइलेटमा हालेर प्लस् पखाल्नुपर्छ ।

भ्रष्टाचारको कुनै हद हुँदैन
होचाको उल्लेखनीय कद हुँदैन
होसमा आऊ न, ए बहुला हाकिम साप्,
कोइको पनि त स्थायी पद हुँदैन ।

नयाँ नेपाल ल्याइने हल्ला भा'छ, तर सल्ला भा'छैन
पुरानो नेपाल काँ फाल्ने, सल्लाह भा'छ, तर हल्ला भा'छैन
मेरो देशले धेरै पटक, ओथारो बसिसकेको छ,
ओथारो फूलबाट आजसम्म, यौटा नि चल्ला भा' छैन ।



## रामकाजी गुरुङ कोने

नयाँ नयाँ परिवेशसँगको स्वयम्बर हो जिन्दगी
मुट्ठी फुकाएर एक्लै जाने सिकन्दर हो जिन्दगी
दिन, महिना र साल गन्दागन्दै सकिने,
भित्तामा टाँगिएको क्यालेन्डर हो जिन्दगी ।

अरूकै खोजीमा आफै हराउनु बेग्लै कुरा
मायाको आसमा म सधैं धाउनु बेग्लै कुरा
धन त जितोरीमै राखी आएँ ए हजुर !
मन राख्ने ठाउँ मैले नपाउनु बेग्लै कुरा

जिन्दगीको धूप बिर्साउने त्यो छहारी छायाँको
बयान कसरी गरूँ म त्यो कोमल कायाको
धेरै होलान् यहाँ त्यो रूपमा मर्ने ए हजुर !
बिन्ती ! बनाऊ पहिलो शहीद मलाई तिम्रो मायाको ।

कुरा राख्न मन लाग्यो, आफ्नै तकदिरको ए हजुर !
बयान गर्दैछु छातीभरि कुँदिएका तस्बिरको ए हजुर
न गेरू बस्त्र, न चन्दन, निधारमा आफ्नो त,
केवल प्रेम पुजारी हुँ म, तिम्रो मन्दिरको ए हजुर

अनौठो खबर पत्रिकामा पढ्न पाए कसो होला ?
दुःखद एउटा उदाहरण देख्न पाए कसो होला ?
असफल प्रेमीहरूझैं देश बिग्रेको झोंकमा,
आत्महत्या गऱ्यो रे नेताले, सुन्न पाए कसो होला ?



## रामकुमार श्रेष्ठ 'फुच्चे'

बाचाकसम तोडी गयौ त्यही मलाई प्यारो लाग्यो
जहाँ तिमी छोडीगयौ त्यही मलाई प्यारो लाग्यो
यता मैले बोतल खोलें तिम्लाई भूल्ने बहानामा,
बाटो अन्तै मोडी गयौ त्यही मलाई प्यारो लाग्यो ।

गर्दैछन् कि चियो चर्चो तिमी र म रूँदै गर्दा
तड्पिएर आँशुले मुख तिमी र म धुँदै गर्दा
'फुच्चे'लाई अँगालोमा बेर्दा औंला उठाउँछन् कि ?
मेला पात पँधेरीमा तिमी र म हुँदै गर्दा ।

दिन दहाडै बलात्कारमा जुट्ने को हो त्यो ?
नाबालिकाको अस्मिता लुट्ने को हो त्यो ?
कति बेला के हुने हो 'फुच्चे'लाई के थाहा ?
दिदी बहिनी नभनेरै कुट्ने को हो त्यो ?

लीपूलेक हाम्रो भनी लुट्न खोज्ने छिमेकीलाई
प्रकृतिको सुन्दरता चुट्न खोज्ने छिमेकीलाई
सम्झाई देऊ नेपाली जूटे जे' पनि हुन सक्छ,
साँधसिमा मिचेरै जुट्न खोज्ने छिमेकीलाई ।

भएन कुनै सपना साकार जिन्दगीमा
लिएन मनले निश्चित आकार जिन्दगीमा
कस्तो लत बस्यो साँझमा भट्टी छिर्नैपर्ने,
सकिएन की सिक्न संस्कार जिन्दगीमा ।

*– सूर्यपाल, लमजुङ*



## रामचन्द्र शर्मा

झन् झन् त्यतिखेर नरमाईलो लाग्छ
पुराना दिन सम्झेर नरमाईलो लाग्छ
मेरै अघि पराईसँग जाँदा मुस्कुराउँदै,
नहेरिदेऊ फर्केर नरमाईलो लाग्छ !

भनिराख्न बारम्बार जरूरी हुँदैन
गलामा सिक्रि हार जरूरी हुँदैन
गाजल बिर्सिदैमा नलजाउ न प्रिया !
फूलहरूलाई श्रृंगार जरूरी हुँदैन ।

मान्छेहरूको पिर छुट्टाछुट्टै
आ–आफ्नो तक्दिर छुट्टाछुट्टै
तिमी टाढिएपछि यस्तो लाग्दैछ,
मेरो मुटु र शरीर छुट्टाछुट्टै ।

लुकाएर पनि हैन खुलेआम् दिइन्छ
अबिर दलि खादा ओढाई खाम् दिइन्छ
म त बुद्ध जन्मिएको देशको मान्छे हजुर !
जहाँ हत्यारालाई सम्मान गरि इनाम् दिइन्छ ।

यस्ता जाल झेलका कुरा सुन्न सक्दिन म
हाम्रा आँशु भेलका कुरा सुन्न सक्दिन म
अस्ति भर्खर तुइन चुँडेर छोरो गुमाएको हुँ,
पानी जहाज, रेलका कुरा सुन्न सक्दिन म ।

*– चिसापानी, स्याङ्जा*

## रामजीप्रसाद आचार्य

विदेशीको इशारामा पार्टीहरू फुट्न पाउँदैनौ
हस्तक्षेपकारीहरू यहा ँजुट्न पाउँदैनौ
स्वच्छ, शान्त यी हरियाली डाँडा-पाखाहरू
खबरदार ! कोही कसैले लुट्न पाउँदैनौ ।

अत्याचार विरूद्धका माग मेटिएको छैन
लुटाहाको सिमानामा राग मेटिएको छैन
अझै किन मौन बस्छन् ए सरकार !
यी सिंहले चिथोरेका दाग मेटिएको छैन ।

वार्ताभन्दा विश्वास भन्दै मोड्ने तिमी नै थियौ
हुम्ला-जुम्ला खल्ली-बल्ली भन्दै छोड्ने तिमी नै थियौ
काठमाडौंमा यतिउति, कतिकति गर्मी हुँदा नेताज्यू !
नयाँ दिल्लीमा छाता ओढ्ने तिमी नै थियौ ।

लुटाहाले सीमा लुट्दा नेताहरू लजाएर आउँछन्
जति बच्यो त्यति हाम्रो भन्दै सीमा सजाएर आउँछन्
यता कुमारीको इज्जत, बेहुलीको सिउँदो लुटिदा नेताहरू,
मेरो देश मेरो प्राण भन्दै नौमती बजाएर आउँछन् ।

ओजिलो बनाउन सामान चिसाउँछन् आमा
के किन्ने मट्टितेलमा पानी मिसाउँछन् आमा
नयाँ वर्ष लाग्यो क्यारे ! लौन के गर्ने हो ?
बाटो हिंड्दा पनि साहु रिसाउँछन् आमा !



## रामविक्रम थापा

प्रक्रिया र पद्धति चुक्नसम्म चुक्यो
अदृश्य कानुन दुलाभित्र लुक्यो
कालोलाई सधैँ सेतो देख्नु पर्दा,
पीडाताङ्कमा यो मुटु दुख्नुसम्म दुख्यो ।

हाम्रै परिवार उचाल्दै घरझगडा गराउँछ
आगो झोसेर हाम्रो घर जलेको देख्न मन पराउँछ
कम्तीको दादा छ र हाम्रो छिमेकी भरते ?
माथ्लो चन्द्रे र पारिको अमृतेसित भने निक्कै डराउँछ ।

बादल फाटेर छ्याङ्ग उघ्रियो, कुहिरो त भाग्यो
अबचाहिँ साँच्चै केही होलाकी विश्वास जाग्यो
अपेक्षाकृत सपना कसैको पूरा भएन,
मधुरो प्रकाशमा, उदासी मुहारको चिसो घाम लाग्यो ।

सिद्धान्तमा मात्र खोजिन्छ मान्छे राम्रो
व्यवहारमा सधैँ रोजिन्छ मान्छे हाम्रो
दल,जात र भूगोल मिलेन यदि भने,
कसी लगाइन्छ सुन्दरलाई पनि –अति नराम्रो ।

टाढा भएर के भो अति निकट छ मन
सम्बन्धहीन सम्बन्धको यो कस्तो आफ्नोपन
ठूलो नदीको ओल्लो किनारमा छु म,
बिना पुल तिम्रो समीपमा आऊँ म कसरी भन ?

*– सुन्दरहरैँचा, मोरङ*



## रामसुन्दर देउजा

जति मोटो भए पनि ढोडको काम्रो हुँदैन
छाला गोरो हुँदैमा मान्छे राम्रो हुँदैन
आफ्नै स्वार्थमात्र हेर्छन् मान्छे अचेल,
चाकडीबाज र चाप्लुसीबाज हाम्रो हुँदैन ।

फूल झैं हाँसेको राम्रो
ध्रुबतारा झैं बाँचेको राम्रो
घमण्ड किमार्थ नगरौं,
सबैसँग मित्रता गाँसेको राम्रो ।

मार बरू मलाई मेरो माटो नमिच
भोकभोकै बस्छु म मेरो स्वाभिमान नकिच
यही आमाको छाती चुसेर बाँचेको हुँ म,
आमालाई दुख्ने गरि कतैबाट नथिच ।

फूलहरू ढकमक्क फुलेको राम्रो
त्यही फूलमा भमरा डुलेको राम्रो
मान्छेको जीवन आज हो कि भोलि,
सबैसँग रमाएर खुलेको राम्रो ।

धून मीठो सारङ्गीको रेट्न मन लाग्यो
खै किन हो आज उनलाई भेट्न मन लाग्यो
एक्लो रैछ मानिस आफू अरू रैछन नाता,
भेटेपछि मनको तिर्खा मेटन मन लाग्यो ।

— *काभ्रे*



## ऋचा लुइँटेल

अलिकति सम्झनाको तिलक हजुरलाई
अनि फेरि विश्वासको पदक हजुरलाई
गजलरूपी चटनी त धेरै चटाइ सकें
मुक्तक रूपी चटनी यसपटक हजुरलाई ।

जे लेखेथें आज त्यही मेटाउन जाँदैछु म
दुनियाँलाई खाली मुटु देखाउन जाँदैछु म
कति भयो घाटा मलाई ? कति फाइदा भयो कुन्नी !
जिन्दगीको हिसाब-किताब मिलाउन जाँदैछु म ।

स्वतन्त्रताको मूल्य के हो ? चरालाई सोध
माया के हो ? टुहुरा ती बरालाई सोध
आफ्नो ठाउँ आफैलाई बिरानो भएपछि,
आफ्नोपनको अर्थ खेतका गरालाई सोध ।

अँध्यारोमा अलिकति उज्यालोको आश थियो
रित्तो-रित्तैं मुटुभित्र जूनकीरीको बास थियो
खै के भयो ? एकाएक वातावरण विथोलियो,
मेरो भने हृदयमा अधुरो नै प्यास थियो ।

अँध्यारोमै आफ्नो मुहार लुकाएर जानेलाई
बेलाबेला आउने मौका चुकाएर जानेलाई
अन्तिम पटक आज आफैं सलाम गर्न आएकी छु
माया गर्ने ऋचाको मन दुखाएर जानेलाई ।

## ऋषि बराल

सिधाबाटो हिंड्दा हिंड्दै बाङ्गो हुन्छ किन ?
दुनियाँनै हेर्दाहेर्दै नाङ्गो हुन्छ किन ?
मान्छेहरू हत्केलाले सूर्य ढाक्न खोज्छन्,
फेरि त्यो रूप सबका माझ उदाङ्गो हुन्छ किन ?

फूल फुलेको संसार सदाबहार भैदिओस्
हाम्रो माया एकअर्काको सार भैदिओस्
पिरतीको दशगजामा भन्सार छल्नेहरूको,
दण्डीत गर्न हाम्रो सरकार बरकरार भैदिओस् ।

छाँदहाली रूने गर्छन् तिम्रै प्रितीका यादहरू
भक्कानिदै फुट्न थाल्छन् मनभित्रका बाँधहरू
पटक पटक फित्ता लगाई यो मनलाई नापेपछि,
अनायासै सर्न थाल्छन् सीमाना र साँधहरू ।

व्यथा कि वार कि पार बर्षन्छ
धान्नै नसकिने मनमा भार बर्षन्छ
उम्मेदको दीयो सुकाइ पानी खन्याएर,
हावा हुरी र बतासको प्रहार बर्षन्छ ।

चिनजान सम्बन्ध खास भएपछि
कसरी भन्नु को हुँ उपहास भएपछि
उनलाई मैले कसरी आफ्नो भनुँ ?
म भन्दा प्यारो कोही साथ भएपछि ।

*– भरतपुर, चितवन*



## रुद्र अधिकारी

मुस्कानले अधरबाट बिदा माग्नु भन्दा पहिले
अश्रुभेलले मनको बाँध नाग्नु भन्दा पहिले
ए समय तैँले मलाई सिकाउनु नै थियो त,
किन सिकाइनस् ठेस लाग्नु भन्दा पहिले ।

तरवार भन्दा धारिलो वचन किन बनायौ ?
नछोइकनै दुखाउन सक्ने मन किन बनायौ ?
तन,मन,जीवन आफ्नै हो तर हे भगवान्,
अरूबाटै नियन्त्रण हुने बटन किन बनायौ ?

सानो ठूलो हुँदैन कोही रगतले गर्दा
भएको हो मात्र भेदभावी जगतले गर्दा
किरो पनि पुग्यो भगवान्को चरणमा,
सुन्दर फूलसँगको सङ्गतले गर्दा ।

उचाइ खोज्दा घमण्ड टुटी निहुरिएको बाँस हुन्छ
अर्काको उज्यालोले चन्द्रलाई ग्रहणको त्रास हुन्छ
परावर्तन गरेर तारिफ लिने म हैन ए जून,
थोरै नै भए नि जूनकिरीको आफ्नै प्रकाश हुन्छ ।

चेपारेको मनमा लुकेको अँगार देखाइदिन्छ
सम्बन्ध किनबेच गर्नेको बजार देखाइदिन्छ
जिन्दगीमा असजिलो समय आउनै पर्ने रैछ,
यसले मान्छेको असली अनुहार देखाइदिन्छ ।

*— विशालनगर, काठमाडौँ*



## रुद्र कँडेल

निको हुन्छ बिरामीले खत बिर्सन्छ
मिल्ने साथी बोल्नै छाड्छ आदत बिर्सन्छ
पैसाले नै सबै चिज पाउने ठान्छ मान्छे,
साथी भाई आफन्त र बिगत बिर्सन्छ ।

दुनियाँले सोच्न बाध्य हरपल बनाउँछ
सम्भिँदा पनि मान्छेलाई पागल बनाउँछ
हामीहरू खोलानदीमा ढल बनाउँछौँ,
बिदेशीले समुन्द्रमा महल बनाउँछ ।

बाध्यता होला कतिको रहर हुँदैन
सबैलाई धनसम्पतिको रहर हुँदैन
कमाएर समाजमा केही गर्नेलाई पनि हेर,
आफ्नै मात्र प्रगतिको रहर हुँदैन ।

खुसी भन्दा पीडा धेरै भागमा परेपछि
दुख मात्र जतिखेरै भागमा परेपछि
आँखा पनि पानीको मुहार जस्तै भा'छ,
बगिरहने आँसु मेरै भागमा परेपछि ।

परदेशमा सुखले दिन बिताए जस्तो गर्छन्
दुख पर्दा अलिअलि सम्भाएजस्तो गर्छन्
दिएन सम्भिएन मात्रै भन्छ्न् आफन्तले,
रूखबाट पैसा टिपी ल्याए जस्तो गर्छन् ।

*– राप्ती, चितवन*



## रुद्र ज्ञवाली

यात्रा निर्वाध चल्न सकूँ
अङ्गुरजस्तै फल्न सकूँ
जल्नैछ भने आखिर जिन्दगी,
मैन भएर जल्न सकूँ ।

लखेटेपछि स्याल वस्तीमा पस्दैन
धर्तीमा बस्छ मान्छे आकाशमा बस्दैन
जनता भनेको धर्ती हो यो बुझ्नु होला,
खसे आकाश खस्छ धर्ती कहिल्यै खस्दैन ।

जिउनु छ जिन्दगी अब लासका कुरा नसुनाऊ
बाँच्नु छ वर्तमानमा इतिहासका कुरा नसुनाऊ
मान्छे भएर मान्छेजस्तै बाँच्ने रहर मेरो,
नसुनाऊ भो धर्तीलाई आकाशका कुरा नसुनाऊ ।

नसोध यो मन कहाँ टुटेको छ, कहाँ भाच्चिएको छ
थाहा भएन जीवन कसको लागि साँचिएको छ
नसोध भै'गो हालखबर यो जिन्दगीको नसोध,
मरिएको छैन अझै त्यसैले त बाँचिएको छ ।

बाँझो आस्था यो मुटुको खन्नेछु म कुनै दिन
सबै सामु खुल्ला  किताब बन्नेछु म कुनै दिन
पलाउँछ डढेको वन पनि समय फर्किआएपछि,
आफ्नै कथा यो जिन्दगीको भन्ने छु म कुनै दिन ।

*– ग्वादी, गुल्मी*

## रुद्र 'सन्देश' मगर

टुक्रिएको जिन्दगी यो, फूलेको तन छैन
मिठो बोली बोल्ने चरी बस्ने वन छैन
चौतारीमा वर अनि पिपल हुर्काउन खोजें,
तर कतै मुटु मिल्ने दौंतरी मन छैन ।

चौतारीमा पीपलसँग मित लाउने वर छैन
मनको छानो चुहिंदा छाउने पिरतीको खर छैन
आफू एक्लै जिन्दगीको बाटो हिंड्दै छु साथी !
कहाँ गएर जिन्दगी रितिन्छ भर छैन ।

नसोध्नु मेरो हाल हजुर !
चलेकै छ जिन्दगीको चाल हजुर !
महल बनाउनु त सपना भयो,
झुपडीमा छाप्रो हालेको छु त्रिपाल हजुर ।

खोला बग्न पानीको लहर चाहिन्छ
मन हँसाउन खुशीको शहर चाहिन्छ
जिन्दगीमा जितेर असफलता चुम्न,
प्रशंसाले भरिएको राम्रो रहर चाहिन्छ ।

उनको अगाडि मनको कुरा फोरौं जस्तो लाग्यो
उनको नाममा चिट्ठी दोबाटोमा छोडौं जस्तो लाग्यो
कति आँखा–आँखा जुधाइ रहनु,
छिट्टै आफन्तको साइनो गासौं जस्तो लाग्यो ।

*– चित्रेभन्ज्याङ, स्याङ्जा*



## रुपिन्द्र प्रभावी जोशी

खेल खेल्दा खेल्दै हार्ने भएपछि
मेडल अर्कैले हात पार्ने भएपछि
खेलको नियम बल्ल बनाउन थाल्छन्,
बिरालोलाई नै मुसाले मार्ने भएपछि ।

बानीको भकारी अर्काको हातबाट अघाउँदो रहेनछ
सल्लाहले आएको बाढीले कुतर्कको जग बगाउँदो रहेनछ
तिमी पिटे जस्तो गर म रोए जस्तो गरूँला प्रिय सहयोद्धा !
काले काले नमिले कसैले टेरपुच्छर लगाउँदो रहेनछ ।

देश नै सपथ रहेछ कि क्या हो खाइरहेछन् चारैतिरबाट
चुइकम बनाएर निरन्तर चपाइरहेछन् चारैतिरबाट
भाग लगाउँछन् चित्त नबुझेर पुनः लुछाचुँडी गर्छन्,
यिनैले फेरि राष्ट्रवादी गीत गाइरहेछन् चारैतिरबाट ।

तनावै तनावको भण्डार बनेको छ एक्लो जिन्दगी
शून्यमा शून्यताको संसार बनेको छ एक्लो जिन्दगी
एक्लो हुनुको पीडा तिमी कसरी बुझ्न सक्छ्यौ र,
धाँजा फाटेको सुख्खा टार बनेको छ एक्लो जिन्दगी ।

कथामै सीमित नहोस् हाम्रो पिरतीको कथा
इतिहासमै लेखियोस् बरू प्रगतिको कथा
चाहेर पनि नभुलून कसैले हाम्रो यो प्रीति जोडी,
कथा होइन वास्तविक होस् हाम्रो दम्पतीको कथा ।

*– लमजुङ*



## रेणुका जिसी खतिवडा

हृदयलाई शीतल बनाउने झरी बनेर आयौ
उडाउन स्वप्निल आकाशमा परी बनेर आयौ
नियाल्छु चारैतिर, तिम्रै आकृति मात्र भेट्छु,
यो मन चञ्चल बनाउन थरि थरि बनेर आयौ ।

जब साँझ सुरू हुन्छ बोतल सकिन्छ
मात बढ्छ बिस्तारै अक्कल सकिन्छ
सरकार रेन्जपोस्ट बीचमा राखिदिन्छ,
हात्ती गैँडा खल्तीमा जङ्गल सकिन्छ ।

यात्रा कहीँ सजिला कहीँ अप्ठ्यारा छन्
समय कहीँ दिन छन् कहीँ अँध्यारा छन्
आफन्तै आफन्तहरूका बीचमा पनि त छन्,
कोही आफ्नो जीवनभन्दा प्यारा छन् ।

सागर पुग्नु छ खहरेको विचार गर्दैन
घोचपेच सहन्छ नदी, प्रहार गर्दैन
तिमीसँग कुवेरकै ढुकुटी भएर के भो ?
अहंकार मात्र त गर्छ उपकार गर्दैन ।

कुल्चेर आफ्नो स्वार्थ जो देशको लागि बाँच्नेछ
भुलेर आफ्नो पीडा जो देशको लागि हाँस्नेछ
म कुरिरहेछु त्यो सन्तान जसले देओस् बलिदान,
पुजेर इतिहास उसले भविष्य सुनिश्चित पार्नेछ ।

*– चन्द्रपुर, रौतहट*



## रेवतीरमण खनाल

उन्नत खेतीका लागि असल विजन चाहिन्छ
विजाङ्कुरणका लागि अनुकूल सिजन चाहिन्छ
मुलुकको विकास नै गर्ने हो भने नेताजी,
अभिनव चिन्तन र सम्यक भिजन चाहिन्छ ।

राजनीति भन्नु तिकडम र झेल रहेछ
जनताको आँखामा कौवालाई बेल रहेछ
पदलिप्सा, सत्तामोह र कुर्सीको छिनाझप्टी,
यो त साँच्चै शकुनीको घृणित खेल रहेछ ।

स्थावर जङ्गम यो विविध छन् हंसहरू
भन्दछन् वानर हुन् मान्छेका वंशहरू
कसले पो सक्छ खै ? नकार्न यो कुरा,
तिनै मान्छेभित्रै छन् कृष्ण र कंशहरू ।

बुद्धि, विवेक मान्छेदेखि टाढा भएका छन्
जगल्टे र मुन्द्रेहरू छाडा भएका छन्
फजुल भो अब विकास निर्माणका कुरा,
नेता भनाउँदा नै देशका काँडा भएका छन् ।

व्यवहारमा आउनुपर्ने लोकतन्त्र भाषणमा फुल्यो
बल्ल पोत थाहा पाइयो र त यो रहस्य खुल्यो
हुनुपर्ने थियो एक थोक भइदिएछ अर्कै थोक,
कस्तो तन्त्र हो यो ? गाउँ नै नछिरी शहरमै भुल्यो ।

## रोहित राना

माया भन्ने कुरा बल गरेर कहाँ हुन्छ र
मृत्युलाई पनि हल गरेर कहाँ हुन्छ र
जुन कुरा नितान्त आत्माले बुझिहाल्छ,
मनमा बस्छु भनी छल गरेर कहाँ हुन्छ र ।

मन-मुटुकै भित्र ठान्नु गल्ती मेरै थियो
शत्रुलाई नि मित्र ठान्नु गल्ती मेरै थियो
बोली वचन मिठो तर देखावटी रै'छ सबै,
तिमीलाई पवित्र ठान्नु गल्ती मेरै थियो ।

म चाहेर पनि तिम्रो हुनै सकिनँ
तिमी रूँदा सँगै म पनि रुँनै सकिन
तिमी यसरी फुल्यौ किन जताततै,
दिलमा आजीवन सजाउनै सकिन ।

विश्वासलाई जित्न सक्ने माग देख्दैछु
चोखो प्रेममा धेरैको भागाभाग देख्दैछु
परेवीले पिरती लगाएर अन्डा पारेकी हो,
तर अन्डा फुट्दा बचेरो काग देख्दैछु ।

निकै कालो अनि अँध्यारो समय आयो
हामी माझ विनाशकारी यो प्रलय आयो
जनुधनु लग्यो इतिहास ढलाएर गयो
यहाँ बाँच्नेहरू माझ झन् ठूलो भय आयो ।



## लक्ष्मण थापा

छेउकुनामा अँध्यारो माझमाझमा घाम पर्छन्
सुदामातिर कनिका कृष्णतिर दाम छर्छन्
यस्तै यस्तै चल्ती चलन चलिआ'को रै'छ हजुर !
ठूलठूला कुरा गर्छन् साना साना काम गर्छन् ।

वर्षा हुनैलाई बादल छाओस्
धर्ती आकाशले गीत गाओस्
यस्तो प्रेम गर्न सकौं हामीले,
स्वर्ग ओर्लेर जमिनमा आओस् ।

कैले यो भएन, कैले त्यो भएन भनि रोदन गर्छौं
सित्तैमा पाए गिट्टी, बालुवा, अलकत्रा भोजन गर्छौं
हाम्रो जस्तो देशभक्तिको उदाहरण अन्त कहाँ,
घुँडो मुन्टो एक गरी राज्यको माल दोहन गर्छौं ।

प्रकृतिको उदारता हेर आकाशबाट सातु छऱ्यो
दाताको उदारता देखिएछ माग्नेको एक छाक टऱ्यो
कति टाँस्सिएको छस् ए मोह मेरा अङ्ग अङ्गमा,
किन देख्दैनस् हेर्दा हेर्दै ऊ त्यो रूखबाट पात झऱ्यो ।

पुरानो गाडी झैं ठसठसी कनेको जिन्दगी
आफैले आफैलाई के के न हुँ भनेको जिन्दगी
ऐना हेर्दा पो बल्ल आज आफैलाई थाहा भयो,
अरूलाई व्यङ्ग्य गर्दागर्दै आफै व्यङ्ग्य बनेको जिन्दगी ।

*- पोखरा, कास्की*



## लक्ष्मण वर्तौला 'विर्खे अञ्जान'

उताव चढाव जिन्दगी यो आखिरमा चल्ने न हो
जति कुल्च माटोलाई अन्तिम त्यही ढल्ने न हो
नबुझेर लोभ, इर्ष्या गर्छन् मारमुङ्गी सधैं,
अन्तिम यात्रा मानिसको चिता माथि जल्ने न हो ।

सबै देख्छु बराबरी आफ्नो लागि ठूलो नहो
छाप्रो, महल, घर भन्नु मान्छे बस्ने दुलो न हो
हानाथाप, लुछाचुडी गर्छन् बाँचुन्जेल,
जिन्दगी त आखिरमा खरानीको धुलो न हो ।

म पानीमा आगो लगाउन हिंड्दै छु
हो क्रान्तिको विगुल जगाउन हिंड्दै छु
कायरहरू युद्धका लागि हतियार खोज्दैछन्
नाङ्गो हातले दुश्मन भगाउन हिंड्दैछु ।

जे-जे भन्यौ त्यही त्यही टारिएन कुनै
दुःख परे पनि आँसु झारिएन कुनै
मुटु माथि ढुङ्गा राखी हाँस्न थालेपछि,
भए जति मनको रहर मारिएन कुनै ।

पढ्नुस् हाम्रो इतिहास, त्यहाँ रगतको टाटो भेटिन्छ
देश खोजेर हर्दम हिंड्नेहरूकै बाटो मेटिन्छ
कसले बनायो, त्यो सालिक कसले लेख्यो इतिहास ?
कठै ! शहीदको शरीरभरि निलडामको खाटो भेटिन्छ ।

*– थाहा, मकवानपुर*



## लक्ष्मी काफ्ले

भनेकै हो आगो र पानीको भर हुँदैन
लामो हात गर्ने बानीको भर हुँदैन
आजभोलि 'लक्ष्मी'को कदर गर्नै छोडे,
देवता सम्झि कसम खानीको भर हुँदैन ।

ठूलो मान्छे हुन त बलियो तक्दीर चाहिन्छ
ढुङ्गा ढोगेर कहाँ हुन्छ सोच गम्भीर चाहिन्छ
कपटको धनले पोल्छ अवश्य पोल्छ मित्र !
आधा पेट खाए पनि उच्च शिर चाहिन्छ ।

उन्युँ फत्रेर फूल भा'छैन प्रिय !
जानी जानी यस्तो भूल भा'छैन प्रिय !
प्यास लाग्यो भन्छौ साह्रै कठोर बन्छौ,
मरूभूमि रसाई मूल भा'छैन प्रिय !

पानीमाथि ओभानो बन्नुहुन्छ कति ?
मझेरी पुर्न आँगन खन्नुहुन्छ कति ?
मेचीकाली अन्माइ छिमेकीलाई दिनुभयो,
तालाचापी पाउँदा भोकै भन्नुहुन्छ कति ।

चट्टानलाई फूल भार हुँदैन
नदीलाई बग्ने दोधार हुँदैन
बचनैले रेटी बचनैले मार्छन्,
रेट्नेजति सबै तरवार हुँदैन ।

*– वालिङ, स्याङ्जा*

## लक्ष्मी थापा

नौनी जस्तो हृदयमा पत्थर बास बस्छ अचेल
आँशु होइन आँखाबाट अग्निज्वाला खस्छ अचेल
लुकिछिपी पराइले घात गर्ने दिन गए,
खुल्लमखुल्ला आफन्तले दिलमा छुरा धस्छ अचेल ।

जति जरो अर्काको खन्दै जान्छ मान्छे
उति धेरै वुद्धिजीवी बन्दै जान्छ मान्छे
वचनवाणले कसैको मुटु छिया पारेपछि,
परोपकार पुण्याय भन्दै जान्छ मान्छे ।

जसले जहर पिउन सक्छ यो शहर उसैको
जो आगोमा जिउन सक्छ यो शहर उसैको
विश्वासघातले चोइटिएको टुक्रा-टुक्रा मुटु,
जो पैसाले सिउन सक्छ यो शहर उसैको ।

हिजोआज खुकुरीको धारमा छ देश
माफिया र विस्तारवादी मारमा छ देश
लुछाचुँडी, भागबण्डा, दलालीकै बिगबिगी,
जीवन अनि मृत्युको सङ्घारमा छ देश ।

जनताको दुख नदेखेनी कुर्सीको तागत देख्न सके
बेलाबखत जी हजुरीसँगै बढाको आँगन टेक्न सके
पुरस्कार, दाम, नामले कायापलट हुनसक्छ जो कोही,
देशकाल, परिस्थिति अनुसार सत्ताको भजन लेख्न सके ।

*– रूपाकोट, कास्की*



## लक्ष्मी शर्मा (एल शर्मा)

गएको साल फर्किंदैन साथी !
समयले कहिल्यै पर्खिंदैन साथी !
समय अनुसार चल्न सिक्नुपर्छ,
बिना दबाब सिसा पनि चर्किंदैन साथी !

बर्षात ऋतुमा पानी किन पर्छ ?
सारेका विरूवा उति खेरै किन सर्छ ?
एक किसिमको कौतुहल उठ्छ मनमा,
मान्छे जन्मन्छ अनि किन मर्छ ?

सित्तै पाए तिनमाना चुक खान्छन् महाशय !
काम गर्न परे मरे भैंं मान्छन् महाशय !
आफ्ना अबगुण सबै बिर्सन्छन् यिनले,
पदमा भइन्जेल आफूलाई भगवान ठान्छन् महाशय !

बन्दुकको खोका झै भयो जिन्दगी
पानीको फोका झै भयो जिन्दगी
जीवन त फूल झैं ओइलीजाने रहेछ,
बलीको बोका झै भयो जिन्दगी !

कामै नगरी किन त्यसै भाकिन्छर
समयले पकाउछ कहाँ त्यसै पाकिन्छर
दिनपछि रात हुन्छ घुमिफेरि आउँछ पालो,
सूर्यलाई हत्केलाले चाहेर नि ढाकिन्छ र ?

*– भैरहवा बहुमुखी क्याम्पस*



## लव गाउँले

चुनाव जित्न पैसाको मुठा फाल्नुपर्छ
एक हूल गुण्डा पाल्नुपर्छ
त्यतिले मात्र कहाँ पुग्छ र साथी !
दोहोऱ्याई-तेहऱ्याई भोट हाल्नुपर्छ ।

सार्वजनिक जग्गामा गरिब सुकुम्बासी बस्यो भने सरकारले धपाइ दिन्छ
सामन्तीले भेट्यो भने अमीनसँग मिलेर नपाइदिन्छ
फटाहाको हात पऱ्यो भने त के कुरा गर्नु र खै ?
हाकिमसँग मिलेर भए पनि चपाइदिन्छ ।

जिन्दगी कतै पिल्सिएर बाँचेको छ
जिन्दगी कतै मात्तिएर हाँसेको छ
यो असन्तुलनको अन्तरालमा बाँचेर पनि,
जिन्दगीले जिन्दगीसँग पिर्ती गाँसेको छ ।

चुनाव जित्न हरेक ठाउँमा मान्छे खटाउनुपर्छ
भ्रष्टाचार गरी कमाएको कालो धन चटाउनुपर्छ
नजिती नछाड्ने हो भने साथी !
श्रीमतीलाई समेत भोट माग्न पठाउनुपर्छ ।

एउटा फूल नफुल्दै झऱ्यो
एउटा जिन्दगी नबुँझदै मऱ्यो
त्यसैले होला तिम्रो घरको बाटो हिंड्दा,
झारपातले पनि आँखा तऱ्यो ।



## लीलाराज दाहाल

साँझमा प्यारको दियो जलाउने कुरा छ
तिम्रै नेतृत्वमा सरकार चलाउने कुरा छ
नजाऊ टाढा कतै बस दिलको वरिपरि नै,
धेरै पछि आज खुशियाली मनाउने कुरा छ ।

प्यारको भाषा बोल्दाखेरि कमाल भइ जान्छ
तिम्रो मनको बस्तीमा त बबाल भइ जान्छ
जति जति जिज्ञासा यो मेटाउँदै जान्छु,
उति उति घुमाउरो सवाल भइ जान्छ ।

बिहानै उसले पूजा थाल्छ फेसबुकबाट
अनि पेटमा चारो हाल्छ फेसबुकबाट
दिनभरि बरालिन्छ फेसबुककै सडकमा,
साँझ फर्की बत्ती बाल्छ फेसबुकबाट ।

आस्था र बिश्वास तिनको खण्डित देखिन्छ
साधु र सन्त नै अक्सर दण्डित देखिन्छ
खै कसरी पो अव यो दुनियाँ इमानले चल्ला,
मूर्ख र लठैत पो अचेल खाँटी पण्डित देखिन्छ ।

छैन पानी ठ्याम्मै लौ यो कस्तो ताल बनायौ
ओठ उदास छ आँखामा आँशु यो के हाल बनायौ
सानालाई ऐन लाउने त पुरानै हो रीति,
ठूला माछा चाहिँ फुत्किए यो कस्तो जाल बनायौ !

*— कर्मैया, सर्लाही*



**लेखनाथ काफ्ले**

कोही मान्छे बिग्रेका छन् कर्म हराएर
कोही मान्छे बिग्रेका छन् धर्म हराएर
सभ्य मान्छे बाटो समाई सधैं हिंड्ने गर्छन्,
कोही मान्छे बिग्रेका छन् सर्म हराएर ।

कोही भन्छन् माया माकुरीको जाल रै'छ
कोही भन्छन् माया जवानीको छाल रै'छ
चलाउन नजाने हतियारले आफैलाई काट्छ,
कोही भन्छन् माया ज्यानै खाने काल रै'छ ।

सहारा कतै नपाए पनि थोरै थोरै फलेको छु
अब दबाइ चाहिदैन भित्रभित्रै गलेको छु
सधैँ बादल लाग्ने देशमा घाम खोज्नु व्यर्थ रै'छ,
पछि आगो नदिनु होला अहिलेदेखि जलेको छु ।

जम्दिन म दही सरि जति हरेस खाए पनि
अघि अघि बढ्छु यहाँ जति दुःख पाए पनि
शुद्ध मनले गरेको काम सबै राम्रो हुने गरोस्,
बिना कसुर डराउँदिन यमराजै आए पनि ।

मिति आफ्नो पुगेपछि पुरानो पात झर्दो रै'छ
जन्म यहाँ लिएपछि एकदिन जानै पर्दो रै'छ
हाँसो, रूवाई, जन्म, मृत्यु चिनीपानी घोलिएझैँ,
देह यतै छोडिएनी, आत्मा कतै सर्दोरै'छ ।

*– वालिङ, स्याङ्जा*



## लेखराम सापकोटा 'निर्दोषयात्री'

सपनीमा धेरै तड्पाउनु पर्दैन
लज्जावती झार झैं सर्माउनु पर्दैन
सामुन्य आई मन खोल्दिए हुन्छ,
स्वीकार छ तिम्रो प्रस्ताव लजाउनु पर्दैन ।

निष्ठुरीको कल्पनामा कति बिते रातहरू
टोलाएर बस्नुपर्दा कति छुटे साथहरू
विश्वास गर्दा सबैलाई घात पाएँ जिन्दगीमा,
औडाहा हुन्छ देख्दा मलाई मान्छेका जातहरू ।

नगदमा अस्मिता लुटिएपछि
एकमुठी सर्जाम जुटिएपछि
यहाँ भन्दा बढी के नै चाहियो र ?
चोखो प्रेमीको दिलबाट छुटिएपछि ।

नयनभित्र संगाल्छु उनीलाई
मुटुभित्र अँगाल्छु उनीलाई
जो सुकैले जे सुकै भनोस्,
हृदयमा बसाल्छु उनीलाई ।

निस्तेज आँखामा लाली छाउनुपर्छ
बचेराहरू आफ्नै गुँडमा निदाउनु पर्छ
कति निश्चल छ्यौ आँचल तिमी,
तिमीले निर्विवाद रूपमा सुसाउनु पर्छ ।

*– गैंडाकोट, नवलपुर*



## लोकनाथ पुडासैनी

किन हो किन अलच्छिना सुसेल्छ
सधैँ आफ्नी आमालाई कुँएल्छ, भुतेल्छ
झन अचेल त ऊ रूद्राक्षमा ऐँजेरू सल्काएर,
धमाधम शमी-पीपल-पारिजात उखेल्छ ।

असली माल बिगारी कु-माल बनायौ
उल्टै सडे गलेका जिनिसलाई सु-माल भनायौ
फेरि तिमीलाई चुँडिएको गाँस्न नि कहिल्यै आएन,
सग्लै पछ्यौरा च्यातेर स-साना रूमाल बनायौ ।

लाग्थ्यो नयाँ विहानी लिएर आउने छौ
यस्तो कसले सोचेथ्यो र तिमी सत्तामै रमाउने छौ
मात्र विगत दशवर्ष अघिका दिनलाई फर्केर हेर त,
हिजो कहाँ थियौ र आज आफूलाई कहाँ पाउने छौ ?

पशुपत क्षेत्रमा सदीयौँदेखि बाँदरहरूको झाँकी छ
मोक्ष प्राप्तिका आपेक्षिकहरूको निकै ठुलो ताँती छ
पार लाउलान् कि भन्यो, भाङ धतुरामै लट्ठिन थाले,
अब त यिनका गालामा चङ्याम्म पार्न मात्र बाँकी छ ।

सधैँ खाइखेलेको गाउँघरमा टेक्नै नहुने भो
सँगै हुर्के बढेका साथीसँगी नि देख्नै नहुने भो
भित्री बारीमा दाइँ हाल्न पल्केका छाडा साँढेहरूले,
कथित खस, आर्य र गाई त देख्नै नहुने भो ।

– *गोरखा*



## लोकनाथ भुषाल 'घायलश्री'

किन्न पाइएपछि इमानहरू
बिक्रिमा राखिएकाछन सम्मानहरू
लाशमाथि पैसाको माला देखेपछि,
ब्युँतिएका छन पत्थरका भगवानहरू ।

चुहिने छानो टाल्नलाई परदेशिन लेखेपछि
तमसुकमा शुन्य थपेकै हो उसलाई डाडाले छेकेपछि
श्रीमती छक्क परिन, बाबू आमा निन्याउरा थिए,
साहु रूँदै थियो परदेशिलाई काठको बाकसमा देखेपछि ।

उनले हुन्छ भन्दा मेरो जाँगरै चलेन
बिस्तारै छुन्छ भन्दा मेरो जाँगरै चलेन
बेपत्ता ती आमा सम्फि कठै ! त्यो दुधे बालक,
रातभरि रून्छ भन्दा मेरो जाँगरै चलेन ।

पहिचान नछुट्टिने चित्रको बजार छ अचेल
सम्बन्ध खामभित्रको बजार छ अचेल
आमा समुहको अध्यक्षमा निर्वाचित भएपछि,
मेरा पुरूष मित्रको बजार छ अचेल ।

तिम्रा मनका कुरा म के जानू
मनभित्रका अधुरा म के जानू
उसका लागि बजाकी रहिछौ,
जातका राता चुरा म के जानू ।

*– पर्वत*



## लोकहरि पाण्डेय 'क्षितिज'

रगतको टीकाले पूजारी शुद्ध हुन खोजेपछि
जीवनमार्ग यसरी अवरूद्ध हुन खोजेपछि
सधैंभरि त्रासमा कसरी बाँच्न सकिन्छ ?
जो हो 'हिटलर' उही यहाँ बुद्ध हुन खोजेपछि ।

जूवामा मान्छे नार्ने बेला आएको छ
नमर्दै जूठो बार्ने बेला आएको छ
नेता बन्न त्यसै पाइँदैन नि हजुर !
चुनावमा नराम्ररी हार्ने बेला आएको छ ।

झण्डा बोकेर आलु मान्छे यतै आएको छ
भन्छन् उसले यसपालीको टिकट पाएको छ
भोट दिन यसपालि विचार पुऱ्याउनु नि साथी !
अरबौं अरब राष्ट्रको उसले रकम खाएको छ ।

सन्ध्या अघि नै धरतीमा जून पोखिन थाल्यो
विद्वतालाई यहाँ पैसामा जोखिन थाल्यो
जवाफै दिन नसक्ने लाटो रहेछ सरकार,
नचुठेरै हात मुख यसरी चोखिन थाल्यो ।

मुसाले बिरालो माऱ्यो यो त अचम्म भो
खराबका कुरा छोड, पानी पिएर झम्म भो
देखेकै हो रूखका हाँगामा फल फलेको,
उफ् ! कसरी आज पातमै लटरम्म भो ।

*– विर्घा, स्याङ्जा*



## लोकेन्द्र पौडेल 'डहरे'

चामलसँग पिठो साट्नेहरू कहाँ पुगे
टुप्पोबाट फेदतिर काट्नेहरू कहाँ पुगे
जहाँको त्यहीँ रहिस् तँ डहरे भनाउँदो,
हिजोसम्म सिँगान चाट्नेहरू कहाँ पुगे ।

बन्दी गृहमा छिरेको मान्छेलाई
को उठाउँछ तल गिरेको मान्छेलाई
गर्दैन माया कोही कसैले गर्दैन,
प्राणघातक बन्दुक भिरेको मान्छेलाई ।

दूध छैन मसँग, खीर कसरी दिऊँ ?
आफैं निर्वस्त्र छु, चीर कसरी दिऊँ ?
बरू मृगौला मागे के-कसो हुन्थ्यो,
यो गर्धन काटेर शिर कसरी दिऊँ ?

विचित्रको जिन्दगानी छ मेरो
मासी छैन हड्डीमा पानी छ मेरो
नगरौं भने पनि चाकडी हजुरको,
चाकडी नै गर्नुपर्ने बानी छ मेरो ।

मर्नु अघि बारबार मर्नुहुन्छ भने
सदा पछाडि मात्रै सर्नुहुन्छ भने
मान्छेको दर्जा दिन्नँ म तपाईंलाई,
यदि पीठबाट प्रहार गर्नुहुन्छ भने ।

*– जिनाखु, सिन्धुली*

## सत्यनारायण दहित

त्यो आगोले ढुंगालाई नि गलाउन सक्छ
झुपडी हैन दरबारलाई नि ढलाउन सक्छ
आगो झोस्ने अवसरवादीहरूलाई के थाहा-
त्यो आगोले आफैलाई नि जलाउन सक्छ ।

ऊ पनि मान्छे हो बाँच्ने आधार हुनु पर्छ
झुपडीमा पनि सुन्दर संसार हुनु पर्छ
एकमुठी मानोले केही हुँदैन सरकार-
गरीखान सीप अनि रोजगार हुनु पर्छ ।

म मौन छु तर म भित्रको विद्रोहलाई मारेको छैन
अलि ओझेल भएको हुँ पाईला पछि सारेको छैन
अहिले नै विजयोत्सव मनाउनु तिम्रो भुल हुनेछ-
महाशय ! म लर्खराएको मात्र हुँ अझै हारेको छैन ।

अझै पनि हुने खानेकै शासन टिके पछि
बोल्नै नपाई निर्दोषका जिब्रो झिके पछि
कहाँ गएर न्याय माग्लान् गरीब जनताहरू-
देशकै कानून खुलेआम पैंसामा बिके पछि ।

तिमीले सोंच्नु पर्थ्यो कदम चाल्नु पहिले
मेरो छाप्रो जलाउन आगो बाल्नु पहिले
अब तिमी पन्छिएर भाग्न सक्दै सक्दैनौं-
सोंच्नु पर्थ्यो आगोमा घिउ हाल्नु पहिले ।

*– धनगढी, कैलाली*

## संजय घिमिरे

पाखे ठहरिन्छ खाँदिन भन्नु ठिक हुँदैन
देश अनुसार भेष नगरे आधुनिक हुँदैन
साथी भाइ हुँदैनन् अटाउँदैन जमघटमा,
अचेल रौसी नखाने मान्छे सामाजिक हुँदैन ।

खसखस भा'छ मलाई लाग्छन कि लाग्नन् होला
फेरि अन्तै जलाउनलाई लाग्छन् कि लाग्नन् होला
एउटा दिलमा आगो झोसि अर्कै संग जाँदै गर्दा,
चाहिन सक्छ भनि सलाई लाग्छन् कि लाग्नन् होला ।

सुख दुख  त्यस्तै हो रोगी नबनोस् यत्ति भए पुग्छ
कसैले दुश्मनहरूको लिष्टमा नगनोस् यत्ति भए पुग्छ
भलै मलामी कमाउन नसकुँ गुनासो रहन्न ए जिन्दगी ?
तर कसैले मरेछ ठिकै भो नभनोस यत्ति भए पुग्छ ।

स्वतन्त्र भै घुम्न डुल्न बन्देज लगाइन्छ
स्वेच्छाले फल्न फुल्न बन्देज लगाइन्छ
छोरालाई जे गर्दा नि छुट हुने समाजमा,
छोरीलाई हाँस्न खुल्न बन्देज लगाइन्छ ।

जब सुन्दर रूपको आकर्षण प्रचुर भैदिन्छ
दिलको ढोका खोल्न हरकोही आतुर भैदिन्छ
आनीबानी सोंच बिचार मन पर्दैन बुझ्दै जाँदा,
अनि कुरूप लाग्न थाल्छ,सम्बन्ध नै झुर भैदिन्छ ।

*– पाणिनी, अर्घाखाँची*



## सञ्जय मित्र

दिन ढल्छ तर समय गल्दैन
चञ्चल पानी हो, खोला बग्दैन
समयले व्यवहारमा परिवर्तन गर्ला
सिद्धान्त उही आदर्श ढल्दैन ।

आएको छ यो दिन शताब्दियौँ पर्खेर
युगयुग भरिको रगत पसिना खर्चेर
आगतलाई पनि गुलाम बनाउनुछ
तिमीहरू, समय नबिताऊ बढी तर्केर ।

तिमीले मलाई पायौ कि पहिले तिमीलाई मैले पाएँ
रोयौ कि रमायौ पाएर, मेरो यो जुनी नै मैले पाएँ
तिम्रै सबैथोकमा म आज गर्न पाएको छु गर्व जो,
म तिम्रो र तिमी मेरो हुँदा, आफ्नै शिर ठाडै मैले पाएँ ।

नयनमा फूल राखेर हेर्दा वसन्त सुहाउँछ बाह्रै मास
सुन्दर मनको सुगन्धित पुष्प सुहाउँछ बाह्रै मास
आफ्नो दुनियाँ मानिसले बनाउने हो आफैले क्यारे,
प्रेमको नाता जोड्ने हो भने यो सुहाउँछ बाह्रै मास ।

उपकारै गर्दा पनि कोही किन गर्छ सधैँ बेइमानी
स्वार्थ पूरा गर्न हान्छन् निस्वार्थ छानी छानी
युग र जमाना अब साँच्चिकै पल्टेछ क्यारे,
निष्ठाको मोल तोक्छ जमाना आफै जानी जानी ।

*– मित्रनगर, रौतहट*



## सन्तोष काफ्ले 'स्पन्दन'

अरू सहनै सकिन्न तर श्रीमती सहिन्छ चुपचाप चुपचाप
अगाडी नै लगाइन्छ आफु पछि  भइन्छ चुपचाप चुपचाप
जब  आसपास सुनामी आउँदैन, म खहरे बनेर गर्जिन्छु,
सामुन्ने उनी आउँछिन नदी जस्तै बहिन्छ चुपचाप चुपचाप ।

हुँदैन भन्दा भन्दै पनि केहि भैदिन्छ
जे नहुँनु थियो आखिर त्यही भैदिन्छ
सिकोइन्स मिल्ने खेल न हो जिन्दगी
एकलाई अल्टर अर्कीलाई सही भैदिन्छ ।

भन्दैमा कोही पनि उडेर चन्द्रमा छुँदैन
नकाम मान्छे हुन्छ जसको लक्ष्य हुदैन
निदाउँदा देखिन्छ त्यो सपना हुँदै होइन,
सपना त त्यो हो जसले निदाउँन दिदैन ।

जालझेल चलखेल गरेर पनि मान्छे बिक्नुपर्नेछ
सम्बन्ध टेकोले अड्याएको मन्दिरझै टिक्नुपर्नेछ
ईमानदारीको नकाबमा खुट्टातान्ने लुकिरहन्छ,
छेपाराले रंग फेर्ने कला मान्छेसंग सिक्नुपर्नेछ ।

छालहरूले पत्थरसंग किन दुश्मनी लिन्छ
पटक पटक किनारा आउँछ उल्टै ठोकिन्छ
मझधारको माझी जस्तै छ यो जिन्दगी पनि,
कागजको डुङ्गा पानीमा कतिन्जेल अडिन्छ ।

*– वालिङ, स्याङ्जा*

## सविन शर्मा 'सौगात'

त्यो यौवन को मदिरा पिलाए, पो गजल बन्छ
नजर सँग मेरो नजर मिलाए, पो गजल बन्छ
गजल सुनाउ सौगात, भन्दै खिर बोकि आयौ,
तिम्रैहातले दुइचार चम्चा खिलाए, पो गजल बन्छ ।

हुनेभो वार या पार थाहा हुनेछ
कलम ठूलो या तरवार थाहा हुनेछ
सक्छ्यौ भने मलाई छोडेर त हेर,
यसै बस्छु या जोड्छु घरवार थाहा हुनेछ ।

कहिले पिएँ मिसाएर पानी सरावमा
अनि पिएँ सक्काएर जवानी सरावमा
आजभोलि म व्यर्थै पिइरहेछु तिम्रो यादमा,
पिउन मन छ पन्छ्याएर प्रेम कहानी सरावमा ।

मनका केही चोट पीडा पखाल्नलाई पिएँ
फाटेकोथ्यो मन अनि टाल्नलाई पिएँ
धेरै भाथ्यो तिम्रो तस्वीर नदेखेको यी नयनले,
आज देखेँ आँसु बग्यो, मन सम्हाल्नलाई पिएँ ।

तिमीलाई लिन डोलि लिई आउनेछु मेरी परी
तिम्रो सिउँदो मेरै हातले रङ्ग्याउनेछु मेरी परी
स्वर्गद्वारी, माँझकोट हुँदै प्युठान को सेरोफेरोमा,
मास्टरबा को ज्वाईंनाम कमाउनेछु, मेरी परी ।

*– गुलरिया, बर्दिया*



## सरस्वती श्रेष्ठ 'सरु'

फुल्न त फुल्छ फूल दुःखमा आधा फुल्छ
संसारमा कतै अवसर फुल्छ, कतै बाधा फुल्छ
कैले घाम, कैले छायाँ, यस्तै छ जिन्दगानी,
सपना रङ्गीन भए पनि जीवन साधा फुल्छ ।

अनुहार होइन उसको आचार हेर
कहाँ उभिएको छ ऊ आधार हेर
झल्किन्न अनुहारमा उस्को कुटिलता,
सबैभन्दा पहिले आनिबानी र व्यवहार हेर ।

मृत्युसँग लड्नेहरूलाई सासकै छ चिन्ता
एकटुक्रा जमिन नहुनेलाई बासकै छ चिन्ता
बिहान खाए बेलुका के खाऊँ छाक टार्नै मुस्किल,
मजदुर गरी खानेहरूलाई गाँसकै छ चिन्ता ।

टेकी उक्लने खुड्किलो नभेटी झरेकाथ्यौ बिर्सियौ ?
यही माटोमा हो जरा गाडेर सरेकाथ्यौ बिर्सियौ ?
नभेटी जंघार तार्ने कोही माझी र डुङ्गा किनारमा,
मेरै हात समाति समाति नदी तरेकाथ्यौ बिर्सियौ ?

मेरो आँखामा सपनाको एउटा शहर छ
ढुङ्गालाई कुँदी मूर्ति बनाउने रहर छ
शुष्क रहने छैन अब यो पाखापखेरा,
यी आँखामा अविरल बग्ने नहर छ ।

*– पोखरा, कास्की*



## सरिता खड्का 'सरू अनामिका'

सोचेजस्तो जिन्दगी सुखमय हुने भए
जस्तो चाहियो त्यस्तै यो समय हुने भए
कसले पो बिताउँदैन र जीवन खुशीमा,
विजय सँगसँगै पराजय नहुने भए ।

आश्वासन दिएर पर्खाउनु पर्छ भन्ने छैन
यसै धुजा छ मन चर्काउनु पर्छ भन्ने छैन
सहने बानी परिसक्यो मेरो, यति बुझे हुन्छ
हर प्रश्नको जवाफ फर्काउनु पर्छ भन्ने छैन ।

साथ मागेर कहाँ जान्छौ तिमी ?
भन न भागेर कहाँ जान्छौ तिमी ?
यो दिलभित्र तिम्रै नासो छ सुरक्षित
अचानोमा राखेर कहाँ जान्छौ तिमी ?

मेरो भाग्यले मृत्यु छेकेर होला
रसायनले बचाउन लेखेर होला
उपचारमा पनि शंका लाग्न थाल्यो
देशमा नक्कली डाक्टर देखेर होला ।

आमाले लगाएको सारी देखेर रून्छु
केही नउब्जिने पाखोबारी देखेर रून्छु
माया लागेर आउँछ अरू खै के गरौ ?
भर्ने बेला रित्तो भकारी देखेर रून्छु ।

*– पोखरा, कास्की*

## सरोज संगम

भएँ आज समुन्द्र, पारी, मजै भएन
छोडी आउदा, घरबारी, मजै भएन
हो बाध्यताले, लाग्नु पर्ने परदेशमा,
आँखै भरी आँसु झारी, मजै भएन ।

आउँछु पक्कै ती मुहारमा, मुस्कान लिएर
अनि  दुनियाको सामुन्ने, छुट्टै शान लिएर
परदेशी हुनु रहर होइन,बाध्यता हो आमा !
फर्किनेछु सकुशल, खुशीको बगान लिएर ।

यो कालो राजनीति, पढेर के फाईदा
हामी भाइभाइ व्यर्थै, लडेर के फाईदा
आपत पर्दा हेर्ने त,आफ्नैले हो हजुर !
दुई दिन अर्कैको, बुई चढेर के फाईदा ।

दुख आउछ आड भरोसाको, बदर गरियो भने
खुशी छाउँछ माया बिश्वासको, भर गरियो भने
एउटा खुसियाली जिन्दगी, गुमाईएला होस गर,
ब्यर्थै पत्ता बिना, गगन चुम्ने रहर गरियो भने ।

जिन्दगी जिउन नि,एउटा सच्चा यार चाहिन्छ
त्यस्तै सहयात्रामा, रंगिन मिठो प्यार चाहिन्छ
मुखले मात्र ठिक्क पार्दैमा, साँचो माया हुँदैन,
सत्यता त प्यार पनि, वचन अनुसार चाहिन्छ ।

*– बेनी, म्याग्दी*

## सागर 'पीडित'

व्यथाहरू छन्, पीरहरू छन् अझै पनि
पखाल्नै बाँकी शरीरहरू छन् अझै पनि
भोको थियो, कचौरि लिई बसिरह्यो,
टुलुटुलु हेर्ने मन्दिरहरू छन् अझै पनि ।

एउटै कोखका दाजुले सौता खोजे पछि
भाइ-भाइमा साइनो अर्को यौटा खोजे पछि
मेरी आमा रूँदै-रूँदै यसो भन्थिन्,
के दिउँ जवाफ भत्काएर मन्दिर देउता खोजे पछि ।

कुन मसीले लेखुँ सादा सेतो हो जिन्दगी
आमा भन्नुहुन्छ, गोरेटो हो जिन्दगी
यति धेरै... दुःख हुँदाहुँदै पनि,
कसरी भनुँ पलाउँछ, पखेटो हो जिन्दगी ।

साँच्ची जीवन जिउन गाह्रो हुन्छ अरे !
फाटेको मन सिउन गाह्रो हुन्छ अरे !
मदिराको स्वाद, मिठो कहाँ हुन्छ र ?
सुरू-सुरूमा पिउन गाह्रो हुन्छ अरे !

खुसी थिइन आमा छोराको उपहार थियो
लाग्छ आमाको माया अपार थियो
यसरी (मर्छिन) भन्ने कसलाई के थाहा ?
धागोले बाँधेको चिठ्ठी बेकार थियो ।

*– उवा, रोल्पा*

## साधुराम लामिछाने

सोच्दैछु किन हेपिन्छ कर्णाली सिंहदरबार बाट
सायद कमजोर देखिन्छ कर्णाली सिंहदरबार बाट
बलि दिने पशुको गला रेटेझैँ अक्सर,
किन रेटिन्छ कर्णाली सिंहदरबार बाट ?

न स्वार्थ, न लोभ, न पढाई, न त कमाइ हेरेर
उठाएँ आवाज, उत्पीडित वर्ग अनि समाजलाई हेरेर
हिजो बन्दुक थमाउनेले आज अयोग्य बनाइदियो,
पैसा, पहुँच, तौल, छाती अनि उचाई हेरेर ।

सडक बालक रमाउँछन् पानी बेचेर
कोहि मालिक बन्छन कसैका जवानी बेचेर
मेरो एउटा प्रश्न छ, यी दलालहरूलाई,
कति पैसा कमाउँछौ राहदानी बेचेर ?

कसै प्रति झुकाब छ आजभोली मेरो
त्यसैले दिनरात तनाब छ आजभोली मेरो
कहिलेकाहीँ सपनीमा उनि आउँछिन् कि भनि,सिरानीमै गुलाब छ
आजभोली मेरो ।

यो ओरालो, उकालो कहिल्यै टुटेन
कसैको जीवनभर धरालो कहिल्यै टुटेन
गहभरि आँसु पार्दै आमा सुनाउनुहुन्छ,
बाबू ! ढिकी, जाँतो, कोदालो कहिल्यै टुटेन ।

*– नामजुङ, गोरखा*

## सिर्जना शर्मा

बैंशलाई फुलाएर सेताम्य शिरका केशहरूमा
रहरहरू लुकाएर बुढ्यौली मनका परदेशहरूमा
बिहान पक्कै आउँछ भन्ने विश्वासमा रात काटेर
जीवन जोगाउन खोजिरहेछु प्राणका अवशेषहरूमा ।

पहाड कोपरेर अलिकति मैदान बनाउन पाए
हिमाल सोहरेर बस्तीका बाली पटाउन पाए
सोचेजस्तै हुन्थ्यो होला जीवन प्रिय !
म तिमी नै भएर यो जीवन कटाउन पाए ।

जिन्दगी दुर्घटनाको दर्दनाक घाउभैं दुखिरहेछ
जिन्दगी खडेरीको घाममा बिस्कुनभैं सुकिरहेछ
अलमल्लमा छु कसरी पार लगाऊँ यसलाई,
आत्मबलको बत्ती पनि धरमराउँदै भुकिरहेछ ।

न भाग्यमा रहरलाग्दो सुन्दर फूल फुल्यो
न कर्म नै भाग्य हो भन्ने चेतनाको आँखा खुल्यो
फगत सोचका उडानहरूमा टाढा-टाढा लखेटिंदै
जीवन कुहिरोको कागभैं बादलको देशमा डुल्यो ।

मुटु छियाछिया भए पनि कृत्रिम हाँसो हाँस्दै रमाएँ
आँखाभरि आँसु साँचेर साँझहरूमा दीपावली मनाएँ
जिन्दगी के रहेछ भनेर परिभाषा दिऊँ खै ?
सिर्जनाको धुनमा बग्दै म आफू आफैभित्र हराएँ ।



## सीता शर्मा 'उपासना'

ए फूल ! 'भँमराले लुट्ला कतै
अनमोल जवानी छुट्ला कतै,
बेहोसीमा खेलवाड नगर्नु नि,
सुमधुर जीवन यात्रा टुट्ला कतै ।

गजबसँग विशिष्ट हुनुभएछ,
अग्रज भन्दा वरिष्ठ हुनुभएछ
घरदैलो घिउ लगेरै भए पनि,
साहित्यिक फाँटमा ईष्ट हुनुभएछ ।

सबैले आफूलाई निर्दोष र जाति भन्छन्,
दाउपरे दिनलाई पनि राति भन्छन्,
आफ्नो ढाडमा भैंसी हैन, देख्छन् अरूकोमा जुम्रा,
मौका परे चोरलाई पनि साथी भन्छन् ।

खाक भई सकें मत खरानी पनि छैन बाँकी
लुटिएछ समय मेरो, जवानी पनि छैन बाँकी
कति झरे हुन् फूलहरू, म जस्तै पतकर बनेर,
साँचो अर्थमा यो जीवनको कहानी पनि छैन बाँकी ।

आफ्नै मुटु ठीकै थियो, गाँस्नु किन परेथ्यो मलाई कुन्नी,
उब्जे जति रहर छातिमा साँच्नु किन परेथ्यो मलाई कुन्नी
हार मेरो हो या जीत अरू कसैको अनभिज्ञ छु आफैंमा,
अभिनयमा बारम्बार हाँस्नु किन परेथ्यो कुन्नी मलाई ?

*— आसाम, भारत*



## सुनिल अधिकारी

अमृत किन चाहियो निरोगी काया भए पुग्छ
अँध्यारोमा साथ दिने आफ्नै छाँया भए पुग्छ
हजार बाटो पनि कम लाग्ला छोडेर जानेलाई,
साथ नछोड्नेलाई यहाँ एउटै माया भए पुग्छ !

हजार प्रणयका अनुनय निवेदन तोडेर आएँ
बाटो छेक्नेको भीडबाट यो मनलाई मोडेर आएँ
रूप र यौवनको विज्ञापन भो नगर मेरो सामु,
बूँदको लोभ देखाउँछौ, म सागर छोडेर आएँ !

कसरी हिसाब बुझाउँ मेरा आँसु रूपी जलहरूको
अलिखित तिम्रा ती बाचा अघोषित ती छलहरूको
भन्नेहरू भन्छन् नै मायामा हिसाब हुन्न भनेर,
दुरूस्तै हिसाब छ तिमीसङ्ग छुट्टिएका पलहरूको !

अव्यक्त सारा भावनाहरूले मूर्त रूप लिए जस्तो
जन्मौंको प्यास मानौं एकै घुट्कोमा पिए जस्तो
जिउने ढंग नजान्दा जिन्दगी थोरै लाग्न सक्छ,
जान्नेलाई एकै जीवन हजार जीवन जीए जस्तो !

खुसीको एकपल काफी दुःखको भारी साट्नलाई
एक छनक किरण भए पुग्छ बादल फाट्नलाई
जति नै सुकै तेज धार किन नहोस् त्यो छुरीको,
दियो नै काम आउँछ आखिर अँध्यारो काट्नलाई !

— *काठमाडौं*



## सुचित्रा खनिया

पूर्वमेचीदेखि पश्चिम महाकाली हुँ म
भन्छु गर्वले यौटै जात नेपाली हुँ म
खुकुरीकै भरमा झुकाएको हो बन्दूक,
इतिहास बोल्दछ वीर गोर्खाली हुँ म ।

खाएको नून नसम्झिने भातृत्व काम छैन
लाएको गुन नसम्झिने नेतृत्व काम छैन
अनुशासन र हार्दिकता पालना नगर्नेहरू हो,
याद रहोस्, विवेक विनाको अस्तित्व, काम छैन ।

बस्ती ढलेको छ
मुटु जलेको छ
बेचैनी छ मनमा
आँधी चलेको छ ।

उदासी यो मन हँसाउने उनै हुन्
मायाको संसार बसाउने उनै हुन
धर्तीमा बसेर आकाशका तारा,
म सक्दिन गन्न, खसाउने उनै हुन् ।

जसको खुबी छैन केही उस्कै बढी पोज हुन्छ
जस्ले गर्दैन परिश्रम उस्कै बढी भोज हुन्छ
ओहो ! हजुर कस्तो आयो जमाना पनि,
घरमा छिन् आफ्नी किन अर्को खोज हुन्छ ?

*– खैरहनी, चितवन*



## सुजु भुजेल

भित्ताले सुन्छ र पोल खोल्छ भनेर बोलिनँ म
घरको यादले झैँ आगोले पोल्छ भनेर बोलिनँ म
म त तिनै तस्बिरहरूसँग गफ गर्न चाहन्छु,
मेरासामुका तस्बिरहरू बोल्छ भने त बोलिनँ म ।

गुन्यु मन परेन रे उसलाई, चोली मन परेन
गाउँकी ती छोरीको नरम बोली मन परेन
आमा खोज्छिन् बुहारी भविष्यलाई हेरी,
उसलाई भने उज्ज्वल त्यो भोलि मन परेन ।

मुटुभरि पीडैपीडा हुँदा पनि हाँसिदिन्छु
यादहरूको स्पर्शले छुँदा पनि हाँसिदिन्छु
साँच्चै नै म मान्छे अलि अजीव छु हजुर !
के भनुम् म त हजुर रूँदा पनि हाँसिदिन्छु ।

जीवन खोज्दा उसले म धुकधुकीजस्तै भएँ
महँगो महँगो मिठाई रोज्दा कुकीजस्तै भएँ
म पुरानो जमानाको हुँ कि ऊ नै अग्रस्तरको,
लोडसेडिङमुक्त रोज्दिँदा म टुकीजस्तै भएँ ।

कसले होला वाद र प्रतिवाद बनाको
पन्छीलाई मात्र किन आजाद बनाको
प्रेम गर्न त हाम्लाइ नि स्वतन्त्र होस्,
स्वतन्त्रता छैन त किन याद बनाको ।

– *सिन्धुली*



## सुशीला विडारी (सुधा आचार्य)

एक्लै टोलाउँदा जब चन्द्रमा देखें रात रहेछ थाहा भो
नजिक आएर मिठा कुरा गर्नेमा घात रहेछ थाहा भो
निर्लज्ज अरूको यौवनमाथि आफ्नो स्वामित्व जमाइ,
सम्बन्धको सागरबाट अलप हुने मान्छेको जात रहेछ थाहा भो ।

पानीले शरीर रूझाउँदा वर्षायामको अनुभव भयो
हिलोले चौबाटो भिजाउँदा वर्षायामको अनुभव भयो
खोल्सा, खहरे पनि त वैंशले मैमत्त भएछन्,
गेगरले पैतला बिझाउँदा वर्षायामको अनुभव भयो ।

चरोट, सूर्ति नखाउ भनें यसमा मेरो के दोष छ ?
दिउँसो भट्टी नजाउ भनें यसमा मेरो के दोष छ ?
मोजमस्ती, ऐस आराममा सिङ्गो जिन्दगी चल्दैन,
नराम्राको पछि नधाउ भनें यसमा मेरो के दोष छ ?

के थियो र मसँग लुट्छु भनी तम्सन्छौ तिमी
आखिर गल्ती के भयो ? कुट्छु भनी तम्सन्छौ तिमी
तिम्रो सबै चाहना पूरा हुनैपर्छ भन्ने छ र ?
दुनियाँको सामु निसंकोच भुट्छु भनी तम्सन्छौ तिमी ।

थुनि दियौ पिंजडामा चरी नभए पनि
विछ्यायौ खुला सडकमा दरी नभए पनि
दुनियाको नजर मै माथि वर्षिन्छ किन ?
रूझायौ तनमन आखिर झरी नभए पनि ।

*— धादिङ*



## सुशील अर्याल

प्रदेश हुँदा पिर मान्न हुन्न भनेनी,
तस्वीर हेरी स्पर्शले छुन्न भनेनी
मन थाम्न सकिन याद आयो आमा !
एकान्तमा एक्लै बसि रून्न भनेनी !

दिन्छौं भन्थ्यौ निकास खै त सरकार ?
पीडितलाई गास बास खै त सरकार ?
सधैं प्रदेशीले रेमिट्यान्स पठाएकै छन,
संवृद्धिको शिलान्यास खै त सरकार ?

हिजो भन्दा आज उमेर बढ्दै गयो झन
बढ्दा उमेर भित्रभित्रै आत्तिने यो मन
अहिले दशथरिको पिर चिन्ता हुने थिएन
फिर्ता ल्याउन मिल्ने भए फेरि बालापन !

समस्याको समाधान गर्ने कडी भैदिए
विश्वभर मेरै अधिनमा चल्ने घडी भैदिए
यो प्राणि जगतमा कोही दुखी हुँदैनथ्यो,
जे भन्यो त्यही हुने जादुको छडी भैदिए !

जीवनजल ओखती गोली देउ सरकार
गरिबका केही कुरा बोली देउ सरकार !
सधैं निदाएर माथि उठ्दैन हाम्रो देश,
ढिला भयो आँखा  खोली देउ सरकार !

*– वालिङ, स्याङ्जा*



## सुवास गिरी

एकपछि अर्को गरी नक्सा कोरिँदैछ
बारम्बर दसगजाको पिलर फोरिँदैछ
छिमेकीले मेरो घरमा प्रवेश गरेपछि,
देख्दैछु म, मेरै घरको बुद्ध चोरिँदैछ ।

म जान्दिनँ किन तिम्रो शरण पर्छु म
राजी हुन्नौं भने तिमीलाई हरण गर्छु म
तिमी बिना यदि एक्लै जीवन काटनु परे,
यस्तो लाग्छ छिट्टै मृत्यु वरण गर्छु म ।

ऊसँग तिम्रो एकदिन घरबार हुन सक्छ
उसको मन तिम्रो लागि दरबार हुनसक्छ
यहाँ कसलाई के थाहा छ र भोलिको कुरा,
भोलि त्यही मन तिमीमाथि तरबार हुनसक्छ ।

नजुधाई आँखा तरेको पो राम्रो
लुकीछिपी माया गरेको पो राम्रो
दुःखमा त परेली जसको पनि भिज्छ,
खुशीमा हर्ष आँशु झरेको पो राम्रो ।

जित हुन सक्छ, अथवा हार हुन सक्छ
हाम्रो माया अमर भई प्रचार हुन सक्छ
जबसम्म यो समाजमा भेदभाव हुन्छ,
सचेत हुनु हामीमाथि प्रहार हुनसक्छ ।



## सुमित गिरी 'स्मित'

कतै पर्दामा कतै छातिमा सजाइन्छ
दिनमा भन्दा बढी रातिमा सजाइन्छ
स्वतन्त्रताको नाममा, अधिकारको नाममा,
नारीलाई नानाभाँतीमा सजाइन्छ ।

थुङ्गामा ढुङ्गाको चोट हुनुपर्छ
अलिकति भावना विष्फोट हुनुपर्छ
चाहेदेखि नहुने के नै छ र यहाँ ?
गर्छु भन्ने आफूमा अठोट हुनुपर्छ ।

विश्वासको त यहाँ अभाव हुँदैछ
ढाँट्ने त सबैको स्वभाव हुँदैछ
धेरै सोच्नू कसैलाई मन दिनुभन्दा पहिला,
जमाना झन् झन् खराब हुँदैछ ।

म मरे नि मेरो कृति बचाएर राख्नू
जुनीभरलाई स्मृति बचाएर राख्नू
मरेपछि फर्केर को आउँछ र ? बारम्बार,
सागरजस्तो चोखो प्रीति बचाएर राख्नू ।

खोजेर कहीँ भेटिनँ कहाँ छौ कहाँ
आतुर छु मुटु दिन कहाँ छौ कहाँ
बोलाइरहन्छ मुटु चिहाइ रहन्छन् आँखा,
एक्लै जिउन सकिन कहाँ छौ कहाँ ?

*– मगरागाडी, बर्दिया*



## सूर्यप्रसाद तिमिल्सिना 'असफल'

भ्रष्टाचारी नेताले गर्दा मनोमानी किनेर खानुपर्छ,
जनता मौन हुँदा सबै जानीजानी किनेर खानुपर्छ,
नेपाली भएकोमा गर्व गरूँ कि दुःख ब्यक्त गरौँ खै?
हो जलस्रोतको धनी देशमा पानी किनेर खानुपर्छ ।

साहुसँग घरखेत फिर्ता लिन्छु भन्दै थियो,
बजारको छेउमा घडेरी किन्छु भन्दै थियो
मेसिनमा परि ज्यान गुमाउनु अघि हर्कले,
बा–आमालाई सुख सन्तोष दिन्छु भन्दै थियो ।

नेपालीपन झल्काउने लुगाफाटो पठाइदिनु आमा
मिल्छ भने हजुरले खाने आटो पठाइदिनु आमा
तलब माग्दा,दोषी बनी,जन्मकैद भोग्दैछु खाडीमा,
स्पर्श गर्छु मर्नु अघि देशको माटो पठाइदिनु आमा ।

रोजगार खोज्दै, बिदेशीने क्रम, घटाएर मनाउँला
देश विकासमा युवा शक्ति खटाएर मनाउँला
अब आउने नयाँ बर्ष, हामी सारा नेपालीले,
यो नेपाल बन्द भन्ने पर्व हटाएर मनाउँला ।

आफ्नै सानो खरको झुपडीमा रमाउने ब्यक्ति हुँ,
सभा हैन चौतारीमै महफिल जमाउने ब्यक्ति हुँ
कति कृति निकालिस् भनी नसोध्नुस् महोदय !
परिवार पाल्न धौ-धौ पर्ने धन कमाउने ब्यक्ति हुँ ।

*– फेदीखोला, स्याङ्जा*



**शम्भु अर्याल**

पैतालाको धुलो चाटि चुनाव जित्छन् नेताहरू
बगैचाको फूल लुटि आफ्नै स्वार्थ खिच्छन् नेताहरू
बेला बखत चुनावमा थोत्रा भाषण पड्काएर,
ढकमक्क फुलेका फूल पैतालाले किच्छन् नेताहरू ।

बलियो घर बनाउन जग बलियो हाल्नु पर्छ
मक्किएको खाँबो दलिन जरैदेखि फाल्नु पर्छ
लोकतन्त्र भनेर सामन्तको बिउ रोप्नेलाइ,
एक - एक पहिचान गरी निमेषमै ढाल्नुपर्छ ।

भन्ने गर्थे धरतीलाई काँधमा बोक्छ
ब्वाँसो, स्याल, फ्याउरोलाई अवस्य टोक्छ
जुन जोगी आएपनि कानै चिरेको,
यो माटोको असल बिचार कुन मोहले रोक्छ?

होसियार सिंहहरू अब पछि फर्किन्नन् युवाहरू
रगतले मातेका ति दाँत सँग तर्सिन्नन् युवाहरू
युवासँग बल मात्र होइन मष्तिष्क छ,
ति बङ्गारा नफुकाली रती भर सर्किन्नन् युवाहरू ।

रातदिन श्रम गर्ने किसानहरू खेतमा छन्
ढल्या सिन्को नभाँच्ने नेताहरू जेटमा छन्
समयमै बिचार पुऱ्याउ भोको बिष्फोट ठूलो हुन्छ,
हिसाव किताव गर्न अब किसानहरू नेटमा छन् ।

*– वालिङ, स्याङ्जा*

## डा. श्यामप्रसाद न्यौपाने

सुस्तालाई कौवाले ठुङ्‌दैछ खबर्दारी खै ?
सुस्ता धर्धरी रूँदैछ खबर्दारी खै ?
अहोरात्र पराइको सीमा लम्बिदैछ सुस्तामा,
सुस्ता परदेश हुँदैछ खबर्दारी खै ?

अस्तिसम्म दहेजको विरोध गर्नुभा'थ्यो
देहज प्रथा हटाउन युद्ध लड्नु भा'थ्यो
सुपुत्रको विवाहको चर्चा चल्दा हिजो,
दहेज कति दिन्छौ ? भनी अघि सर्नु भा'थ्यो ।

कुर्सी नै राजनीतिको सार भा'को छ ऐले
बलको तुजुक नै जनाधार भा'को छ ऐले
राष्ट्रको साँध-सीमामा कसले ध्यान दिन्छ र यहाँ,
यसैले त सुस्ता बलात्कार भएको छ ऐले ।

आफ्नो स्वास्थ्यको ख्याल सबैले राख्नुपर्छ
जिउँदोपनको निम्ति मनबाट त्रास भाग्नुपर्छ
खुट्टा लगाइ दिंदैमा कुभिण्डो हिंड्‌दैन कहिल्यै,
नारी मुक्तिको लागि नारी नै जाग्नुपर्छ ।

शिक्षालय तमाम छन् तर दक्ष जनशक्ति छैन
दाता भएर के गर्नु ? गुणग्राही व्यक्ति छैन
कस्तो हो यो मुलुक औ कस्तो परिवेश,
जो सत्तामा छन् तिनका मनमा देशभक्ति छैन ।

*– निबुवाखर्क, स्याङ्जा*



**श्यामप्रसाद न्यौपाने**

देख्दैछु म धन दौलतकै बल छ यो देशमा
काम गरेर खाने मान्छे असफल छ यो देशमा
इमानदार कर्मचारी भाडामा बसेको देख्छु,
भ्रष्टहरूको गगनचुम्बी महल छ यो देशमा ।

दीनदुःखी र अशक्तहरू बाँच्ने आधार बनाइदिनेछु
जब मैले तिम्रा कर्तुतहरूको समाचार बनाइदिनेछु
तिमी सत्ता र शक्तिबाट पनि बाहिरिने छौ, त्यसपछि,
मैले मजदुर र किसानहरूको सरकार बनाइदिनेछु ।

अचम्म, अचम्मका कुराहरू सुनिन्छन्
आफैँलाई सर्वज्ञानी हुँ भन्ने भेटिन्छन्
कलियुगमा यसलाई सामान्य ठान्नुपर्छ,
बाँदर पनि ऋषिको भेषमा देखिन्छन् ।

एक पटक मात्र होइन यो लगातार भयो
तिमीले जितेपछि जनताको पो हार भयो
किन कानमा तेल हालेर बसेको छ सरकार ?
यहाँ पहरेदारबाटै चेलीको बलात्कार भयो ।

मेरो बगैंचाको फूल अनि डाली हराएपछि
बगैंचा उजाड लाग्दैछ यसको माली हराएपछि
यसरी मेरो देशको विकास कहिल्यै हुने छैन,
भिसा लिई जाँगरिला दक्ष नेपाली हराएपछि ।



## शान्तिनारायण श्रेष्ठ

अँधेरीमा टहटह जूनजस्ती तिमी
तरकारीमा स्वाद दिने नुन जस्ती तिमी
चाडपर्व, आजापूजा दशैं-तिहारमा,
शिरमा लाउने शिरफूलको सुनजस्ती तिमी ।

रसभरी जस्तै तिमी खाउँ-खाउँ झैं लाग्छ
तिमीसँगै घुम्न कतै जाउँ-जाउँ झैं लाग्छ
एकबारे जिन्दगीमा चोखो माया प्रिती,
दिल खोली तिमीसँगै लाउँ-लाउँ झैं लाग्छ ।

छन् छन् बजेजस्तै ती हातका चुरा
नयनकै इशारामा हुन्छन् कति कुरा
एकार्काको भावनालाई बुझ्न सके पनि,
कतिपय चाहना त हुँदा रै'छन् पूरा ।

नचिने झैं गरी बस्छौ उता फर्किएर
कहीँ कतै भेटे पनि हिंड्छौ तर्सिएर
कहिलेको रिस फेर्नु थियो र म माथि,
मैले राम्रै बोल्दा तिमी बोल्छेउ झर्किएर ।

बुझे पनि नबुझेझैं गर्छौ किन सानु ?
रिसाएझैं गरी आँखा तर्छौ किन सानु ?
मैले तिम्रो सधैं भलो चिताएकै छु नि,
पराई झैं भई पर सर्छौ किन सानु ?

*– कुश्मा, पर्वत*

## शिव अधिकारी 'पलाँस'

अस्ति काँगडामा र टिस्टामा देश लुटिएको छ
हिजो कालापानी र सुस्तामा देश लुटिएको छ
सिङ्गोभूगोल एकै पटकमा लुट्न नसकेपछि,
आज किस्ता किस्तामा देश लुटिएको छ ।

रित्ता भाँडाहरू चर्को आवाजले कराउन थालेका छन्
सक्कली स्रष्टा नक्कलीसँग डराउन थालेका छन्
जसको मोटो किताबभित्र खाली पानाहरू छन्
तिनैले किताबको विमोचन भव्य गराउन थालेका छन् ।

ढल्न लागेकाहरूको हात समाउनु पर्छ हजुर !
दुःखी गरिबको भलाइमा रमाउनु पर्छ हजुर !
धन, सम्पत्तिले मान्छेलाई कहिल्यै पनि पुग्दैन
बाँच्दा जन्ती र मर्दा मलामी कमाउनु पर्छ हजुर !

छिमेकीको हरेक स्वार्थमा मन्जुरी नदेखाउ
आफ्नै दाजुभाइलाई भाला र खुकुरी नदेखाउ
माटोको माया छ साँच्चै भने सिमानामा गएर लड,
भो देशसँग अंशमुद्धा लडेर बहादुरी नदेखाउ ।

कतिन्जेल दातासँग पैसा माग्ने होला ?
देश बनाउने रहर कहिले जाग्ने होला ?
अझै पनि सत्ताको हिसाबकिताबमै अल्झेका छन्,
यी नेताको घैटोमा घाम कहिले लाग्ने होला ?

*– हरिनास, स्याङ्जा*

## शिवभक्त शर्मा

बसिदिन्छन् जबरजस्ती आई मुटुनिर
आफू उनलाई राख्न खोज्ने आँखा अघिल्तिर
सधैं-सधैं धुकधुकीमा एउटै रूप बन्छ,
कतै उनी उदास नहुन्, मेरो एउटै पीर ।

नचिनेर पनि चिने चिने  जस्तो
कतै पहिल्यै भेटे भेटे जस्तो
त्यो रूप साँच्चै दिव्य लाग्छ मलाई,
खोलाको पानीले तिर्खा मेटे जस्तो ।

हाँस्न खोज्छु तिमीले छोडी गए पनि
तिमीलाई नै सम्झन्छु मुख मोडी गए पनि
माया कहिल्यै छातिभित्र मर्दो रहेनछ,
निष्ठूरीले ऐनाजस्तै तोडी गए पनि ।

आफूले नपाउँदा अरूको विरोध गर्नैपर्छ
पदमा आफूलाई अडाइराख्न प्रतिरोध गर्नैपर्छ
कोठीको पाउ मल्नुपर्ने यो शक्तिको खेल हो,
हाँसी-हाँसी शत्रुका निम्ति प्रीतिभोज गर्नैपर्छ ।

कतै राम्रोलाई नराम्रो भन्दै सही थाप्छु म
कतै नराम्रोलाई राम्रो भन्दै ईश्वर भाक्छु म
राजनीतिमा जे पनि जायज हुन्छ हजूर !
अन्धालाई 'नयन सुख' भनी डाक्छु म ।



## हरिकृष्ण काफ्ले

अकर्मण्य स्वाँठ लम्पट जुन घरको मुली हुन्छ
न बूढीका गरगहना न नाकमा फुली हुन्छ
सधैं हुन्छ घर झगडा सबै कटु वाक्य बोल्छन्,
आलसीको आँगनमा अभावको चुली हुन्छ ।

असरल्ल जिन्दगी छ, बटुलेर लानु कहिले ?
पुग्नु पर्ने शिखरमा छ, त्यहाँसम्म जानु कहिले ?
हजार हण्डर खाई मान्छे बल्ल पाको हुन्छ भन्छन्,
एउटै चोटमा थला परें अरू ठक्कर खानु कहिले ?

आहा कति बहादुरी काम गर्दैछ
सयौं मुसा खाइवरी आराम गर्दैछ
अलपत्र परेका छन् सखारैमा हिंड्नेहरू,
वन ढाडेले आज सदन जाम गर्दैछ !

कतिञ्जेल बोक्नु पर्ला भार ठालुको ?
घट्नेवाला देखिएन मार ठालुको
कुरा एउटा काम अर्कै बुझ्नै सकिएन,
के गरेर फेर्ने होला विचार ठालुको ?

घरबारीमा भाइको कब्जा गैह्रीखेत दाइले खायो
रहरका मुनाहरू अभावको लाइले खायो
पुर्पुरोमा हात राखी रूँदै भन्यो नेपालीले,
भोकै मरे पितृ पुर्खा पिण्डपानी गाईले खायो ।

*– चन्द्रपुर, रौतहट*



## हरि कट्टेल

लुगाफाटो, भाँडा, पालको खात हुनेथियो
भुइँमै खुट्टा नटेकिने मात हुनेथियो
फेरि चले भुइँचालो, गए बाढी पहिरो,
मन्त्रीज्यूको घरभरि राहत हुनेथियो ।

ए मन ! कति सुधो बन्छस् तँ पनि चोर बनिदे
कति धेर हुन्छस् कहिलेकाहीँ त थोर बनिदे
रूँदा रूँदा जिन्दगी गल्न लागिसक्यो,
बरू तँ पनि उनीजस्तै कठोर बनिदे ।

स्याल पनि शेर बन्छन् सिंहदरवार पस्नेहरू
सधैँ भयो अबेर भन्छन् सिंहदरवार पस्नेहरू
झन् झन् गरिव हुँदै गए यहाँ किसान मजदूर,
रातारात कुवेर बन्छन् सिंहदरवार पस्नेहरू ।

ट्वीनटरका ठाउँमा ठूलो जेट आयो रे !
सरकारको नयाँ दरभाउ रेट आयो रे !
नुनतेल किनी खान पनि नपुग्ने भो अब,
यो बर्षको लोकप्रिय बजेट आयो रे !

यहाँ धर्म र इमानको जमाना हराएकोछ
हाजिर नहुँदै कर्मचारीको रमाना हराएकोछ
तिमी संस्कार र संस्कृति हराएको कुरा गर्छौ,
यहाँ त मान्छे र पशु हुनुकै सिमाना हराएकोछ ।

– *सोलुखुम्बु*



## हरि खनाल"हरे"

देशको समृद्धि लेख्ने पाना कहाँ छ ?
मेरै देशमा बुनिएको नाना कहाँ छ ?
धेरै सुनें तिम्रा समृद्धिका नाराहरू,
म सोध्छु मेरो कागज कारखाना कहाँ छ ?

मयूर भनेको बाज रहेछ
यहाँ स्यालको राज रहेछ
यति पनि नचिन्ने मै बेकामी,
उताका सलहको यता काज रहेछ ।

आनन्दको रस सुकाउँदैछु हजूर
विद्रोहका दावानल लुकाउँदैछु हजूर
पेटको चारा भन्दा हल्लै मन पऱ्यो,
भोट हालेर कपाल दुखाउँदै छु हजूर ।

धर्तीले आकाशलाई विहे गरी ल्याएको छ
रातसँग मध्यान्हले चुम्वन गर्न भ्याएको छ
यहाँ हुने र नहुनेको सीमा खोज्न कठीन छ,
आउनुहोस् विगुती खाउँ यहाँ गोरू ब्याएको छ ।

नेताले सपनाको पेडा बनाउँछ
सिधालाई बङ्ग्याएर टेढा बनाउँछ
संसारकै उत्कृष्ट प्रणाली हो प्रजातन्त्र,
जनताले आफैंलाई भेडा बनाउँछ ।

*– निलकण्ठ, धादिङ*

“आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरणः ग्रामीण तथा सहरी महिलाको जीवनस्तर रुपान्तरण”

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि, मन्त्रालय**

सूचना विभाग

- बेटी पढाऔं, बेटी बचाऔं ।
- तिर्नुपर्ने सम्पूर्ण कर चुक्ता नगरेसम्म सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हाम्रो ठाउँ हामी सबै मिलेर अझ राम्रो बनाऔं ।
- गर्मीको समयमा आगलागी हुने भएकाले आगोजन्य वस्तुहरुको केटाकेटीको पहुँचबाट टाढा राखौं ।

**बारागढी गाउँपालिकाको कार्यालय, बारा**

- बेटी पढाऔं, बेटी बचाऔं ।
- तिर्नुपर्ने सम्पूर्ण कर चुक्ता नगरेसम्म सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हाम्रो ठाउँ हामी सबै मिलेर अझ राम्रो बनाऔं ।
- गर्मीको समयमा आगलागी हुने भएकाले आगोजन्य वस्तुहरुको केटाकेटीको पहुँचबाट टाढा राखौं ।

**करैयामाई गाउँपालिकाको कार्यालय, बारा**

**नव वर्ष २०७५** सालको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल टेलिकम**, परिवार

- वनको संरक्षण गरौं ।
- खाली पर्ति जमीनमा वृक्षा रोपण गरौं ।
- वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं ।
- प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं ।
- जथाभावी रूपमा रूख नकाटौं ।
- मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं ।
- आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।

**हलखोरिया साझेदारी वन व्यवस्थापन समिति, बारा**

**नव वर्ष २०७५** को सुखद अवसरमा सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि, सुवास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**होमराज श्रेष्ठ**
अध्यक्ष

Kwality group
quality matters

# शुभकामना

**नयाँ वर्ष २०७५** को सुखद् अवसरमा समस्त मजदुर, कर्मचारी, उपभोक्ता एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुवास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

## जगदम्बा स्टिल लिमिटेड, परिवार

**सिमरा, बारा**

---

### जिल्ला वन कार्यालय बारा सिमराद्वारा जनहितका लागि जारी सामाजिक सन्देश

वन जङ्गल राष्ट्रको गौरव र हाम्रो बाँच्ने आधार हो । तसर्थ, सुख्खा तथा हावाहुरीको समयमा हामीहरूको सानो लापरवाहीबाट आगोको सानो फिल्कोले वन जङ्गलमा आगलागी भई भीषण रुप लिन सक्छ । डढेलोका कारण वन पैदावार, जडिबुटी र वन्यजन्तुहरूमा ठूलो क्षति पुग्नुका साथै मानिसहरूको पनि ज्यानै जान सक्छ तसर्थ :

- बलिरहेको चुरोट, बिंडीका ठुटाहरू जथाभावी जङ्गलमा नफालौं ।
- वन जङ्गल भित्र गोल पोल्ने काम गर्दै नगरौं ।
- रातको समयमा जङ्गल वा जङ्गलको बाटो हिंड्दा राँको नबालौं ।
- वनभोजमा प्रयोग भएका, खेतबारीको झारपात डढाएपछि र वन जङ्गलभित्र पूजापाठ अथवा अन्य धार्मिक कार्य गरेपछि आगो राम्ररी निभाऔं ।
- गोठाला, घाँस–दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई जङ्गलमा सलाई तथा लाइटर लिएर जान नदिऔं ।
- याद राखौं हामीहरूको सानो लापरवाहीका कारण छिनभरमै करोडौंको नोक्सानी हुन जान्छ ।

---

- वनको संरक्षण गरौं ।
- खाली पर्ति जमीनमा वृक्षा रोपण गरौं ।
- वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं ।
- प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं ।
- जथाभावी रूपमा रूख नकाटौं ।
- मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं ।
- आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।

**गढीमाई साझेदारी वन व्यवस्थापन समिति परिवार बारा**